# नागरिक शास्त्र

## कक्षा ९

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
**सानोठिमी, भक्तपुर, नेपाल**

प्रकाशक : नेपाल सरकार

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

**पाठ्यक्रम विकास केन्द्र**

**सानोठिमी, भक्तपुर**

ISBN : 978-9937-601-31-3

© **प्रकाशकमा**

**प्रथम संस्करण :** वि. सं. २०७६

**मुद्रक :** **जनक शिक्षा सामग्री केन्द्र लिमिटेड**
**सानोठिमी, भक्तपुर**

**मूल्य : रु.**

**पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट अभिलेखबद्ध गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।**

# हाम्रो भनाइ

शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्यपुस्तक विकास तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिइँदै आएको छ । विद्यार्थीमा राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकवान्, अनुशासित र स्वावलम्बी, सिर्जनशील, चिन्तनशील भई समावेशी समाज निर्माणमा योगदान दिन सक्ने, भाषिक तथा गणितीय सिपका साथै विज्ञान, सूचना तथा सञ्चार प्रविधि, वातावरण, स्वास्थ्य र जनसङ्ख्यासम्बन्धी ज्ञान र जीवनोपयोगी सिपको विकास गराउनु जरुरी छ । उनीहरूमा कला र सौन्दर्य, मानवीय मूल्य मान्यता, आदर्श र वैशिष्ट्यहरूको संरक्षण तथा संवर्धनप्रतिको भाव जगाउन आवश्यक छ । समतामूलक समाजको निर्माणमा सहयोग पुऱ्याउन उनीहरूमा विभिन्न जातजाति, लिङ्ग, अपाङ्गता, भाषा, धर्म, संस्कृति र क्षेत्रप्रति समभाव जगाउनु र मानव अधिकार तथा समाजिक मूल्य मान्यताप्रति सचेत भई जिम्मेवारीपूर्ण आचरणको विकास गराउनु पनि आजको आवश्यकता बनेको छ । माध्यमिक शिक्षा नागरिक शास्त्र ऐच्छिक विषयको पाठ्यक्रमलाई मूल आधार मानी शिक्षासम्बन्धी विभिन्न आयोगका सुझाव, शिक्षक, विद्यार्थी तथा अभिभावकलगायत शिक्षासँग सम्बद्ध विभिन्न व्यक्ति सम्मिलित गोष्ठी र अन्तरक्रियाबाट प्राप्त पृष्ठपोषणसमेतलाई समेटी यो पाठ्यपुस्तक तयार पारिएको हो ।

डा. राजाराम सुवेदी, श्री होमनाथ पौडेलद्वारा लिखित यस पाठ्यपुस्तकलाई यो स्वरूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक डा. लेखनाथ पौडेल, श्री रेणुका पाण्डे भुसाल, श्री गणेशप्रसाद भट्टराईलगायतका महानुभावहरूको विशेष योगदान रहेको छ । यस पाठ्यपुस्तकको विषयवस्तु सम्पादन श्री विष्णुमाया सापकोटा, श्री सरस्वती भट्टराई र श्री हेमराज खतिवडाबाट भाषा सम्पादन श्री टुकराज अधिकारीबाट लेआउट डिजाइन श्री खडोस सुनुवारबाट भएको हो । यस पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

पाठ्यपुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यसबाट विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न मदत पुग्ने अपेक्षा गरिएको छ । यस पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । पाठ्यपुस्तकलाई अझै परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

वि. सं. २०७६

# विषयसूची


| एकाइ | पाठ शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| एकाइ– १ | नागरिक शास्त्रको परिचय | १-१० |
| पाठ- १ | नागरिक शास्त्रको अर्थ, परिभाषा र महत्त्व र उपयोगिता | १ |
| पाठ- २ | नागरिकको अर्थ र परिचय | ४ |
| पाठ- ३ | नेपालमा नागरिकता प्राप्त गर्ने आधारहरू | ८ |
| एकाइ– २ | राज्य र सरकार | ११-२९ |
| पाठ- १ | राज्यको अवधारणा | ११ |
| पाठ- २ | राज्य उत्पत्तिका सिद्धान्तहरू | १४ |
| पाठ- ३ | राज्यका तत्त्वहरू | २३ |
| पाठ- ४ | आधुनिक राज्यका कार्यहरू | २६ |
| एकाइ– ३ | संविधान | ३०-४५ |
| पाठ- १ | संविधानको अर्थ र परिभाषा | ३० |
| पाठ- २ | संविधानको आवश्यकता र किसिम | ३२ |
| पाठ- ३ | नेपालमा संविधानको विकासक्रम | ३८ |
| पाठ- ४ | असल संविधानका विशेषताहरू | ४४ |
| एकाइ– ४ | स्थानीय तह, प्रदेश र सङ्घ | ४६-५६ |
| पाठ- १ | सङ्घीयता | ४६ |
| पाठ- २ | स्थानीय तह | ४९ |
| पाठ- ३ | स्थानीय तहका अधिकारहरू | ५५ |
| एकाइ– ५ | कानुन र कानुनी उपचार प्रक्रिया | ५७-७१ |
| पाठ- १ | कानुनको अर्थ | ५७ |
| पाठ- २ | कानुनको किसिम | ५९ |
| पाठ- ३ | कानुनका स्रोतहरू | ६३ |
| पाठ- ४ | मुलुकी ऐन र यसका विशेषताहरू | ६६ |
| पाठ- ५ | महिलाहरूमा कानुनी पहुँच | ६९ |

| | | |
|---|---|---|
| एकाइ– ६ | निर्वाचन पद्धति | ७२-८४ |
| पाठ- १ | निर्वाचनको अर्थ र परिभाषा | ७२ |
| पाठ- २ | निर्वाचनको किसिम र स्वरुप | ७४ |
| पाठ- ३ | नेपालको निर्वाचन प्रक्रिया | ७८ |
| एकाइ– ७ | लोकतन्त्र र मानव अधिकार | ८५-१०१ |
| पाठ- १ | लोकतन्त्र | ८५ |
| पाठ- २ | लोकतन्त्रको महत्त्व र आवश्यकता | ८७ |
| पाठ- ३ | नेपालमा लोकतन्त्रको विकासका लागि भएका प्रयासहरू (२००७ देखि हालसम्म) | ८९ |
| पाठ- ४ | नेपालमा लोकतन्त्रका चुनौतीहरू | ९४ |
| पाठ- ५ | कक्षाकोठामा लोकतान्त्रिक अभ्यास | ९७ |
| पाठ- ६ | विद्यालयमा लाकतान्त्रिक अभ्यास | १०० |
| एकाइ– ८ | राजनीतिक दल | १०२-११२ |
| पाठ- १ | राजनीतिक दलको अवधारणा | १०२ |
| पाठ- २ | राजनीतिक दलको गठान र उद्देश्यहरू | १०६ |
| पाठ- ३ | राजनीतिक दलको विगतको भूमिका | १०८ |
| पाठ- ४ | राजनीतिक दलका कार्यहरू | ११० |
| एकाइ– ९ | परराष्ट्र नीति र अन्तर्राष्ट्रिय सङ्गठनहरू | ११३-१२३ |
| पाठ- १ | परराष्ट्र नीतिको अर्थ, परिभाषा र उद्देश्यहरू, महत्त्व र आधारहरू | ११३ |
| पाठ- २ | असंलग्न परराष्ट्र नीति | १२० |
| एकाइ– १० | प्रयोगात्मक कार्य | १२४-१२९ |
| पाठ- १ | समुदायको भ्रमण र प्रतिवेदन | १२४ |
| पाठ- २ | समसामयिक विषयमा वक्तृत्वकला र नमुना अभ्यास | १२६ |
| पाठ- ३ | स्थानीय तहबाट हुने न्याय, कानुनी प्रक्रिया र प्रतिवेदन | १२८ |

# नागरिक शास्त्रको परिचय

एकाइ १

## पाठ – १ नागरिक शास्त्रको अर्थ, परिभाषा, महत्त्व र उपयोगिता

### नागरिक शास्त्रको अर्थ

समाजमा बस्ने विभिन्न व्यक्ति, वर्ग, जातिमा रहेका विभिन्न खालका असमान इच्छा, मान्यता र धारणाहरूले गर्दा कहिलेकाहीँ आपसमा द्वन्द्व भइरहेको हुन्छ । यस्तो विवाद, द्वन्द्व र झगडालाई हटाएर समाजको उत्तरोत्तर प्रगतिको नैतिक मूल्य मान्यता सिकाउने शास्त्रलाई नागरिक शास्त्र भनिन्छ । यो शास्त्रले परिवार, समाज र राज्यमा नागरिकलाई अधिकार र कर्तव्यको पालना गर्न सिकाउँछ । मानिसमा परस्पर मिलेर बस्ने, आपसी सहयोग, आपसमा सहयोग, सहकार्य र सद्भाव राख्ने ज्ञान र चरित्रको विकास नागरिक शास्त्रबाट हुन्छ । नागरिक शास्त्रको उद्देश्य मानिसमा सद्भावना जगाई आफ्ना अधिकार तथा कर्तव्यप्रति जागरुक हुन सिकाउनु हो ।

नागरिक शास्त्र एउटा नवीन शास्त्र हो । नागरिक शास्त्रलाई अङ्ग्रेजीमा सिभिक्स (Civics) भनिन्छ । यो सिभिक्स शब्द ल्याटिन भाषाको सिभिस (Civis) र सिभिटास (Civitas) भन्ने दुई फरक शब्द मिलेर बनेको हो, जसको अर्थ हुन्छ 'नागरिक' तथा 'नगर'। यस दृष्टिकोणले नगरमा बस्ने नागरिक जीवनसँग सम्बन्धित ज्ञानलाई नागरिक शास्त्र भन्दछन् । सिभिक्सको उत्पत्तिको केन्द्र प्राचीन ग्रिसलाई मानिन्छ । प्राचीन ग्रिसमा ससाना नगर राज्यहरू (City States) थिए । ती नगरराज्यहरूमा बस्ने व्यक्तिलाई मात्र 'नागरिक' भनिन्थ्यो । ग्रिक सभ्यतापछि रोमन साम्राज्यको युग प्रारम्भ भयो । यस युगमा सहर र गाउँमा बस्ने मानिसलाई नागरिक भनिन्थ्यो । प्राचीन युनान (Greece) मा केबल नगरमा बसोवास गर्ने व्यक्तिहरूको सामाजिक जीवनको अध्ययन गर्ने शास्त्रलाई नागरिक शास्त्र भनिन्थ्यो । त्यस समयमा महिला, दास र राज्यको काममा सहभागी हुन नसक्ने व्यक्ति नागरिक हुँदैनथे । आजभोलि नागरिक शब्दको अर्थ व्यापक भएको छ । गाउँ एवम् सहर जहाँ बसोवास गरे पनि महिला एवम् पुरुषहरू सबै नागरिक हुन्छन् । यसरी समग्रमा नागरिकहरूको सामाजिक जीवनको अध्ययन गर्ने शास्त्रलाई नागरिक शास्त्र भनिन्छ ।

### नागरिक शास्त्रको परिभाषा

नागरिक शास्त्र एउटा गतिशील विज्ञान हो । आजभोलि कुनै राज्यको सहर, गाउँ आदि ठाउँमा बस्ने मानिसहरूको सामाजिक जीवन सम्बन्धी ज्ञान र अनुभवलाई नै 'नागरिक शास्त्र' भन्दछन् । मानिसको सामाजिक जीवनको सीमा नगरमा मात्र सीमित नभएर विश्वको कुना कुनासम्म पुग्न गएको छ । नागरिक शास्त्रले विश्वव्यापी सामाजिक जीवनको पनि अध्ययन गर्दछ । नागरिक शास्त्रको परिभाषा

विद्वान्हरूले विभिन्न किसिमले दिएका छन् । जसलाई निम्नबमोजिम उल्लेख गरिएको छ ।

ह्वाइट (White) का अनुसार "नागरिक शास्त्र त्यो शास्त्र हो, जसले नागरिकसम्बन्धी सामाजिक, बौद्धिक, आर्थिक, राजनीतिक, र धार्मिक विषयहरूको अध्ययन गर्छ साथै नागरिकता सम्बन्धी भूत, वर्तमान र भविष्य, स्थानीय, राष्ट्रिय एवम् मानवसम्बन्धी हरेक विषयको अध्ययन गर्ने शास्त्रको नाम नागरिक शास्त्र हो ।" (The subject that deals with everything appertaining to Citizenship; Past, Present and future; local, national and human. It deals with the study of citizenship in all its aspects social, intellectual, political, economic and even religious.)

वेनीप्रसादका अनुसार "नागरिक शास्त्र नागरिकको अधिकार र कर्तव्यको विज्ञान हो ।" (Civics is the Science of the rights and duties of citizen.)

पुनताम्बेकर (Puntambekar) का अनुसार "नागरिक शास्त्रले नागरिकहरूको अधिकार र कर्तव्यको मात्र अध्ययन गराउँदैन, यसले त व्यक्ति, समय र देशको निमित्त कल्याणकारी बाटो बनाइदिन्छ, जुन बाटोमा लाग्नाले परम्पराको रक्षा हुन्छ, वर्तमान कठिनाइहरू दुर हुन्छन् र भावी मार्ग उत्तम हुन्छ ।" (A study of what is really good for oneself, one's society and country and the practice of the knowledge gained in the best ways of life which are consonant with one's past culture, present needs and environment.)

यस प्रकार विद्वान्हरूले ग्रिस र रोमका नगर राज्य (City-State) भित्रका नागरिक जीवनसम्बन्धी ज्ञानलाई सीमित गरेर नागरिक शास्त्रको अध्ययन गर्न खोज्नु सङ्कुचित परिभाषा हो । नागरिक शास्त्र त्यो विज्ञान हो जसको जगमा मानिस आफ्नो जीवनलाई पूर्ण विकास गरी योग्य, सक्षम र आदर्श नागरिक बन्न सक्दछ । यसैले नागरिक शास्त्रको परिभाषा दिने क्रममा कतिपय विद्वान्हरू अलि बढी सङ्कुचित देखिन्छन् । वर्तमान युगमा नागरिक शास्त्रको क्षेत्र ज्यादै व्यापक र फराकिलो भएको छ । नागरिकहरूको मौलिक हक र कर्तव्य, सामाजिक जीवनको महत्त्व र आवश्यकता नागरिक शास्त्रबाट प्राप्त गर्न सकिन्छ । यतिमात्र होइन एक राष्ट्रले अर्को राष्ट्रप्रति कस्तो सद्भाव राख्नुपर्दछ भन्ने भावना एवम् विश्वबन्धुत्वको ज्ञानसमेत नागरिक शास्त्रले दिलाउँछ । त्यसैले नागरिक शास्त्र भनेको राज्यमा असल नागरिक तयार गर्ने शास्त्र हो ।

### नागरिक शास्त्रको महत्त्व र उपयोगिता

नागरिक शास्त्रको मुख्य लक्ष्य व्यक्तिको जीवनलाई सुखमय बनाउनु हो । नागरिक शास्त्रले समस्त सामाजिक जीवनको अध्ययन गर्दछ । यस विषयको राम्रो जानकारीका लागि व्यक्तिले नागरिक शास्त्रको अध्ययन गर्नु जरुरी छ । आदर्श समाज र आदर्श व्यक्तिको निर्माणका निमित्त नागरिक शास्त्रको महत्त्वपूर्ण भूमिका रहेको छ । नागरिक शास्त्रले व्यक्तिमा सेवा, त्याग, प्रेम, वलिदान, कर्तव्य परायणता र समानता

जस्ता गुणहरू पैदा गर्ने भएकाले यसको उपयोगिता व्यापक छ । यसले आदर्श नागरिक बनाई समग्रमा आदर्श समाज निर्माणमा सहयोग पुऱ्याउँछ ।

मानिसका आवश्यकतालाई परिपूर्ति गर्न समाजमा विभिन्न सङ्घ संस्थाहरू हुन्छन् । समाजमा रहेका कुन कुन संस्थाहरूबाट व्यक्तिको सामाजिक जीवन सुखमय हुन्छ र आवश्यकता पूर्ति हुन्छ भन्ने जानकारीका लागि पनि नागरिक शास्त्रको अध्ययन जरुरी छ । व्यक्तिको जीवनमा अधिकारको ठुलो महत्त्व छ । अधिकारविना उसले कुनै पनि काम गर्न सक्दैन । तर अधिकार मात्र पाएर केही हुँदैन यसको सदुपयोग हुनुपर्दछ । कर्तव्य पालनबाट नै अधिकारको सुरक्षा हुन्छ । व्यक्ति र राज्यमा पारस्परिक सम्बन्ध छ । राज्यको अभावमा व्यक्तिले सुखमय जीवनको कल्पना गर्न सक्दैन । व्यक्तिले राज्यप्रति पालन गर्नुपर्ने कर्तव्य पनि हुन्छन् । राज्यभित्र रहेका विभिन्न संस्थाहरूको उद्देश्य, राज्य सञ्चालन गर्न छानिने जनप्रतिनिधिहरूको निर्वाचन, निर्वाचित सदस्यको काम कर्तव्य आदि विषयको ज्ञान दिएर नागरिकलाई योग्य बनाउने काम नागरिक शास्त्रले गर्दछ । यसैले राज्य र नागरिकबिचको महत्त्व र उपयोगिताको धेरै घनिष्ट सम्बन्ध छ ।

## अभ्यास

१. **अति छोटो उत्तर लेख्नुहोस् :**

(क) नागरिक शास्त्रको शाब्दिक अर्थ के हो ?

(ख) नागरिक शास्त्रको मुख्य लक्ष्य के हो ?

(ग) प्राचीन युनानमा कस्ता व्यक्तिलाई नागरिक मानिन्थ्यो ?

(घ) नागरिक शास्त्रले नागरिकका लागि के सिकाउँछ ?

(ङ) नागरिक शास्त्र भनेको के हो ? एक वाक्यमा लेख्नुहोस् ।

२. **छोटो उत्तर लेख्नुहोस् :**

(क) नागरिक शास्त्रको अध्ययनबाट के कुराको जानकारी प्राप्त गरिन्छ ? सूची बनाउनुहोस् ।

३. **लामो उत्तर लेख्नुहोस् :**

(क) नागरिक शास्त्रको महत्त्व किन छ ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

(ख) “नागरिक शास्त्र नागरिकका लागि उपयोगी विषय हो” पुष्टि गर्नुहोस् ।

(ग) नागरिक शास्त्रबारे विभिन्न विद्वान्को परिभाषाको निष्कर्ष निकाल्नुहोस् ।

(घ) नागरिक शास्त्रले नागरिकहरू आदर्श बन्नेछन् र समाज पनि आदर्श बन्न जानेछ ।” पुष्टि गर्नुहोस् ।

# पाठ - २ नागरिकको अर्थ र परिचय

नागरिकको शाब्दिक अर्थ नगर निवासी हो । कुनै नगरको क्षेत्रफलभित्र बसोवास गर्ने मानिसहरूलाई नै नागरिक भनिन्छ । यस अर्थले गाउँमा बसोवास गर्ने मानिसहरूलाई नागरिक भनिँदैन । प्राचीन युनानका ससाना नगरराज्यहरूमा बस्ने र राज्यको काममा भाग लिन पाउने सभ्य, शिक्षित र सम्पन्न व्यक्तिहरू मात्र नागरिक मानिन्थ्यो । तर यो विचारमा आजकल परिवर्तन आएको छ । नागरिक शब्दको विभिन्न काल/समय मा फरक फरक अर्थमा प्रयोग भएको पाइन्छ ।

**प्राचीन कालमा नागरिक शब्दको अर्थ**

नागरिक शास्त्रको उत्पत्ति युनानका ससाना नगर राज्यहरूबाट भएको हो । ती नगरराज्यको सामाजिक र राजनीतिक कार्यमा भाग लिने नगरमा बसोवास गर्ने, धनी व्यक्तिलाई मात्र नागरिक भनिन्थ्यो । महिला, दास र विदेशीलाई नागरिक मानिँदैनथ्यो । गाउँमा बस्ने व्यक्ति पनि नागरिक हुँदैनथ्यो । एथेन्स नगरको कुल जनसङ्ख्या १,४३,१०० मध्ये १,४०,००० दास, १००० विदेशी र २१०० नागरिक थिए । महिलाहरूलाई कुनै अधिकार प्राप्त थिएन । यसरी हेर्दा प्राचीनकालमा नागरिकको अर्थ नगरराज्यको कार्यकारिणी र न्यायका कार्यहरूमा भाग लिन पाउने व्यक्तिहरू मात्र नागरिक मानिन्थ्यो ।

**मध्यकालमा नागरिक शब्दको अर्थ**

युनानको पतनपछि रोमन साम्राज्यको युग आयो । रोमन साम्राज्यको फैलावटले नगरभन्दा बाहिर गाउँमा बस्ने व्यक्तिहरूलाई पनि अधिकार दिनुपर्ने भयो । यस प्रकारले ती सबै व्यक्तिहरू नागरिक भनिए । राजनीतिक र न्याय सम्बन्धी अधिकार प्राप्त सबै व्यक्तिहरू नागरिक मानिए । यस युगमा नागरिकको क्षेत्र व्यापक भयो । यस युगमा पनि दास तथा नारीहरूलाई नागरिकमा गणना गरिएन ।

**आधुनिक कालमा नागरिक शब्दको अर्थ**

आधुनिककाल भनेको प्रजातन्त्रको युग हो । यस युगमा नारी र पुरुषहरूलाई समान अधिकार दिइएको हुन्छ । राज्यको सीमानाभित्र नगर अथवा गाउँमा बसोवास गर्ने, राज्यको निर्वाचनमा मतको अधिकार प्राप्त गर्ने व्यक्ति जसले राज्यको सम्प्रभुतालाई स्वीकार गरी व्यक्तिगत एवम् सामूहिक हितको रक्षा गर्न सक्ने सबै सामान्य बुद्धिमान् व्यक्तिलाई नागरिक मानिन्छ ।

वर्तमान समयमा नागकिरको अर्थ ज्यादै फराकिलो भएको छ । सहर होस् वा गाउँ, एउटा राज्यभित्र वा सङ्गठित समाजभित्र रहने प्रत्येक व्यक्ति नागरिक हुन्छ । अधिकार खोज्न सक्ने र कर्तव्य पूरा गर्ने सबै व्यक्तिलाई नागरिकको अर्थमा लिइन्छ । यो समानताको युग हो । सबैले समान हक पाएका छन् । धनीगरिब, ठूलासाना भन्ने पक्षपाती दृष्टिकोण आजको राजनीतिमा छैन । यसैले आज हामी सहरमा बस्ने

व्यक्तिलाई मात्र नागरिक भन्दैनौँ । नागरिकको अर्थ व्यापक छ । कुनै राज्यको सीमाभित्र रहने व्यक्ति, चाहे नारी या पुरुष, सहरमा बस्ने या गाउँमा बस्ने, महलमा या छाप्रोमा बस्ने, जुनसुकै व्यक्तिलाई पनि हामी नागरिक भन्दछौँ । जाति, धर्म, सम्प्रदाय, वर्ग, व्यवसाय आदि कुनै कुराले नागरिक हुन रोकावट गर्दैन । राज्यको कानुनले नागरिकहरूलाई उमेरको आधारमा राज्यको गतिविधिमा संलग्ल हुन पाउने आधारभूत अधिकार र कर्तव्य तोकेको हुन्छ । उसले मतदान दिन, निर्वाचित भई सार्वजनिक संस्थाहरूमा काम गर्न र सरकारको नीतिको स्वस्थ आलोचना गर्न पाउँछ । वास्तवमा यो अधिकारबाट वञ्चित भएको व्यक्तिलाई नागरिक भन्न सकिँदैन ।

### नागरिकको गुण/विशेषता

नागरिक हुनका लागि मानिसमा धेरै गुणहरू हुनुपर्दछ । नागरिकले मुलुक, राष्ट्र र सम्पूर्ण मानव समुदायको भलाइका लागि रहने गुण नागरिकहरूमा हुनुपर्दछ । नागरिकमा नभई नहुने गुण भनेको उच्च जनसेवाको भावना हो । नागरिकमा निम्न गुणहरू हुनुपर्दछ :

#### (क) शिक्षा

नागरिकमा शिक्षाले अन्धकारको अन्त गरी ज्ञानको ज्योति प्रदान गर्दछ । शिक्षाको ज्ञानले असल र खराबलाई छुट्याउन सक्दछ । असल नागरिक तयार गर्नमा शिक्षाको महत्त्वपूर्ण भूमिका हुन्छ । शिक्षाले नागरिकलाई चाहिने आवश्यक गुणहरू सिकाउँदै असल नागरिक बन्न प्रेरित गर्दछ । शिक्षाले नागरिकलाई अधिकार सदुपयोग गर्न र कर्तव्यको पालना गर्न सिकाउँछ । शिक्षाले नागरिकमा विवेक उत्पन्न गराउँछ । यसरी शिक्षित नागरिकले सहजरूपमा देशको आवश्यकता र समस्यालाई समाधान गर्ने हितका लागि सधैँ प्रयत्नशील रहनुपर्दछ । यो नै नागरिकको सच्चा गुण हो ।

#### (ख) स्वस्थ जीवन

स्वस्थ जीवन भएको नागरिकले मात्र सफलतापूर्वक काम गर्न सक्दछ । नागरिक शिक्षित छ, उदार भावनाको छ, जनसेवा गर्ने दृढ इच्छा बोकेको छ, तर नागरिकको जीवन स्वस्थ छैन भने ऊबाट समाजसेवी भावनाको आशा गर्न सकिँदैन । नागरिकको महत्त्वपूर्ण गुण नै स्वस्थ जीवन हो ।

#### (ग) आत्मसंयम

नागरिकले आफ्नो मनलाई स्थिर र संयम राख्न सक्नुपर्दछ । नागरिकमा आत्मसंयम भएन भने व्यक्तिगत स्वार्थमा लाग्ने र कर्तव्य पालनबाट टाढा रहने गर्दछ । नागरिकलाई सामाजिक भलाइका लागि अभिप्रेरित नगर्ने हो भने कुभलो चिताउने, कुविचार प्रकट गर्ने र कुमार्गतिर लाग्ने मनस्थितिको विकास हुन्छ । त्यसैले नागरिकभित्र आत्मसंयम हुने र मानिसको भलाइका लागि त्याग गर्न सक्ने गुण आत्मसंयमबाट प्राप्त हुन्छ ।

(घ) **निस्वार्थ भावना**

नागरिकले अरु नागरिकहरूप्रति गरिने सहयोग, सदभावना, प्रेम, त्याग र वलिदान जस्ता कार्यहरूमा स्वार्थ जोडिएर काम गर्न हुँदैन । एउटा असल नागरिकको हैसियतले निस्वार्थ भावना देखाएर काम गर्नुपर्दछ । यो आदर्श नागरिक हुनुको गुण हो ।

(ङ) **सामाजिक भावना**

नागरिकले जहिले पनि सामाजिक हित र समाजप्रति उत्तरदायी भावनाको विकास गर्नुपर्दछ । मानिस समाजमा जन्मन्छ । समाजमा हुर्कन्छ । समाजबाटै उसको व्यक्तित्व विकास हुन्छ । अन्तमा समाजमा नै मृत्यु हुन्छ । समाजविनाको मानिस एक्लो र जङ्गली हुन्छ । तसर्थ नागरिकले व्यक्तिगत स्वार्थप्रति नभएर समाजप्रति सामाजिक भावनाको गुण देखाउनुपर्दछ ।

(च) **देशभक्ति**

देशभक्ति भावना नागरिकको आधारस्तम्भ हो । "जननी जन्मभूमिश्च स्वार्गादपि गरीयसी" अर्थात् मेरी आमा र मातृभूमि नै स्वार्गभन्दा ठुला हुन् भन्ने भावना नागरिकमा हुनुपर्दछ । देशका लागि आवश्यक परेमा जिउधन सबै त्याग्न सक्नुपर्दछ । देशभक्तिको भावना नभएको व्यक्ति मरे समान हुन्छ ।

(छ) **परिश्रमी**

परिश्रमशील व्यक्ति सधैँ सुखी र प्रसन्न रहन्छ । परिश्रम नगर्ने सदा अरुमाथि निर्भर रहन्छ । परिश्रम नगर्ने व्यक्ति जीवनमा निराश र दुःखी हुन्छ । यस्ता नागरिकबाट सामाजिक कल्याणको आशा गर्न सकिन्न । उद्यमशील नागरिक नै सधैँ धन सम्पत्तिले परिपूर्ण हुन्छ । नागरिक सधैँ जागरुक भई परिश्रम गर्ने र श्रममा विश्वास गर्ने गुण नागरिकमा हुनुपर्दछ ।

(ज) **मताधिकारको उपयोग**

मताधिकार जनतामा सुम्पिएको एउटा विश्वासको अभिभारा हो । नागरिकले मताधिकारको प्रयोग सुझबुझका साथ गर्नुपर्दछ । कसैको बहकाउमा भन्दा आफ्नो बुद्धि, विवेक र ज्ञानको आधारमा ठिक ठाउँमा ठिक व्यक्तिमाथि मताधिकार गर्नुपर्दछ । शासनको माथिल्लो तहमा नैतिक, साहसी, विकास प्रेमी र कर्तव्य बोध गर्न सक्ने व्यक्तिलाई पठाउने गरी मतदान गर्नु एउटा असल नागरिकको कर्तव्य पनि हो । मताधिकारको उपयोग गर्दा योग्य व्यक्तिमा मत परेमा देश बन्छ तर अयोग्य व्यक्तिमा परेमा देश बिग्रन्छ र जनताले दुःख पाउँछन् । मताधिकार नागरिकको एउटा पवित्र अधिकार हो ।

यसरी एउटा असल नागरिक बन्नका लागि नागरिकमा आफुभित्र धेरै किसिमका विशेषता अर्थात गुणहरूले भरिपूर्ण हुनुपर्दछ । शिक्षामार्फत राज्यले प्रत्येक नागरिकमा अन्तर्निहित प्रतिभा र व्यक्तित्व विकासको सम्भावनालाई प्रस्फुटित गर्दै योग्य तथा सक्षम, सिर्जनशील नागरिक गुण भएको स्वस्थ, प्रतिभावान,

स्वाभिमानी नागरिक तयार गर्नुपर्दछ । नागरिकले गर्ने हरेक कार्यबाट समाज र राष्ट्र प्रति सकारात्मक प्रभाव दिन सक्ने गुण नागरिकमा हुनुपर्दछ । नागरिकहरू श्रम गर्न रुचाउने, उद्यमशील, देशको आर्थिक विकासमा टेवा पुऱ्याउन सक्ने स्वावलम्बी र सहयोगी भावनाको गुणहरू नागरिकका विशेषताहरू हुन् ।

## अभ्यास

१. **अति छोटो उत्तर लेख्नुहोस् :**

(क) नागरिकको अर्थ के हो ?

(ख) कुन कालमा महिला र पुरुषलाई समान अधिकार दिइएको थियो ?

(ग) नागरिकमा नभई नहुने गुण के हो ?

२. **छोटो उत्तर लेख्नुहोस् :**

(क) प्राचीनकाल र आधुनिक कालमा नागरिकको अर्थको तुलना गर्नुहोस् ।

(ख) प्राचीन कालमा युनानमा कति किसिमका मानिसहरू बस्दथे ? सूची बनाउनोस् ।

३. **लामो उत्तर लेख्नुहोस् :**

(क) नागरिक शब्दको परिचय आफ्नो शब्दमा लेख्नुहोस् ।

(ख) नागरिक शास्त्रको महत्त्व र उपयोगिता स्पष्ट पार्नुहोस् ।

## सामुदायिक कार्य

सच्चा नागरिकमा खास केही अधिकार, कर्तव्य र दायित्व हुन्छन् । कक्षामा साथीहरूसित छलफल गरी नागरिकले निर्वाह गर्नुपर्ने भूमिकाहरू र राज्यबाट प्राप्त अधिकारहरू खोजी गरी कक्षामा प्रस्तुतीकरण गर्नुहोस् ।

■■■

# पाठ - ३ नेपालमा नागरिकता प्राप्त गर्ने आधारहरू

विश्वमा नागरिकता प्राप्त गर्ने विभिन्न आधारहरू तोकिएका छन् । नेपालको संविधानमा नागरिकता प्राप्तिसम्बन्धी देहायको व्यवस्था रहेको छ :

१. **नागरिकताबाट वञ्चित नगरिने**

(१) कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन ।

(२) नेपालमा प्रादेशिक पहिचानसहितको एकल संघीय नागरिकताको व्यवस्था गरिएको छ ।

२. **नेपालको नागरिक ठहर्ने**

(१) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरेका र यस भागबमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरू नेपालको नागरिक हुने छन् ।

(२) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोवास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्ने छ :

(क) यो संविधान प्रारम्भ हुनुभन्दा अघि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति

(ख) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति

(३) यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने छ ।

(४) नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपालको नागरिक ठहर्ने छ ।

(५) नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ । तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता संघीय कानून बमोजिम अङ्गीकृत नागरिकतामा परिणत हुने छ ।

(६) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा सङ्घीय कानुनबमोजिम नेपालको अङ्गीकृत नागरिकता लिन सक्ने छ ।

(७) यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोबास

गरेको र निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले सङ्घीय कानुनबमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त गर्न सक्ने छ ।

तर नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्ने छ ।

(८) यस धारामा लेखिएदेखि बाहेक नेपाल सरकारले सङ्घीय कानुनबमोजिम नेपालको अङ्गीकृत नागरिकता प्रदान गर्न सक्ने छ ।

(९) नेपाल सरकारले सङ्घीय कानुनबमोजिम नेपालको सम्मानार्थ नागरिकता प्रदान गर्न सक्नेछ ।

(१०) नेपालभित्र गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा त्यस्तो क्षेत्रभित्र बसोबास भएको व्यक्ति सङ्घीय कानुनको अधीनमा रही नेपालको नागरिक हुनेछ ।

**१२. वंशीय आधार तथा लैङ्गिक पहिचानसहितको नागरिकता**

यो संविधान बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैंगिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्नेछ ।

**१३. नागरिकताको प्राप्ति, पुनःप्राप्ति र समाप्ति**

नागरिकताको प्राप्ति, पुन:प्राप्ति र समाप्तिसम्बन्धी अन्य व्यवस्था सङ्घीय कानून बमोजिम हुनेछ ।

**१४. गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न सकिने**

विदेशी मुलुकको नागरिकता प्राप्त गरेको दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको सदस्य राष्ट्र बाहेकका देशमा बसोबास गरेको साबिकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई संघीय कानून बमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैरआवासीय नागरिकता प्रदान गर्न सकिनेछ ।

**१५. नेपालको नागरिकतासम्बन्धी अन्य व्यवस्था**

नेपालको प्रत्येक नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने तथा नेपालको नागरिकतासम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

## अभ्यास

१. **अति छोटो उत्तर लेख्नुहोस् :**

(क) सम्मानार्थ नागरिकता भन्नाले के बुझिन्छ ?

(ख) आमा र बाबु ठेगान नभएका बालकलाई दिइने नागरिकताको आधार के हो ?

२. **छोटो उत्तर लेख्नुहोस् :**

(क) वंशजका आधारमा दिइने नागरिकता प्राप्त गर्ने आधारहरू उल्लेख गर्नुहोस् ।

(ख) अङ्गीकृत नागरिकता प्राप्त गर्ने आधारहरू उल्लेख गर्नुहोस् ।

(ग) गैरआवासीय नागरिकता भनेको कस्तो नागरिकता हो ?

३. **लामो उत्तर दिनुहोस् :**

(क) नागरिक र नागरिकतामा भिन्नता छुट्याउनुहोस् ।

(ख) नेपालमा नागरिकता प्राप्त गर्ने आधारहरू कुन कुन हुन् ? सूची तयार गर्नुहोस् ।

(ग) गैरआवासीय नागरिकता प्राप्त व्यक्तिले के कस्ता अधिकार उपभोग गर्न पाउँछ ?

४. **मौजुदा नेपाल नागरिकता ऐन अध्ययन गरी नेपाली नागरिकता प्राप्त गर्ने आधारहरूबारे कक्षामा छलफल गरी निष्कर्ष निकाल्नुहोस् ।**

## सामुदायिक कार्य

५. **गैरआवासीय नागरिकता प्राप्त गर्न कस्तो व्यक्तिले गैर आवासीय नागरिकता प्राप्त गर्न सक्छन् ? गैरआवासीय नागरिकता पाएको व्यक्तिले के कस्ता हक पाउँछ ? उनीहरूलाई किन यस्तो हक दिनुपरेको होला ? कुनै गैरआवासीय नागरिकता पाएको व्यक्तिलाई सोधेर लेख्नुहोस् ।**

■■■

# राज्य र सरकार

एकाइ १

## पाठ - १ राज्यको अवधारणा

परिवारको विकसित रूप गाउँ हो, गाउँको विकसितरूप नगर हो भने नगरहरूको विकसित रूप 'राज्य' (State) हो । मानिसको समूह, जसको सङ्गठित सरकार हुन्छ, जसको अधीनमा निश्चित भूमाग हुन्छ, जसमाथि कुनै बाहिरी नियन्त्रण हुँदैन त्यसलाई राज्य भनिन्छ । राज्यका सम्बन्धमा विभिन्न विद्वान्को भनाइ निम्नानुसार रहेका छन् ।

विड्रोविल्सन (Woodrow Wilson) का अनुसार, निश्चित भूभागमा कानुनका लागि सङ्गठित जनसमुदायलाई 'राज्य' भनिन्छ । (The State is a People organized for law within a definite territory.)

ब्लान्टशीली (Bluntscili) का अनुसार, राज्य भन्नाले एउटा निश्चित भूभागमा राजनीतिक दृष्टिकोणले सुसङ्गठित समुदाय हो । (The State is the politically organised people of a definite territory.)

हल्याण्ड (Holland) का अनुसार, राज्य मनुष्यको त्यो संस्था हो, जसको कुनै निश्चित भूभाग हुन्छ र जसमा बहुसङ्ख्यकका अनुसार कार्य गरिन्छ । (A independent or near by so of external control.)

सिसेरो (Cicero) का अनुसार, राज्य एउटा बहुसङ्ख्यक समाज हो, जसको सङ्गठन, सामान्य अधिकारहरू तथा पारस्परिक लाभहरूको प्राप्तिका निमित्त गरिएको हुन्छ । (The State is a numerous society united by a common sense of right and mutual participation in advantage.)

गार्नर (Garner) का अनुसार, राज्य बहुसङ्ख्यक वा अल्पसङ्ख्यक व्यक्तिहरूको त्यो समुदाय हो, जसको एउटा निश्चित भूभागमा बसोवास होस्, जसमा एउटा सुसङ्गठित सरकार होस् र जसको आज्ञाको पालना जनसङ्ख्याको ठुलो भागले स्वभावले नै गरोस् । (The State is a community of persons, more or less numerous permanently occupying a definite portion of territory, a and possessing an organized government to which the great body of inhabitants render habitual obedience.)

गार्नरको राज्यको परिभाषा सर्वश्रेष्ठ मानिन्छ । राज्य निश्चित भूभागमा बसोवास गर्ने मानिसहरूको सङ्गठन हो, जसको सङ्गठित सरकार हुन्छ, जो विदेशी नियन्त्रणबाट मुक्त हुन्छ । जनसङ्ख्या, भूभाग, सरकार र सम्प्रभुता राज्य बन्नका निम्ति आवश्यक पर्ने चार तत्त्वहरू हुन् । गार्नरको राज्यको परिभाषा

यी चार तत्त्व समावेश भएकाले उनको परिभाषालाई सर्वश्रेष्ठ परिभाषा मानिएको हो ।

**राज्य र राष्ट्रको बिचको फरक**

भाइ बहिनीहरूले राज्य भनेको के हो ? राज्य कसरी निर्माण हुन्छ र राज्यले नागरिकहरूलाई के दिन्छ भन्ने बारेमा विभिन्न विद्वानहरूले दिएको परिभाषालाई अध्ययन गरि सक्नुभयो । अब तपाईँहरूले राज्य र राष्ट्र बिचको भिन्नता के हो भन्ने बारेमा बुझ्न जरुरी छ । हाम्रो नेपालको संविधानले "नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो" भनी संविधानको धारा ४ मा उल्लेख गरेको छ । यसरी हेर्दा राज्यमा वा कुनै प्रदेशमा रहने व्यक्तिहरूलाई शासन गर्ने तथा यिनीहरूमाथि कर लगाउने पूरा अधिकार, स्वतन्त्रता र सार्वभौमसत्ता, आफ्नो स्थल, जल तथा वायु सेना राख्नु, आफ्नो छुट्टै झन्डा राख्ने र राजदूत राख्ने अधिकार, युद्ध सुरु गर्ने तथा शान्ति स्थापना गर्ने अधिकार र अन्य राज्यद्वारा सत्तालाई स्वीकार गर्ने तत्त्व समावेश भएको एकाइ राज्य हो भनेर बुझ्नुपर्दछ ।

राष्ट्र अङ्ग्रेजी शब्द नेसन (Nation) को पर्यायवाची शब्द हो । नेसन शब्द ल्याटिन भाषाको नेसियो (Natio) शब्दबाट आएको र यसको अर्थ जन्म वा जाति हुन्छ । जन्म तथा जातिको बन्धनबाट बाँधिएका जनसमुदाय नै राष्ट्र हो । नेपालको संविधानले धारा ३ मा राष्ट्र भन्नाले बहुजातीय, बहुभाषीय, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकाङ्क्षाा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र भनी परिभाषित गरेको छ । अब राज्य र राष्ट्रबिचको फरक के हो भन्ने बारेमा बुझौँ ।

(क) राष्ट्र एउटा भावना हो । यो भावनालाई हामी एक हौँ भन्ने जनसमूहलाई नै राष्ट्र भन्दछन् । यसैले राष्ट्र एक सामूहिक भावना मात्र हो । तर राज्यको आधार एक विशेष प्रकारको राजनीतिक व्यवस्थामा निर्धारित हुन्छ । यसैले राज्य बाह्य उद्देश्यको पूर्ति गर्ने व्यवस्था हो ।

(ख) राज्य सावैभौम सङ्गठन हो । यसले कानुन बनाउँछ । राज्यका सबै जनताले मान्नुपर्ने हुन्छ । तर राष्ट्रको आज्ञालाई राष्ट्रिय भावना भएको व्यक्तिले मात्र मान्ने हुन्छ ।

(ग) राज्यमा एक वा एकभन्दा बढ्ता राष्ट्रहरूका जनता हुन सक्तछन् । जस्तै : अमेरिकाको राज्यहरूमा धेरै राष्ट्रका जनता रहेका छन् । तर एउटै राष्ट्रमा पनि धेरै राज्यहरू हुन सक्तछन् ।

(घ) राज्य निर्माणका निश्चित तत्त्व हुन्छन् । ती हुन्, जनसङ्ख्या, निश्चित भूभाग, सरकार र सम्प्रभुता । तर राष्ट्रका यस्ता निश्चित निर्माण तत्त्व हुँदैनन् र भए पनि ती बदलिरहन्छन् ।

(ङ) हुन त राज्य र राष्ट्र दुवैको सम्बन्ध निश्चित भूभागसँग हुन्छ तापनि राष्ट्र त्यो भूभाग विशेषभन्दा बाहिर पनि फैलिन सक्छ ।

(च) राज्यसँग प्रहरी शक्ति हुन्छ भने राष्ट्रसँग नैतिक शक्ति मात्र हुन्छ । राज्यले आदेश दिन्छ र बल प्रयोग गर्छ भने राष्ट्रले अनुरोध गर्छ र अनुनय गर्छ ।

(छ) राज्य हुनका लागि स्वतन्त्र र सम्प्रभुता सम्पन्न हुन अत्यावश्यक छ तर अर्कोतिर राष्ट्र हुनका लागि स्वतन्त्र र सार्वभौम हुन जरुरी छैन, त्यसको आकाङ्क्षाा मात्र भए पनि पुग्छ ।

(ज) राज्य बाह्य स्वरूपी हुन्छ र आफ्ना ज्ञात संस्थाहरूका मार्फत काम गर्छ । तर राष्ट्रले जनताको आन्तरिक मनोभावनासँग सरोकार राख्छ ।

## अभ्यास

१. **अति छोटो उत्तर लेख्नुहोस् :**

(क) विड्रोविल्सनले राज्यलाई कसरी परिभाषित गरेका छन् ?

२. **छोटो उत्तर लेख्नुहोस् :**

(क) राज्य भन्नाले के बुभि्कन्छ ? आफ्नो शब्दमा लेख्नुहोस् ।

(ख) राज्यसम्बन्धी ब्लान्टसिली र हल्यान्डको परिभाषाको तुलना गर्नुहोस् ।

(ग) नेपालको संविधानमा राष्ट्रलाई कसरी परिभाषित गरिएको छ ? उल्लेख गर्नुहोस् ।

३. **लामो उत्तर लेख्नुहोस् :**

(क) राज्य र राष्ट्रबिचको भिन्नता छुट्याउनुहोस् ।

■■■

# पाठ – २ राज्य उत्पत्तिका सिद्धान्तहरू

मानिस सृष्टिको सर्वश्रेष्ठ प्राणी भएको हुँदा स्वभावले नै जिज्ञासु र तार्किक हुन्छ । आफूले नजानेका नबुझेका कुरा जान्न चाहन्छ र थाहा पाएका कुरालाई जस्तोको तस्तो स्वीकार नगरी तर्कको कसीमा परीक्षा गरी हेर्न चाहन्छ । यिनै कारणले गर्दा मानिस राज्यको उत्पत्तिको बारेमा जान्न प्रयत्नशील रहेको पाइन्छ तर अझ पनि यो रहस्यपूर्ण नै रहेको छ । राजनीतिशास्त्रीहरूले राज्यको उत्पत्तिको रहस्योद्घाटनका लागि इतिहास र कल्पनाको सहारा लिई केही सिद्धान्तहरू प्रतिपादन गरेका छन् । ती सिद्धान्तहरू निम्नबमोजिम रहेका छन् :

१. दैवी उत्पत्ति सिद्धान्त

राज्यको उत्पत्तिका विभिन्न सिद्धान्तहरूमध्ये दैवी उत्पत्तिको सिद्धान्त सबैभन्दा पुरानो हो । यस सिद्धान्तअनुसार राज्य मानवीय इच्छा र प्रयासको परिणाम नभई ईश्वरद्वारा निर्मित हो र राजा ईश्वरका प्रतिनिधि हुन् । दैवी उत्पत्तिको सिद्धान्तलाई विश्वका अधिकांश धर्मग्रन्थहरूले पनि स्वीकार गरेका छन् । सनातन अर्थात् हिन्दु धर्म शास्त्रलगायत विश्वका अन्य धार्मिक ग्रन्थहरूमा पनि राज्यको स्थापना ईश्वरबाट भएको हो र शासकहरू ईश्वरका प्रतिनिधि हुन भनिएको छ । त्यसैले राज्य दैवी आदेशअनुसार चलेको हो । यो सिद्धान्तका आधारमा राज्यको उत्पत्ति भएको हो भन्ने थप पुष्टि गर्ने विद्वान्हरूका निम्न भनाइ रहेका छन् :

ब्ल्याकस्टोन (Blackstone) का अनुसार, राजाको कार्यमा मात्र होइन, विचारमा पनि दोष हुन सक्दैन । विसोप बौसेट (Bishop Bousset) का अनुसार, प्रजाले पापी राजाको आज्ञा पनि पालना गर्नुपर्दछ । कालविन (Calvin) का अनुसार, प्रजाले अधर्मी राजाको आज्ञा पनि सदैव शिरोधार्य गर्नुपर्दछ । सनातन अर्थात् हिन्दु परम्परामा आधारित ग्रन्थ मनुस्मृतिकाअनुसार राजा र राज्य दुवै ईश्वरका सिर्जना हुन् । राजाको कर्तव्य पूरा नगर्ने राजाका विरुद्ध विद्रोहको अधिकार जनतालाई दिइएको छ । बाइबलमा संसारको सृष्टि परमेश्वरबाट भएको हो भनिएको छ । इस्लाम धर्ममा राजालाई ईश्वरीय संस्थाको रूपमा मान्दछन् । यहुदीको धार्मिक ग्रन्थ Old Testament मा ईश्वर स्वयम्ले राजाको छनोट, नियुक्ति, बरखास्तका साथै हत्या पनि गर्न सक्छ अर्थात राजकीय शक्तिको स्रोत ईश्वर नै हो भनिएको छ ।

दैवी उत्पत्तिको सिद्धान्त आलोचना रहित भने छैन । वास्तवमा राज्य मानवीय आवश्यकता र चाहनाको उपज हो । आजको संसारमा कतै यस सिद्धान्तको अस्तित्त्व पाइँदैन । त्यसैले राज्यलाई ईश्वरको रचना भन्नु अन्धविश्वास मात्र हो । वास्तवमा मानिसले आफ्ना आवश्यकताहरूको पूर्तिका निमित्त राज्य र शासनको स्थापना गरेको हो ।

यो सिद्धान्तको जतिसुकै दोषपूर्ण र जतिसुकै आलोचना गरिए तापनि जनतामा अनुशासनको भावना जगाई

कानुनप्रति आस्था उत्पन्न गराउन यस सिद्धान्तको महत्त्वपूर्ण योगदान रहेको देखिन्छ । मानिस जतिखेर असभ्य र बर्बर थिए । त्यसबेला धर्मकै आधारमा समाजको अराजकतालाई व्यवस्थित गरियो । जुनबेला मानिस सत्ताको नियमित रूपले आदर्शपालक हुन अभ्यस्त थिएन, त्यसबेला यो सिद्धान्तले व्यक्ति, सम्पत्ति र सरकार प्रति सम्मान गर्ने नियमपालक बनाउन सहयोग गऱ्यो ।

२. पितृसत्तात्मक सिद्धान्त

राज्यको उत्पत्तिसम्बन्धी सिद्धान्तमध्ये पितृसत्तात्मक सिद्धान्त (Patriarchal theory) एक हो । समाजको प्रथम एकाइ परिवार हो र परिवारको मुली पिता हो भन्ने पितृसत्तात्मक सिद्धान्त (Patriarchal theory) हो । यस सिद्धान्तअनुसार परिवारको गठन पति, पत्नी र छोराछोरी मिलेर भयो र त्यसको प्रधान पिता भए । पितालाई परिवारको पालनपोषण गर्ने, रेखदेख गर्ने, दण्ड दिने, लेनदेनको व्यवहार गर्ने जस्ता सम्पूर्ण अधिकारहरू प्राप्त थिए । यस सिद्धान्तको प्रथम प्रतिपादक अरस्तु (Aristotle) हुन् । उनका अनुसार पति परिवारको सबैभन्दा प्राचीन मानवीय एकाइ हो । विभिन्न परिवारहरू संयुक्त हुँदा गाउँ बन्यो र धेरै गाउँहरू मिलेर राज्यको जन्म भयो । १९ औं शताब्दिमा सर हेनरी मेन (Sir Henry Maine) यस सिद्धान्तका आधुनिक प्रवक्ताको रूपमा देखा परे । उनका अनुसार समाजको उत्पत्ति परिवारहरूबाट भएको हो । परिवारको सबैभन्दा ठुलो व्यक्ति पुरुष हो । समाजको पहिलो एकाइ परिवार थियो र पिताले आफ्ना सन्तानहरूमाथि जुन नियन्त्रण राख्दथे त्यसैबाट सामाजिक शासनको जन्म भयो । यस प्रकारले परिवारको उत्तरोउत्तर वृद्धि हुँदै गयो । पितृसत्तात्मक परिवारले कुल (Gens) अथवा गोत्रको रूप धारणा गऱ्यो । कुल बढेर जाति (Tribes) को रूप धारण गऱ्यो र जाति बढेर राज्य बन्यो भन्ने धारणालाई अगि सारेका थिए । विद्वान् डग्विट (Duguit) ले पनि पितृसत्तात्मक सिद्धान्तलाई स्वीकार गर्दै भनेका छन् पिता स्वाभाविक मुखिया हो, त्यो परिवाररूपी सानो राज्यको शासक हो, जहाँ शासित मानिस उसको परिवारका सदस्य हुन्छन् । प्राचीन नगरहरू केबल परिवारका सङ्घ थिए, जसमा राजनीतिक सत्ता बाबुको हातमा हुन्थ्यो । (The father is the natural chief, the governer of the little state of which the members of the family are governed. The ancient city was merely a union of families in which political power belonged to the father.) भारत तथा नेपालमा आज पनि संयुक्त परिवार प्रथा प्रचलित छ, जहाँ परिवारका अनेकौं सदस्यहरू सबभन्दा ठुलो पुरुषको शासनमा रहन्छन् । परिवारमा सबैभन्दा जेठो लोग्ने मानिसको सत्ता सर्वोपरी हुन्छ । यिनै परिवारलाई आधार बनाएर पितृसत्तात्मक सिद्धान्तका समर्थकहरू राज्यको उत्पत्ति परिवारबाट भएको अनुमान लगाउँछन् ।

पितृसत्तात्मक सिद्धान्तका आलोचकहरूमा मैकलैनन (Mc Lennan) र एडवर्ड जेक्स (Edward Jacks) मुख्य हुन् । तिनीहरूले राज्यको उदय पितृसत्तात्मक परिवारबाट नभएर मातृसत्तात्मक परिवारबाट भएको भन्दै आलोचना गरेका छन् । यो राज्यको उत्पत्तिको भरपर्दो सिद्धान्त नभएपनि यसले तत्कालीन छरिएर रहेका मानिसहरूलाई संयुक्त परिवारको विकास गर्न र सबैभन्दा जेठो पुरुषको नेतृत्वको विकास गर्न

सहयोग गऱ्यो ।

### ३. मातृसत्तात्मक सिद्धान्त (Matriarchal Theory)

मातृसत्तात्मक सिद्धान्त, पितृसत्तात्मक सिद्धान्तको ठिक विपरीत छ । यसका मुख्य प्रवर्तकहरूमा म्याकलेन (Mc Lenn), मोरगन (Morgan) र जेन्क्स (Jenks) को नाम प्रसिद्ध छ । यस सिद्धान्तअनुसार प्रारम्भिक कालमा विवाह प्रथा थिएन, नरनारीको सम्बन्ध अस्थायी हुन्थ्यो । परिणाम स्वरूप सन्तानको पिता को भन्ने निश्चित हुँदैन्थ्यो, जसले गर्दा माता नै सर्वेसर्वा हुन्थिन् । यसप्रकार समाजमा बहुपति प्रथा (Polyandry) भएकाले सन्तान पिताको नामबाट नभई माताको नामबाट चिनिन्थ्यो । अधिकार र सम्पत्तिको उत्तराधिकारी महिलाहरू मात्र हुन्थे । मातृसत्तात्मक परिवारका अस्ट्रेलियाका आदिवासीहरू र भारतका कुनैकुनै जातिहरू जस्तो कि नायरहरूमा विशेष रूपले यो चलन चलेको देखिन्छ । यस्तो समाजमा अस्थायी विवाह सम्बन्ध, स्त्रीको माध्यमबाट सम्बन्ध सूत्र जोड्न जाने, अधिकार महिला (आमा) मा नै रहने र सम्पत्तिको अधिकारी पनि महिलाहरू नै हुने हुन्छ ।

पितृसत्तात्मक सिद्धान्त झैँ यो पनि एउटा काल्पनिक सिद्धान्त हो । किन कि यसको कुनै ऐतिहासिक प्रमाण छैन र यसले राज्यको उत्पत्ति बारे चर्चा नगरी परिवार र समाजको विकासबारे मात्र उल्लेख गरेको छ । राज्यको संरचना र विकासमा रक्त (Blood) एउटा तत्त्व मात्र हुन सक्दछ, यसलाई राज्यको उदय र विकासको मूल आधार मान्न सकिन्न । यो सिद्धान्तको जतिसुकै आलोचना गरेपनि राज्यको विकासमा परिवार एउटा मौलिक र महत्त्वपूर्ण क्रम (Link) रहेको छ । त्यसैले पितृसत्तात्मक सम्बन्ध र कतै मातृसत्तात्मक शासनको प्रचलन थियो भन्नुमा शङ्का छैन । जहाँसम्म शासन र व्यवस्था सञ्चालनको प्रश्न छ, त्यसको क्षमता पुरुष र नारी दुवैमा समानरूपले देखिएको छ । वर्तमान समयमा विश्वका थुप्रै देशहरूका कार्यकारी प्रमुख महिला भएकाले पनि पुरुष र महिलामा समान क्षमता हुन्छ भन्ने पुष्टि गर्दछ । त्यसैले राज्यको उत्पत्ति हुनमा पितृसत्तात्मक र मातृसत्तात्मक सिद्धान्तहरूमा निश्चय नै आशिक सत्यता छ ।

### २.४. शक्ति सिद्धान्त

राज्यको उत्पत्तिको अर्कै महत्त्वपूर्ण सिद्धान्त शक्ति सिद्धान्त (Force theory) हो । यो सिद्धान्तअनुसार राज्यको उत्पत्ति बल प्रयोगद्वारा भएको हो र शक्ति नै राज्यको आधार हो भनिएको छ । बलियाले निर्धाहरू माथि अधिकर र प्रभुत्व जमाएको फलस्वरूप राज्यको उत्पत्ति भएको हो भन्ने कुरालाई यस सिद्धान्तले पुष्टि गर्दछ । राज्य श्रेष्ठ भौतिक बलको (Superior Physical Force) परिणाम हो, त्यसैले राज्यको उत्पत्ति तब भयो जब शक्तिशालीले कमजोर माथि विजय प्राप्त गऱ्यो भन्ने यस सिद्धान्तको मान्यता रहेको छ ।

राज्यको उत्पत्ति शक्तिले गर्दा भएको हो । सुरुमा शक्तिको प्रयोग राज्यको स्थापनाका लागि भएको थियो र अन्तमा त्यसको प्रयोग राज्यको रक्षाका लागि गरिएको हो । राज्यको मूल तत्त्व शक्ति नै हो ।

यसैको आधारमा नै राज्य आफ्नो आज्ञाको पालना गराउँछ । त्यसैले यस शक्ति सिद्धान्तद्वारा राज्यको उत्पत्ति भएको हो भन्ने तर्कलाई विभिन्न विद्वान्हरूले आआफ्नै किसिमले परिभाषा दिएका छन् । लीकाक (Leacok) का अनुसार- ऐतिहासिक रूपमा राज्य मानव आक्रमणको प्रतिफल हो । शक्ति सिद्धान्तको समर्थन सनातन धर्म ग्रन्थहरूमा पनि गरिएको छ, जस्तै संस्कृतको श्लोक "वीरभोग्या वसुन्धरा" पृथ्वीको भोग तथा शासन वीरहरूले गर्दछन् भन्दै शक्ति सिद्धान्तको समर्थन गरेको छ । ओपनहाइम (Oppenhiem) का अनुसार राज्यको उत्पत्ति सिंह र स्यालको युद्धको जस्तो गरेर भयो भनी शक्तिको समर्थन गरेकाछन् । शक्तिका आधारमा नै राज्यको उत्पत्ति भएको कुरालाई बल दिँदै मेकियाभेली (Machiaveli) ले राज्यको आधार शक्ति नै हो, इच्छा होइन भनेका छन् । (Force, not the will, is the basis of the state) त्यस्तै भोल्टेयर (Voltier) ले पहिलो राजा भाग्यशाली योद्धा थिए (First king was a fortunate warrior) भन्दै शक्तिको आधारमा राज्यको उत्पत्ति भएको र राजा नै शक्तिको उपज भएको भनी तर्क गरेका छन् । ग्रिसका सोफिष्टले राज्यको उत्पत्तिको आधार नै शक्ति हो भन्दै - जसको शक्ति उसको भक्ति (Might is right), न्याय शक्तिशालीका पक्षमा हुन्छ (Justice is the interest of stronger.) भनेका छन् । मार्क्स (Marx) ले राज्यलाई एक वर्गद्वारा अर्को वर्गलाई दमन गर्ने हतियार हो भन्छन् भने लेनिनले (Lenin) राज्यको उत्पत्तिलाई समाजका विभिन्न वर्गको निरन्तर प्रयास हो भन्दै कुनै एक आधारलाई प्रमुख मान्न नहुने तर्क गरेका छन् ।

शक्ति सिद्धान्तलाई पूर्ण र दोषमुक्त सिद्धान्त मान्न सकिन्न । विद्वान्हरूले यसको प्रशस्त आलोचना गरेका छन् । हुनत यस सिद्धान्तलाई पूर्णरूपले गलत भन्न पनि सकिन्न । यसमा निश्चय नै आंशिक सत्यता छ । राज्यको उत्पत्तिमा शक्तिको अवश्य नै ठुलो योगदान रहेको छ र यसको अस्तित्त्वका लागि पनि शक्ति नभई हुँदैन तर राज्यको उत्पत्तिको आधार शक्ति मात्र हो भनी दावा गर्न सकिँदैन । शक्ति राज्यको साधन (Means) हुन सक्छ तर साध्य (Ends) होइन । वास्तवमा राज्यको आधार शक्ति होइन, इच्छा हो । सबै मानिसहरूको सामूहिक सहयोगको भावनाले राज्यको उत्पत्ति भएको हो । शक्ति सिद्धान्तले मानिसमा रहेका मानवीय गुण र नैतिक मूल्यलाई तिरस्कार गरेको छ । शक्ति नै राज्यको उत्पत्तिको एक मात्र कारण भने होइन किनभने आधुनिक युगमा शक्तिको स्थान जनमत, देशप्रेम, कर्तव्यको भावना, आदेशपालन आदिले लिएका छन् । राज्यको आधार शक्ति होइन बरु राजनीतिक बल हो ।

### २.५. सामाजिक सम्झौताको सिद्धान्त

राज्यको उत्पत्तिको सिद्धान्तहरूमा सामाजिक सम्झौताको सिद्धान्त ज्यादै महत्त्वपूर्ण सिद्धान्त हो । यस सिद्धान्तअनुसार राज्य दैवीय नभएर मानवीय संस्था हो । यसको मूल आधार मानिसको इच्छा हो । मानिसको पारस्परिक सम्झौताबाट राज्यको उत्पत्ति भएको हो । राज्यको उत्पत्ति हुनुभन्दा अगाडि मानिस जङ्गलमा बस्थे । मानिस असभ्य थिए र प्राकृतिक अवस्थामा रहन्थे । त्यसमा न कुनै समाज थियो न कुनै राज्य थिए । सबै स्वाधीन र सर्वेसर्वा थिए । अर्थात् बल नै हक थियो र मत्स्यन्याय प्रचलित थियो ।

बलियाको निमित्त कुनै असुविधा थिएन । तर निर्धाहरू सधैँ त्रासमा जीवन बाँचिरहेको हुन्थे । उनीहरूको जीवन असुरक्षित र आशङ्कापूर्ण थियो । यसबाट मानिसको प्राकृतिक अवस्था असहय हुन गयो । यसैले सबै मानिस मिलेर आफ्नो प्राकृतिक अवस्थालाई त्यागी दिए र एउटा सामाजिक र राजनीतिक सङ्गठन बनाए । तिनीहरू सबैले मिलेर एउटा शासक नियुक्त गरे र शासन गर्ने अधिकार त्यही व्यक्तिमा सुम्पिए । अर्थात् आपसी सम्झौताबाट राज्यको उत्पत्ति भयो ।

आधुनिक कालमा यस सामाजिक सम्झौताको सिद्धान्तको वैज्ञानिक प्रतिपादन थोमस हब्स (Thomas Hobbes), जोन लक (John Locke) र जीन जेक्स रुसो (Jean Jacques Rousseau) ले गरे जुन ज्यादै सारगर्भित र महत्त्वपूर्ण छ । प्राकृतिक अवस्था (State of Nature), सम्झौता (contract) र नागरिक समाज (Civil Society) हुँदै राज्यको उत्पत्ति ३ चरणमा भएको हो भन्ने बारेमा विद्वान्हरूको फरक फरक मत रहको छ ।

### (क) थोमस हव्स (Thomas Hobbes)

मानिसहरू प्राकृतिक अवस्थामा असभ्य, जङ्गली, स्वार्थी, झगडालु, छुद्र, दुष्ट र इर्ष्यालु स्वाभावका थिए । उनीहरूलाई कुनै किसिमको सुख शान्ति थिएन । उनीहरू एक अर्का देखि डराउँथे र शत्रु सम्झन्थे । आफ्नो ज्यानको सुरक्षा थिएन । त्यस्तै राती सुतिरहेको समयमा शत्रुले खतम गरिदिन्छ भन्ने डर थियो । यस्तो अवस्थाबाट कसरी मुक्ति पाई सुख शान्ति होला भन्ने उद्देश्यले उनीहरूले मुक्तिको उपाय खोज्न थाले । यही प्राप्तिका लागि मानिसहरूले मिलेर एउटा सम्झौता गरे र प्राकृतिक अवस्थालाई त्याग गरे । सम्पूर्ण अधिकार एउटा व्यक्तिमा सुम्पिदिए । जसलाई थोमस हब्सले शासक (Leviathan) भनेका छन् । शासकको आज्ञालाई सबैले मान्नुपर्ने भयो तर उनले कुनै शर्तलाई पनि मान्नुपर्ने भएन । यसले गर्दा ऊ शक्तिशाली भयो र उसका आज्ञाको विरुद्ध चल्ने जनताको कुनै अधिकार थिएन। आज्ञालाई स्वीकार गर्नुपर्ने कर्तव्य जनतामा रह्यो । उनको केबल एउटै काम आफ्नो इच्छा मुताविक अधिकारको प्रयोग गरी समाजमा शान्ति सुव्यवस्था गर्नु थियो । यसरी हब्सले निरङ्कुश राजतन्त्रको (Absolute Monarchy) समर्थन गरेका छन् ।

### (ख) जोन लक (John Locke)

जोन लक (John Locke) पनि थोमस हब्स (Thomas Hobbes) झैँ मानिसको प्राकृतिक अवस्थाको समर्थक थिए । तर उनको सिद्धान्तअनुसार मानिसको प्राकृतिक अवस्था हब्सले विश्लेषण गरेको अवस्थाबाट बिलकुल भिन्न किसिमको थियो । मानिसको प्राकृतिक अवस्था हब्सले वर्णन गरे जस्तो सङ्घर्षमय र यातनामय थिएन । प्रकृतिको काखमा लडिबुडी खेली प्राकृतिक नियमअनुसार रही सुखपूर्वक जीवन यापन गर्दथे । सबैमा पूर्ण स्वतन्त्रता थियो । जसलाई जे गर्न मन लाग्यो सो गर्ने अधिकार थियो । यिनै प्राकृतिक नियमको उल्लङ्घन गरेर जसलाई जे मन लाग्यो सो गर्न थालेबाट परस्परमा सङ्घर्ष हुन थाल्यो ।

सङ्घर्षले गर्दा उनीहरूमा मेलमिलाप, सम्झौता र मध्यस्थता गरी समाजमा सुव्यवस्था मिलाउने समेत कुनै व्यक्ति थिएन । यस्तो अवस्थाबाट छुट्कारा पाउनका लागि मानिसहरूले परस्परमा सम्झौताको माध्यमले एउटा सुव्यवस्थित समाजको सिर्जना गरी आफ्नो प्राकृतिक अधिकारलाई त्यागिदिए र समाजमा शान्ति सुरक्षाको व्यवस्था मिलाउन तथा न्यायको प्रबन्ध मिलाउन एउटा व्यक्तिलाई अधिकार दिए । अरू बाँकी अधिकार आफ्नै हातमा कामय राखे । उनीहरूले यो समाजमा यस्तो व्यवस्था पनि मिलाए ताकी राजाले आफ्नो कर्तव्यको पालन नगरेमा स्वत: जनताले त्यसलाई हटाउन सक्ने प्रावधानलाई पनि सुरक्षित राखे । यसरी Locke सीमित वा संवैधानिक राजतन्त्र (Constitutional Monarchy) को पक्षमा थिए । अर्थात् राजा वैधानिक शासकको रूपमा रहनुपर्ने कुराको वकालत उनले गरेका छन् ।

(ग) जीन जेक्स रुसो **(Jean Jacques Rousseau)**

Rousseau केही मात्रामा Hobbes Locke का सिद्धान्तको समर्थक पनि थिए । यिनले सामाजिक सम्झौता (Social Contract) नामक पुस्तक पनि लेखेका थिए । Rousseau का अनुसार मानिसहरू प्राकृतिक अवस्थामा सुखमय जीवन बिताइरहेका थिए । उनीहरू कुनै किसिमको सामाजिक बन्धनमा बाँधिएका थिएनन् । सबैमा जीवनको पूर्ण स्वतन्त्रता थियो । क्रमश: समाजको आकृति बढ्दै गयो । जनसङ्ख्याको दृष्टिले मानिसको विचारमा परिवर्तन आयो । उसको सोच अर्को तिर मोडियो । खेतीको प्रार्दुभाव भयो । बलियाले धेरै र निर्धाले थोरै मात्रामा खेतीगर्न थालेपछि समाजमा धनी र गरिब वर्गको प्रार्दुभाव हुन गयो ।

धनीले गरिबमाथि थिचोमिचो गर्न थाले र क्रमश: मानिसको स्वतन्त्रतामा हस्तक्षेप हुँदै गयो । मानिसमा आफ्नो सम्पत्तिको सुरक्षा गर्नुपर्ने अवस्था सिर्जना भयो । यो अवस्थाले जिउ, धन र सुरक्षाको व्यवस्था गर्न एउटा समाजको सिर्जना हुनुपर्ने देखे । त्यसले मानिसको स्वतन्त्रतालाई ध्यान देओस् भन्ने अभिप्रायले मानिसहरूले आफ्नो सम्पूर्ण प्राकृतिक अधिकारहरूलाई नागरिक समाजमा सुम्पिदिए । त्यसलाई व्यवस्थित गरी राख्न एउटा सरकारसमेत खडा गरी मानिसका सारा अभिप्राय जिम्मा लगाए ।

यसरी रुसो (Rousseau) को विचारअनुसार गठन भएको समाजमा प्रत्येक व्यक्ति त्यस समाजको सदस्य बन्न गयो र समाजमा तर्जुमा भएको नियमलाई प्रत्येक जनताले पालना गर्नुपर्ने भयो । त्यसपछि समाजको इच्छा प्रत्येक व्यक्तिको इच्छा हुन गयो । यसरी समाजको यो सामूहिक इच्छा नै सामान्य इच्छा (General Will) हुन गयो । यही सामान्य इच्छाबाट नै शासन व्यवस्था चल्ने भयो । प्रत्येक व्यक्ति सामूहिक रूपमा शासन र व्यक्तिगत रूपमा शासित भयो । यसरी रुसो (Rousseau) लोकप्रिय सम्प्रभुत्ता (Popular Sovereignty) को पक्षमा उभिएका छन् ।

यो सामाजिक सम्झौताको सिद्धान्तलाई ऐतिहासिक तथ्य विपरीत मानिन्छ । किन कि यो सिद्धान्त तथ्यभन्दा कल्पनामा बढी आधारित हुँदै राज्यको उत्पत्तिको व्याख्या काल्पनिकरूपमा गरेको छ । यो

विचार युक्तिसङ्गत पनि देखिन्न, किनकि जङ्गली अवस्थामा पनि मानिस त्यति सचेत भएर सम्झौता गर्न सक्दथे भन्ने कुरालाई मान्न सकिन्न । यति हुँदा हुँदै पनि राज्यको उत्पत्तिमा सामाजिक सम्झौताको सिद्धान्तले सभ्य समाजको निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । जनताको विश्वासमाथि आधारित शासनसत्ता नै न्यायसङ्गत हुन्छ भन्ने सन्देश दिएको छ । जनता नै सर्वेसर्वा हुन् भन्ने धारणाको विकास सामाजिक सम्झौताको सिद्धान्तले देखाएको छ । किनभने जुन बेला राज्य ईश्वर निर्मित हो, राजा र जनताबिचको सम्बन्धको निर्माण ईश्वर हो भन्ने भनाइको बोलवाला थियो । त्यसबखत यस सिद्धान्तले राज्यको उत्पतिको दैवी सिद्धान्त, शक्ति सिद्धान्त एवम् राजाको दैवी अधिकारको खण्डन गरेको थियो । राजा शक्तिका स्रोत होइन, जनताको स्वीकृति हो भन्दै राजाको निरङ्कुश अधिकार माथि प्रहार गर्दै प्रजातन्त्रको विकासमा महत्त्वपूर्ण योगदान यो सिद्धान्तले दिएको छ ।

### ६. विकासवादी सिद्धान्त (Evolutionary Theory)

विकासवादी सिद्धान्तभन्दा पूर्व मानव समाजमा राज्यको उत्पत्तिको बारेमा मुख्यत: दैवी उत्पत्तिको सिद्धान्त, शक्ति सिद्धान्त, सामाजिक सम्झौताको सिद्धान्त, पितृसत्तात्मक र मातृसत्तात्मक सिद्धान्तहरू प्रचलित थिए । राज्यको उत्पत्तिका ती सिद्धान्तहरू त्रुटिपूर्ण छन् । जसमा प्रमुख त्रुटि राज्यको निर्माणमा एक समयमा भयो भन्ने मान्यता हो । राज्य विकासवादी सिद्धान्तको परिणाम हो । राज्यको विकास बिस्तारै बिस्तार भयो । राज्य एक मेसिन जस्तो गरी मानिसले सजिलै खडा गरेको होइन भन्ने तर्क नै उपर्युक्त देखिन्छ । राज्यको उत्पत्तिको बारेमा विद्वान् गार्नर (Garner) का अनुसार राज्य न त ईश्वरकै रचना हो, न कुनै उच्च शक्तिको परिणाम हो, न यो कुनै सम्मेलन या प्रस्तावको उपज हो, न परिवारकै विस्तारित रूप हो भन्दै राज्य क्रमिक विकासको उपज हो, कुनै कृत्रिम उत्पादन होइन भनी परिभाषित गरेका छन् । विकासवादी सिद्धान्तका अनुसार राज्य एक प्राकृतिक संस्था हो । यो मानव प्रकृतिमा निहित छ । मनुष्य एक सामाजिक तथा राजनीतिक प्राणी हो । यो स्वभावत समाजमा रहन्छ, समाजमा रहनुका कारण सामुदायिक जीवन बिताउन बाध्य हुन्छ । सामुदायिक जीवनलाई व्यवस्थित गर्नका लागि एक सङ्गठनको आवश्यकता पर्दछ । त्यो सङ्गठन भनेको राज्य हो ।

राज्यको उत्पत्ति त्यस समय पैदा भयो जब मनुष्यमा परस्पर सम्बन्ध स्थापित भयो । त्यसैले राज्य एकाएक उत्पत्ति नभई निरन्तर विकास भई आजको रूपमा आएको हो । राज्यलाई क्रमिक विकासको परिणाम मान्ने यो ऐतिहासिक सिद्धान्तअनुसार विभिन्न कारण र अवस्थाबाट गुज्रँदै जाँदा राज्य बनेको हो । रक्त सम्बन्ध (Kinship), धर्म (Religion), सम्पत्ति र सुरक्षा (Property and Security), शक्ति (Force), राजनीतिक चेतना (Political Consciousness) नै राज्य निर्माणमा प्रमुख कारक तत्त्वहरू हुन् भन्ने भनाइ विकासवादी सिद्धान्त (Evolutionary Theory) को रहेको छ । जसलाई निम्नानुसार वर्णन गर्न सक्दछौँ :

(क) **रक्त सम्बन्ध**

रक्त सम्बन्ध भनेको रगतको नाता हो । रगतकै नाताबाट विकसित भएको आफन्तपन र एकताको भावनाले राज्यको उत्पत्ति भयो । मानव सभ्यताको विकासको प्रारम्भिक अवस्थामा मानिसहरूलाई एक सूत्रमा बाँध्ने सबैभन्दा बलियो र विश्वासनीय आधार रक्त सम्बन्ध नै हो । एउटा रक्त सम्बन्धको आधारमा एक ठाउँ र अर्को प्रकारको रक्त सम्बन्धको आधारमा अर्को ठाउँमा मानिसहरू सङ्गठित भए । परिवार नै समाजको प्राथमिक सङ्गठन हो । रक्त सम्बन्धले परिवारका सदस्यहरूलाई आपसमा बाँध्यो र सबैले परिवारका प्रमुखको सत्ता र आदेशलाई स्वीकार गरे । यसरी परिवारको बिस्तार भयो र अन्त्यमा राज्य बन्यो ।

(ख) **धर्म**

धर्मले परिवारलाई एकताबद्ध गर्नुका साथै मानिसमा आज्ञापालन, दैवी नियम प्रति प्रतिबद्धता एवम् आस्था जगायो । प्राचीन अवस्थामा राजालाई ईश्वरको प्रतिनिधि सम्झन्थे । उसको आज्ञालाई उल्लङ्घन गर्न हुँदैन भन्ने भावना धार्मिक रूपबाट हेरिन्थ्यो । प्राकृतिक शक्तिलाई देवता भनिन्थ्यो । जस्तो- चन्द्र, सूर्य, नदी, जङ्गल आदि ।

(ग) **सम्पत्ति र सुरक्षा**

मानिसले आर्थिक हितका लागि गरिने सङ्घर्षको परिणाम स्वरूप नै राज्यको विकास भएको हो । मानिसको आर्थिक आवश्यकतानुसार राज्यको स्वरूपमा पनि क्रमश: घुमफिर र सिकारी युग, पशुपालन अवस्था, कृषि अवस्था, औद्योगिक अवस्था र हाल आणविक युग (Electronic Age) मा परिणत भइसकेको छ । यसप्रकार मानिसको आर्थिक आवश्यकता र क्रियाकलापको साथै राजनीतिक स्वरूप पनि परिवर्तन हुँदै राज्यको वर्तमान स्वरूपमा विकसित हुन गएको हो ।

(घ) **शक्ति**

मानिस स्वभावले नै अरू माथि प्रभुत्व कायम राख्न चाहन्छ । यसै प्रवृत्तिले गर्दा बलियाले निर्धा माथि आक्रमण गर्ने प्रक्रिया प्रारम्भ भयो । परिणाम स्वरूप परिवार परिवारले, जाति जातिले, समूह समूहले बृहत् र सङ्गठित हुँदै अन्त्यमा राज्यको रूपमा परिवर्तन भयो । आजको सभ्य र विकसित युगमा पनि शक्तिको होडबाजी चलिरहेको छ । शक्तिशालीबाट प्रभावशाली बन्ने र शान्तिको नारा दिई शक्ति बिस्तार गर्नका लागि हातहतियारको निर्माण जारी राखेको देखिन्छ । यसले शक्तिबाट राज्य नबने पनि राज्य बिस्तार भने भएको छ ।

(ङ) **राजनीतिक चेतना**

राज्यको उत्पत्ति र विकासमा सघाउ पुऱ्याउने तत्त्वमध्ये राजनीतिक चेतना पनि एक हो । मानिस राजनीतिक प्राणी हो । मानिसमा अन्तर्निहित राजनीतिक चेतनाले गर्दा नै राज्यको विकास भएको हो ।

प्रारम्भमा राजनीतिक चेतनाले समाजमा शान्ति सुरक्षाको आवश्यकता भयो । जसले गर्दा राजनीतिक सङ्गठनहरूको जन्म भयो । अधिकार र कर्तव्यको बोधले गर्दा राजनीतिक सङ्गठनको स्वरूप पनि विभिन्न समाजमा परिवर्तन भई राजतन्त्र, कुलीनतन्त्र, प्रजातन्त्र, समाजवाद जस्ता मौलिक स्वरूपमा राज्य सञ्चालन भई स्वतन्त्रता र समानता जस्ता धारणा जन्मनु राजनीतिक चेतनाको परिणाम हो ।

विकासवादी सिद्धान्त वैज्ञानिक र सत्यमा आधारित सिद्धान्त मानिन्छ । राज्यको कसरी उत्पत्ति भयो भन्ने सही विवेचना यस सिद्धान्तले गरेको छ । राज्य समाजको क्रमिक विकास वा ऐतिहासिक विकासको परिणाम हो । राज्यको उत्पत्ति बिस्तारै बिस्तारै विभिन्न कारणहरूबाट विभिन्न स्थानहरूमा भयो । राज्यलाई कसैले कुनै निश्चित समयमा निर्माण गरेन । तर यसमा पनि केही त्रुटि छन् । राज्य प्राकृतिक उत्पत्ति हो, किनभने यसको विकासमा क्रियाशील तत्त्वहरूले सघाउ मात्र पुऱ्याएका छन् । साथै राज्य स्वत: विकसित भएको पनि होइन, यसको विकास क्रममा समय समयमा अवरोधहरू पनि खडा भएका छन् जसले गर्दा राज्य क्रान्तिहरू हुन गएका छन्, तथापि यी सबै त्रुटि हुँदा पनि विकासवादी सिद्धान्त एक मात्र सत्य र वैज्ञानिक सिद्धान्त हो भन्ने विद्वान्हरूको मत रहेको छ ।

## अभ्यास

१. **अति छोटो उत्तर लेख्नुहोस् :**

(क) राज्यको उत्पत्तिको सबैभन्दा पुरानो सिद्धान्त कुन हो ?

(ख) "प्रजाले पापी राजाको आज्ञा पनि पालना गर्नुपर्दछ ।" भन्ने विद्वान् को हुन् ?

(ग) राज्य निर्माणका बारेमा विकासवादी सिद्धान्त कुनै दुई कारक तत्त्वहरू लेख्नुहोस् ।

२. **छोटो उत्तर लेख्नुहोस् :**

(क) राज्यको उत्पत्तिका सिद्धान्तहरू के के हुन् ? सूची तयार गर्नुहोस् ।

(ख) प्रारम्भिक कालमा नारी र पुरुषको सम्बन्ध किन अस्थायी प्रकृतिको मात्र हुन्थ्यो ?

३. **लामो उत्तर लेख्नुहोस् :**

(क) राज्य क्रमिक विकासको परिणाम हो । तपाईंको विचारमा राज्य निर्माणका प्रमुख कारक तत्त्वहरूको वर्णन गर्नुहोस् ।

(ख) राज्य उत्पतिका शक्ति सिद्धान्त तथा सामाजिक सम्झौता सिद्धान्तको तुलनात्मक विश्लेषण गर्नुहोस् ।

(ग) राज्य उत्पतिको विकासवादी सिद्धान्तअनुसार राज्य निर्माणका प्रमुख कारकहरूको चर्चा गर्नुहोस् ।

## पाठ – ३ राज्यका तत्त्वहरू

राज्य बन्नका लागि विभिन्न तत्त्वहरूको मिश्रण आवश्यक हुन्छ । राज्यका तत्त्वहरूको बारेमा विभिन्न विद्वान्हरूको मत फरकफरक पाइन्छ । जस्तो पूर्वीय राजनीतिक दार्शनिक मनु र कौटिल्यले राजा, मन्त्री, राष्ट्र, ढुकुटी, किल्ला, बल र मित्रलाई राज्यको तत्त्व मानेका छन् । त्यस्तै होल्याण्ड (Holland) ले समुदाय, स्थायी राजनीतिक सङ्गठन, स्थिर र निश्चित भूभाग, स्वतन्त्र र सभ्यताको तहलाई राज्यका तत्त्व मनेका छन् । बिलोवी (Willoughby) ले जनता, सरकार र संविधानलाई राज्यको आवश्यक तत्त्व भनेका छन् । ब्लाण्टशीली (Bluntschili) ले जनता, ठाउँ, सङ्गठन, जीवन, शासक र सरकारमा फरक, सदाचारको सिद्धान्त र नरगुण प्रधानतालाई राज्यका तत्त्व मानेका छन् । तर आधुनिक राजनीतिशास्त्रीहरू गार्नर (Ganer) र ओपनहाइम (Oppenhiem) को विचारमा भूभाग, जनसङ्ख्या, सरकार र सम्प्रभुता राज्यका चार तत्त्वहरू हुन् ।

### १. जनसङ्ख्या

जनसङ्ख्या भन्नाले मानव समूहलाई बुझाउँछ । यो राज्यको अपरिहार्य तत्त्व मध्येको एक हो । जनसङ्ख्याबिना राज्यको कल्पना गर्न सकिँदैन । राज्यको मानवीय आधार नै जनता हो । पशुपन्छी, रुखपात, ढुङ्गामुडा, डाँडाकाँडा तथा खेतबारीले मात्र राज्यको निर्माण हुन सक्दैन । त्यसैले राज्यको अस्तित्त्वको लागि पनि जनसङ्ख्याको आवश्यकता पर्दछ । राज्यमा हुनुपर्ने जनसङ्ख्या यकिन भन्न नसकिएता पनि विभिन्न काल र समयमा केही राजनीतिशास्त्रका विद्वान्हरूले राज्यका लागि जनसङ्ख्याको आआफ्नै किसिमले अड्कल गरेको पाइन्छ । प्लेटो (Plato) ले आदर्श राज्यका लागि ५०४० जनसङ्ख्या निश्चित गरेका थिए । यो सङ्ख्या त्यतिखेरको नगर राज्यहरूलाई केन्द्रित गरी तोकिएको देखिन्छ । त्यस्तै एरिस्टोटल (Aristotle) ले शासन व्यवस्था सुचारुरूपले सञ्चालन गर्न सक्ने जनसङ्ख्या हुनुपर्ने कुरा दर्शाएको पाइन्छ । प्रजातन्त्रका पक्षधर रुसो (Rousseau) ले आदर्श राज्य (Ideal State) का लागि १०,००० जनसङ्ख्या तोकेको पाइन्छ । डुग्वीट (Dugiet) ले जनसङ्ख्या त्यति मात्र हुनुपर्दछ, जहाँ शासक र शासितमा फरक देखियोस् । (The Population must be sufficient to make a possible differentiation between those who govern and those who are governed.) जर्मनीका हिटलर (Hitlar) र इटालीका मुसोलिनी (Musolini) विशाल जनसङ्ख्याका पक्षधर थिए । रुसमा धेरै बच्चा जन्माउने महिलालाई 'Mother Heroine' को उपाधिले सम्मानित गरेको पनि देखिन्छ ।

जनसङ्ख्याको सम्बन्धमा यति नै हुनुपर्छ भन्ने यकिन नियम पाउन सकिँदैन । अर्थात जनसङ्ख्याको आधारमा राज्यको बाँडफाँड हुने, रहने भन्ने कुरा होइन । त्यसैले हाम्रो छिमेकी राष्ट्र भारत, चीनको

जनसङ्ख्या बढी र सनमारिनो, भ्याटिकन सिटी, मोनाको जस्ता देशहरूको जनसङ्ख्या न्यून छ र पनि राज्यको अस्तित्त्वमा रहेका छन् । राजनीतिक शक्तिका आधारमा हेर्ने हो भने राज्यमा जनसङ्ख्या कम होइन बढी हुनु आवश्यक छ । वास्तवमा जनसङ्ख्या भनेको राज्यको सम्पत्ति हो । राज्यको साधन र स्रोतले भरणपोषण गर्न नसकिने भयो भने त्यो राज्यको निम्ति बोझ पनि हुन सक्दछ । त्यसैले स्वास्थ, समृद्ध र शिक्षित जनसङ्ख्या राष्ट्रका लागि अभिशाप होइन वरदान मान्नुपर्दछ ।

२. भूभाग

भूभागको अभावमा राज्यको कल्पना गर्न सकिँदैन । जस्तो शरीरबिना मानिसको कल्पना हुन सक्दैन । राज्यको मेरुदण्ड (Backbone) भनेको भूभाग हो । राज्यको आवश्यक चार तत्त्वमध्येको एक भूभाग हो । भूभाग राज्यका लागि के कति हुनुपर्दछ भन्ने कुरा निश्चित गर्न नसकिए तापनि विभिन्न राष्ट्रहरूले ओगटेको क्षेत्रफललाई मध्यनजर राख्दा एउटै क्षेत्रफलमा रहेको देखिँदैन । राज्यका लागि यकिन रूपले क्षेत्रफलको आधारमा सीमा निर्धारण भएको पाइँदैन । जुन राष्ट्रमा खनिज तत्त्व प्रशस्त मात्रामा छ त्यो देश शक्तिशाली र नहुने राष्ट्र कमजोर मानिन्छ तर खनिज तत्त्वको आधारमा पनि राज्यको उत्पत्ति हुन सक्दैन । त्यसैले राज्यको भूभाग भन्नाले त्यस राज्यले ओगटेको सम्पूर्ण खोला, नदी, ताल, पर्वत, डाँडाकाँडा, वनजङ्गललाई बुझ्नुपर्दछ । यति मात्र नभई राज्यको सीमाभित्रको वायुमण्डल पनि भूभाग (Territory) हो । अन्तर्राष्ट्रिय कानुनमा राज्यको सीमा जोडिएको समुन्द्रको १२ माइलसम्म त्यसको भूभाग मानिन्छ र त्यस क्षेत्र उसको अधिकारअन्तर्गत पर्दछ ।

३. सरकार

जनसङ्ख्या, भूभाग जस्तै सरकार पनि राज्यको अपरिहार्य तत्त्व हो । त्यस्तै निश्चित भूभागमा मानिसहरू जुन उद्देश्य प्राप्तिका लागि बसोवास गर्दछन्, सरकारको अभावमा त्यो प्राप्त हुन सक्दैन । यसरी सरकार राज्यको सङ्गठनात्मक आधार मात्र नभई सामूहिक इच्छाको अभिव्यक्तिको माध्यम पनि हो । सरकारले शासनको कार्य सञ्चालन गर्दछ र राज्यमा सङ्घर्ष उत्पन्न भएमा निर्णायक भूमिका पनि देखाउँछ । शासनको अभावमा जनता अनेक वर्ग, दलमा विभाजितसमेत हुने गर्दछन् । शक्ति र सुव्यवस्थाको निमित्त सत्ताको आवश्यकता पर्दछ । सबै राष्ट्रमा सरकार अथवा शासनको एउटै स्वरूप हुनुपर्दछ भन्ने छैन । देश, काल, परिस्थितिअनुसार विभिन्न राज्य वा एउटै राज्यमा पनि सरकारका विभिन्न स्वरूप हुन सन्दछ । लोकतान्त्रिक राजतन्त्रात्मक, गणतन्त्रात्मक, साम्यवादी, अधिनायकवादी जुनसुकै किसिमको पनि हुन सक्छ । वर्तमान अवस्थामा सरकारका तीन अङ्ग हुन्छन् । व्यवस्थापिकाले कानुन निर्माण गर्दछ । कार्यपालिकाले कानुनको कार्यान्वयन गर्दछ भने न्यायपालिकाले कानुनको व्याख्या गर्दछ ।

४. सम्प्रभुता

राज्यको आवश्यक तत्त्वमध्ये सबभन्दा महत्त्वपूर्ण तत्त्व सम्प्रभुता हो । सम्प्रभुत्ताको अभावमा राज्य वाह्य

र आन्तरिक रूपले स्वतन्त्र हुन सक्दैन । राज्यभित्रका सबै नागरिक, व्यक्ति समुदाय, वस्तुहरूमाथि पूर्ण आधिपत्य जमाउने सर्वोपरि असीमित अधिकारलाई नै सम्प्रभुता भनिन्छ । यसको अभावमा राज्यमा अराजकता फैलिन्छ । त्यसैले समाजका सबै पक्षलाई आआफ्नो ठाउँमा नियम पालन गरी बस्न लगाउने राज्यको अन्तिम र सर्वोच्च शक्ति नै सम्प्रभुत्ता हो । आजको प्रजातान्त्रिक युगमा यो शक्ति जनतामा निहीत रहने परम्परा रहेको छ । नेपालको संविधानको धारा २ मा नेपालको सार्वभौम सत्ता र राजकीय सत्ता नेपाली जनतामा निहीत रहने छ भनी उल्लेख गरी सम्प्रभुताको मालिक जनतालाई बनाइएको छ ।

## अभ्यास

१. अति छोटो उत्तर लेख्नुहोस् :

(क) जनसङ्ख्या भन्नाले कुन समूहलाई बुझाउँछ ?

(ख) रुसोले आदर्श राज्यका लागि कति जनसङ्ख्या तोकेका छन् ?

२. छोटो उत्तर लेख्नुहोस् :

(क) कौटिल्य र ब्लान्टसिलीले मानेका राज्यका तत्त्वहरू के के हुन् ?

(ख) राज्यका चार तत्त्वहरू के के हुन् ? सूची बनाउनुहोस् ।

३. लामो उत्तर लेख्नुहोस् :

(क) राज्यको सबभन्दा महत्त्वपूर्ण तत्त्व सम्प्रभुत्ता हो । यस भनाइको सबिस्तार व्याख्या गर्नुहोस् ।

(ख) राज्यका तत्त्वहरूमध्ये जनसङ्ख्या र भूभागको कस्तो सम्बन्ध रहेको हुन्छ ?

■■■

# पाठ - ४ आधुनिक राज्यका कार्यहरू

राज्य एउटा अत्यावश्यक संस्था हो । १९औँ शताब्दीको अन्त्यमा जनकल्याणका कार्यहरूलाई राज्यले व्यक्ति वा व्यक्ति समूहको जिम्मामा छोडेको थियो । शिक्षा, स्वास्थ्य, यातायात, व्यापार उद्योग जस्ता सम्पूर्ण सामाजिक र आर्थिक क्षेत्रको प्रबन्ध र कारोवार राज्यको कार्यक्षेत्रभन्दा बाहिर मानिन्थ्यो भने २० औँ शताब्दीमा राज्य कल्याणकारी राज्यमा अघि बढेको छ । कल्याणकारी राज्य जनताको दयनीय अवस्थाको मूकदर्शक होइन, सबै नागरिकको व्यक्तित्वको बहुमुखी विकासका लागि अग्रसर हुने समुदाय हो । आधुनिक युगमा कुन राज्य कति असल छ भन्ने कुराको  त्यसले अपनाएका कल्याणकारी योजनामा निर्भर रहन्छ । तसर्थ कत्याणकारी राज्यको मुख्य लक्ष्य नै व्यक्तिको व्यक्तित्त्व विकासका लागि आवश्यक काम गर्नु हो । राज्यले सम्भव हुन सक्ने व्यक्तिको सबै पक्षको उन्नतिका लागि कार्य गर्नुपर्दछ । प्रजातन्त्रको विकाससँगै सम्पूर्ण जनताको बढ्दो आकाङ्क्षाा र इच्छाअनुरूप राज्यले काम गर्नुपर्दछ । यसैले सर्वप्रथम राज्यबाट शान्तिसुरक्षा र न्यायको व्यवस्था हुनुपर्दछ । राज्यले अशिक्षा, गरिबी, बिमारी आदि सामाजिक खराबीहरू हटाई मानिसको जीवनलाई स्वस्थ, उज्ज्वल, सुसंस्कृत बनाउने काम गर्नुपर्दछ । आधुनिक सिद्धान्तवादीहरूले व्यक्तिवादी, आदर्शवादी र समाजवादी तीनै थरिका विचार लिएर आधुनिक सिद्धान्त अपनाएका छन् । व्यक्तिवादीहरू व्यक्तिको विकासका निम्ति राज्यबाट व्यक्तिको स्वतन्त्रतामा हुनसम्मको कम हस्तक्षेप हुनुपर्दछ भन्दछन् । आदर्शवादीहरूका अनुसार व्यक्तिभन्दा राज्य महत्त्वपूर्ण मानिन्छ । राज्यबाट अशिक्षा, गरिबी, बिमारी आदि खराब सामाजिक रोगहरूलाई हटाएर सार्वजनिक हितको काम गर्नुपर्दछ भन्दछन् । समाजवादीहरूका अनुसार राज्यले राष्ट्रिय आर्थिक व्यवस्था र जनताको भलाइसम्बन्धी काममा हात हाल्नुपर्दछ भन्दछन् । यिनै सिद्धान्तहरूलाई लिएर राज्यका कार्यहरूलाई गोटेल (Gettle), बिलोवी (Willoughby) र गार्नर (Garner) आदि विद्वान्हरूले दिएका धारणाका आधारमा आधुनिक राज्यका कार्यहरूलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ । ती हुन् :

**राज्यका कार्यहरू (State Functions)**

मानिसको जीवनमा राज्य अपरिहार्य संस्था हो । राज्य मानिसलाई चाहिन्छ । उसको जीवनमा यसको ठुलो महत्त्व छ । प्राचीन ग्रिसमा प्लेटो (Plato) र एरिस्टोटल (Aristotle) ले राज्यलाई परिवारबाट विकसित हुँदै आएको मानिसको एक प्राकृतिक संस्था मानेका छन् । आज पनि राज्यलाई एक स्वाभाविक संस्था मान्ने धारणा र तर्कहरू विद्यमान छन् । राज्यलाई आवश्यक र स्वाभाविक मात्र नमानेर मानिसका विकासका केन्द्रको रूपमा राज्यको महत्त्व छ । राज्यको आवश्यकता र औचित्यको समर्थन गर्दै यसको उत्पत्तिका विभिन्न सिद्धान्तहरू बनेका छन् । सङ्गठित समाजबिना मानिस रहन र बाँच्न सक्दैन । यस्तो समाज सञ्चालनका लागि राज्यका दुई महत्त्वपूर्ण कार्यहरू हुन्छन् । पहिलो राज्यका अत्यावश्यक

लोककल्याणकारी कार्य र दोस्रो राज्यका अनिवार्य कार्यहरू रहेका छन् ।

वर्तमान नेपालको संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको उल्लेख गरेको छ । संविधानको धारा ५० मा निर्देशक सिद्धान्तअन्तर्गत राज्यको राजनीतिक उद्देश्य, राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य र राज्यको आर्थिक उद्देश्य गरी तीन उद्देश्यहरू रहेका छन् ।

(क) राज्यको राजनीतिक उद्देश्य

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरी राख्दै नागरिकको जिउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानुनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने तथा परस्पर सहयोगमा आधारित सङ्घीयताका आधारमा सङ्घीय इकाइहरूबिचको सम्बन्ध सञ्चालन गर्दै स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्न सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने राज्यको राजनीतिक उद्देश्य रहेको छ ।

(क) राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य

धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने एवम् राष्ट्रिय गौरव, लोकतन्त्र, जनपक्षीयता, श्रमको सम्मान, उद्यमशीलता, अनुशासन, मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मूल्यहरूको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यबद्धता र सामाञ्जस्य कामय गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य हुनेछ ।

(ग) राज्यको आर्थिक उद्देश्य

सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत् उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ ।

**आधुनिक राज्यमा अत्यावश्यक लोककल्याणकारी र अनिवार्य गरी दुई किसिमका कार्यहरू हुन्छन् । पहिलो कार्य भनेको प्रत्यक्ष नागरिकहरूसँग जोडिएका लोककल्याणकारी कार्यहरू पर्दछन भने दोस्रो राज्यको हैयिसतले राज्यका निम्ति अनिवार्यरूपमा गरिने कार्यहरू पर्दछन् ।**

**राज्यका अत्यावश्यक लोककल्याणकारी कार्य**

(क) आधुनिक राज्यले नागरिकका जीवनयापनका आधारभूत आवश्यकताको पूर्ति गर्नुपर्दछ । लुगा, लत्ताकपडा, आवास, शिक्षा, स्वास्थ्य, सुरक्षा आदिको आपूर्तिको व्यवस्था मिलाउनु राज्यको कार्य हो ।

(ख) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने भएकाले शिक्षासम्बन्धी हक आधुनिक राज्यको कार्यहरू भित्र पर्दछ ।

(ग) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्रदान गर्नुपर्ने कार्य आधुनिक राज्यको आवश्यक कार्य हो ।

(घ) राज्यले कृषि र कृषक समुदायको उन्नतिका लागि उद्योगमा कार्यरत मजदुर वर्गको हितका राम्रा कार्यहरू गर्नुपर्दछ ।

(ङ) राज्यले समाजमा सबै किसिमका आर्थिक कारोबारको समुचित व्यवस्था गरी वस्तुको मूल्य स्थिर राख्ने, सस्तो र गुणस्तरीय सामान जनतालाई उपलव्ध गराउने आदि आर्थिक कार्यहरू गर्नुपर्दछ ।

(च) राज्यले समाजका कुरीति, कुसंस्कार र खराब चालचलन तथा व्यवहारहरूलाई परिमार्जित गरी समाजलाई परिष्कृत गराउने र जनजीवनको सुधार गर्ने कार्य गर्नुपर्दछ ।

(छ) आधुनिक राज्यको प्रमुख कार्य भनेको नागरिकहरूको हितका लागि समाजमा जनकल्याणका कार्यहरूलाई बढाउनुपर्दछ ।

(ज) समाजको भौतिक विकास मात्रै मानिसका लागि पर्याप्त हुँदैन, मानिसको जीवनका चौतर्फी विकासमा शिक्षा, कला, साहित्य, विज्ञान र सभ्यता आदि हरक्षेत्रमा राज्यले कार्य गर्नुपर्दछ ।

(झ) देशको विकास र समुन्नतिका निम्ति राज्यले उद्योगधन्दाको व्यापार गर्न विज्ञान र प्रविधिको विकास तथा समुचित प्रयोगद्वारा औद्योगिकीकरणको बिस्तार गर्ने कार्यहरू गर्दछ ।

(ञ) राज्यले विकासको पूर्वाधारका रूपमा यातायातको सुविधा दिनु आधुनिक राज्यका अनिवार्य कार्यहरू हुन् । जल, थल र वायु क्षेत्रको यातायातको आवश्यकताअनुसार व्यवस्था मिलाउनु राज्यको कार्य हो ।

(ट) आधुनिक राज्यले समाजको सर्वाङ्गीण हित एकता र राष्ट्रिय स्वार्थको रक्षाका लागि आवश्यक कार्यहरू गर्नुपर्दछ ।

(ठ) आधुनिकराज्यको अर्को अनिवार्य कार्य भनेको राष्ट्रियता र राष्ट्रिय एकताको संरक्षण तथा संवर्धन गर्नु राज्यको ठुलो दायित्व हो ।

(ड) कृषिमा देश स्वावलम्बी र वैज्ञानिक प्रविधिद्वारा कृषि उत्पादन बढाई कृषि निर्यात गर्न कृषि क्षेत्रको सुधार गर्नु राज्यको ऐच्छिक कार्यहरू हुन् ।

**राज्यका अनिवार्य कार्यहरू**

राज्यले अनिवार्य रूपमा गर्नुपर्ने नभएर देश र जनताको हितका निम्ति गर्नुपर्ने कार्यहरूलाई आधुनिक राज्यका ऐच्छिक कार्य भनिन्छ । वास्तवमा आजकल राज्यका आवश्यक कार्यभन्दा ऐच्छिक कार्यहरू बढी महत्त्वपूर्ण हुन गएका छन् । किनकी यस क्षेत्रमा राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिस्पर्धाहरू बढेका छन् । राज्यका यस्ता कार्यहरू असीमित हुन्छन्, तथापि मोटामोटी रूपमा आधुनिक राज्यका निम्न ऐच्छिक कार्यहरू हुन्छन् ।

(क) आधुनिक राज्यको पहिलो कार्य भनेको देशलाई कुनै पनि बाह्य आक्रमणबाट सुरक्षित राख्नु हो । राज्यको प्रतिरक्षाका निम्ति राज्यले सैनिक राखेको हुन्छ ।

(ख) आधुनिक राज्यले देशमा बन्दव्यापार, मौद्रिक व्यवस्था, आर्थिक कारोबार आदि कार्यहरूको व्यवस्था गर्दछ ।

(ग) आधुनिक राज्यको अर्को महत्त्वपूर्ण कार्य भनेको देश, समाज र जनसमुदायलाई आन्तरिक रूपले शान्ति सुरक्षाको व्यवस्था मिलाउनु हो । दुष्टलाई दण्ड सजाय र सज्जनको रक्षा राज्यले गर्दछ ।

(घ) आधुनिक राज्यले जनताको शोषण, अत्याचार, उत्पीडन आदि हटाउन देशभित्र पर्याप्त मात्रामा ऐन, कानुन र जनशक्तिको व्यवस्था गरी न्यायको प्रबन्ध गर्नुपर्दछ । ऐन र नियमको व्याख्या गर्न स्वतन्त्र न्यायपालिकाको गठन गरिएको हुन्छ ।

## अभ्यास

१. अति छोटो उत्तर लेख्नुहोस् :

(क) आधुनिक राज्यको मुख्य लक्ष्य के हो ?

(ख) राज्यका प्रमुख कार्य कतिओटा मानिएका छन् ?

२. छोटो उत्तर लेख्नुहोस् :

(क) राज्यका दुई आवश्यक कार्यको सूची बनाउनुहोस् ।

(ख) नागरिकका जीवनयापनका आधारभूत आवश्यकताअन्तर्गत के के कुराहरू पर्दछन् ? शिक्षकसँग छलफल गरी सूची तयार गर्नुहोस् ।

(ग) राज्यका आवश्यकभन्दा ऐच्छिक कार्यहरू किन बढी महत्त्वपूर्ण मानिन थालेका छन् ? प्रस्ट्याउनुहोस् ।

३. लामो उत्तर लेख्नुहोस् :

(क) आधुनिक राज्यको ऐच्छिक कार्यहरू भन्नाले के बुझ्नु हुन्छ ? वयान गर्नुहोस् ।

एकाइ ३

# संविधान

पाठ – १

## संविधानको अर्थ र परिभाषा

आधुनिक युगमा राज्य सञ्चालनका लागि संविधान अनिवार्य मानिन्छ । संविधानविना राज्यको परिकल्पनासमेत गर्न सकिँदैन । संविधान देशको सर्वोच्च कानुन हो । देशका सम्पूर्ण ऐन कानुन संविधानसँग नबाझिने गरी निर्माण गरिन्छ । संविधानमा शासक र शासितलाई अनुशासित रूपमा अगि बढ्ने सम्झौता गरिएको हुन्छ । संविधानको मुख्य अभिप्राय भनेको देशको शासन व्यवस्था कुन प्रकारको छ ? राजनीतिक समाजको ढाँचा कस्तो छ ? राज्य सञ्चालनका कुन कुन अङ्गहरू छन् ? ती अङ्गहरूबिच के कस्तो पारस्परिक सम्बन्ध छ ? आदि उल्लेख भएको दस्तावेज (Ducument) लाई संविधान भनिन्छ । यो राज्य सञ्चालनका लागि बनाइएको मूल कानुन हो । संविधानको परिभाषा विद्वान्हरू पिच्छे फरक फरक पाइन्छ । विद्वान्हरूले दिएका परिभाषाहरूलाई निम्नानुसार अध्ययन गर्न सकिन्छ :

एरिस्टोटल (Aristotle) का अनुसार संविधान त्यो यन्त्र हो, जुन राज्यको कार्यालयहरूको सङ्गठन निर्धारण गर्दछ ।

अस्टिन (Austin) का अनुसार संविधान त्यो हो, जसले सर्वोच्च सरकारको बनोटलाई निश्चित गर्दछ ।

डायसी (Diecy) का अनुसार संविधान त्यो वस्तुहरूको समूहलाई भनिन्छ, जुन प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट राज्यको सर्वोच्च सत्ताको शक्तिको वितरण तथा प्रयोग निश्चित गर्दछ ।

लर्ड ब्राइस (Lord Bryce) का अनुसार संविधान निश्चित नियमहरूको त्यो सङ्ग्रह हो, जसमा सरकारको कार्यविधि तोकिएको हुन्छ ।

लास्की (Laski) ले संविधानको परिभाषा दिँदै भनेका छन् संविधान नियमहरूको त्यो भाग हो, जसद्वारा यो निश्चित हुन्छ कि नियमहरू कसरी बन्दछ ? कसले बदल्छ ? कसले परिवर्तन गर्छ ? कसले बनाउँछ ? भन्ने उल्लेख गरेका छन् ।

गेटेल (Gettle) का अनुसार संविधान त्यो मौलिक सिद्धान्त हो, जसद्वारा कुनै राज्यको स्वरूप निर्धारण हुन्छ ।

उपर्युक्त विद्वान्हरूले दिएको परिभाषाको अध्ययनबाट के कुरा प्रष्ट हुन्छ भने संविधान हरेक राज्यको निम्ति अनिवार्य मूल दस्तावेज हो । यो देशको सर्वोच्च कानुन हो । राज्य सञ्चालनको मूल आधार

संविधान हो । संविधानको अभावमा कुनै पनि राज्य आफ्नो गन्तव्यमा पुग्न सक्दैन । राज्यका विभिन्न अङ्गहरूका बिचमा शक्तिको बाँडफाँड, नागरिकका हक, अधिकार र सम्बन्ध आदि सबै कुराको निर्धारण गर्ने कानुन संविधान हो । संविधानलाई सर्वोच्च कानुन मान्नुका कारणहरू यस प्रकार छन् :

(क) संविधान ऐन नियमहरूको दस्तावेज हो जसमा राखिएका प्रावधानहरू विरुद्ध राजा, राष्ट्रपति, प्रधानमन्त्री तथा जनता कोही पनि जान सक्दैनन् ।

(ख) यसले सरकारको स्वरूप निर्धारण गर्दछ ।

(ग) सरकारको कुन कुन अङ्ग रहने, तिनीहरूको आफ्नो काम, कर्तव्य र उत्तरदायित्व सम्पादन गर्न के कति शक्ति उपभोग गर्न सक्छ भन्ने कुरा संविधानद्वारा निर्दिष्ट भएको हुन्छ ।

(घ) राज्य सरकारले प्रजातान्त्रिक, अधिनायकवाद, समाजवाद जस्तो व्यवस्था अपनाएको छ सोही सिद्धान्तको आधारमा कसमा के कति शक्ति प्रदान गर्ने भन्ने प्रावधान गरिएको हुन्छ ।

(ङ) राज्य सरकारले जे, जति र जस्तो काम, कर्तव्य र उत्तरदायित्व निर्वाह गर्नुपर्छ ती सबै जनताकै लागि ध्यानमा राखेर गर्ने गर्दछ ।

(च) संविधान बनाउने, संशोधन गर्ने विधि र प्रक्रिया पनि संविधानले नै निर्दिष्ट गरेको हुन्छ ।

## अभ्यास

१. **अति छोटो उत्तर लेख्नुहोस् :**

(क) राज्यको ऐन कानुनको निर्माणको मुख्य आधार के हो ?

(ख) संविधानलाई देशको मूल कानुन मान्नुका कुनै एउटा कारण लेख्नुहोस् ।

२. **छोटो उत्तर लेख्नुहोस् :**

(क) संविधानको मुख्य अभिप्राय भनेको के हो ?

(ख) एरिस्टोटल र जस्टिनका परिभाषामध्ये तपाईँलाई संविधानको कुन परिभाषा बढी उपयुक्त लाग्यो ? कारण दिनुहोस् ।

३. **लामो उत्तर लेख्नुहोस् :**

(क) संविधान भनेको के हो ? संविधानलाई देशको सर्वोच्च कानुन मान्नुका कारणहरूको चर्चा गर्नुहोस् ।

■■■

# पाठ - २ संविधानको आवश्यकता र किसिम

**संविधानको आवश्यकता**

आधुनिक युगमा संविधान राज्यको एउटा महत्त्वपूर्ण दस्तवेज (Document) हो । प्राचीनकालमा राजाहरूले दैवी अधिकार देखाई शासन गर्ने गर्दथे । त्यस समयमा संविधानको कुनै आवश्यकता थिएन । तर आजको आधुनिक युगमा बढ्दै गएको जटिलता तथा जनताको विकसित राजनीतिक चेतनाले गर्दा संविधान प्रत्येक राज्यका लागि आवश्यक बन्न गएको छ । राज्यमा शासनको वैज्ञानिक सङ्गठन गर्न, सरकारका विभिन्न अङ्गहरूका बिच कर्तव्य एवम् शक्तिहरूको उचित तथा निश्चित विभाजन गर्न तथा राजनीतिक सङ्गठनहरूको सामान्य व्यवस्थामा व्यक्तिको स्थान निर्धारण गर्न संविधानको आवश्यकता हुन्छ । संविधानको अभावमा सरकार तथा अधिकारीहरू निरङ्कुश र स्वच्छन्द हुने बढी सम्भावना हुन्छ । यस्तो अवस्थामा जनताहरूको मौलिक हक अधिकारहरू पनि गुम्न सक्ने हुँदा संविधान आवश्यक हुन्छ । यसैले मुलुकको शासन व्यवस्थालाई शान्तिपूर्वक सञ्चालन गर्न र शासकवर्गलाई स्वेच्छाचारी हुन नदिनका निमित्त संविधानको आवश्यकता पर्दछ ।

**संविधानको किसिम :**

संविधानको विस्तृत वर्गीकरणलाई हेर्दा दस्तावेज (Ducument) को आधारमा लिखित र अलिखित, शक्तिको बाँडफाँड (Division of Power) को आधारमा एकात्मक र सङ्घात्मक, निर्माण (Enactment) को आधारमा विकसित र निर्मित, संशोधन (Amendment) को आधारमा लचिलो र कठोर, सरकारको स्वरूप (Form of Government) को आधारमा संसदीय र अध्यक्षात्मक (Presidential) र स्थायित्व (Stability) को आधारमा स्थायी र अस्थायी गरी छ प्रकारका संविधान हुन्छन् भनी वर्गीकरण गरेको पाइन्छ । यहाँ मुख्यत: तीन प्रकारका संविधानहरूको मात्र अध्ययन गर्छौं ।

१. **लिखित/अलिखित संविधान**

(क) **लिखित संविधान**

लिखित संविधान त्यस्तो संविधान हो, जहाँ राज्यको सिद्धान्त, स्वरूप, नियम स्पष्ट रूपबाट लेखिएको हुन्छ । संविधानमा राज्यको स्वरूप, सङ्गठन, नागरिकको हक अधिकार तथा कर्तव्य उल्लेख गरिएको हुन्छ । यस्तो संविधानको निर्माण कुनै निश्चित समय निर्धारण गरी आयोग गठन वा संविधान सभाको निर्वाचन गरी निर्माण गरिन्छ । जुन संविधानमा धेरै विद्वान्हरूको छलफल र विचार विमर्शद्वारा निर्माण गरिएको हुन्छ । जस्तो- अमेरिका, भारत, नेपालको संविधान यसका उदाहरणहरू हुन् । लिखित संविधानका फाइदा र बेफाइदाहरू यस प्रकार छन् :

| लिखित संविधानका फाइदा | लिखित संविधानका बेफाइदा |
|---|---|
| • शासन सञ्चालन गर्न सजिलो हुन्छ ।<br>• नागरिक अधिकारको रक्षा गर्छ ।<br>• निरङ्कुशताको समाप्ति हुन्छ ।<br>• अनावश्यक संशोधनबाट रक्षा गर्छ । | • समयको मागअनुसार परिवर्तन गर्न गाह्रो हुने भएकाले क्रान्तिको डर हुन्छ ।<br>• राष्ट्रिय विकासको प्रतिकूल हुन्छ ।<br>• सङ्कटकालका लागि अनुपयुक्त हुन्छ ।<br>• वादविवादको विषय बन्दछ । |

(ख) **अलिखित संविधान**

अलिखित संविधान मुख्यत: रीतिरीवाज, परम्परामा आधारित हुन्छ । यस्तो संविधान पुस्तकको रूपमा देख्न सकिँदैन । यो कुनै निश्चित समय र परिस्थितिमा बन्ने संविधान होइन । यस्तो संविधान विकसित संविधान (Envolved) हो । जुन क्रमिक विकासका साथ राजनीतिक संस्थामा पनि परिवर्तन हुन्छ । संविधानमा सरकारको अङ्ग, सङ्गठन, नीति, कार्यक्रम, नागरिक अधिकार इत्यादि लिखित रूपमा हुँदैन । जस्तो : बेलायत र इजरायलको संविधान अलिखित संविधान हुन् । अलिखित संविधानका फाइदा र बेफाइदा यस प्रकार छन् :

| अलिखित संविधानका फाइदा | अलिखित संविधानका बेफाइदा |
|---|---|
| • समयानुकूल परिवर्तन गर्न सकिन्छ ।<br>• लचिलो वा परिवर्तनशील हुनाले साधारण कानुन संशोधन भएअनुसार बदल्न सकिन्छ ।<br>• सङ्कटकालका लागि उपयोगी हुन्छ ।<br>• क्रान्ति तथा विद्रोहको सम्भावना हुँदैन किनभने समयानुकूल बदलिन सक्छ ।<br>• जनमतको तुरुन्त कदर गर्न सकिन्छ । | • अत्यन्त लचिलो र परिवर्तनशील हुन्छ ।<br>• सरकारको विभिन्न अङ्गको अधिकार स्पष्ट नभएकाले पदाधिकारीले आफ्नो इच्छानुसार काम गर्ने डर हुन सक्छ ।<br>• नागरिकहरूका स्वतन्त्रताको अपहरण गर्न संसदले कानुन बनाउन सक्छ ।<br>• स्थायित्वको अभाव हुन्छ । किनभने राजनीतिक दल संसदमा बहुमत हुने बित्तिकै संविधान परिवर्तन गर्ने सम्भावना हुन्छ । |

२. **विकसित/निर्मित संविधान**

(क) **विकसित संविधान**

विकसित संविधान भनेको त्यस्तो संविधान हो जो क्रमिक रूपले विकसित भएर आएको हुन्छ । यस्तो संविधान एकैचोटि बनेको वा घोषित भएको हुन्न । यस्तो संविधान कुनै निश्चित मितिमा संविधान सभाबाट बनेर वा शासकको घोषणाबाट लागु भएको हुँदैन । यस्तो संविधान देशको रीति, परम्परा, धर्म, संस्कृति, प्रचलन आदि कुरामा आधारित हुन्छ । यो संविधान ऐतिहासिक हुन्छ र यसको स्वरूप मुलुकको

राजनीतिक विकासको साथ बनेर विकसित भइरहेको हुन्छ । यो समयको परिवर्तनको साथसाथै परिवर्तन हुँदै गइरहेको हुन्छ । यो संविधान मूलभूत रूपमा अलिखित हुन्छ । यसमा समयसमयमा भएका घोषणा, अधिकारपत्र, संसदीय ऐन, रीतिरीवाज, परम्परा, न्यायालयका निर्णयहरू समावेश गरिएका हुन्छन् । विकसित संविधानको एक मात्र उत्कृष्ट नमुना बेलायतको संविधान हो । विकसित संविधानका फाइदा र बेफाइदा यस प्रकार छन्

| विकसित संविधानका फाइदा | विकसित संविधानका बेफाइदा |
|---|---|
| ● यो संविधान गतिशील हुन्छ ।<br>● यो संविधानले जनताको बदलिँदो माग र इच्छा एवम् आकाङ्क्षाालाई समेट्न र मुलुकको मूलधारमा ल्याउन सक्छ ।<br>● लचिलो स्वभावले गर्दा युद्ध र सङ्कटको बेलामा काम गर्न सजिलो हुन्छ ।<br>● सजिलै परिवर्तन हुने भएकाले संशोधनका लागि विशेष प्रक्रिया अपनाउनु पर्दैन ।<br>● देशमा क्रान्ति तथा रक्तपात हुनबाट बचाउँछ । | ● क्षणिक आवेशमा राजनीतिज्ञले आफ्नो स्वार्थ सिद्ध गर्न सक्छ ।<br>● कुनै निश्चित संविधान नभएकाले समय र परि स्थितिअनुसार परिवर्तन हुने र अस्थिरता सिर्जना हुन सक्छ ।<br>● यो रुढीवादी हुन्छ । बदलिँदो समयअनुसार बदल्न सकिँदैन ।<br>● शासनको ढाँचा अस्पष्ट र अनिश्चित हुन्छ।<br>● सत्तामा रहने दलले आफ्नो दलीय स्वार्थ पूरा गर्नका लागि अनुकूलता मिलाउन सक्छ । |

(ख) **निर्मित संविधान**

संविधान सभामा जनताद्वारा निर्वाचित जनप्रतिनिधिहरूबाट तयार गरिएको अथवा मुलुकको सार्वभौम शासकद्वारा गठित मस्यौदा समितिद्वारा तयार गरिएको र यौटा निश्चित मितिमा घोषित गरिएको संविधानलाई निर्मित संविधान भनिन्छ । यो लामो विचार विमर्शपछि तयार गरिएको हुन्छ, जुन यौटा निश्चित दस्तावेजको रूपमा देख्न सकिन्छ । वास्तवमा निर्मित संविधान सचेत प्रयत्नको प्रतिफल हो । संसारको सबै लिखित संविधान निर्मित संविधान हुन् । जस्तो - अमेरिका, भारत, नेपालका संविधान यसका उदाहरणहरू हुन् ।

| निर्मित संविधानका फाइदा | निर्मित संविधानका बेफाइदा |
|---|---|
| ● निर्मित संविधान निश्चित र प्रष्ट हुन्छ ।<br>● निर्मित संविधानमा सरकारको कार्यको स्पष्ट किटानी गर्नुका साथै सीमा पनि तोकिएको हुन्छ । | ● निर्मित संविधान गतिशील हुँदैन ।<br>● सत्तामा रहने दलको स्वार्थ लुकेको हुन्छ ।<br>● समय र परिस्थितिको बाधक हुन्छ । |

| | |
|---|---|
| • निर्मित संविधानमा अध्ययन गर्न सजिलो हुन्छ ।<br>• शासनमा स्थिरता आउँछ ।<br>• राज्यको लक्ष्यको स्पष्ट निर्धारण गरिएको हुन्छ ।<br>• निर्मित संविधान जन इच्छाको मूर्तरूप हो । | • परिवर्तनको अभावले गर्दा रक्तपात र क्रान्ति निम्त्याउन सक्छ ।<br>• यस्तो संविधान कठोर हुने हुँदा युद्ध तथा क्रान्तिको समयमा बाधक बन्छ ।<br>• वर्तमान जन आकाङ्क्षाअनुरूप परिवर्तन गर्ने इच्छा शासक वर्गमा भएपनि विशेष प्रक्रिया अपनाउनुपर्दछ । |

३. **लचिलो/कठोर संविधान**

(क) **लचिलो संविधान**

सजिलैसँग संशोधन गर्न सकिने संविधानलाई लचिलो वा परिवर्तनशील संविधान भनिन्छ । यस्तो संविधानलाई साधारण कानुन संशोधन गरे जस्तै सामान्य प्रक्रिया अपनाएर संशोधन गर्न सकिन्छ । व्यवस्थापिकाको साधारण बहुमतले संविधान संशोधन गर्न सक्ने भएकाले यस संविधानलाई लचिलो र परिवर्तनशील संविधान भनिन्छ । बेलायतको संसदले कुनै ऐनलाई साधारण बहुमतले संशोधन गरे झैँ संविधान पनि संशोधन गर्न सक्छ । दोस्रो विश्वयुद्धको समयमा बेलायतको संसदले ३ घण्टाभित्र नै संविधान संशोधन गरेको अनौठो उदाहरण पनि पाउन सकिन्छ । लचिलो संविधानका फाइदा र बेफाइदा यस प्रकार छन् :

| लचिलो संविधानका फाइदाहरू | लचिलो संविधानका बेफाइदाहरू |
|---|---|
| • यस किसिमको संविधान लचकदार हुने हुनाले आवश्यकतानुसार सजिलै परिवर्तन वा संशोधन गर्न सकिन्छ ।<br>• राज्यमा कुनै किसिमको विद्रोह वा खतराको सामना गर्न संविधानलाई तुरुन्त बदल्न सकिन्छ ।<br>• यो संविधानलाई जनमतको दर्पण (Mirror of Public Opinion) का रूपमा पनि हेर्न सकिन्छ ।<br>• यस किसिमको संविधान प्रगतिशील हुन्छ । यसमा समयानुसार सुधार र परिवर्तनहरू सजिलै गर्न सकिन्छ । | • यस्तो व्यवस्थामा व्यवस्थापिका (संसद) अति शक्तिशाली र निरङ्कुश पनि हुन सक्दछ ।<br>• छिटोछिटो परिवर्तन हुने हुनाले यसमा स्थायित्व र स्थिरता रहन्न ।<br>• यस्तो किसिमको संविधान भावावेशमा परिवर्तन हुन्छ । किनभने राजनीतिक उतारचढाव हुनासाथ परिवर्तन हुन्छ ।<br>• यस्तो संविधानमा कार्यपालिकाद्वारा शक्तिको दुरूपयोग हुन्छ, किनभने बहुमत ल्याउने दलले आफ्नो सुविधाअनुसार संविधान परिवर्तन गर्न सक्छ । |

### (ख) कठोर संविधान

संविधान बदल्न र संशोधन गर्न नसकिने त होइन तर यसलाई बदल्न जटिल प्रक्रिया अपनाउनुपर्ने हुन्छ । सामान्य प्रक्रियाबाट संविधान संशोधन गर्न सकिँदैन । संविधानको निर्माण गर्दा नै यसलाई संशोधनको निमित्त जटिल बनाइएको हुन्छ । यस्तो प्रकृतिको संविधानलाई कठोर संविधान भनिन्छ । यस्तो संविधान निर्मित र लिखित हुन्छ । यो संविधान सङ्घात्मक राज्यव्यवस्था (Federal System) भएका देशहरूमा हुन्छ । जहाँ केन्द्र र राज्य सरकारहरूबिच अधिकार र कर्तव्य विभाजन भएको हुन्छ । यस्तो संविधान भएको देशमा सामान्य कानुन संशोधन गरे जस्तै व्यवस्थापिकाबाट संविधान संशोधन गर्ने अधिकार हुँदैन । साधारण बहुमतले कुनै कानुन संशोधन भए पनि संविधान संशोधन विशेष बहुमत र विशेष प्रक्रियाबाट मात्र गर्न सकिन्छ । अमेरिकाको संविधान संसारको सबैभन्दा कठोर संविधान हो । सामान्य कानुन बनाउने वा संशोधन गर्ने कार्य काङ्ग्रेसले सामान्य बहुमतबाट गर्न सक्छ । अमेरिकाको व्यवस्थापिकालाई काङ्ग्रेस (Congress) भनिन्छ । अमेरिका दुई सदनात्मक व्यवस्थापिका भएको देश हो । माथिल्लो सदन सिनेट (Senate) हो भने तल्लो सदन प्रनिनिधिसभा (House of Representatives) हो । प्रतिनिधिसभाले सिनेटसित मिलेर दुई तिहाई (२/३) बहुमतबाट संविधान संशोधन गर्ने प्रस्ताव पारित गर्न सक्छ । यो प्रस्ताव संयुक्तराज्य अमेरिकामा पचासओटा राज्यहरूमध्ये तीन चौथाइ (३/४) राज्यको स्वीकृति भएमा मात्र संविधानमा संशोधन हुन्छ । कठोर संविधानका फाइदा र बेफाइदा यस प्रकार छन् :

| कठोर संविधानका फाइदाहरू | कठोर संविधानका बेफाइदाहरू |
|---|---|
| ● यो संविधानमा राज्यमा राजनीतिक स्थायित्व हुन्छ किनभने राजनीतिज्ञको हातको खेलौना बन्न सक्दैन ।<br>● स्पष्ट र निश्चित हुन्छ किनभने धेरै सोच-विचारपछि निर्माण गरिन्छ ।<br>● संविधान लिखित हुने हुँदा नागरिकको मौलिक हक अधिकारलाई स्पष्ट रूपले लेखबद्ध हुन्छ ।<br>● कठोर संविधान जनताको सर्वोच्च अधिकारको प्रतीक मानिन्छ ।<br>● क्षणिक आवेशमा राजनीतिज्ञ र सरकारको सिकार हुँदैन ।<br>● यो संविधानले सामान्यत: अल्पसङ्ख्यक जनसमुदायको अस्तित्त्व र अधिकारलाई संरक्षण गरेको हुन्छ । | ● राष्ट्रिय सङ्कटको लागि अनुपयुक्त हुन्छ ।<br>● यो संविधान कठोर हुने हुँदा सजिलै परिवर्तन गर्न नसकिने भएकाले आवश्यक पर्दा तुरुन्तै काम कारवाही गर्न गराउन अप्ठयारो पर्दछ ।<br>● यस्तो संविधानले देशमा क्रान्ति निम्त्याउने खतरा रहन्छ ।<br>● यस्तो संविधान आवश्यकताअनुसार बदल्न नसकिने हुनाले राष्ट्रको सुधार र परिवर्तन समयअनुसार हुन र गराउन सकिन्न ।<br>● यस्तो संविधानमा जटिलता धेरै हुन्छन् र भाषा पनि दोधारे, अस्पष्ट तथा क्लिष्ट हुने गर्दछ, जसलाई राम्ररी बुझ्न पनि गाह्रो हुन्छ ।<br>● यो संविधान न्यायाधीशको हातको खेलौना बन्न सक्छ । |

## अभ्यास

१. **अति छोटो उत्तर लेख्नुहोस् :**

(क) नेपालको संविधान कस्तो प्रकारको संविधान हो ?

(ख) संविधानको अभावमा सरकार कसरी निरङ्कुश बन्न पुग्छ ? कुनै एक कारण दिनुहोस् ।

२. **छोटो उत्तर लेख्नुहोस् :**

(क) संविधानका प्रकारहरूको सूची बनाउनुहोस ।

(ख) विकसित र निर्मित संविधानबिचको भिन्नता प्रस्ट्याउनुहोस् ।

३. **लामो उत्तर लेख्नुहोस् :**

(क) कस्तो संविधानलाई कठोर संविधान भनिन्छ ? अमेरिकाको संविधान संशोधन प्रक्रिया बारे उल्लेख गर्नुहोस् ।

(ख) सबै प्रकारका संविधानमध्ये तपाईँलाई कुन प्रकारको संविधानले जनताका अधिकारलाई बढी सुरक्षित राख्छ जस्तो लाग्छ ? किन कारण दिनुहोस् ।

■■■

# पाठ – ३ नेपालमा संविधानको विकासक्रम

नेपालमा 'कानुनको प्रधानता' संविधानको निर्माण पूर्व नै सुरुआत भएको पाइन्छ । प्राचीन तथा मध्येकालसम्म कानुनको विकास नभई धर्मशास्त्र, शीलालेख, ताम्रपत्र, लिखित सनद सवालहरूका आधारमा राज्यको सम्पूर्ण कानुनी कार्य सम्पादन हुन्थ्यो । मल्लकालीन न्याय व्यवस्थामा राजा जयस्थिति मल्लले सामाजिक, आर्थिक, धार्मिक सुधारका क्रममा विभिन्न कानुनी तथा न्यायिक कार्यको सुधार गरेका थिए । शाह वंशीय गोरखाका राजा रामशाहले पनि न्याय व्यवस्थामा थप सुधार गरेका थिए । त्यसकारण 'न्याय नपाए गोरखा जानू' भन्ने भनाइ चलेको थियो । आधुनिक कालमा आएर पृथ्वीनारायण शाहले जयस्थिति मल्ल, महेन्द्र मल्ल तथा राम शाहद्वारा निर्मित सम्पूर्ण कानुनलाई अध्ययन गरी जनतालाई न्याय दिन न्यायशास्त्रबमोजिम अदालत चलाउने व्यवस्था गरेका थिए । 'दुनियाँ जसदेखि राजी हुन्छ, उसैलाई रजाइँ दिनू' भन्ने पृथ्वीनारायण शाहको दिव्योपदेशले आधुनिक राज्यको संविधान निर्माणमा निर्देशक सिद्धान्तको रूपमा रहेको मानिन्छ ।

प्रधानमन्त्री जङ्गबहादुरले बेलायत भ्रमणमा पार्लियामेन्टद्वारा निर्मित ऐन र नेपोलियन प्रथमद्वारा निर्मित नेपोलियन कोडद्वारा राज्य सञ्चालन भएको विधि विधान देखेका थिए । जङ्गबहादुर नेपाल फर्केपछि वि.सं. १९०८ मा एक कौशुलको स्थापना गरी समय समयमा भएको लालमोहर, आदेश, सनद, रुक्का, ताम्रपत्र आदि सङ्कलन गरी समयानुकूल आवश्यक थप घट गर्दै वि.सं. १९१० मा एक हस्तलिखित ऐन तयार गरी लागु गरेका थिए । तर यो कानुनी शासनको अवधारणामा क्रियाशील नभई असमान व्यवहार, भेदभावी कानुनको अधीनमा मुद्दामामिलाको सुनवाइ, स्वतन्त्र न्यायिक निकायको अभाव जस्ता विषयवस्तुहरूको प्रधानताले तत्कालीन राणाकालीन शासन व्यवस्था विरुद्धको आन्दोलनले लिखित संविधानको आवश्यकता निम्त्यायो ।

वर्तमान नेपालको थालनीदेखि कोतपर्वको समयसम्म अर्थात वि.सं. १८२५ देखि १९०३ सम्म शाह वंशीय राजाहरूको र कोतपर्वदेखि जहानिया राणा शासनको अन्त्य नभएसम्म अर्थात वि.सं. १९०३ देखि २००७ सम्म राणा परिवारले आफ्नो व्यक्तिगत लहड र सनकअनुसार शासन सञ्चालन गरे । यस अवधिमा संविधान वा आधुनिक अर्थको संवैधानिक शासनको विद्यमानता रहेन । नेपालको सविधानको विकास क्रमलाई निम्न सात चरणमा विभाजन गर्न सकिन्छ ।

(१) **नेपाल सरकार वैधानिक कानुन, २००४**

श्री पद्मशम्शेरले आफ्ना पूर्वजहरूले गरेको कठोर शासनमा आफुलाई चित्त नबुझेकाले आफ्नो शासनलाई पूर्वजहरूको दाँजोमा उदार बनाउने कोशिस गरेका थिए । तर यो संविधान राणा शासनलाई अझ लामो समयसम्म टिकाई राख्ने उद्देश्यका लागि जारी गरिएको थियो । एकतन्त्रीय राणा शासनको ढाँचालाई

संविधानले कुनै परिवर्तन गरेको थिएन । राणा परिवारमा मात्र शासन सत्ता सीमित हुने उत्तराधिकारी सम्बन्धी व्यवस्थालाई संवैधानिक मान्यता दिइएको थियो । राणा शासनको उत्तराधिकारीको व्यवस्थालाई पहिलो संविधानले अपरिवर्तनीय हुने व्यवस्था गऱ्यो । राणा प्रधानमन्त्री पद्म शम्शेर जबराको कार्यकालमा तयार गरिएको नेपाल सरकार वैधानिक कानुन, २००४ ले समानता, स्वतन्त्रता तथा स्वतन्त्र न्यायपालिका जस्ता कानुनी सिद्धान्तलाई स्विकार गऱ्यो । संविधानका केही धाराहरू लागु गरिए पनि पूर्णरूपमा कार्यान्वयन गरिएको थिएन । यो संविधानमा ६ भाग ६८ धारा र १ अनुसूची रहेको थियो । संविधानलाई क्रमश लागु गर्दै जाने विचार राणा प्रधानमन्त्रीले दिएका थिए । यो नेपालको पहिलो लिखित संविधान थियो ।

(२) **नेपालको अन्तरिम शासन विधान**, २००७

राणा प्रधानमन्त्री पद्म शमशेर राज्य त्याग गरी भारततर्फ गएपछि चन्द्र शमशेरका छोरा मोहन शमशेर नेपालका प्रधानमन्त्री तथा श्री ३ महाराज भए । अन्तर्राष्ट्रिय स्थिति, समयको माग, जनचेतना, छिमेकी राष्ट्रको स्वतन्त्रता तथा साम्यवादको बिस्तार, दोषपूर्ण शासन व्यवस्था, पारिवारिक विद्रोह र एकताको कमीलाई नबुझी दमनको सहारा लिई शासन सञ्चालन गर्न लागे । फलस्वरूप राजा त्रिभुवनबाट जनआन्दोलनमा संलग्न हुँदै भारतको नयाँ दिल्ली गएपछि राणा विरोधी आन्दोलनले उग्ररूप लियो । राजा, राणा र नेपाली काङ्ग्रेसबिच अन्तरिम सरकार गठन गर्ने विषयमा त्रिपक्षीय वार्ता भएपछि राजा त्रिभुवन सपरिवार वि.सं. २००७ साल फाल्गुन ४ गते नेपाल फर्केर वि.सं. २००७ साल फाल्गुन ७ गते शाही घोषणा गरे । देशमा प्रजातन्त्रको स्थापना, मोहन शमशेरको नेतृत्वमा राणा र नेपाली काङ्ग्रेसको संयुक्त मन्त्रीमण्डलको गठन र जनताद्वारा छानिएका सदस्य रहेको संविधान सभाले स्थायी संविधान बनाउने र उक्त संविधानद्वारा शासन सञ्चालन गर्ने कुरा उल्लेख भएको थियो । साथै स्थायी संविधान नबनेसम्म देशको शासन कानुनी रूपमा प्रजातान्त्रिक तरिकाद्वारा नै चलोस् भनी राजा त्रिभुवनबाट अन्तरिम शासन विधान २००७ घोषणा गरी जारी गरेका थिए । यसरी १०४ वर्षको निरङ्कुश जहानिया राणा शासन समाप्त भयो । विधान वि.सं. २००७ चैत्र १७ गते मन्त्रीमण्डलबाट पास भई वि.सं.२००७ साल चैत्र २ ९ गते देखि कार्यान्वयनमा आयो । यो अन्तरिम शासन विधान, २००७ मा ७ भाग ४ परिच्छेद र ७४ धाराहरू रहेका थिए । यो अन्तरिम शासन विधान वि.सं. २०१६ साल असार १६ गतेसम्म लागु रह्यो । यो संविधान ६ पटकसम्म संशोधन भएको थियो ।

(३) **नेपाल अधिराज्यको संविधान**, २०१५

अन्तरिम उद्देश्य र अन्तरिम समयका लागि ल्याइएको नेपालको अन्तरिम शासन विधान, २००७ अनुसार निर्वाचन संसदको लागि कि संविधान सभाका लागि भन्ने विवाद झन्डै एक दशक चल्यो । संसदीय शासन व्यवस्थाका लागि आम निर्वाचन गर्ने उद्देश्यका साथ वि.सं. २०१५ साल फाल्गुन १ गते नेपाल अधिराज्यको संविधान, २०१५ जारी भयो । राजा महेन्द्रबाट जारी भएको यो संविधानमा १० भाग, ७७

धारा र ३ अनुसूची रहेको थियो । संविधानले नेपाललाई एक स्वतन्त्र, अविभाजित, सार्वभौमसत्ता सम्पन्न राजतन्त्रात्मक हिन्दु अधिराज्यको रूपमा चिनाउन खोजेको थियो । संसदीय व्यवस्था र मन्त्रिमण्डलीय प्रणालीका महत्त्वपूर्ण मान्यता यस संविधानले अगालेको देखिन्छ ।

(४) **नेपालको संविधान**, २०१९

राजा महेन्द्रबाट २०१७ साल पौष १ गते नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ५५ को प्रयोग गरी पहिलो निर्वाचित संसद र संसदबाट निर्मित सरकारको विघटन र संविधानका अधिकांश धाराहरू समेत निलम्बन गरी संसदीय व्यवस्थाको अन्त्य गरे । बहुदलीय व्यवस्थामा नै प्रतिबन्ध लगाइयो र प्रजातन्त्रको नाममा निर्दलीय व्यवस्थाको सुरुआत गर्न पुग्यो । २०१७ साल पौष १ गते नेपाल अधिराज्यको संविधान २०१५ विघटन भएदेखि नेपालको संविधान, २०१९ लागु नहुन्जेलसम्मको शासन व्यवस्था विशेष व्यवस्था ऐन २०१७ अनुसार चलाइएको थियो । २०१९ साल वैसाख १६ गते राजा महेन्द्रबाट श्री हृषिकेश शाहको अध्यक्षतामा श्री शम्भुप्रसाद ज्ञवाली, श्री प्रकाश बहादुर खत्री, श्रीमति अङ्गुर बाबा जोशी, श्री डम्बर बहादुर यादव र सदस्य सचिव श्री कुल शेखर शर्मा रहेको संविधान मस्यौदा आयोग गठन गरेका थिए । उक्त आयोगले तयार गरेको मस्यौदालाई मन्त्रिमण्डलसँग सल्लाह गरी २०१९ साल पौष १ गते नेपालको संविधान, २०१९ घोषणा गरे । यो संविधान २०२३, २०३२ र २०३७ गरी तीन पटक संशोधनसमेत भएको थियो । संविधानमा २० भाग, ९७ धारा र ६ अनुसूची रहेका थिए ।

मुख्य विशेषता

| नेपाल सरकार वैधानिक कानुन, २००४ | नेपालको अन्तरिम शासन विधान, २००७ | नेपाल अधिराज्यको संविधान, २०१५ | नेपालको संविधान, २०१९ |
|---|---|---|---|
| (क) प्रधानमन्त्रीद्वारा घोषित प्रथम संविधान | (क) राजाद्वारा प्रदत्त पहिलो विधान | (क) राजाद्वारा प्रदत्त संविधान | (क) राजाद्वारा प्रदत्त संविधान |
| (ख) प्रत्यायोजित शासन प्रणाली | (ख) अन्तरिम शासन प्रणाली | (ख) संसदीय शासन प्रणाली | (ख) पञ्चायत व्यवस्था |
| (ग) मौलिक हक अधिकारको व्यवस्था | (ग) मौलिक हक अधिकारको व्यवस्था | (ग) मौलिक हक व्यवस्था | (ग) नागरिक, हक र कर्तव्यको व्यवस्था |
| (घ) कार्यपालिकाको व्यवस्था | (घ) कार्यपालिकाको व्यवस्था | (घ) मन्त्रिमण्डलको व्यवस्था | (घ) मन्त्रीपरिषद्को व्यवस्था |
| (ङ) व्यवस्थापिकासम्बन्धी व्यवस्था | (ङ) | (ङ) दुई सदनात्मक व्यवस्थापिका | (ड) एक सदनात्मक व्यवस्थापिका |
| (च) न्यायपालिकासम्बन्धी व्यवस्था | (च) | (च) स्वतन्त्र न्यायपालिका | (च) सर्वोच्च अदालतको व्यवस्था |

| | | | |
|---|---|---|---|
| (छ) संवैधानिक आयोग | (छ) संवैधानिक आयोग | (छ) संवैधानिक आयोग | (छ) संवैधानिक आयोगहरूको व्यवस्था |
| (ज) राजाद्वारा प्रत्यायोजित सत्ता | (ज) राजकीयसत्ता राजामा निहित | (ज) राजाको सर्वोच्चता | (ज) सार्वभौमसत्ता राजामा निहित |
| (झ) श्री ३ महाराजका अधीनमा | (झ) शासनका मूल सिद्धान्त | (झ) संविधान मूल कानुन | (झ) संविधान मूल कानुन |
| (ञ) श्री ३ महाराजको तजविज | (ञ) व्यवस्थापिकाधिकार | (ञ) सङ्क्रमणकालीन व्यवस्था | (ञ) सङ्कटकालीन व्यवस्था |
| (ट) अपरिवर्तनीय र अविच्छेद्य | (ट) संविधान संशोधन व्यवस्था | (ट) संविधान संशोधन व्यवस्था | (ट) संविधान संशोधनको व्यवस्था |
| (ठ) लोकनीति र सदाचारका सिद्धान्त | (ठ) अन्तरिम शासन विधान | (ठ) हिन्दु धर्मावलम्बी राजा | (ठ)स्वतन्त्र हिन्दु अधिराज्य |

(५) **नेपाल अधिराज्यको संविधान, २०४७**

२०१७ साल पौष १ गते पहिलो जननिर्वाचित सरकारको विघटन र बहुदलीय व्यवस्थामा आधारित नेपाल अधिराज्यको संविधान, २०१५ खारेज गरी निरङ्कुश पञ्चायती व्यवस्थाको निर्दलीय शासन सत्ता सञ्चालनका लागि नेपालको संविधान, २०१९ जारी भएको थियो । नेपालमा राजनीतिक स्थिरता कायम गर्ने प्रयासमा ३० वर्षसम्म जनताको हक हितको संरक्षण तथा देशको आर्थिक विकाससमेत यस व्यवस्थाबाट हुन सकेको थिएन । परिणाम स्वरूप नेपाली काङ्ग्रेस र संयुक्त बाममोर्चाको संयुक्त जनआन्दोलनका कारणबाट २०४६ साल चैत्र २६ गते निर्दलीय पञ्चायती व्यवस्थाको अन्त भयो । देशको परिवर्तित राजनीतिक व्यवस्था अनुकूल संविधान निर्माण गर्न राजा वीरेन्द्रबाट ९ सदस्यीय संविधान सुझाव आयोग गठन गरे । आयोगबाट निर्माण गरेको संविधान मन्त्रीपरिषद्को सल्लाह र सम्मतिको रूपमा नेपालको पाँचौं संविधानको रूपमा “नेपाल अधिराज्यको संविधान, २०४७” वि.सं. २०४७ साल कार्तिक २३ गते जारी भयो । नेपाल अधिराज्यको संविधान, २०४७ ले निम्न मौलिक चरित्र (Basic Structure) को संवैधानिक व्यवस्थाको रूपमा परिभाषित गर्न खोजेको थियो :

१. नेपालको राज्यशक्तिको स्रोत नेपाली जनता मान्नुपर्ने
२. नेपाली नागरिकको आधारभूत मानवअधिकारको सुरक्षित गर्ने
३. वालिग मताधिकारलाई सुदृढीकरण गर्ने
४. संसदीय शासन प्रणालीलाई सुदृढीकरण गर्ने
५. संवैधानिक राजतन्त्रलाई सुदृढीकरण गर्ने
६. बहुदलीय प्रजातन्त्रलाई सुदृढीकरण गर्ने
७. स्वतन्त्र एवम् सक्षम न्यायपालिकाको व्यवस्था गर्नुपर्ने

८. कानुनी राज्यको अवधारणालाई साकार पार्ने

९. संविधानको संशोधन राजा र संसदले गर्ने

(६) **नेपाल अन्तरिम संविधान, २०६३**

नेपाली जनताले पटक पटक गर्दै आएको सङ्घर्षबाट २०४६ सालमा बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना भयो । नेपाली जनताले प्रजातान्त्रिक संविधानको रूपमा नेपाल अधिराज्यको संविधान,२०४७ प्राप्त गरे । नेपालमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिग समस्याहरूलाई समाधान गर्न संविधान र तत्कालीन सरकार असफल हुन पुग्यो । यसैलाई आधार बनाई ने.क.पा. माओवादीले सुरु गऱ्यो । यसले सशस्त्र सङ्घर्ष र ठुलो धनजनको नोक्सानी भयो । कुनै पनि पक्षले आफू सफल हुन नसक्ने महसुस गरिरहेको अवसर छोपी नेपाली राजतन्त्रले फेरि एकपटक प्रजातन्त्र संरक्षण गर्न आवश्यक भन्दै सक्रिय हुन थालेपछि ने.क.पा. माओवादी र अन्य राजनीतिक दलहरूलाई मिल्नै पर्ने बाध्यता बन्न पुग्यो । दुवै पक्ष (सात राजनीतिक दल र ने.क.पा. माओवादी) बिच विभिन्न सहमति, सम्झौता भए पश्चात् २०५२ सालदेखि चल्दै आएको सशस्त्र द्वन्द्व अन्त्य भयो । २०६४ साल जेष्ठ महिनाभित्र स्वतन्त्र र निस्पक्ष रूपमा संविधान सभाको निर्वाचन सम्पन्न गर्न प्रतिबद्धता जनाउँदै २०६३ साल मार्ग ५ मा नेपाल सरकार र ने.क.पा. (माओवादी) बिच विस्तृत शान्ति सम्झौता सम्पन्न हुन पुग्यो । संविधान सभाको निर्वाचन भई सो सभाबाट नयाँ संविधान निर्माण भई लागु नभएसम्मका लागि भन्दै सात राजनीतिक दल र ने.क.पा. (माओवादी) को सहमतिमाद्वारा २०६३ साल माघ १ गते नेपालको अन्तरिम संविधान, २०६३ जारी भएको हो । मौलिक हकको व्यवस्था, एक सदनात्मक व्यवस्थापिका, धर्मनिरपेक्षता, गणतन्त्र, सङ्घीयता र समावेशितालाई यस संविधानले आत्मसात गरेको थियो ।

(७) **नेपालको संविधान**

राणा शासनको १०४ वर्षको जहानिया शासन समाप्तसँगै राजा त्रिभुवनले गरे । जनताद्वारा छानिएका जनप्रतिनिधिहरूको संविधान सभाद्वारा स्थायी संविधान बनाई शासन सञ्चालन गर्ने शाही घोषणा भए पनि संविधानसभाको निर्वाचन नहुँदा संविधान निर्माण हुन सकेको थिएन । नेपालको संवैधानिक इतिहासमा पाँचओटा संविधान आए पनि जनताको प्रतिनिधिहरूको सहभागिताबाट संविधान बन्न सकेको थिएन । २०६२/६३ को दोस्रो जनआन्दोलनले नेपालको राजतन्त्रात्मक शासनलाई विस्थापित गरी नेपालको अन्तरिम संविधान, २०६३ जारी गऱ्यो । निर्वाचनद्वारा गठन भएको संविधान सभाद्वारा तयार पारेको संविधान, २०७२ साल आश्विन ३ मा राष्ट्रपति डा. रामवरण यादवद्वारा जारी भयो । यो संविधानका निम्नलिखित महत्त्वपूर्ण विशेषताहरू रहेका छन् :

**'नेपालको संविधान' २०७२ को प्रमुख विशेषताहरू**

(क) संविधानसभाबाट निर्माण भएको संविधान

(ख) जनतामा निहित सार्वभौम र राजकीय सत्ता

(ग) धर्म निरपेक्ष राष्ट्र

(घ) सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था

(ङ) समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्त

(च) समाजवादउन्मुख

(छ) सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको राज्य संरचना

(ज) मिश्रित निर्वाचन प्रणाली

(झ) राज्यका नीति निर्देशक सिद्धान्तहरूको व्यवस्था

(ञ) निश्चित सदस्य भएको मन्त्रिपरिषद्सम्बन्धी व्यवस्था

(ट) संवैधानिक राष्ट्रपति, प्रधानमन्त्री कार्यकारी प्रमुख

(ठ) सङ्घीय संसद, सङ्घीय कार्यपालिका, प्रदेश सभा, प्रदेश कार्यपालिका

(ड) संसदीय सुनुवाइसम्बन्धी व्यवस्था

(ढ) सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत

(ण) महिला, दलित, मधेसी, थारु, मुश्लिम, आदिवासी जनजाति, राष्ट्रिय समावेशी आयोगहरू

(त) सबै भाषा राष्ट्रभाषा, सरकारी कामकाजको भाषा देवनागरी लिपिमा लेखिएको नेपाली भाषा

(थ) नागरिकता सम्बन्धी व्यवस्था

(द) मौलिक अधिकारको साथै नागरिक कर्तव्यको व्यवस्था

(ध) वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचानसहितको नेपालको नागरिकता पाउनसक्ने व्यवस्था भएको

(न) वडादेखि संसदसम्म महिला सहभागिताको सुनिश्चितता

(प) संवैधानिक अङ्ग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्तअनुसार गर्ने

## अभ्यासः

१. **छोटो उत्तर दिनुहोस् :**

(क) नेपाल अधिराज्यको संविधान, २०१५ का दुईओटा विशेषता लेख्नुहोस् ।

(ख) नेपालको वर्तमान संविधानका कुनै दुई विशेषता लेख्नुहोस् ।

२. **तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**

(क) नेपाल अधिराज्यको संविधान २०४७ र नेपालको संविधानको तुलना गर्नुहोस् ।

■■■

# पाठ - ४ असल संविधानका विशेषताहरू

संविधानको निर्माण विभिन्न विधि प्रक्रियाबाट बन्ने भएकाले एकै किसिमबाट बनेको संविधान विश्वमा पाउन सकिँदैन । संविधान देशको मूल कानुन हो । मूल कानुनमा टेकेर अन्य कानुनहरू निर्माण हुन्छन् । तर मूल कानुनलाई तोडमोड गरेर कानुनहरू बन्दैनन् । हरेक देशका आआफ्नै किसिमका सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक परिवेशमा जनताको सामूहिक भावनालाई प्रतिनिधित्व हुने किसिमले संविधानको निर्माण हुनु आफैँमा मौलिकता हो । संविधानलाई हेर्दा, बुझ्दा, लागु गर्दा, व्याख्या गर्दाका आधारमा राम्रो नराम्रो भन्न सकिने भएकाले त्यस्तो संविधानलाई हामी असल वा खराब संविधान भन्दछौँ । यहाँ असल संविधानको विशेषताबारे चर्चा गरिएको छ । असल संविधानका विशेषताहरू निम्न छन् :

**(क) स्पष्टता**

संविधानमा राज्यको सङ्गठन, विभिन्न अङ्गको शक्ति र नागरिक हक, अधिकारहरूलाई स्पष्ट उल्लेख गरेको हुनुपर्दछ ।

**(ख) निश्चितता**

संविधानमा सम्भव भएसम्म आवश्यक कुराहरू स्पष्टरूपले किटान गर्नुपर्दछ । यसबाट राज्य सञ्चालनमा निश्चितता आउँछ ।

**(ग) व्यापकता**

संविधान व्यापक हुनुपर्छ । राज्य व्यवस्थाका सबै मूल विषयहरू संविधानमा समावेश हुन सक्नुपर्दछ ।

**(घ) सङ्क्षिप्तता**

संविधान अनावश्यक रूपमा लामो हुनुहुँदैन । यसमा आवश्यक कुराहरूको सङ्क्षेपमा उल्लेख हुनुपर्दछ ।

**(ङ) लचिलोपन**

समयको मागअनुसार परिवर्तन हुनसक्ने गुण संविधानका लागि आवश्यक मानिन्छ । संविधानको आधार भूत कुरा यथावत र अन्य कुरा समयको साथसाथै बदलिन सक्ने हुनुपर्दछ ।

**(च) मौलिक अधिकारको घोषणा**

शासनको लक्ष्य र माध्यम दुवै जनता हुन् । तसर्थ संविधानले जनतालाई विभिन्न प्रकारका आधारभूत अधिकार प्रदान गर्नुपर्छ । विनारोक अधिकार उपभोग गर्न सक्ने परिस्थितिको सिर्जना गर्नुपर्छ ।

**(छ) न्यायपालिकाको स्वतन्त्रता**

आधुनिक युगमा न्यायपालिकालाई संविधानको अभिभावक र मौलिक अधिकारको संरक्षक मानिन्छ । त्यसैले न्यायालयबाट यसको कार्यन्वयन पक्षमा स्वतन्त्रताको आभास देखिनुपर्दछ ।

**(ज) शासनको प्रबन्ध**

शासनको सम्पूर्ण व्यवस्थाको विस्तृत विवरण र व्याख्या हुनुपर्दछ । शासनसम्बन्धी सिकायत संविधानमा

रहनु हुँदैन ।

असल संविधानले सरकारको शक्तिको सीमा निर्धारण गर्छ । लोकतान्त्रिक मान्यता र मूल्य आत्मसाथ गरेको हुन्छ । राज्य शक्तिको प्रयोगमा नियन्त्रण र सन्तुलन कायम गरी सरकारलाई जनताप्रति उत्तरदायी बनाउँछ । सरकारका संरचनामा स्थायित्व प्रदान गर्दछ । असल संविधान सहमतिको दस्तावेज हो । असल संविधानले जनताको भावनाको प्रतिनिधित्व गर्दछ ।

सैद्धान्तिकरूपमा असल संविधानका गुणहरू एउटै हुन्छन् । नेपालको संविधानलाई असल संविधानको विशेषतासंग तुलना गर्न सकिन्छ । संविधान देशको मूल कानुन हो । यो राज्य सञ्चालन गर्ने सर्वोच्च दस्तावेज हो । संविधानका आधारमा देशको शासन व्यवस्था चलिरहेको हुन्छ । कानुन, नियम, योजना र विकास कार्यक्रम पनि संविधानले निर्दिष्ट गरेबमोजिम भैरहेको छ । संविधानमा शासन प्रणाली, नागरिकको मौलिक अधिकार, राज्यको निर्देशक सिद्धान्त, राज्यका अङ्गहरूको गठन, समावेशीकरणका आधारमा स्पष्टरूपमा राज्य सञ्चालन भएको हुन्छ । तसर्थ नेपालको संविधानलाई हेर्दा राज्य सञ्चालन कसरी हुन्छ भन्ने स्पष्टता, निश्चितता, व्यापकता पनि छ । संविधान सङ्क्षिप्त छ । जनमतको भावनाअनुसार लचिलोपन देखाउन सक्ने विशेषता पनि बोकेको छ । विश्वव्यापी मानव अधिकारको प्रावधानहरूलाई समेटेको छ । संविधानको संरक्षण र मौलिक अधिकारको रक्षाका लागि स्वतन्त्र न्यायपालिकाको व्यवस्था छ । विस्तृतरूपमा शासनको प्रबन्धको बारेमा संविधानमा प्रष्ट व्यवस्था भएकाले नेपालको संविधानमा असल संविधानका गुणहरूलाई समेटेको देखिन्छ ।

## अभ्यास

१. **अति छोटो उत्तर लेख्नुहोस् :**

(क) कानुन निर्माणको आधार के हो ?

(ख) असल संविधानका कुनै एउटा आधार प्रस्तुत गर्नुहोस् ।

२. **छोटो उत्तर लेख्नुहोस् :**

(क) लचिलो संविधान भनेको के हो ? कुनै चार बुँदामा लेख्नुहोस् ।

(ख) असल संविधानका विशेषताको सूची तयार गर्नुहोस् ।

३. **लामो उत्तर लेख्नुहोस् :**

(क) असल संविधानका विशेषताहरू के के हुन ? बयान गर्नुहोस् ।

## परियोजना कार्य

नेपालको संविधानमा असल संविधानका गुणहरू के के होलान् ? शिक्षकसँग छलफल गरी निष्कर्ष निकाली कक्षामा प्रस्तुत गर्नुहोस् ।

# एकाइ ४ स्थानीय तह, प्रदेश र सङ्घ

## पाठ - १ सङ्घीयता

### सङ्घीयताको परिचय

सङ्घीयता अग्रेजी शब्द Federalism तथा ल्याटिन भाषाको फोइडस् (Foedus) बाट आएको हो । यसको अर्थ सन्धि" अथवा "सम्झौता" भन्ने बुझिन्छ । सरल भाषामा सङ्घीयता भनेको केन्द्रीय सरकारको शक्ति र जिम्मेवारीलाई प्रदेश वा स्थानीय स्तरमा बाँडने पद्धति हो । केन्द्रीकृत सत्ताको हक र दायित्वलाई केन्द्रमा सीमित नगरी सङ्घ र एकाइहरूमा विभाजन गर्नु सङ्घीय व्यवस्था हो । अर्को अर्थमा शासकीय क्रियाकलापमा अधिकांश जनतालाई प्रत्यक्ष सहभागी गराउने राजनीतिक प्रक्रियाको व्यवस्था नै सङ्घीयता हो । बहुजातीय, बहुभाषिक र बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त समाजको हक, हित र अधिकारको संरक्षण र सिमान्तकृत समूहहरूलाई सशक्तीकरण गर्ने शासन प्रणाली नै सङ्घीयता हो ।

कुनै पनि देशमा लामो समयसम्म द्वन्द्व र विखण्डन हुने किसिमले शान्तिपूर्ण आन्दोलन, सशस्त्र आन्दोलन र सशस्त्र युद्धहरू भैरहेका हुन्छन् । यस्तो परिस्थितिलाई समाधान गर्न राज्यले सङ्घीयताको शासन प्रणालीअनुरूपको तहगत संरचनाहरू संविधानले निर्देशित गरेको हुन्छ । यो प्रणालीले देशमा उत्पन्न भएका सबै समस्यालाई समाधान गर्न भौगोलिक सिमाभित्र इकाइहरू निर्माण गरी राजनीतिक पहिचान दिँदै व्यक्तिलाई राजनीतिसँग जोडेको हुन्छ । वास्तवमा सङ्घीयता भनेको शक्ति विकेन्द्रीकरण हो । सङ्घीय शासन व्यवस्थामा संविधानद्वारा नै केन्द्र, प्रदेश तथा स्थानीय निकायहरूमा शक्तिको वितरण गरिएको हुन्छ ।

### सङ्घीयताको परिभाषा

सङ्घीयताको विश्वव्यापी परिभाषा पाउन सकिँदैन । तर यस विषयमा फाइनर भन्दछन् "सङ्घीय शासनमा शक्तिको एउटा अंश स्थानीय शासनमा र दोस्रो केन्द्रीय शासनमा निहित हुन्छ । शक्तिको यो विभाजन स्थानीय क्षेत्रहरूलाई सङ्गठित गरी जानीबुझिकन गरिन्छ ।" डायसी (Dicey) का अनुसार- सङ्घीय राज्य त्यो राजनीतिक योजना हो, जसको उद्देश्य राष्ट्रियता, राष्ट्रिय एकता तथा राज्यहरूको अधिकारमा सामन्जस्यता उत्पन्न गर्नु हो भनेका छन् । उपर्युक्त परिभाषालाई हेर्दा हामी यो भन्न सक्छौँ कि सङ्घीयता भनेको देशको संविधानले केन्द्रदेखि स्थानीय तहसम्मको निकायहरूमा गरिएको अधिकारको बाँडफाँड अर्थात अधिकारको विकेन्द्रीकरण हो ।

#### (क) सङ्घीयताको निर्माण

सङ्घीय व्यवस्थाको निर्माण विभिन्न देशमा भिन्न भिन्न विधि विधानद्वारा हुने गर्दछ । छरिएर रहेका

विभिन्न स्वतन्त्र राज्यहरूबिच एक आपसमा सम्झौता गरी शक्तिको बाँडफाँडसमेत गरी सङ्घ बन्दछ । उदाहरणका लागि संयुक्त राज्य अमेरिका यस्तै स्वतन्त्र राज्यहरू मिलेर बनेको विश्वको पहिलो सङ्घीय राज्य हो । यसैगरी स्विट्जरल्याण्डमा पनि सङ्घ र क्यान्टोन (प्राप्त) हरूबिच सम्झौता भएर सङ्घीय राज्य बनेको हो । यसरी स्वतन्त्र राज्यहरू मिलेर बनेको सङ्घीय राज्यमा शक्तिको बाँडफाँडलाई लिएर विवाद भएको देखिँदैन तर एकात्मक शासन व्यवस्थाबाट सङ्घात्मक व्यवस्थामा गएका देशहरूमा शक्तिको बाँडफाँडका विषयलाई लिएर विवाद भई राज्यहरू टुट्ने र नयाँ राज्यहरू बन्ने क्रम पनि चल्न सक्दछन् । टुटेका राज्यहरू मिलेर नयाँ राज्य बन्न पनि सक्छन् । जस्तो भारतमा पहिला १३ राज्य भएकोमा हालसम्म २९ राज्य बनेका छन् । सामान्यत: सङ्घीय राज्यको केन्द्रमा सेना, मुद्रा र वैदेशिक सम्बन्ध जस्ता अधिकारहरू रहन्छन् जु अन्य तहमा रहँदैन ।

### (ख) नेपालमा सङ्घीयता

नेपालको अन्तरिम संविधान २०६३ ले नेपाललाई सङ्घीय राज्य घोषणा गरेको हो । सङ्घीयता लागु हुनु पूर्व नेपाल केन्द्रीकृत एकात्मक राज्य थियो । संविधानमा विकेन्द्रीकरणको माध्यमबाट शक्तिको बाँडफाँडको व्यवस्था गरिएको भए तापनि व्यावहारिकरूपमा कार्यान्वयन भएको थिएन । नेपालको संविधान २०७२ लागु भएपछि राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड गरी सङ्घात्मक शासन प्रणालीलाई अङ्गीकार गरिएको छ । सङ्घीयताको शासकीय स्वरूपलाई सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको शासन प्रणाली अवलम्बन गर्नुका साथै शक्तिको बाँडफाँड, अधिकारको विभाजन र शक्ति सन्तुलनसमेतको व्यवस्था गरिएको छ ।

### (ग) नेपालको सङ्घीय व्यवस्थाका मुख्य विशेषताहरू

**नेपालको सङ्घीय व्यवस्थाका विशेषताहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :**

१. यो संविधान सभाद्वारा निर्माण गरी घोषणा गरिएको पहिलो संविधान हो

२. सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था

३ नेपालको सङ्घीयताको तीन शासकीय स्वरूप (सङ्घ, प्रदेस र स्थानीय) को व्यवस्था

४. नेपालका सङ्घीय व्यवस्थामा राष्ट्र प्रमुख राष्ट्रपति र कार्यकारी अधिकारसहितको सरकार प्रमुख प्रधानमन्त्री हुने व्यवस्था

५. नेपालको सङ्घीय शासनको स्वरूप संसदीय शासन व्यवस्था

६. राष्ट्रपति र उपराष्ट्रपति, सभामुख र उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्ष, प्रदेश सभाका सभामुख र उपसभामुख फरक लिङ्ग वा समुदायबाट निर्वाचित हुनुपर्ने व्यवस्था

७. यो संविधान दुईतिहाइ बहुमतबाट मात्र संशोधन गर्न सक्ने भएकाले कठोर संविधान

८. संसदमा समावेशी प्रतिनिधित्व, मिश्रित निर्वाचन पद्धति, सङ्घीय संसदमा प्रतिनिधिसभा र राष्ट्रिय सभाका दुई सदन र प्रदेशमा एक सदनात्मक व्यवस्थापिका रहने व्यवस्था

९. अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी नीतिको व्यवस्था

१०. सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतको न्यायिक व्यवस्था

११. राज्यशक्तिको बाँडफाँडमा सङ्घ, प्रदेस र स्थानीय तहको अधिकारको साझा व्यवस्था

## अभ्यास

१. **अति छोटो उत्तर दिनुहोस् :**

(क) केन्द्रीकृत सत्ताको हक र दायित्वलाई सङ्घ र एकाइहरूमा विभाजन गर्नुलाई के भनिन्छ ?

(ख) विश्वको पहिलो सङ्घीय राज्य कुन हो ?

(ग) राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड गरी कुन शासन प्रणालीलाई अङ्गीकार गरिएको छ ?

(घ) नेपालमा सङ्घीय शासन व्यवस्थाको सुरुआत कहिलेबाट भयो ?

२. **छोटो उत्तर दिनुहोस् :**

(क) सङ्घीयता भनेको के हो ? एक वाक्यमा लेख्नुहोस् ।

(ख) नेपालमा कसरी सङ्घीयतालाई अङ्गीकार गरिएको छ ? एक हरफमा लेख्नुहोस् ।

(ग) नेपालको सङ्घात्मक शासन प्रणालीले राज्यशक्तिलाई कति भागमा बाँडेको छ ? नाम लेख्नुहोस् ।

३. **लामो उत्तर दिनुहोस् :**

(क) सङ्घात्मक शासन प्रणाली भनेको के हो र नेपालमा यसलाई कसरी प्रयोगमा ल्याइएको छ ? व्याख्या गर्नुहोस् ।

(ख) नेपालको सङ्घीय शासन व्यवस्थाको विशेषता के हो ? उल्लेख गर्नुहोस् ।

■■■

# पाठ - २ स्थानीय तह

**स्थानीय तहको परिचय**

नेपालको संविधानअनुसार स्थानीय तहको सरकारमा गाउँपालिका वा नगरपालिकाको व्यवस्था गरेको छ । जिल्लाभित्रका स्थानीय तहका गाउँपालिका, नगरपालिका र जिल्ला सभाको व्यवस्था गरिएको छ । स्थानीय तहका सबै पालिकाहरूलाई जिल्ला समन्वय समितिले समन्वय गर्दछ । जिल्ला समन्वय समितिको निर्वाचन जिल्ला सभाले गर्दछ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्दछ । जिल्लाभरिका स्थानीय निकायहरू नै स्थानीय तहको सरकार हो ।

१) **गाउँपालिका**

नेपालको संविधानको भाग १७, धारा २१४ मा व्यवस्था गरिएअनुसार स्थानीय सरकारको पहिलो तह गाउँपालिका हो । गाउँपालिकामा स्थानीय कार्यपालिकाको रूपमा गाउँ कार्यपालिका, स्थानीय व्यवस्थापिकाको रूपमा गाउँ सभा र स्थानीय न्यायिक निकायको रूपमा न्यायिक समिति रहने व्यवस्था छ ।

(क) **गाउँ कार्यपालिका**

यो संविधान र सङ्घीय कानुनको अधीनमा रही गाउँपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिकामा निहित रहेको छ । गाउँपालिकाको कार्यकारिणी कार्य गाउँ कार्यपालिकाको नाममा हुने व्यवस्था छ ।

(ख) **गाउँ कार्यपालिकाको गठन**

गाउँ कार्यपालिकामा एक जना अध्यक्ष रहनेछन् । अध्यक्षको अध्यक्षतामा गाउँ कार्यपालिकाको गठन हुन्छ । एक जना उपाध्यक्ष, प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्ष, गाउँ सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँ सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चार महिला सदस्य र तोकिएका योग्यता पुगेका दलित वा अल्पसङ्ख्यकबाट गाउँ सभाले निर्वाचित गरेका दुई जना सदस्यहरू समेतको गाउँकार्यपालिका गठन हुन्छ । अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरूको निर्वाचन सम्बन्धित गाउँपालिका क्षेत्रभित्रका मतदाताले एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम हुने व्यवस्था गरिएको छ ।

गाउँ पालिका अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरूको पदावधि निर्वाचित भएको मितिले पाँच वर्षको हुने व्यवस्था छ । अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्यको पदमा निर्वाचित हुन नेपाली नागरिक, एक्काइस

वर्ष उमेर पूरा भएको, गाउँपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको र कुनै कानुनले अयोग्य नभएको हुनुपर्दछ । अध्यक्षले उपाध्यक्ष समक्ष र उपाध्यक्षले अध्यक्षसमक्ष लिखित राजीनामा दिएमा, निजको पदावधि समाप्त भएमा र निजको मृत्यु भएमा पद रिक्त हुने व्यवस्था गरिएको छ । गाउँकार्यपालिकाको अध्यक्षको पदमा दुई कार्यकालभन्दा बढी निर्वाचित हुन नपाउने व्यवस्था गरेको छ । अध्यक्ष वा उपाध्यक्षको एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा पद रिक्त हुन गएमा बाँकी अवधिका लागि रिक्त पदको पूर्ति उपनिर्वाचनद्वारा गरिने व्यवस्था छ ।

(ग) **गाउँ सभा**

स्थानीय तहको रूपमा रहेको गाउँपालिकाको व्यवस्थापिकीय अधिकार गाउँ सभामा निहित रहने व्यवस्था नेपालको संविधानले गरेको छ । स्थानीय तहको व्यवस्थापिका भनेको गाउँ सभा हो ।

(घ) **गाउँ सभाको गठन**

गाउँ सभामा गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चार जना सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिकाका दुई जना सदस्य रहेको स्थानीय गाउँ सभा गठन गर्ने व्यवस्था गरिएको छ । गाउँ सभाको कार्यकाल निर्वाचन भएको मितिले पाँच वर्षको हुने व्यवस्था गरिएको छ । त्यस्तो कार्यकाल समाप्त भएको मितिले छ महिनाभित्र अर्को गाउँ सभाको निर्वाचन सम्पन्न गर्नुपर्दछ । यसरी गठन हुने गाउँ सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुने व्यवस्था छ । गाउँ कार्यपालिकाको अध्यक्ष र उपाध्यक्षले गाउँ सभाको पदेन अध्यक्ष र उपाध्यक्ष भई कार्य सम्पादन गर्ने व्यवस्था छ । अठार वर्ष उमेर पूरा भएको गाउँपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई सङ्घीय कानुनमा व्यवस्था भएबमोजिम मतदान गर्ने अधिकार हुनेछ । नेपाली नागरिक, एक्काइस वर्ष उमेर पूरा भएको, गाउँपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको र कुनै कानुनले अयोग्य नभएको व्यक्ति गाउँ सभाको सदस्यको पदमा उम्मेदवार हुन योग्य मानिन्छ । गाउँ सभाको निर्वाचन र तत्सम्बन्धी अन्य व्यवस्था सङ्घीय कानुनबमोजिम हुने व्यवस्था गरिएको छ ।

(ङ) **वडा समिति र सोको गठन**

गाउँपालिकालाई जनसङ्ख्या र भूगोलका आधारमा विभिन्न वडाहरूमा विभाजन गरी वडाको गठन गरी वडाको कार्य सञ्चालन गर्ने परिपाटि मिलाइएको छ । गाउँपालिका रहने वडाको सङ्ख्या जनसङ्ख्या र भूगोलअनुसार फरक फरक हुने गरी व्यवस्था गरिएको छ । नेपालको सङ्घीय कानुनमा व्यवस्था भएबमोजिम गाउँपालिकामा रहने प्रत्येक वडामा वडा अध्यक्ष र चारजना सदस्यहरू रहेको वडा समिति गठन हुनेछ । त्यस्तो वडा अध्यक्ष र वडा सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम हुने व्यवस्था गरिएको छ ।

(च) **न्यायिक समिति**

कानुनबमोजिम आफ्नो क्षेत्राधिकारभित्रका विवाद निरुपण गर्नका लागि गाउँपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था गरिएको छ । यस प्रकारको न्यायिक समितिमा गाउँ सभाको दुई जना सदस्य रहन्छन् ।

(२) **नगरपालिका**

गाउँपालिका र नगरपालिका स्थानीय सरकारको पहिलो तह हो । नगरपालिकामा कार्यपालिका, व्यवस्थापिका, नगरसभा र न्यायिक समितिको व्यवस्था गरिएको छ ।

(क) **नगर कार्यपालिका**

यो संविधान र सङ्घीय कानुनको अधीनमा रही नगरपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा नगर कार्यपालिकाको हुने र नगरपालिकाको कार्यकारिणी कार्य नगर कार्यपालिकाको नाममा हुने व्यवस्था छ ।

(ख) **नगर कार्यपालिकाको गठन**

नगर कार्यपालिकामा एक जना प्रमुख रहने छन् । प्रमुखको अध्यक्षतामा नगर कार्यपालिकाको गठन हुन्छ । एक जना उपप्रमुख, प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्ष, नगरसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगरसभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका पाँच महिला सदस्य र तोकिएका योग्यता पुगेका दलित वा अल्पसङ्ख्यकबाट नगरसभाले निर्वाचित गरेका तीन जना सदस्यहरूसमेतको नगर कार्यपालिका गठन हुन्छ । नगर कार्यपालिकाका प्रमुख, उपप्रमुख तथा सदस्यहरूको निर्वाचन सम्बन्धित नगर पालिका क्षेत्रभित्रका मतदाताले एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम हुने व्यवस्था छ ।

नगरपालिका प्रमुख, उपप्रमुख तथा सदस्यहरूको पदावधि निर्वाचित भएको मितिले पाँच वर्षको हुन्छ । प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्यको पदमा निर्वाचित हुन नेपाली नागरिक, २१ वर्ष उमेर पूरा भएको, नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको र कुनै कानुनले अयोग्य नभएको हुनुपर्छ । प्रमुखले उपप्रमुख समक्ष र उपप्रमुखले प्रमुखसमक्ष लिखित राजीनामा दिएमा, निजको पदावधि समाप्त भएमा र निजको मृत्यु भएमा अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र सदस्यहरूको पद रिक्त हुने व्यवस्था गरिएको छ । साथै अध्यक्षको पदमा दुई कार्यकाल निर्वाचित भएको व्यक्ति गाउँकार्यपालिकामा उम्मेदवार हुन पाउँदैन । प्रमुख वा उपप्रमुखको एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा पद रिक्त हुन गएमा बाँकी अवधिका लागि रिक्त पदको पूर्ति उपनिर्वाचनद्वारा गरिन्छ ।

(ग) **नगरसभा**

नगरपालिकाको स्थानीय तहको व्यवस्थापिकीय अधिकार नगरसभामा निहित हुने व्यवस्था नेपालको संविधानले गरेको छ । स्थानीय तहको नगरसभा नगरपालिकाको पहिलो व्यवस्थापकीय सभा हो ।

(घ) **नगरसभाको गठन**

प्रत्येक नगरपालिकामा एक नगर सभा रहने व्यवस्था गरिएको छ । नगरसभामा नगरकार्यपालिका प्रमुख र उपप्रमुख, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाका तीन जना सदस्य रहेको स्थानीय नगरसभाको व्यवस्था छ । नगरसभाको कार्यकाल निर्वाचन भएको मितिले पाँच वर्षको हुने व्यवस्था गरिएको छ । त्यस्तो कार्यकाल समाप्त भएको मितिले छ महिनाभित्र अर्को नगरसभाको निर्वाचन सम्पन्न गर्नुपर्दछ । यसरी गठन हुने नगरसभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुने व्यवस्था छ । नगर कार्यपालिकाको प्रमुख र उपप्रमुखले नगरसभाको पदेन प्रमुख र उपप्रमुख भई कार्य सम्पादन गर्दछ ।

अठार वर्ष उमेर पूरा भएको नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई सङ्घीय कानुनमा व्यवस्था भएबमोजिम मतदान गर्ने अधिकार हुनेछ । नेपाली नागरिक, एक्काइस वर्ष उमेर पूरा भएको, नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको र कुनै कानुनले अयोग्य नभएको व्यक्ति नगरसभाको सदस्यको पदमा उम्मेदवार हुन योग्य मानिन्छ । नगरसभाको निर्वाचन र तत्सम्बन्धी अन्य व्यवस्था सङ्घीय कानुनबमोजिम हुने व्यवस्था गरिएको छ ।

(ङ) वडा समितिको गठन

नेपालको सङ्घीय कानुनबमोजिम नगरपालिकामा रहने प्रत्येक वडामा वडा अध्यक्ष र चार जना सदस्यहरू रहेको वडा समिति गठन हुनेछ । नगरपालिकामा रहने वडाको सङ्ख्या जनसङ्ख्या र भूगोलअनुसार फरक हुने गरी व्यवस्था गरिएको छ । त्यस्तो वडा अध्यक्ष र वडा सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम हुने व्यवस्था गरिएको छ ।

(च) **न्यायिक समिति**

कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्नका लागि नगरपालिकाले प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था गरिएको छ । यसप्रकारको न्यायिक समितिमा नगरसभाका दुई जना सदस्य रहन्छन् ।

३. **जिल्ला सभा र जिल्ला समन्वय समिति**

जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबिच समन्वय गर्नका लागि जिल्ला सभाको साथै जिल्ला समन्वय समितिको व्यवस्था नेपालको संविधानले गरेको छ । जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाहरूबिच

समन्वय गर्नका निमित्त एक जिल्ला सभाको व्यवस्था गरिएको छ । जिल्ला सभामा जिल्लाभित्रका गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरकार्यपालिका प्रमुख र उपप्रमुख सदस्य रहने व्यवस्था गरिएको छ । गाउँ सभा र नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले तिस दिनभित्र जिल्ला सभाको पहिलो बैठक बस्ने व्यवस्था गरिएको छ । जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसङ्ख्यकसहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन हुन्छ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य आफ्नै तर्फबाट सम्पादन गर्दछ । सम्बन्धित जिल्लाभित्रको गाउँ सभा वा नगरसभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्य पदको उम्मेदवार हुन योग्य हुने छ । जिल्ला समन्वय समितिको प्रमुख उपप्रमुख वा सदस्यको पदमा निर्वाचित भएमा त्यस्तो व्यक्तिको गाउँसभा वा नगरसभाको सदस्य पद स्वत: रिक्त हुन्छ । जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्यको पदावधि निर्वाचित भएको मितिले पाँच वर्षको हुन्छ । प्रमुखले उपप्रमुख समक्ष र उपप्रमुख वा सदस्यले प्रमुख समक्ष लिखित राजीनामा दिएमा, प्रमुख, उपप्रमुख र सदस्यको पदावधि समाप्त भएमा, निजको मृत्यु भएमा जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको पद रिक्त मानिन्छ ।

जिल्ला सभाको काम, कर्तव्य र अधिकार

जिल्ला सभाको काम, कर्तव्य र अधिकारलाई निम्नानुसार उल्लेख गरिएको छ ।

(क) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबिच समन्वय गर्ने

(ख) विकास तथा निर्माणसम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने

(ग) जिल्लामा रहने सङ्घीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकाबिच समन्वय गर्ने

(घ) प्रदेश कानुनबमोजिमका अन्य कार्यहरू गर्ने

(ङ) जिल्ला सभाको सञ्चालन, जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा तथा जिल्ला सभासम्बन्धी अन्य व्यवस्था प्रदेश कानुनबमोजिम हुने व्यवस्था गरिएको छ ।

## अभ्यास

१. **अति छोटो उत्तर दिनुहोस् :**

(क) गाउँपालिका वा नगरपालिका कुन तहका सरकार हुन् ?

(ख) गाँउपालिकाको कार्यकारिणी कार्य कस्को नामबाट गरिन्छ ?

(ग) कसको संयोजकत्वमा न्यायिक समिति गठन हुन्छ ?

(घ) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको समन्वय गर्न के गरिन्छ ?

२. **छोटो उत्तर दिनुहोस् :**

(क) गाउँकार्यपालिका तथा नगरपालिकाको उम्मेदवार हुन चाहिने योग्यता के के हुन ?

(ख) नगर कार्यपालिकाको कार्यकारिणी कार्य कुन नामबाट गर्ने गरिन्छ ?

(ग) गाउँकार्यपालिका तथा नगरपालिकाको वडा समितिको गठन कसरी हुन्छ ?

(घ) जिल्ला सभाका सदस्यहरू को रहने व्यवस्था छ ?

(ङ) गाउँकार्यपालिका तथा नगरपालिकाको पदाधिकारीहरूको पद कसरी रिक्त हुन्छ ?

३. **लामो उत्तर दिनुहोस् :**

(क) स्थानीय सरकारको परिचय दिनुहोस् ।

(ख) गाउँ कार्यपालिकाको तथा नगर कार्यपालिकाको गठन कसरी हुन्छ ? उल्लेख गर्नुहोस् ।

(ग) जिल्ला सभा र जिल्ला समन्वय समितिको गठन कसरी हुन्छ ? लेख्नुहोस् ।

(घ) जिल्ला सभाले के काम गर्दछ ? व्याख्या गर्नुहोस् ।

■■■

## पाठ - ३ स्थानीय तहका अधिकारहरू

स्थानीय तहको अधिकार नेपालको संविधान र सङ्घीय कानुन तथा गाउँ सभा वा नगर सभाले बनाएको कानुनबमोजिम हुन्छ । नेपालको संविधानले अनुसूची ८ र ९ मा स्थानीय तहको सरकारले प्रयोग गर्न पाउने अधिकार निम्नअनुसार राखेको छ :

१. नगर प्रहरी, सहकारी संस्था, एफ. एम सञ्चालन

२. स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत) दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलन

३. स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन

४. स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू

५. आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ

६. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता

७. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ

८. गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, स्थानीय अभिलेख व्यवस्थापन, घर जग्गा धनीपुर्जा वितरण

९. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी

१०. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन, बेरोजगारको तथ्याङ्क सङ्कलन

११. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण, खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा, विपद् व्यवस्थापन

१२. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी

१३. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास, शिक्षा, स्वास्थ्य, खेलकुद, पत्रपत्रिका

१४. खानेपानी, विद्युत्, सिँचाइ, कृषि, वनजङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता, खानी तथा खनिज

१५. सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क, सवारी साधन अनुमति

१६. विपद व्यवस्थापन, सुकुम्बासी व्यवस्थापन, सामाजिक सुरक्षा र गरिबी निवारण, व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क र

१७. पूरातत्व, प्राचीन स्मारक र सङ्ग्रहालय रहेका छन् ।

## अभ्यास

१ **अति छोटो उत्तर दिनुहोस् :**

(क) स्थानीय तहले प्रयोग गर्ने कुनै एक अधिकार उल्लेख गर्नुहोस् ।

(ख) आधारभूत स्वास्थ्य र सरसफाइको जिम्मेवारी स्थानीय तहलाई दिँदा जनतालाई पुग्ने कुनै एउटा फाइदा लेख्नुहोस् ?

२. **छोटो उत्तर दिनुहोस् :**

(क) स्थानीय तहको अधिकार सूचीमा रहेका कुनै चारओटा अधिकारहरू उल्लेख गर्नुहोस् ।

(ख) तपाईं बसोवास गर्नुभएको स्थानीय निकायले खानेपानी, विद्युत् तथा ऊर्जाजस्ता कार्यहरूमा गरेका कुनै उल्लेखनीय कार्यहरू के के छन् ?

(ग) विपद व्यवस्थापन, सुकुम्बासी व्यवस्थापन, सामाजिक सुरक्षा र गरिबी निवारण जस्ता कार्यहरू व्यवस्थित तरिकाबाट गर्न तपाईंको स्थानीय निकायलाई कुनै चारओटा सुझाव दिनुहोस् ।

३. **लामो उत्तर दिनुहोस् :**

(क) स्थानीय तहले निभाउनुपर्ने जिम्मेवारी छोटोबारे टिप्पणी लेख्नुहोस् ।

## परियोजना कार्य

ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापनका लागि तपाईंको स्थानीय तहबाट के कस्ता कार्यहरू भएका छन्, खोजी गरी कक्षाकोठामा प्रस्तुत् गर्नुहोस् ।

■■■

# कानुन र कानुनी उपचार प्रक्रिया

**एकाइ ५**

## पाठ - १ कानुनको अर्थ

कानुनलाई अङ्ग्रेजीमा ल (Law) भनिन्छ । व्युत्पत्तिको हिसाबले बिध् शब्द पुरानो जर्मनको ट्युटन (Teuton) भाषाको 'लेग' (Lag) धातुबाट भएको हो । जसको अर्थ सधैँ एकनास रहने हो । कुनै पनि वस्तु जो स्थिर, स्थायी, निश्चित र सर्वत्र एक समान रहन्छ (Something which lies fixed or evenly) । भने त्यही नै कानुन हो । कानुन शब्दको अर्थ निकै व्यापक र फराकिलो छ । कानुन राज्य सञ्चालनको मूल आधार हो । कुनै पनि सङ्गठनले आफ्ना गतिविधिहरूलाई व्यवस्थित गर्न केही नियम बनाउँछ त्यस्तै राज्यले पनि आफ्ना नागरिकहरूको हक अधिकारको रक्षा गर्न र नियमित शासन सञ्चालन गर्न बनाइएका नियमहरूलाई नै कानुन भनिन्छ। मानिसको व्यवहारलाई व्यवस्थित गर्न बनाइएका नियमलाई कानुन भनिन्छ ।

**कानुनको परिभाषा**

नागरिक शास्त्रमा कानुन (Laws) को तात्पर्य मानिसको बाह्य आचरण नियन्त्रण गर्न राज्यद्वारा बनाएको नियमहरूको सङ्कलित रूप हो । अर्को शब्दमा भन्दा ती सम्पूर्ण राजकीय आदेश, परम्परागत नियम एवम् प्रथालाई कानुन भनिन्छ । नेपाली बृहत् शब्दकोशअनुसार 'राज्यमा सुचारुरूपले न्यायिक व्यवस्था कायम राख्न बनाइएका नियमावलीहरूको समष्टि रूप कानुन हो । कानुनको पालना राज्यद्वारा गराइन्छ र नगर्नेलाई दण्डितसमेत गरिन्छ । कानुनको सर्वसम्मत परिभाषा भेटिँदैन तापनि केही महत्त्वपूर्ण परिभाषाहरू निम्नानुसार छन् :

विधिशास्त्री अस्टिन (Austin) का विचारमा राज्यको कानुन सम्प्रभूको आदेश हो । (Law is the command of sovereign in the state) ।

सालमण्ड (Salmond) को विचारमा कानुन नियमहरूको त्यो भाग हो जसलाई राज्यले सैद्धान्तिक मान्यता दिन्छ र न्याय सम्पादनका लागि लागु गर्दछ । (Law is the body of principles recognized and applied by the state in the administration of justice.)

हल्याण्ड (Holland) का अनुसार 'कानुन मनुष्यको बाह्य कार्यसम्बन्धी साधारण नियम हो, जुन राज्यसत्ताद्वारा कार्यान्वयन गरिन्छ' (A law is a general rule of external human action enforced by a sovereign political authority) ।

समग्रमा हेर्दा कानुनको परिभाषाभित्र राज्यको सामाजिक अवस्था कानुनमा प्रतिविम्बित हुन्छ । कानुन भनेको व्यक्तिको बाहिरी व्यवहारलाई राज्यद्वारा नियन्त्रण गर्ने शक्ति हो । यो राज्यद्वारा निर्मित र लागु

गरिन्छ । कानुनले राज्यलाई पनि नियन्त्रित गर्दछ । तसर्थ कानुन भनेको व्यक्ति र राज्यबिचको अनुशासन हो ।

## अभ्यास

१. **अति छोटो उत्तर लेख्नुहोस् :**

(क) कानुन भनेको के हो एक वाक्यमा लेख्नुहोस् ?

(ख) कानुनको कार्यान्वयन कसले गर्दछ ?

(ग) राज्य सञ्चालनको मूल आधार के हो ?

२. **छोटो उत्तर लेख्नुहोस् :**

(क) राज्यमा कानुन किन बनाइन्छ ? आफ्नो विचार लेख्नुहोस् ।

(ख) कानुनले राज्यलाई कसरी नियन्त्रित गर्दछ ?

(ग) अस्टिनले कानुनको परिभाषा कसरी गरेका छन् ?

३. **लामो उत्तर लेख्नुहोस् :**


(क) कानुनले राज्य सञ्चालन प्रक्रियालाई कसरी व्यवस्थित बनाउँछ ? आफ्नो तर्क दिनुहोस् ।

■■■

पाठ – २

# कानुनको किसिमहरू

कानुनलाई विभिन्न आधारमा वर्गीकरण गरिन्छ । व्यक्ति व्यक्तिबिचको सम्बन्ध, व्यक्ति र राज्यबिचको सम्बन्ध, राज्य राज्यबिचको सम्बन्ध र राज्य र अन्तर्राष्ट्रिय संस्थाहरू बिचको सम्बन्धलाई आधार बनाई कानुनको वर्गीकरण गरिन्छ । यसबाहेक कानुन निर्माण गर्ने संस्था र नागरिकको अधिकार र कर्तव्यको आधारमा पनि कानुनको वर्गीकरण भएको पाइन्छ । कानुनको वर्गीकरण निम्नानुसार छ :




कानुन दुई प्रकारका हुन्छन् ।

### (क) राष्ट्रिय कानुन (National Law)

राज्यको सीमाभित्र बस्ने सबै मानिस, समुदाय तथा संस्थाहरूको आचरणलाई नियमित तथा व्यवस्थित गर्ने कानुनलाई राष्ट्रिय कानुन भनिन्छ । राष्ट्रिय कानुन दुई प्रकारका हुन्छन् :

१.    **संवैधानिक कानुन**

संविधान भनेको संवैधानिक कानुन हो । यो राज्यको मूल कानुन मानिन्छ । यसले राज्यको सङ्गठन, सरकारको कार्य, नागरिकको अधिकार र राज्य र नागरिकबिचको सम्बन्धको निर्धारण र नियन्त्रण गर्छ ।

२.    **साधारण कानुन**

राष्ट्रिय कानुनबाट संवैधानिक कानुनलाई झिकेपछि बाँकी रहने कानुन साधारण कानुन हो । यो मुलुकमा प्रचलित संविधानको परिधिभित्र रहेर व्यवस्थापिकाद्वारा बनाइएको हुन्छ । यसले व्यक्ति व्यक्तिबिच एवम् व्यक्ति र राज्यबिचको सम्बन्धको निर्धारण र नियन्त्रण गर्दछ । साधारण कानुन पनि दुई प्रकारको हुन्छ ।

(अ)    **सार्वजनिक र व्यक्तिगत कानुन**

व्यक्ति र राज्यबिचको सम्बन्ध निर्धारण गर्ने कानुनलाई सार्वजनिक कानुन भन्दछन् । यो कानुनले नागरिकलाई सार्वजनिक क्षेत्रमा गर्न हुने र नहुने काम सिकाउँछ । चोरी, डकैती, हत्या फौजदारी मामिला (Criminal Case) का सार्वजनिक कानुनभित्र पर्दछन् । सार्वजनिक र व्यक्तिगत कानुनमा के फरक छ भने व्यक्तिगत कानुनसँग सम्बद्ध दुवै पक्ष नागरिक हुन्छ भने राज्यले उनीहरूबिच एक निष्पक्ष मध्यस्थको काम गर्छ । सार्वजनिक कानुन (Public Law) पनि दुई प्रकारको हुन्छ । सामान्य कानुन र प्रशासकीय कानुन सार्वजनिक कानुनका दुई प्रमुख किसिम हुन् ।

(I)    **प्रशासकीय कानुन**

सरकारी कर्मचारीको पद, उत्तरदायित्व र अधिकारको निर्धारण र नियन्त्रण गर्ने कानुनलाई प्रशासकीय कानुन भन्दछन् । यो कानुनको कार्यान्वयनका लागि बेग्लै अदालतको आवश्यकता पर्दछ, जसलाई प्रशासकीय अदालत (Administrative Court) भन्दछन् । फ्रान्स, इटाली, स्वीट्जरल्याण्ड जस्ता मुलुकमा यस्तो कानुन प्रचलित छ ।

(II)    **सामान्य कानुन**

व्यक्ति र राज्यबिचको सम्बन्ध निश्चित गर्ने यो सामान्य कानुन सार्वजनिक कानुनकै एक अङ्ग हो । यसलाई चार भागमा बाँडिएको छ :

(क)    **संविधि**

राज्य सञ्चालनका लागि व्यवस्थापिकाद्वारा बनाइएको ऐनलाई संविधि भन्दछन् ।

(ख)    **अध्यादेश**

व्यवस्थापिकाको अधिवेसन नबसेको बेला कुनै आवश्यक वा असाधारण परिस्थितिको सामना गर्न कार्यपालिकाद्वारा जारी गरिने कानुनलाई अध्यादेश भन्दछन् । यस्तो अध्यादेश व्यवस्थापिकाको अधिवेशन बसेपछि त्यसमा पेस गरेर त्यसबाट स्वीकृति नभएमा स्वत: रद्द हुन्छ ।

(ग) **नजिर कानुन**

कुनै मुद्दाको फैसलाका सिलसिलामा न्यायलयले गरेको निर्णयपछि समान प्रकृतिका मुद्दामा कानुन जस्तै मान्यता दिइन्छ भने त्यस्तो कानुनलाई नजिर भनिन्छ । न्यायसम्पादनको सिलसिलामा न्यायाधीशले बनाएको कानुनलाई नजिर भन्दछन् :

(घ) **प्रथागत कानुन**

मुलुकमा प्रचलित रीतिरिवाज वा प्रथाबाट चल्ने कानुनलाई प्रथागत कानुन भन्दछन् । न्यायसम्पादनमा यो कानुनको उपयोग गरिन्छ जस्तै- ब्रिटेनको प्रथागत कानुन ।

(आ) **व्यक्तिगत कानुन**

व्यक्ति व्यक्तिबिचको पारस्परिक सम्बन्ध निर्धारण गर्ने कानुनलाई व्यक्तिगत कानुन भन्दछन् । यो कानुनसँग सम्बद्ध दुवै पक्ष व्यक्ति हुन्छन् र राज्यले न्यायाधीशको भूमिका खेल्दछ । सम्पत्ति किनबेच गर्ने कानुन, लेनदेनसम्बन्धी कानुन, बिहेवारीसम्बन्धी कानुन देवानी मामिला (Civil Case) अन्तर्गतका कानुन व्यक्तिगत कानुन हुन् ।

(ख) **अन्तर्राष्ट्रिय कानुन**

राज्य राज्यको आपसी सम्बन्धलाई जोड्ने कानुनलाई अन्तर्राष्ट्रिय कानुन भनिन्छ । अर्को शब्दमा भन्दा राज्यहरूले आपसी व्यवहार चलाउनका लागि पालन गर्ने नियम कानुन नै अन्तर्राष्ट्रिय कानुन हो । अन्तर्राष्ट्रिय कानुन दुई प्रकारका हुन्छन् ।

१. व्यक्तिगत- व्यक्तिगत अन्तर्राष्ट्रिय कानुन भनेको (Private International Law) राज्यको बाहिर व्यक्ति र राज्यबिचको सम्बन्ध निरूपण गर्ने कानुन हो ।

२. सार्वजनिक- सार्वजनिक अन्तर्राष्ट्रिय कानुन भनेको (Public International Law) राज्य राज्यबिचको सम्बन्ध निर्धारण गर्ने कानुन हो ।

## अभ्यास

१. **अति छोटो उत्तर लेख्नुहोस् :**

(क) कानुनको वर्गीकरण कसरी गरिन्छ ?

(ख) संवैधानिक कानुन कस्तो किसिमको कानुन हो ?

(ग) अन्तर्राष्ट्रिय कानुन कति प्रकारको हुन्छन् ?

२. **छोटो उत्तर लेख्नुहोस् :**

(क) अध्यादेश (Ordinance) भनेको कस्तो कानुन हो ? लेख्नुहोस् ।

(ख) सार्वजनिक कानुन र व्यक्तिगत कानुनलाई तुलना गर्नुहोस् ।

(ग) कानुनको वर्गिकरण गर्नुहोस् ।

(घ) संविधि र नजिरका बिचमा के भिन्नता पाउनुहुन्छ ?

३. **लामो उत्तर लेख्नुहोस् :**

(क) सबै प्रकारका कानुनहरूको आवश्यकता किन पर्दछ ? चर्चा गर्नुहोस् ।

(ग) प्रथागत वा रीतिरिवाज कानुन कसरी कार्यान्वनय गर्न सकिएला ? उपायहरू बताउनुहोस् ।

■■■

## पाठ - ३ कानुनका स्रोतहरू

कानुनको स्रोत भन्नाले विधि निर्माणमा सघाउ पुऱ्याउने सबै साधनहरू हुन । प्राय: व्यवस्थापिका सभाद्वारा पारित नियम नै कानुन हो । आधुनिक राज्यमा व्यवस्थापिका सभा कानुनको मूल स्रोत भए तापनि एक मात्र स्रोत भने होइन । विद्वान् Holland का अनुसार कानुनको स्रोतहरू निम्न छन् ।

### १. रीतिरिवाज

कानुनको पहिलो स्रोत रीतिरिवाज हो । सरल सामाजिक सङ्गठन भएको ठाउँमा रीतिरिवाजको ठुलो महत्त्व हुन्छ । प्राचीनकालदेखि चलिआएको रीतिरिवाज सामाजिक जीवनको एउटा अभिन्न अङ्ग हुन जान्छ । यस्तो रीतिरिवाजले समाजको नैतिक बल प्रदान गरेको हुन्छ । लामो समयसम्म समाजमा चलेको रीतिरिवाजलाई राज्यले कानुनी मान्यता प्रदान गर्दछ ।

### २. धर्म

धर्म कानुनको महत्त्वपूर्ण स्रोत हो । प्राचीनकालदेखि नै सामाजिक जीवनसँग धर्मको घनिष्ट सम्बन्ध छ । यस्तो समाजमा धर्मले कानुनको रूप लिएको थियो । धर्मगुरुहरूको फैसलाको विरुद्ध चल्ने कसैको केही शक्ति थिएन । यिनीहरूको फैसलामा दैवी स्वीकृति प्राप्त भएको मानिन्थ्यो । यिनीहरूको फैसला विरुद्ध चल्नेहरू दण्डका भागी हुनुपर्दथ्यो । यी धार्मिक नियमहरू समाजका विभिन्न अङ्गहरू, जस्तो कि पूरोहित, धर्माध्यक्ष, राजा, मुखिया आदिद्वारा प्रसार र लागु गरिन्थ्यो । भारतका कानुनहरू अधिकांश मात्रामा धार्मिक स्रोतहरूबाट बनेका हुन् । तसर्थ हिन्दु कानुनको स्रोत मनुस्मृति, मुस्लिम कानुनको स्रोत कुरान र इसाई कानुनको स्रोत बाइबल आदि धर्म ग्रन्थहरू कानुनका महत्त्वपूर्ण स्रोत हुन् ।

### ३. न्यायिक निर्णयहरू

न्यायाधीशहरूबाट हुने न्यायिक निर्णय कानुनका स्रोतहरूमध्ये एक हो । कुनै मुद्दाको फैसला गर्दा न्यायाधीशले कानुनको व्याख्या गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा भइरहेको कानुनको व्याख्या गर्दछन् । यसरी समाजको आवश्यकता हेरी कानुनको व्याख्या गरेर न्यायाधीशले दिएका निर्णयहरू कानुन बन्न जान्छ । न्यायाधीशले बनाएको कानुन (Judge-Made law) लाई पनि पछि गर्ने फैसलाहरूमा मान्यता दिनुपर्दछ र उल्लङ्घन गर्न मिल्दैन । कानुन अस्पष्ट भएमा न्यायलयका न्यायाधीशहरूले नैतिकता र विवेकको आधार निर्णय गर्नुपर्ने हुन्छ । यस्ता कानुनी निर्णयहरू भोलिको निम्ति नजीर (Precedent) बन्दछन् र न्यायाधीशहरूले तिनको अनुसरण गर्दछन् ।

### ४. वैज्ञानिक टिप्पणीहरू

प्रत्येक देश, काल, तथा युगमा कतिपय प्रसिद्धि प्राप्त विधिवेत्ताहरूले प्रचलित कानुन तथा रीतिरिवाजमाथि

सूक्ष्म एवम् गहिरो विवेचना गर्दै कानुनको आधारभूत सिद्धान्त प्रतिपादन गर्ने काम गर्दछन् । न्यायविद्हरूका यस्ता वैज्ञानिक टीकाटिप्पणीलाई कतिपय अवस्थामा न्यायालयले पनि सम्मानपूर्वक आधार लिँदै कानुनी फैसला गर्ने र नयाँ कानुनको निर्माण समेत गर्दछन् ।

५. औचित्य

औचित्य कानुनका स्रोतहरूमध्ये एक महत्त्वपूर्ण स्रोत हो । कानुनको अभावमा वा अनिश्चितताको अवस्थामा न्यायाधीशले स्वविकेक, सत्य औचित्य, निष्पक्षता र व्यवहारको समानताको आधारमा फैसला गर्दछन् । प्रष्ट कानुन नभएमा या कानुनी व्याख्या नै नभएको अवस्थामा समानता र न्याय सङ्गत कुराको आधारमा न्यायाधीशले दिने न्यायिक कार्यलाई औचित्यपूर्ण कानुनको स्रोत मान्न सकिन्छ । अनुपयुक्त कानुनमा सुधार र परिवर्तन ल्याउनु औचित्य भनिन्छ । गिलक्राइष्ट (Gilchrist) का अनुसार 'निष्पक्ष र समानताको आधारमा न्यायाधीशले कुनै नयाँ कानुनको निर्णय गर्दछन् भने त्यस अनौपचारिक पद्धतिलाई औचित्य भनिन्छ ।' (Equity is an informal method of making needful law or altering old law depending on intrinsic fairness or equality of treatment.)

६. व्यावस्थापिका

कानुनको अन्तिम तर सबभन्दा महत्त्वपूर्ण स्रोत नै व्यवस्थापिका हो । यसले जनताको इन्छाको प्रतिनिधित्व गर्दछ । प्रजातान्त्रिक देशहरूमा जनताद्वारा व्यवस्थापिकाका सदस्यहरू निर्वाचित हुन्छन् । यस सभाका सदस्यहरूले कानुनको तर्जुमा गर्दा औचित्य (Equity), अदालती फैसला र वैज्ञानिक विचारहरूलाई आधार लिन्छन् । वर्तमान विश्वका अधिकांश मुलुकमा कानुनको निर्माण व्यवस्थापिकाद्वारा नै हुन्छ । व्यवस्थापिकाले नै अन्य स्रोतलाई नियमित र मर्यादित बनाउँछ । यसैले रीतिरिवाज, धर्म, न्यायिक निर्णय र औचित्य नै कानुनको आधारभूत स्रोत हुन् । व्यवस्थापिकाले कानुन निर्माण गर्दा यी स्रोतहरूको उपयोग गर्दछ ।

## अभ्यास

१. **अति छोटो उत्तर लेख्नुहोस् :**

(क) राज्यको नियम कुन अङ्गबाट पारित हुन्छ ?

(ख) कानुनका स्रोतहरू कतिओटा छन् ?

(ग) न्यायिक निर्णयहरू कसरी कानुन बन्दछन् ?

२. **छोटो उत्तर लेख्नुहोस् :**

(क) कानुनका स्रोतहरूको सूची तयार गर्नुहोस्।

(ख) रीतिरिवाज कानुनको स्रोत हो । कसरी ?

(ग) कानुनका धार्मिक स्रोतहरूको उदाहरण दिनुहोस् ।

३. **लामो उत्तर लेख्नुहोस् :**

(क) कानुनका स्रोतमा रीतिरिवाज र धर्मको के महत्त्व छ ? बयान गर्नुहोस् ।

(ख) व्यवस्थापिकाले कसरी कानुन निर्माण गर्दछ ?

(ग) धर्म र रीतिरिवाजको तुलना गर्दै समानता र भिन्नता केलाउनुहोस् ।

■■■

## पाठ – ४ मुलुकी ऐन र यसका विशेषताहरू

**ऐतिहासिक मुलुकी ऐन**

राणा प्रधानमन्त्री जङ्गबहादुरले बेलायत यात्राका क्रममा ऐन, किताब, सैनिक व्यवस्था, प्रशासनिक व्यवस्था आदिका बारेमा जानकारी लिई नेपाल फर्केपछि सबैलाई समान रूपमा लागु हुने कानुनको आवश्यकता महसुस गरे । बेलायत रहँदा बेलायती पार्लियामेन्टद्वारा निर्मित ऐन र फ्रान्सका नेपोलियन प्रथमद्वारा निर्मित नेपोलियन कोड जस्तै लोक प्रियता प्राप्त गर्न चाहन्थे । किनभने त्यस समयमा नेपालमा क्रमबद्ध रूपमा कानुन बनेको थिएन । केवल नीतिशास्त्र, शीलालेख, ताम्रपत्र, रुक्का, सनद, लालमोहर आदिका आधारमा सम्पूर्ण न्याय प्रशासनसम्बन्धी काम हुन्थ्यो । प्रधानमन्त्री जङ्गबहादुरले बेलायतबाट फर्केपछि वि.सं. १९०८ मा २३० सदस्य रहेको एक कौशुलको स्थापना बसन्तपुरमा गरे । उक्त कौशुलले समय समयमा भएको लालमोहर, आदेश, सनद, रुक्का, ताम्रपत्र आदि सङ्कलन गरी समयानुकूल आवश्यक थपघट गर्दै वि.सं. १९१० मा एक हस्तलिखित ऐन तयार गरेका थिए । सोही ऐनलाई मुलुकी ऐन भनिन्छ । उक्त ऐन नै नेपालको प्रथम लिखित कानुन हो ।

वि.सं. १९१० सालमा जारी भएको चार भागको ऐन वि.सं. १९४२ सालमा धेरै संशोधन थपघट भयो र वि.सं. १९४५ सालमा एक भाग थप गरी पाँचौ भागमा प्रकाशन भयो । यो ऐन समयसमयमा संशोधन हुँदै गयो र संशोधित संस्करणहरू १९४५, १९६१, १९६७, १९७५, १९८०, १९८४, १९९३, २००४, २००९, २०१० र २०१२ सालमा प्रकाशन भयो । २००९ साल पूर्व पाँच भाग ऐन भएकोमा २००९ सालमा प्रकाशन हुँदा मुलुकी ऐन नामाकरण गरिएको थियो । २००९, २०१० र २०१२ सालमा मुलुकी ऐन नामले प्रकाशन भयो । २०२० साल जेष्ठ २९ गते श्री ५ को सरकार कानुन तथा न्याय मन्त्रालयले प्रकाशन गर्दा यो ऐनलाई मुलुकी ऐन नाम दिई प्रकाशन गऱ्यो । २०२० साल भाद्र १ गतेदेखि लागु हुने गरी २०१९ साल चैत्र ३० गते जारी गरेको ऐनलाई मुलुकी ऐन नामाकरण गरियो । २०१९ साल देखि हालसम्म ३१ पटक मुलुकी ऐन संशोधन भएको छ । हाल मुलुकी ऐनको ठाउँमा मुलुकी देवानी (संहिता) एवम् २०७४ र मुलुकी अपराध संहिता ऐन २०७४ लाई २०७५ भाद्र १ बाट लागु गरिएको छ ।

**मुलुकी ऐनको विशेषताहरू**

- नेपालको सबैभन्दा पुरानो लिखित ऐन
- जनताको जन्मदेखि मृत्युसम्मका सबै संस्कार समेटिएको कानुन
- बालकदेखि वृद्ध तथा धनीदेखि गरिब सबैलाई जवाफदेही ढङ्गले काम गर्न प्रेरित कानुन
- दण्ड सजायको मापदण्ड तोकिएको कानुन

- फौजदारी र देवानी मुद्दाको प्रकृति र सजायको विधिसहितको कानुन
- समाजलाई सुधार उन्मुख र न्यायोचित लक्ष्य बोकेको कानुन
- विभिन्न कुप्रथाहरूलाई निरुत्साही बनाउन लक्षित कानुन
- देवानी कार्यविधि (संहिता) ऐन २०७४ र फौजदारी कार्यविधि (संहिता) ऐन २०७४

**मुलुकी देवानी (संहिता) ऐन २०७४ र मुलुकी अपराध (संहिता) ऐन २०७४ का विशेषताहरू**

**देवानी मुद्दाको स्पष्ट परिभाषा**

- देवानी कार्यविधि कानुनका केही मार्गदर्शक सामान्य सिद्धान्तहरू
- विभिन्न सिद्धान्तको आधारमा निर्धारण गरिएको अदालतको अधिकार क्षेत्र
- विभिन्न अवस्थामा हदम्याद प्रारम्भ हुने र हदम्यादको अवधि गणाना गर्ने
- वादी आफैँले पनि प्रतिवादीलाई म्याद तामेल गर्न सक्ने व्यवस्था
- प्रतिउत्तर पत्र पेस गर्दा प्रतिवादी पनि पेस गर्न सकिने व्यवस्था
- पक्ष नबनाएको वा फिरादपत्र वा प्रतिउत्तरपत्रको पेटबोलीमा व्यक्तिको निवेदनबमोजिम पक्ष कायम हुन सक्ने
- केही व्यक्तिलाई अदातलमा नै म्याद तामेल गर्न सकिने
- प्रतिवादीले हदम्याद, हकदैया वा अदालतको क्षेत्राधिकारको विषय उपर प्रारम्भिक सुनुवाई गर्नुपर्ने
- श्रव्यदृष्य साधनमार्फत पनि साक्षी परीक्षण हुन सक्ने
- साक्षीले प्रमाण दिनुअगि निर्धारित ढाँचामा शपथ लिनुपर्ने
- पूर्व सुनुवाई छलफल (प्रि-हियरिङ्ग कन्फरेन्स) हुन सक्ने
- फैसला भएको एक्काइस कार्य दिनभित्र फैसला तयार गर्नुपर्ने र न्यायाधीशबाट फैसला प्रमाणीकरण भएको विवरण प्रत्येक हप्ता सूचना पाटी र वेबसाइटमा पनि राख्नुपर्ने
- एकतर्फी फैसला भएकोमा उपस्थित नहुने पक्षको जानकारीका लागि स्वामित्वमा प्रकाशन हुने राष्ट्रिय स्तरको दैनिक पत्रिकामा समेत सूचना दिने

## अभ्यास

१. **अति छोटो उत्तर लेख्नुहोस् :**

(क) नेपालमा सर्वप्रथम मुलुकी ऐन कहिले जारी भयो ?

(ख) मुलुकी ऐनका संशोधित संस्करणहरू कहिले कहिले प्रकाशित हुँदै आए ?

(ग) मुलुकी ऐन हालसम्म कतिपटक संशोधन भएको छ ?

२. **छोटो उत्तर लेख्नुहोस् :**

(क) वि.सं १९१० मा जारी भएको ऐन भन्दा वि.सं. १९४५ मा प्रकाशित ऐन के अर्थमा भिन्न रह्यो ?

(ख) मुलुकी ऐनको विशेषताहरूको सूची बनाउनुहोस् ।

३. **लामो उत्तर लेख्नुहोस् :**

(क) देवानी कार्यविधि संहितामा प्रमुख रूपमा केकस्ता कुराहरू समेटिएका छन् ? बुँदागत रूपमा टिपोट गर्नुहोस् ।

(ख) कानुन बेलाबेलामा संशोधन भइरहन्छन् । यसो हुनुको मूल कारण के हुनसक्छ ? तपाईंको समुदायमा उपलब्ध जान्ने बुझ्ने व्यक्तिसित छलफल गरी लेख्नुहोस् ।

■■■

# पाठ – ५ महिलाहरूमा कानुनी पहुँच

मानव सभ्यताको आदिम युगदेखि आजसम्म आइपुग्दा महिला र पुरुषबिचको लैङ्गिक भिन्नतामा विभेद देखिन्छ । राज्यसत्ताको शासकीय स्वरूपमा होस् वा परिवार र समाजमा महिलाको हैसियतलाई न्यूनरूपमा मूल्याङ्कन गरीएको थियो । विश्वका कैयौँ मुलुकहरूले महिलाहरूलाई राज्यको नीति निर्माण तहसम्म पुग्ने अवसर दिएका थिएनन् । २०औँ शताब्दिभन्दा पूर्व विश्वका धेरै मुलुकहरूमा नागरिकको राजनीतिक अधिकार महिलालाई दिइएको थिएन । महिला मताधिकारको निम्ति चालिएको विभिन्न आन्दोलन र प्रथम र दोस्रो विश्वयुद्धमा महिलाहरूले निर्वाह गरेको विशिष्ट भूमिकाले महिलाहरूलाई मताधिकारको अधिकार दिन बाध्य तुल्यायो । बेलायत जस्तो प्रजातन्त्रको जननी मानिने देशमा पनि पहिलो पटक सन् १९१८ मा ३० वर्ष उमेर पुगेका महिलाले मात्र मताधिकारको अधिकार प्रदान गरिएको थियो । सन् १९२८ मा मात्र पुरुष र नारीले समान किसिमको मताधिकार पाएका थिए । यसैगरी सन् १९१९ मा संयुक्त राज्य अमेरिकामा महिला मताधिकार प्रदान गरियो । सन् १९४५ मा फ्रान्सले सन् १९४८ मा इटालीमा मताधिकारको अधिकार प्रदान गरेका थिए । स्विट्जरल्यान्डले सन् १९७१ मा महिला मताधिकारको चलन सुरु गरेको हो । नेपालमा वि.सं. २०१५ सालमा नेपाली महिलाहरूले पुरुष समान मताधिकारको प्रयोग गर्ने अवसर प्राप्त गरेका थिए । यसरी यो अधिकार महिलालाई प्रदान गर्ने क्रम विश्वका अन्य मुलुकमा पनि सुरु भयो । आजको खुल्ला र प्रतिस्पर्धात्मक समाज विकासको युगमा महिला र पुरुष एक सिक्काका दुई पाटा हुन् भन्ने विश्वव्यापी मान्यता अगाडि बढिरहेको छ । विश्वका कैयौँ मुलुकहरूमा महिलाहरूलाई राज्यको नीतिगत तहमा पुऱ्याउने कानुनी आधारहरू तय गरिँदै छ ।

आजको विश्व भूमण्डलीकृत समाजमा लिङ्गीय रूपमा विभेद गर्नु र समान काममा असमान व्यवहार गर्नु भनेको मानव अधिकार विपरीत कुरा हो । महिला हक अधिकारका लागि नेपाली महिलाहरूले राज्यसत्ताको विरुद्ध पुरुष सरह सङ्घर्ष गरेका कैयौँ उदाहरण पाउन सक्छौँ । जस्तो राणा शासन, पञ्चायती शासन, बहुदलीय शासन, १० बर्से सशस्त्र सङ्घर्ष, २०६२/६३ को जनआन्दोलन आदिमा अधिकारका लागि महिलाहरूले आफ्नो समय, श्रम र जीवन उत्सर्ग गरेका थिए । हाल नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भइसकेको छ । देशको संविधान परिवर्तन भएको छ । संविधानले महिला र पुरुषलाई समान अधिकार दिएको छ । नेपालमा लैङ्गिक विभेदको अन्त्य गर्दै महिलाहरूलाई राज्यको सबै तहमा समानरूपले कानुनी पहुँच पुऱ्याउने नीतिको अवलम्बन सुरु भएको छ । महिलाको विशेष व्यवस्थाकै लागि राज्यले सकारात्मक विभेद कार्यान्वयन गर्ने नीति लिएको छ । नेपालमा महिलाहरूका कानुनी पहुँचका आधारहरू निम्न छन् :

- समानताको हकअन्तर्गत समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक

सुरक्षामा कुनै भेदभाव गरिने छैन ।

- नेपालको संविधानले समानताको हक, महिलाको हक, सामाजिक न्यायको हक र सामाजिक सुरक्षाको हक महिलालाई प्रदान गरी विशेष संरक्षण गरेको छ ।
- महिलाहरूलाई राष्ट्र निर्माणको मूल प्रवाहमा संलग्न गराउन पछाडि परेका महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी गराउने नीति राज्यको मूल कानुनमा उल्लेख गरेको छ ।
- असहाय अवस्थमा रहेका महिलाहरूको जीविकोपार्जनको व्यवस्था सुनिश्चित गर्दै जोखिम र बहिष्करणमा परेका तथा हिंसा पीडित महिलाहरूलाई पुनर्स्थापन, संरक्षण र सशक्तीकरण गर्ने नीति अवलम्बन गरेको छ ।
- आज कानुनले महिलाको संरक्षण, सशक्तीकरण वा विकासका लागि विशेष व्यवस्था गर्नु राज्यको दायित्व हो ।

**महिलाहरूको कानुनी पहुँच सम्बन्धी ऐन, नियमहरू**

- नेपालको संविधानअन्तर्गत हक र दायित्व
- शासकीय स्वरूपअन्तर्गत बनेका ऐन, नियम
- मुलुकी ऐनमा महिलाको कानुनी पहुँच
- लैङ्गिक रूपमा भएको विभेद र लैङ्गिक हिंसालाई संरक्षण गर्ने प्रकृतिका कानुनी व्यवस्थालाई संशोधन गरी लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्ने सम्बन्धमा नेपाल कानुनको संशोधन गरिएको छ ।
- नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धीलाई अनुमोदन गरिसकेको अवस्था छ । नेपालको सर्वोच्च अदालतको फैसलाबाट नेपाल कानुनसरह लागु हुने तथ्यसमेत स्थापित भइसकेको छ ।
- महिलाहरूलाई शासकीय स्वरूपअन्तर्गत निर्वाचित हुने र राज्यको नीति निर्माण तहमा पुग्ने कानुनी आधार तयार भएको छ ।
- राज्यको सबै निकायहरूमा महिलाहरूको सहभागितालाई बढाउन तत्कालीन नीति नियमहरू संशोधन हुँदै गएका छन् ।

## अभ्यास

१. **अति छोटो उत्तर लेख्नुहोस् :**

(क) के कस्तो अवस्थाले गर्दा महिलाले मताधिकार प्राप्त गर्ने अवसर पाउन थाले ?

(ख) नेपालमा महिलाहरूले अताधिकार कहिलेदेखि प्राप्त गरे ?

(ग) महिला आयोगले महिलालाई के कस्तो सहयोग पुऱ्याउँछ ?

(घ) लैङ्गिक हिंसालाई निरुत्साहित गर्न कानुनहरूमा के कस्ता प्रावधान राखिएका छन् ?

२. **छोटो उत्तर लेख्नुहोस् :**

(क) कुन कुन देशमा महिलाहरूलाई कहिले कहिले मताधिकार प्रदान गरिएको थियो ?

(ख) नेपालमा सरकारले किन सकारात्मक विभेदको नीति लिएको छ ?

३. **लामो उत्तर लेख्नुहोस् :**

(क) नेपालमा महिलाहरूको कानुनी पहुँचका कुनै चार आधारहरू उल्लेख गर्नुहोस् ।

(ख) महिलाहरूको कानुनी पहुँचसम्बन्धी केही ऐन नियमहरूको सङ्क्षिप्त सूची तयार गर्नुहोस् ।

(ग) तपाईंको गाउँ समाजमा महिला पुरुषको बिचमा के कस्ता विभेदहरू भइरहेको देख्नुभएको छ ? त्यस्ता विभेद हटाई समानता स्थापित गर्न तपाईं जस्ता सचेत किशोर किशोरीको भूमिका के हुन सक्छ ? कक्षामा छलफल गरी बुँदा तयार गर्नुहोस् ।

एकाइ ६

# निर्वाचन पद्धति

पाठ - १

## निर्वाचनको अर्थ र परिभाषा

**निर्वाचनको अर्थ तथा परिभाषा**

निर्वाचन भनेको जनताले स्वतन्त्रपूर्वक आफ्नो गोप्यमतद्वारा आफुले रुचाएको र विश्वास गरेको व्यक्तिलाई राजनीतिक तहमा पुऱ्याउन छनोट गर्ने मतदान प्रक्रिया हो । अर्को अर्थमा भन्दा निर्वाचन भनेको आफुले वा आफूमध्येबाट छनोट गरी प्रतिनिधित्वका लागि पठाउने प्रक्रिया हो । यही आधारमा व्यक्तिले निर्वाचित हुन चाहने व्यक्तिहरूमध्ये कुनै एक जनालाई विजयी हुनका निमित्त आफ्नो मत दिन्छन् । यसलाई हामी निर्वाचन प्रक्रिया पनि भन्दछौँ । निर्वाचनका सम्बन्धमा विभिन्न विद्वानहरूले आआफ्नै किसिमले परिभाषा दिएका छन् ।

Powell का अनुसार निर्वाचन प्रजातन्त्रका लागि महत्त्वपूर्ण साधन हो भन्दछन् । Palmer को भनाइमा निर्वाचन भन्ने कुरा राजनीतिक व्यवस्था र राजनीतिक विकाससँग अन्योन्याश्रित रूपमा जोडिएको हुन्छ भनेका छन् । Oxford Dictionary मा उल्लेख भएअनुसार निर्वाचन भनेको एउटा यस्तो छनोटको प्रक्रिया हो जसले पदमा आसिन गराउनको लागि जनप्रतिनिधिहरू छनोट गर्दछ । (Collins Dictionary) मा उल्लेख भएअनुसार जनताको भोटद्वारा छानिनु नै निर्वाचन हो ।

उपर्युक्त परिभाषाको आधारमा निर्वाचन भनेको व्यक्तिले आफ्नो जनप्रतिनिधि चुन्ने माध्यम हो । त्यसैले निश्चित अवधिका लागि शासन सञ्चालन गर्न जनताले आफ्ना जनप्रतिनिधिहरू चुन्ने प्रक्रिया नै निर्वाचन हो । अर्को शब्दमा भन्दा जनताले आफ्नो स्वतन्त्र मतको प्रयोग गर्ने माध्यम नै निर्वाचन हो । प्रजातान्त्रिक देशको शासनको वैधताको मापन पनि निर्वाचन हो । निर्वाचित प्रतिनिधिद्वारा गरिने शासन व्यवस्थाबाट नै देशको राजनीति र विकासको गति अगाडि बढ्न सक्छ ।

**निर्वाचनको आवश्यकता**

प्रजातान्त्रिक शासन व्यवस्था अवलम्बन गरेका देशहरूले निर्वाचन प्रणालीलाई प्रजातन्त्रको अभ्यासको रूपमा लिएको पाइन्छ । निर्वाचनको माध्यमबाट निर्वाचित भएका जनप्रतिनिधिहरूले आफ्ना मतदाताको जनचाहनालाई सम्वोधन गर्न सक्दछन् । जनप्रतिनिधिहरूको मुख्य जिम्वेवारी नै देशलाई सफलतापूर्वक सत्ता सञ्चालन गर्न नेतृत्व प्रदान गर्नु हो । तसर्थ देशको शासन सत्ता सञ्चालन गर्न मतदाताले प्रतिनिधिहरूको छनोट गर्ने विधि भएकाले निर्वाचन प्रजातन्त्रको महत्त्वपूर्ण जनमत हो । एथेन्सपछि ग्रिसमा जनतालाई प्रत्यक्ष निर्वाचनमा सहभागी गराई प्रजातन्त्रको अभ्यास गराए पनि हाल विश्वमा जनसङ्ख्याको वृद्धिले गर्दा सबै जनता एकै ठाउँमा भेला भएर जनप्रतिनिधि चुन्न सम्भव भएन । यही कारणले गर्दा

नै अप्रत्यक्ष रूपमा निर्वाचनको माध्यमबाट जनप्रतिनिधि चुन्ने प्रणालीको विकास भएको हो । विश्वका कतिपय देशहरूमा राजतन्त्रात्मक शासन प्रणाली वंशानुगत रूपमा चल्ने भएकाले राजाका विश्वासप्राप्त उपल्लो वर्गका मानिसहरू नै शासनमा संलग्न हुने परम्परा थियो । तर समयको क्रमसँगै धेरै देशहरूमा जनचाहनाअनुरूप राजतन्त्रको अन्त्य भई प्रजातन्त्रको अभ्युदय भयो । यसरी प्रजातान्त्रीकरणको लहरसँगै निर्वाचित जनप्रतिनिधिद्वारा शासन सञ्चालन गर्ने परिपाटीको कारण निर्वाचन वर्तमान समयमा अनिवार्य र आवश्यकता हुन गयो । आवधिक निर्वाचन प्रणालीबाट जनप्रतिनिधिहरू चुनिन्छन् । यसरी चुनिएका जनप्रतिनिधिले आफ्ना मतदाताको हितमा काम गर्दछन् । त्यसकारण जनताको ताजा जनादेश लिइ रहनुपर्ने भएकोले निर्वाचन आवश्यक पर्न गयो । निर्वाचनमा जति बढी जनता सहभागी हुन्छन् त्यति नै प्रजातन्त्रको विकास हुन्छ । निर्वाचनमा जनताको सक्रिय सहभागिताको कारण राष्ट्र पनि सक्रिय हुन्छ । निर्वाचनले प्रजातन्त्रलाई बलियो बनाउन सघाउ पुऱ्याउँछ भने जनतालाई राजनीतिमा सक्रिय रूपमा सहभागी हुन सिकाउँछ । तसर्थ प्रजातन्त्रिक ढङ्गबाट शासन व्यवस्था सञ्चालन गर्न, निर्वाचित जनप्रतिनिधिहरूलाई जनताप्रति उत्तरदायी हुन निर्वाचनको आवश्यकता पर्दछ ।

## अभ्यास

१. **अति छोटो उत्तर दिनुहोस् :**

(क) आफुले वा आफूमध्येबाट छनोट गरी प्रतिनिधित्वका लागि पठाउने प्रक्रियालाई के भनिन्छ ?

(ख) "पदमा आसन गराउनका लागि जनप्रतिनिधि छनोट गर्ने प्रक्रियालाई निर्वाचन भनिन्छ" भन्ने भनाइ कसको हो ?

(ग) जनताको ताजा जनादेश लिई रहनका लागि के आवश्यक पर्दछ ?

(घ) निर्वाचन भनेको के हो ? एक वाक्यमा लेख्नुहोस् ।

२. **छोटो उत्तर दिनुहोस् :**

(क) निर्वाचनले के सिकाउँदछ ?

(ख) निर्वाचनको सम्बन्धमा Powell को भनाइ उल्लेख गर्नुहोस् ।

(ग) लोकतन्त्रमा निर्वाचनको आवश्यकता किन पर्दछ ? कारणहरूको सूची बनाई कुनै दुईओटा कारणहरूको छोटो व्याख्या गर्नुहोस् ।

३. **लामो उत्तर दिनुहोस् :**

(क) निर्वाचनको अर्थ र परिभाषा उल्लेख गर्नुहोस् ।

(ख) "आवधिक निर्वाचन प्रणालीका कारण जनताहरू आफ्ना प्रतिनिधि छान्न स्वतन्त्र हुन्छन्" भन्ने भनाइलाई पुष्टि गर्नुहोस् ।

# पाठ - २ निर्वाचनको किसिम र स्वरुप

प्रजातान्त्रिक मुलुकमा नागरिकले आफ्नो शासन आफैँ सञ्चालन गर्न जनप्रतिनिधिहरू निर्वाचनको माध्यमबाट छनोट गर्दछन् । निर्वाचनद्वारा छानिएर आएका जनप्रतिनिधिहरू सबै नागरिकहरूको सामूहिक इच्छाको भलाइमा केन्द्रित रहन्छन् । जनप्रतिनिधिको निर्वाचन प्रत्यक्ष, अप्रत्यक्ष वा मिश्रित कुन आधारमा गर्ने र जनप्रतिनिधिको प्रतिनिधित्वको आधार के कस्तो हुने भन्ने बारेमा निर्वाचन प्रणालीको किसिम तथा स्वरूपको अध्ययन गरौँ । निर्वाचन सामान्यत: दुई किसिमको हुन्छ । प्रत्यक्ष र अप्रत्यक्ष निर्वाचन प्रणाली ।

**(१) प्रत्यक्ष निर्वाचन प्रणाली**

प्रत्यक्ष निर्वाचन भनेको मतदाताले आफ्नो प्रतिनिधिलाई प्रत्यक्ष रूपमा छान्ने व्यवस्था हो । निर्वाचनमा भाग लिई मतदाताले सिधै आफ्ना जनप्रतिनिधिको छनोट गर्दछन् भने त्यस्तो निर्वाचन प्रणालीलाई प्रत्यक्ष निर्वाचन प्रणाली भनिन्छ । निर्वाचनमा मतदाताहरू प्रत्यक्ष रूपमा मतदान केन्द्रमा गएर आफूलाई मन पर्ने जनप्रतिनिधिको पक्षमा मत दिन्छन् । मतदानको कार्य सम्पन्न भएपछि मतगणना गरिन्छ । मतगणनामा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारलाई निर्वाचित भएको घोषणा गरिन्छ । नेपालमा बहुमतीय निर्वाचन प्रणालीअनुसार सङ्घीय संसद, प्रदेश सभा र स्थानीय व्यवस्थापिकाको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (First-past-the-post system) को विधिलाई अवलम्बन गरेको छ । यस किसिमको निर्वाचन प्रणालीमा एक सदस्यीय निर्वाचन क्षेत्र हुन्छ । राजनीतिक दलहरूले सम्बन्धित निर्वाचन क्षेत्रका योग्य र लोकप्रिय व्यक्तिलाई उम्मेदवारका रूपमा अघि सार्दछन् । यही कारणले गर्दा सम्बन्धित क्षेत्रबाट उम्मेदवार भएका जनप्रतिनिधिहरू सम्बन्धित क्षेत्रका मतदाताहरूसँग बढी घुलमिल हुन्छन् । प्रत्यक्ष निर्वाचन प्रणाली अरु निर्वाचन प्रणालीभन्दा सरल र लोकप्रिय निर्वाचन प्रणाली पनि हो । यस निर्वाचन प्रणालीमा कुल खसेको सदर मतमध्ये सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुन्छ । प्रत्यक्ष निर्वाचन प्रणालीमा जनताको माझ लोकप्रिय व्यक्तिहरू मात्र विजयी बन्दछन् । प्रत्यक्ष निर्वाचन प्रणाली विश्वका अधिकांश देशहरूले प्रयोग गरेका छन् । प्रत्यक्ष निर्वाचन प्रणालीको फाइदा र बेफाइदा पनि छन् जसलाई निम्न तालिकाबाट बुझ्न सकिन्छ ।

**प्रत्यक्ष निर्वाचन प्रणालीका फाइदा र बेफाइदा**

| प्रत्यक्ष निर्वाचन प्रणालीका फाइदा | प्रत्यक्ष निर्वाचन प्रणालीका बेफाइदा |
|---|---|
| १. प्रत्यक्ष निर्वाचन प्रणालीले जनतामा राजनीतिक मुद्दा र चासो पैदा गरी मतदाताको जनमतलाई आकर्षण गराउँछ । | १. जनता अशिक्षित हुनुको कारणले राजनीतिक मुद्दा र चासो मतदाताले बुझ्दैन र सही उम्मेदवार चुन्न सक्दैनन । |

| | |
|---|---|
| २. राजनीतिक दलको भाषण सुन्ने, घोषणापत्र हेर्ने, र दलका नीति तथा कार्य योजना हेरेर मतदाताले मतदान गर्दछ । जनतामा राजनीतिक संस्कृतिको विकास हुन्छ । | २. निर्वाचनमा उठेका सबै उम्मेदवारहरूको चुनावी प्रचारले मतदाता ढुलमुले अवस्थामा पुग्छन् र को योग्य को अयोग्य छुट्याउन गाह्रो पर्न सक्छ । यसले योग्य व्यक्तिहरू पनि विजयी नहुन सक्छन् । |
| ३. जनप्रतिनिधिहरू जनताप्रति उत्तरदायी हुने र जनतासँगको सिधा सम्पर्कमा रहने गर्दछन् । | ३. निर्वाचनको समयमा जनतासँग रहने र निर्वाचन सकिएपछि सम्पर्क विहीन हुन्छ । |
| ४. प्रत्यक्ष निर्वाचनमा सहभागी हुने उम्मेदवारहरू धेरै हुने भएकाले जनताले कस्लाई मत दिन्छन् भन्ने छुट्याउन गाह्रो हुन्छ । रकमको चलखेल हुने सम्भावना न्यून हुन्छ । | ४. प्रत्यक्ष निर्वाचन प्रणालीअनुसार निर्वाचन व्यवस्थापन गर्न कठिन र खर्चिलो हुन्छ । देशले खर्च पटक पटक यस प्रकारको निर्वाचन गर्न परेमा देशले धान्न गाह्रो पर्न सक्छ । |
| ५. प्रत्यक्ष निर्वाचन प्रणालीमा झिनो मतले वियय़ी हुन्छ । कमजोर सत्ता हुन्छ । | ५. प्रत्यक्ष निर्वाचनमा बहुमत मतदाता पराजय भोग्छन् । बलियो प्रतिपक्ष हुन्छ । |

(२) **अप्रत्यक्ष निर्वाचन प्रणाली**


अप्रत्यक्ष निर्वाचन प्रणाली भनेको मतदाताले प्रत्यक्ष रूपमा आफ्नो प्रतिनिधि नछानी निर्वाचकहरूले छानेका प्रतिनिधिले छनोट गर्ने पद्धति हो । यो निर्वाचन प्रणालीमा सर्वप्रथम मतदाताहरूले आफ्ना प्रतिनिधिहरूको निर्वाचन गर्छन् र यी प्रतिनिधिहरूले नै अन्तिम जनप्रतिनिधिहरूको निर्वाचन गर्दछन् । यसमा दुईचोटि निर्वाचन गरिन्छ । सुरुको निर्वाचनबाट निर्वाचक मण्डल (Electoral college) बन्दछ र त्यस निर्वाचक मण्डलले वास्तविक प्रतिनिधि छनोट गर्दछ । निर्वाचक मण्डल बनिसकेपछि हुन जाने निर्वाचनमा कुन प्रतिनिधि विजयी हुन्छ भन्ने पूर्वअनुमान गर्न सकिने हुन्छ । यस पद्धतिको निर्वाचन प्रायश: संसदको माथिल्लो सदनका लागि गरिन्छ । अमेरिकी राष्ट्रपतिको निर्वाचन यसै पद्धतिअनुसार गर्ने गरिएको छ । नेपालमा सङ्घीय व्यवस्थापिका तल्लो सदन प्रतिनिधि सभाका ११० सदस्य, राष्ट्रिय सभाका ५६ सदस्य, प्रतिनिधि सभाका सभामुख/उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष/उपाध्यक्ष, प्रदेश सभाका सभामुख/उपसभामुख, जिल्ला समन्वय समितिका प्रमुख/उपप्रमुख र सदस्यहरू यसै अप्रत्यक्ष पद्धतिअनुरूप निर्वाचित गरिन्छ । अर्कोतर्फ अप्रत्यक्ष निर्वाचन प्रणाली समानुपातिक निर्वाचन प्रणालीको माध्यमबाट गरिन्छ । समानुपातिक निर्वाचन प्रणालीलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**समानुपातिक प्रतिनिधित्व प्रणाली**

निर्वाचनको माध्यमबाट अल्पमतको प्रतिनिधित्व (:ष्लयचष्तथ च्भउचभकभलतबतष्यल) सुनिश्चित गर्नका

लागि नै समानुपातिक निर्वाचन प्रणालीको सुरुआत भएको हो । प्रत्यक्ष निर्वाचन प्रणालीबाट छरिएर रहेको अल्पमतको प्रतिनिधित्व शासकीय तहमा हुन नसक्ने भएकाले समानुपातिक प्रतिनिधित्व गराउन यो निर्वाचन प्रणालीको सुरुआत भएको हो । प्रत्यक्ष निर्वाचन प्रणालीमा खसेको कुल सदर मतमा बढी मत ल्याउने उम्मेदवार छनोट हुन्छ । तर निर्वाचन क्षेत्रको सबै वर्ग र समुदायको प्रतिनिधित्व नहुन सक्दछ । यसले गर्दा प्रजातन्त्रमा सबैको समान रूपमा प्रतिनिधित्व हुनुपर्ने कुरालाई अवलम्बन गर्नका लागि नै समानुपातिक निर्वाचन प्रणालीलाई अवलम्बन गरिएको पाइन्छ । जे.एस.मिल समानुपातिक प्रणालीको समर्थन गर्दै भन्दछन् । बहुमत पक्षको शासन र अल्पमत पक्षका मतदाताहरूको समान प्रतिनिधित्वको अधिकारका लागि समानुपातिक निर्वाचन प्रणालीको आवश्यकता छ भन्ने पक्षमा वकालत गरेका थिए । यस अर्थमा हेर्दा राजनीतिक दलले प्राप्त गरेको मतको आधारमा सिटहरूको समानुपातिक बाँडफाँड गरिने प्रणाली समानुपातिक प्रतिनिधित्व प्रणाली हो । यो प्रणालीको लागि बहुसदस्यीय निर्वाचन क्षेत्र अनिवार्य हुन्छ । निर्वाचन क्षेत्रको निर्धारणमा भने सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्रको रूपमा कायम गर्ने वा प्रादेशीक रूपमा क्षेत्र कायम गर्ने प्रचलन रहेको पाइन्छ । नेपालमा सङ्घीय संसदको प्रतिनिधि सभाको गठनको लागि सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानिएको छ भने प्रदेश सभाको गठनका लागि सम्बन्धित प्रदेशलाई एक निर्वाचन क्षेत्र मानिएको छ । यो प्रणालीबाट विभिन्न जात, जाति, वर्ग, समुदायको प्रतिनिधित्व सुनिश्चित हुन्छ । यो प्रणालीअन्तर्गत दलीय सूची व्यवस्था (Party-list system) मा मतदाताले प्रत्येक दलको सूचीबाट आफूलाई मन परेको दललाई मत दिन्छ । राजनीतिक दलले मतदाताहरूमा रहेको आफ्नो प्रभावअनुसार निर्वाचनबाट पाएको मतको अनुपातमा सिट प्राप्त गर्दछन् । यसरी निर्वाचित भएका जनप्रतिनिधिहरू राज्यको नीति निर्माण तहमा पुग्दछन् ।

समानुपातिक निर्वाचन प्रणालीदुई प्रकारका हुन्छ । पहिलो प्राथमिकतापूर्ण मत प्रणाली (Preferential Vote System) हो । यस्तो निर्वाचन प्रणालीबाट छनोट हुन बहुसदस्य निर्वाचन क्षेत्र हुनुपर्दछ । मतदाताले उम्मेदवारहरूलाई १,२,३,४..... गरी प्राथमिकताको आधारमा आफ्नो मत दिन्छ । यो निर्वाचन प्रणालीको मुख्य उद्देश्य मैले दिएको मतले उम्मेदवारहरू क्रमश निर्वाचित हुँदै जाओस् तर मेरो मत खेर नजाओस् भन्ने सिद्धान्त रहेको छ । दोस्रो सूची प्रणाली (List System) मा आधारित समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणाली हो । यस प्रणालीमा व्यक्तिका पक्षमा मतदान नगरी राजनीतिक दलले निर्वाचन आयोगमा पेस गरेको दलीय सूचीका उम्मेदवारहरूलाई आफ्नो मत दिन्छन् । जुन सूची त्यस क्षेत्रबाट छानिने प्रतिनिधिहरूको सङ्ख्याभन्दा बढी हुँदैन । यस प्रकारको निर्वाचन प्रणालीमा मतदाताहरूले आफूलाई मन परेको दलको सूचीमा रहेका सबै उम्मेदवारहरूलाई मत दिन्छन् । उम्मेदवारले विजयी हुन प्राप्त गरेको मत सङ्ख्या अर्थात् निर्वाचन अङ्क (Quota) ल्याउनुपर्दछ । यस प्रकारको निर्वाचन प्रणालीमा व्यक्तिको भन्दा दलको महत्त्व रहन्छ । समानुपातिक प्रतिनिधित्व प्रणालीका गुण र दोषहरू पनि रहेका छन् ।




## अभ्यास

१. **अति छोटो उत्तर दिनुहोस् :**

(क) निर्वाचन प्रणाली कति प्रकारका हुन्छन् ?

(ख) मतदाताले सिधै आफ्ना जनप्रतिनिधिहरूको छनोट गर्ने निर्वाचन प्रणालीलाई के भनिन्छ ?

(ग) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली कुन निर्वाचन प्रणालीअन्तर्गत रहन्छ ?

(घ) अल्पमतको प्रतिनिधित्व सुनिश्चित गर्न कुन निर्वाचन प्रणाली अपनाउनुपर्छ ?

(ङ) समानुपातिक निर्वाचन प्रणाली कति किसिमका हुन्छन् ?

२. **छोटो उत्तर दिनुहोस् :**

(क) प्रत्यक्ष र अप्रत्यक्ष निर्वाचन प्रणालीमा फरक छुट्याउनुहोस् ।

(ख) समानुपातिक निर्वाचन प्रणालीका गुण र दोषहरू छुट्याउनुहोस् ।

३. **लामो उत्तर दिनुहोस् :**

(क) समानुपातिक निर्वाचन प्रणाली भनेको के हो ? यसमा कसरी निर्वाचन हुन्छ विवेचना गर्नुहोस् ।

(ख) प्रत्यक्ष निर्वाचन प्रणालीका फाइदा र बेफाइदा उल्लेख गर्नुहोस् ।

# पाठ - ३ नेपालको निर्वाचन प्रक्रिया

निर्वाचन प्रक्रिया भनेको जनताको मताधिकारमार्फत जनप्रतिनिधि छनोट गरी आफ्नो सार्वभौम अधिकार प्रतिनिधिलाई सुम्पने विधि हो । निर्वाचनको सिद्धान्तलाई व्यवहारमा उतार्ने विधि निर्वाचन पद्धतिको प्रक्रिया हो । निर्वाचन आयोगको गठनदेखि निर्वाचन आयोगलाई निर्वाचन गराउन सरकारले अनुरोध गरेपछि निर्वाचनको प्रक्रिया आरम्भ हुन्छ । निर्वाचन सम्बन्धी ऐन, नियम तथा कार्यविधि परिमार्जन, निर्वाचनको क्षेत्र निर्धारणका प्रक्रियाहरू अगि बढ्छ । सामान्य बहुमत प्रणालीमा एक निर्वाचन क्षेत्रबाट एक मात्र प्रतिनिधि छानिन्छ भने समानुपातिक मत प्रणालीमा निर्वाचन क्षेत्रलाई बहुलपदीय निर्वाचन क्षेत्रका रूपमा लिइन्छ । निर्वाचन क्षेत्र निर्धारण, निर्वाचन मण्डल गठन, मतदाता नामावली प्रकाशन, मतदाता नामावली संशोधन, उम्मेदवारी मनोनयनपत्र, उम्मेदवारी नाम दर्ता, उम्मेदवारको नाममा संसोधन, उम्मेदवारीको नाम प्रकाशन, चुनाव प्रचार प्रसार अभियान, मतदान र मतगणना तथा परिणामको घोषणा निर्वाचननका प्रक्रियाहरू हुन् । निर्वाचन प्रक्रिया प्रजातान्त्रिक व्यवस्थामा जनतालाई राजनीतिमा सहभागिता गर्ने सामाजिकीकरणको कार्य हो । यसले जनतालाई सामान्य सहभागिता मात्र नगराई राजनीतिक व्यवस्थाप्रति आस्था, विश्वास र आवद्ध हुने आदर्श जगाउँछ । यसैले व्यवस्थाको संरक्षण तथा सुदृढीकरण गर्न र राजनीतिक संस्कृतिको विकास गर्न जनतालाई निर्वाचन प्रक्रियामा सहभागिता गराउनुपर्दछ । यसबाट जनताले आफ्नो प्रतिनिधिमार्फत शासन गर्ने र शासनमाथि नियन्त्रण गर्ने भएकोले निर्वाचन पद्धति नै वर्तमान लोकतान्त्रिक व्यवस्थाको स्तर मापन गर्ने साधनसमेत भएको छ ।

नेपालको वर्तमान संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई अङ्गीकार गरेको छ । सङ्घ, प्रदेश तथा स्थानीय नेपालको शासकीय तहहरू हुन । आम निर्वाचनको प्रक्रियाबाट स्थानीय तहको गाउँपालिका र नगरपालिका, प्रदेश सभा र सङ्घीय संसदका सदस्यहरूको निर्वाचन हुन्छ । नेपालको सङ्घीय व्यवस्थाका तीन तहको निर्वाचन प्रक्रियालाई निम्नानुसार उल्लेख गरिएको छ :

(क) **स्थानीय तहको निर्वाचन प्रक्रिया**

स्थानीय तह भनेको गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समिति हो । गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र नगरपालिकाका प्रमुख र उपप्रमुख तथा वडा अध्यक्ष र वडा सदस्य, जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र सदस्यहरूका लागि हुने निर्वाचनलाई स्थानीय तहको निर्वाचन प्रक्रिया भनिन्छ । यो स्थानीय तह गाउँपालिका तथा नगरपालिकाको निर्वाचन पाँच वर्षका लागि हुन्छ । स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको कार्यकाल समाप्त हुनुभन्दा दुई महिना अगि निर्वाचन आयोगले निर्वाचनको प्रक्रिया सुरु गर्दछ । यदि पदावधि समाप्त नहुँदै स्थानीय तहका निर्वाचित पदाधिकारहरूको पद १ वर्षभन्दा बढी अवधि रिक्त हुने भएमा बाँकी पदावधिको लागि निर्वाचन आयोगले उपनिर्वाचनबाट पूर्ति गर्दछ ।

१. **गाउँपालिका तथा नगरपालिकाको निर्वाचन प्रक्रिया**

गाउँपालिका तथा नगरपालिकाको निर्वाचनमा वालिग मताधिकारको आधारमा प्रत्यक्ष निर्वाचनबाट पहिलो हुने निर्वाचित हुने प्रणालीलाई अपनाइएको छ । जुन निम्नानुसार छन् :

- गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष तथा नगरपालिकाको प्रमुख, उपप्रमुख र वडा अध्यक्षको निर्वाचनमा गोप्य मतदान प्रक्रियाबाट एक व्यक्ति एक मतको आधारमा पहिलो हुने निर्वाचित हुने प्रत्यक्ष प्रणालीअनुसार हुन्छ ।
- गाउँपालिका वा नगरपालिकाको वडा समितिका एकजना दलितसहित दुई महिला वडा सदस्य र अन्य दुई वडा सदस्यको निर्वाचन एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानवाट पहिलो हुने निर्वाचित हुने प्रत्यक्ष प्रणालीअनुसार हुन्छ ।
- गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाको महिला सदस्यका लागि सम्बन्धित गाउँ सभा वा नगर सभाका सदस्यहरूले आफूमध्येबाट सबैभन्दा बढी मत ल्याउने चार जना महिलालाई निर्वाचित गर्ने र नगर कार्यपालिकाको हकमा सबैभन्दा बढी मत प्राप्त गर्ने पाँच जना बढी मत ल्याउने निर्वाचित हुने निर्वाचन प्रणालीको आधारमा गोप्य मतदानद्वारा निर्वाचन गर्ने व्यवस्था छ ।
- गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाका दलित वा अल्पसङ्ख्यक समुदायबाट हुने सदस्यको लागि सम्बन्धित गाउँ सभा वा नगर सभाका सदस्यले गाउँ कार्यपालिकाको हकमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई जना र नगर कार्यपालिकाको हकमा सबैभन्दा बढी मत प्राप्त गर्ने तीन जना बढी मत ल्याउने निर्वाचित हुने निर्वाचन प्रणालीको आधारमा गोप्य मतदानद्वारा निर्वाचन हुन्छन् ।

२. **जिल्ला सभा र जिल्ला समन्वय समितिको निर्वाचन प्रक्रिया**

जिल्लाभित्र गाँउपालिका र नगरपालिकाहरूबिच समन्वय गर्न जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था छ । जिल्लाका सम्पूर्ण नगरपालिकाका प्रमुख र उपप्रमुख तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष जिल्ला सभाको पदेन सदस्य हुन्छन् । गाँउ सभा र नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले तिस दिनभित्र जिल्ला सभाको बैठक बसी जिल्ला समन्वय समितिको निर्वाचन गरिन्छ । जिल्ला समन्वय समितिको निर्वाचन अप्रत्यक्ष निर्वाचन प्रणालीअनुसार हुन्छ । जिल्ला समन्वय समितिको पदावधि पाँच वर्षको हुन्छ । सम्बन्धित गाँउ सभा वा नगर सभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्यको उम्मेदवार हुन्छन् । जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्यमा निर्वाचित भएमा त्यस्तो व्यक्तिको गाँउ सभा वा नगर सभाका सदस्य पद स्वत रिक्त हुन्छ । जिल्ला सभाका सदस्यहरूले आफुमध्येबाट सबभन्दा बढी मत प्राप्त गर्ने वा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसङ्ख्यक समुदायका व्यक्तिसहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्दछ ।

(ख) **प्रादेशिक तहको निर्वाचन प्रक्रिया**

नेपालको सङ्घीय प्रणालीमा सातओटा प्रादेशिक तहहरू रहेका छन् । यो प्रदेश तहको व्यवस्थापिका एक सदनात्मक हुन्छ । प्रदेश तहको व्यवस्थापिकालाई प्रदेश सभा भनिन्छ । प्रदेश सभाको निर्वाचन भूगोल र जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्र कायम गरिएको हुन्छ । प्रदेशको क्षेत्रभित्र बसोवास गर्ने १८ वर्ष उमेर पूरा भएका प्रत्येक नेपाली नागरिकहरूलाई मतदान गर्ने अधिकार हुन्छ । नेपालमा प्रदेश सभाको निर्वाचन वालिक मताधिकारको आधारमा गोप्य मतदानबाट हुन्छ । संविधानबमोजिम अगावै विघटन भएकोमा बाहेक प्रदेश सभाको कार्यकाल पाँच वर्षको हुन्छ तर सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश लागु भएमा एक वर्षमा नबढ्ने गरी कार्यकाल थप हुन्छ । प्रदेश सभाको सदस्यको कार्यकाल छ महिनाभन्दा बढी अवधि रिक्त हुने भएमा उपनिर्वाचनद्वारा पूर्ति गरिने व्यवस्था रहेको छ ।

प्रादेशिक तहको निर्वाचन प्रक्रियामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम प्रत्यक्ष निर्वाचन प्रणाली र जनताको मतको अधारमा निर्वाचित भएर प्रतिनिधिहरूको छनोट हुने समानुपातिक निर्वाचन प्रणाली गरी मिश्रित निर्वाचन प्रणाली अपनाइएको छ । प्रतिनिधिसभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम प्रत्यक्षतर्फबाट जति सङ्ख्यामा निर्वाचित हुन्छन् त्यसको दोब्बर सङ्ख्यामा प्रदेश सभाका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम प्रत्यक्षतर्फबाट निर्वाचित हुने व्यवस्था गरेको छ । प्रतिनिधिसभामा समानुपातिकका लागि जति सदस्य सङ्ख्या निर्धारण गरिएको छ । त्यसको दोब्बर सङ्ख्यामा प्रदेश सभामा समानुपातिकका लागि सदस्यको सिट निर्धारण गरिएको छ । यसरी प्रदेश सभामा निर्धारण गरेको सिट सङ्ख्यालाई प्रत्यक्ष निर्वाचनबाट निर्वाचित हुने सङ्ख्यालाई साठी प्रतिशत मानी बाँकी चालिस प्रतिशत सात प्रदेशमा त्यही अनुपातमा विभाजन गरी समानुपातिकको सिट सङ्ख्या निर्धारण गरिएको छ ।

(क) **पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली**

यस निर्वाचन प्रणालिमा निर्वाचनमा उठेका उमेदवारहरूमध्ये आफुलाई उपयुक्त लागेको वा विश्वास लागेको उम्मेदवारहरूलाई गोप्य रूपमा मत दिने गर्दछन् र मतदानमा सबभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारलाई विजय घोषित गरिन्छ । यस्तो निर्वाचन प्रणालिलाई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम प्रत्यक्ष निर्वाचन प्रणाली भनिन्छ । नेपालको प्रदेश सभाको निर्वाचन १८ वर्ष उमेर पुरा भएका प्रदेशको क्षेत्रभित्र मतदाता नामावलीमा नाम समावेश भएका मतदाताहरूले एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार प्रदेश सभाको सदस्यमा निर्वाचित हुनेछ । नेपालमा प्रदेश न. १ मा ५६ जना, प्रदेश न. २ मा ६४ जना, प्रदेश न. ३ मा ६६ जना, प्रदेश न. ४ मा ३६ जना, प्रदेश न. ५ मा ५२ जना, प्रदेश न. ६ मा २४ जना, प्रदेश न. ७ मा ३२ जना गरी ७ प्रदेशमा जम्मा ३३० जना सदस्यका लागि यस्तो निर्वाचन प्रणाली अपनाइएको छ । यसरी प्रदेश सभाको

साठी प्रतिशत सदस्यहरू मात्र यस निर्वाचन प्रणालीबाट निर्वाचित हुन्छन् ।

(ख) **समानुपातिक निर्वाचन प्रणाली**

समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत एक प्रदेशभित्रको सम्पूर्ण क्षेत्रलाई एक निर्वाचन क्षेत्र मानी राजनितिक दललाई मत दिने र प्रत्येक दलले प्राप्त गरेको कुल मत सङ्ख्याको अनुपातमा त्यस्तो दलको तर्फबाट समानुपातिकको सूचीमा रहेको उम्मेदवार प्रदेश सभाको सदस्यमा निर्वाचित हुनेछन् । समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रदेश सभाको निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिदाँ जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसङ्ख्यक समुदायसमेतबाट बन्द सूचीका आधारमा सङ्घीय कानुनबमोजिम प्रतिनिधित्व हुने व्यवस्था गरिएको छ । त्यसरी उम्मेदवारी दिँदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनुपर्नेछ । यसरी हुने निर्वाचन प्रणालीबाट नेपालमा ७ प्रदेशका लागि जम्मा २२० सदस्यहरू निर्वाचित हुन्छन् । यसरी प्रदेश सभाको ४० प्रतिशत सदस्यहरू समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था गरिएको छ । प्रत्येक राजनीतिक दलबाट प्रदेश सभामा प्रतिनिधित्व गर्ने कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ सदस्य महिला नभएमा समानुपातिकबाट एक तिहाई महिला सदस्य हुने गरी निर्वाचित गर्नुपर्ने छ । प्रदेश सभामा प्रत्यक्ष तथा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्य सङ्ख्या निम्न तालिकामा उल्लेख गरिएको छ,

**७ प्रदेश सभामा निर्वाचित सदस्यहरूको सङ्ख्या**

| प्रदेश | प्रत्यक्ष | समानुपतिक | जम्मा |
|---|---|---|---|
| प्रदेश १ | ५६ | ३७ | ९३ |
| प्रदेश २ | ६४ | ४३ | १०७ |
| प्रदेश ३ | ६६ | ४४ | ११० |
| गण्डकी प्रदेश | ३६ | २४ | ६० |
| प्रदेश ५ | ५२ | ३५ | ८७ |
| कर्णाली प्रदेश | २४ | १६ | ४० |
| सुदूर पश्चिम प्रदेश | ३२ | २१ | ५३ |
| जम्मा | ३३० | २२० | ५५० |

स्रोत : निर्वाचन आयोग, २०७४ ।

(ग) **सङ्घीय तहको निर्वाचन प्रक्रिया**

नेपालमा सङ्घीय व्यवस्थापिका प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदानात्मक हुन्छ । सङ्घीय तहको निर्वाचन प्रक्रिया पनि प्रादेश सभाको जस्तै प्रत्यक्ष निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन

प्रणाली गरी मिश्रित निर्वाचन प्रणाली नै अपनाइएको छ । नेपाललाई भूगोल र जनसङ्ख्याको आधारमा एक सय पैसठ्ठी निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एकजना रहने गरी पहिलो हुने नर्वाचित हुने प्रत्यक्ष निर्वाचन प्रणाली र सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीबमोजिम सङ्घीय व्यवस्थापिकाका सदस्यहरूको निर्वाचन गरिन्छ । नेपालमा सङ्घीय तहको निर्वाचन प्रक्रियालाई अध्ययन गर्न प्रतिनिधि सभा र राष्ट्रिय सभाको निर्वाचन प्रक्रियाको अध्ययन गर्नुपर्दछ ।

१. **प्रतिनिधि सभाको निर्वाचन प्रक्रिया**

नेपालको संविधानबमोजिम प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट एक सय पैसठ्ठी सदस्य र समानुपातिक निर्वाचन प्रणालीबाट एकसय दश सदस्य गरी जम्मा दुई सय पचहत्तर सदस्यहरू निर्वाचित हुन्छन् । प्रतिनिधि सभाको कार्यकाल अगावै विघटन भएकोमा बाहेक पाँच वर्षको हुनेछ । सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश लागु रहेको अवस्थामा एक वर्षमा नबढ्ने गरी कार्यकाल थप गर्न सकिनेछ र सङ्कटकालीन अवस्थाको घोषणा वा आदेश खारेज भएको मितिले छ महीना पुगेपछि स्वत: समाप्त हुनेछ । प्रतिनिधि सभाको कार्यकाल छ महिनाभन्दा बढी अवधि बाँकी छँदै कुनै सदस्यको स्थान रिक्त भएमा त्यस्तो स्थान उपनिर्वाचन गरिने छ । एउटै व्यक्ति एकभन्दा बढी निर्वाचन क्षेत्रमा एकै पटक उमेदवार हुन पाउने छैनन् । नेपालको प्रतिनिधि सभाको निर्वाचन प्रक्रिया यस प्रकार छन् :

(क) **पहिलो हुने निर्वाचित हुने निर्वाचन**

प्रतिनिधि सभाको एकसय पैसठ्ठी सदस्यहरूको निर्वाचनको लागि प्रत्येक निर्वाचन क्षेत्रबाट एक जनाको दरले प्रतिनिधि छनोट गर्न निर्वाचन क्षेत्रभित्र बसोवास गर्ने १८ वर्ष उमेर पूरा भएका निर्वाचन क्षेत्रभित्रको मतदाता नामावलीमा नाम समावेश भएका वालिग मतदाताहरूले एक व्यक्ति एक मतको आधारमा गोप्य मतदान गर्दछन् । यसरी प्रत्येक निर्वाचन क्षेत्रबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली प्रत्यक्ष निर्वाचनबाट प्राप्त गोप्य मतदानको गणना गर्दा सबैभन्दा बढी मत प्राप्त गर्ने एक/एक जना उम्मेदवार प्रतिनिधि सभाको सदस्यमा निर्वाचित हुने व्यवस्था छ ।

(ख) **समानुपातिक निर्वाचन**

प्रतिनिधि सभाको एकसय दश सदस्यहरू समानुपातिक निर्वाचन प्रणालीबाट प्रतिनिधित्व गर्दछन् । समानुपातिक निर्वाचन प्रणालीमा सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी दललाई मत दिने र प्रत्येक दलले प्राप्त गरेको कुल मत सङ्ख्याको अनुपातमा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार प्रतिनिधि सभाको सदस्यमा निर्वाचित हुनेछन् । समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि प्रत्येक राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला ३३

प्रतिशत, दलित १३.८ प्रतिशत, आदिवासी जनजाति २८.७ प्रतिशत, खस आर्य ३१.२ प्रतिशत, मधेसी १५.३ प्रतिशत, थारू ६.६ प्रतिशत, मुस्लिम ४.४ प्रतिशत पिछडिएको क्षेत्र र अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व हुने गरी उम्मेदवारको नाम तयार गरी निर्वाचन आयोगमा बन्दसूची पेस गर्नुपर्ने छ । कुन दलबाट कति जनाको प्रतिनिधित्व हुने भन्ने सम्बन्धमा सबै राजनीतिक दलले प्राप्त गरेको सदर मतलाई समानुपातिक सदस्यका लागि तोकिएको कोटाले भाग गरी निकालिन्छ । यसरी समानुपातिक निर्वाचन प्रणालीमा राजनितिक दलले प्राप्त गरेको मतको आधारमा बन्द सूचीमा नाम भएका उम्मेदवारहरूबाट प्रतिनिधित्व गर्नेछन् ।

२. **राष्ट्रिय सभाको निर्वाचन प्रक्रिया**

नेपालको राष्ट्रिय सभा ५९ जना सदस्य भएको एक स्थायी सदन हो । जसमा प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यकसहित ८ जनाको दरले जम्मा ५६ जना निर्वाचित सदस्य र कम्तीमा एक जना महिलासहित ३ जना नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत सदस्यहरू रहन्छन् । यसमा सदस्यहरूको पदावधि छ वर्षको हुनेछ र एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुने छ । यसरी राष्ट्रिय सभाको रिक्त हुन आउने स्थानको पूर्ति जुन तरीकाले प्रतिनिधित्व गरेको सदस्यको स्थान रिक्त भएको हो सोही तरिकाले बाँकी अवधिका लागि छनोट गरिनेछ । ५६ जना सदस्यहरूको निर्वाचन प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखले दिएको मतको आधारमा एकल सङ्क्रमणीय मत प्रणालीबाट निर्वाचित हुन्छन् । प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतको भार फरक हुने छ । मतभार निकाल्ने तरिका यस प्रकार छन् :

जस्तै : प्रदेश सभाको मतको भार निकाल्न सातओटै प्रदेशका सदस्यहरू गुणा १००० गरी नेपालको कुल जनसङ्ख्यालाई भाग गर्दा प्राप्त भागफल नै एक जना सदस्यको मतभार हुन आउँछ । जस्तै : नेपालको जनसङ्ख्या वि. सं. २०६८ सालको जनगणनाअनुसर २,६४,९४,५०४ लाई ७ ओटै प्रदेशका जम्मा सदस्य सङ्ख्या ५५० गुणा १००० गर्दा हुन आउने ५,५०,००० ले भाग गर्दा प्राप्त भागफल ४८ हुन आउँछ । त्यही नै प्रदेश सभाको एकजना सदस्यको मतभार हो। यसरी नै गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको पनि मतभार निकालिन्छ । यसरी मत गणना गर्दा सम्बन्धित प्रदेशका सदस्यले दिएको मत र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखले दिएको मत छुट्टाछुट्टै गणना गर्नुपर्नेछ । एकल सङ्क्रमणीय मत प्रणालीअनुसार मतदान भएका उम्मेदवारहरू मतकोटाका आधारमा निर्वाचित हुन्छन् ।

## अभ्यास

१. **अति छोटो उत्तर दिनुहोस् :**

(क) स्थानीय तहका पदाधिकारी कति वर्षका लागि निर्वाचित हुन्छन् ?

(ख) कुनै व्यक्ति स्थानीय निकायको उम्मेदवार हुन कति वर्ष उमेर पूरा भएको हुनुपर्दछ ?

(ग) प्रदेश सभामा कति प्रतिशत सदस्यहरू समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुन्छन् ?

२. **छोटो उत्तर दिनुहोस् :**

(क) स्थानीय निकायमा कति जना दलित प्रतिनिधिको प्रतिनिधित्व हुन्छ ? तपाईँ बसोवास गरेको वडाबाट निर्वाचित दलित प्रतिनिधिको नाम उल्लेख गर्नुहोस् ।

(ख) वडा समितिको गठन प्रक्रिया उल्लेख गर्नुहोस् ।

(ग) स्थानीय निकायको निर्वाचनमा भाग लिने उम्मेदवारको योग्यताको सूची बनाउनोस् ।

(घ) जिल्ला समन्वय समितिको निर्वाचन कसरी गरिन्छ ? उल्लेख गर्नुहोस् ।

३. **लामो उत्तर दिनुहोस् :**

(क) नेपालमा प्रतिनिधि सभाको निर्वाचन प्रक्रिया उल्लेख गर्दै विदेशमा रहनुभएका आफ्ना साथीलाई इमेल लेख्नुहोस् ।

■■■

# लोकतन्त्र र मानव अधिकार

एकाइ ७

## पाठ - १ लोकतन्त्र

### लोकतन्त्रको अर्थ र परिभाषा

सामान्यत: अङ्ग्रेजी भाषा Democracy शब्दको रूपान्तरण प्रजातन्त्र, लोकतन्त्र, जनतन्त्र र गणतन्त्र आदि शब्दहरूको प्रयोग गर्ने गरिन्छ । Democracy शब्द ग्रिक भाषाको डेमोस (Demos) र क्रेसिया (Kratia) मिलेर बनेको हो । Demos को अर्थ जनता र Kratia को अर्थ शासन हो । त्यसैले शाब्दिक रूपमा लोकतन्त्रको अर्थ जनताको शासन भन्ने हुन्छ । अर्को अर्थमा 'लोक' भनेको जनता र 'तन्त्र' भनेको शासन हो । लोकतन्त्रमा सर्वोच्च सत्ता जनताको हातमा हुन्छ । शासनमा जनताको हिस्सेदारी र बहुसङ्ख्यक जनताको प्रतिनिधिले शासन गर्ने व्यवस्थालाई लोकतन्त्र भनिन्छ । लोकतन्त्र मानव हितको सिद्धान्तमा आधारित हुन्छ । नेपाली बृहत् शब्दकोषअनुसार जनताद्वारा चुनिएका प्रतिनिधिहरूका हातमा शासन सत्ता र नीति निर्धारण गर्ने अधिकार हुने शासन पद्धति लोकतन्त्र हो । लोकतन्त्र भनेको के हो भन्ने सम्वन्धमा विभिन्न विद्धानहरूले व्यक्त गरेको परिभाषा यस प्रकार छन् ।

अब्राहम लिङ्कन (Abraham Lincoin) को भनाइ अनुसार "लोकतन्त्र जनताको, जनताका लागि र जनताद्वारा गरिने शासन हो" (Democracy is a government of the People, for the People and by the People) ।

डायसी (Dicey) का अनुसार "लोकतन्त्र त्यो शासन व्यवस्था हो, जसमा जनताको बहुसङ्ख्यक भागले शासन गर्दछन्" (Democracy is that from of government in which the governing body is coparatively a large fraction of the entire nation) ।

लर्ड ब्राइस (Dicey) का अनुसार- "लोकतन्त्र शासनको त्यो रूप हो, जसमा राज्यको शासन शक्ति वैधानिकरूपले कुनै विशेष वर्ग वा वर्गहरूमा निहित नभई सम्पूर्ण समाजका सदस्यहरूमा निहित हुन्छ" (Democracy is that form of government in which the ruling power of the state is vested not in a particular class or classes but in the members of the community as a whole) ।

सिले (Seeley) का अनुसार "लोकतन्त्र त्यो शासन व्यवस्था हो, जसमा प्रत्येक व्यक्तिको हिस्सेदारी हुन्छ" (Democracy is a government in which everyone has a share) ।

उपर्युक्त परिभाषाहरूले के पुष्टि गर्दछ भने लोकतन्त्र भनेको शासनको त्यो स्वरूप हो, जसमा देशका

जनताले राजकीय सत्ता र सार्वभौम सत्ता आफैले सञ्चालन गर्दछन् । जनताको इच्छा र आकाङ्क्षाअनुसार शासन सत्तामा आफ्ना प्रतिनिधिहरूले सम्पूर्ण जनताको हितको निमित्त कार्य गर्ने शासन व्यवस्था भनेको लोकतान्त्रिक शासन व्यवस्था हो । त्यसैले राज्यको शासनमा प्रत्येक व्यक्तिको सामान्य इच्छाहरूको प्रतिनिधित्व भएको हुन्छ । लोकतन्त्रमा विशेष अधिकारहरू प्राप्त गर्ने कुनै वर्ग र समुदाय हुँदैन । जनताको प्रत्यक्ष निगरानीमा जनप्रतिनिधिहरूद्वारा गरिने शासन नै लोकतन्त्र हो भन्ने मत अधिकांश लोकतन्त्रका विद्धानहरूको रहेको छ । छोटकरीमा भन्दा, लोकतन्त्रमा जनताको स्वतन्त्रता, समानता तथा भातृत्वमा आधारित शासन व्यवस्था सञ्चालन हुन्छ । त्यसैले यो उत्कृष्ट शासन हो भन्न सकिन्छ । लोकतन्त्रलाई हेर्दा जनताको सहभागिता, जनताको सहभागितामा निर्मित लोकतान्त्रिक मान्यता, कानुनको शासन, मानव अधिकार र मौलिक हकको उचित व्यवस्था, बहुलवाद, शक्तिको पृथकीकरण, स्वशासन, राजनीतिक दल, स्वतन्त्र र निष्पक्ष आवधिक निर्वाचन र स्वतन्त्र न्यायपालिका र शान्तिपूर्ण तरिकाले सत्ता परिवर्तन गर्न सक्ने सार्वभौम लोकतान्त्रिक विधि र प्रक्रियाजस्ता असल गुणहरूसमेत लोकतन्त्रमा हुन्छ ।

## अभ्यास

१. अति छोटो उत्तर दिनुहोस् :

(क) प्रजातन्त्र भनेको के हो एक वाक्यमा लेख्नुहोस् ।

(ख) लर्ड ब्राइसकाअनुसार प्रजातन्त्र कहाँ निहित हुन्छ ?

(ग) प्रजातन्त्रका तीन आधारहरू के के हुन् ?

२. छोटो उत्तर दिनुहोस् :

(क) लोकतन्त्रका सम्बन्धमा छोटो टिप्पणी लेख्नुहोस् ।

(ख) अब्राहम लिङ्कनको प्रजातन्त्रको परिभाषाको भावार्थ उल्लेख गर्नुहोस् ।

(ग) प्रजातन्त्रमा सम्प्रभुता शक्ति कहाँ रहेको हुन्छ ? उल्लेख गर्नुहोस् ।

३. लामो उत्तर दिनुहोस् :

(क) प्रजातन्त्र भनेको प्रत्येक व्यक्तिको राज्यको शासनमा सहभागिता हो भन्ने भनाइलाई पुष्टि गर्नुहोस् ।

■■■

# पाठ - २ लोकतन्त्रको महत्त्व र आवश्यकता

## लोकतन्त्रको महत्त्व

लोकतन्त्र वास्तवमा समुन्नत व्यवस्था हो । लोकतन्त्रको प्रमुख उद्देश्य राज्यभन्दा नागरिकलाई बलियो बनाउन व्यक्तिगत स्वतन्त्रता, आत्मसम्मान र उसको प्रतिष्ठाको रक्षा गर्नु राज्यको कर्तव्य हो । लोकतान्त्रिक शासन प्रणालीमा नागरिकका हरेक प्रकारका व्यक्तिगत स्वतन्त्रताको संवर्धन र सुनिश्चिता गर्ने भएकाले लोकतन्त्रको महत्त्व रहेको छ । लोकतन्त्रमा व्यक्तिको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक शैक्षिक आदि पक्षको विकास हुन्छ । यो सामाजिक न्यायमा आधारित शासन पद्धति भएकाले लोकतन्त्रको महत्त्व रहेको छ । लोकतन्त्रमा जनतालाई राज्यको प्रमुख शक्तिको स्रोत मानिन्छ । शासन व्यवस्था सञ्चालन गर्न शक्ति चाहिन्छ । निर्वाचन शक्ति आर्जनको एक प्रबल माध्यम हो । जनता आफैँ आफ्ना प्रतिनिधिहरूको निर्वाचन गरी तिनै प्रतिनिधिहरू सम्मिलित सरकार गठन गर्दछन् । गठित सरकार जनउत्तरदायी सरकार हुने र जनइच्छाका आधारमा कानुनको शासन सञ्चालन गर्ने भएकाले जनता र जनप्रतिनिधिहरूबिच घनिष्ट सम्बन्ध रहेको हुन्छ । नागरिकहरूमा त्याग, सेवा, सहिष्णुता, भ्रातृत्व, सहानुभूति जस्ता सार्वजनिक कार्यहरूमा बढीभन्दा बढी सक्रिय सहभागी हुने भावनाको विकास लोकतन्त्रमा हुन्छ । शासनमा जनसहभागिता, विकासमा जनसहभागिता, नीति निर्माणमा जनसहभागिता लोकतन्त्रका सुन्दर विशेषता हुन् । लोकतन्त्रको महत्त्वका कारण नेपाली जनताले विभिन्न कालखण्डमा रहेका शासकहरूको विरुद्धमा पटक पटक सङ्घर्ष, वलिदान गरी प्राप्त गरेको हालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली हो ।

## लोकतन्त्रको आवश्यकता

लोकतन्त्र र जनप्रतिनिधि शासन, आत्मनिर्णयको अधिकार सुनिश्चित गर्ने प्रणाली हो । लोकतन्त्र संसारको सबैभन्दा उत्तम व्यवस्थाको रूप हो । लोकतन्त्रमा समुदायका सबै व्यक्ति राजनीतिक प्रक्रियामा सहभागी हुन्छन् । लोकतन्त्रको आधार भनेको मानव अधिकार र सुशासन हो । देशको हरेक सङ्घसंस्थाहरू बलियो हुनु जनताको राजनीतिक सहभागितामा अभिरुचि बढ्नु नै लोकतन्त्रको संस्थागत विकास हो । लोकतान्त्रिक शासन व्यवस्थामा नागरिकले स्वतन्त्रतापूवर्क घुमफिर गर्ने, इच्छअनुसारको स्वतन्त्र पेसा व्यवसाय गर्नेलगायतका अवसरहरू प्राप्त गर्दछ । लोकतन्त्रको आधार निर्वाचन भएकाले जनता आफूले रुचाएको जनप्रतिनिधिको छनोट गर्न स्वतन्त्र रहन्छन् । त्यसैले लोकतन्त्रको आधार आवधिक निर्वाचनलाई मानिन्छ। निर्वाचनविना लोकतन्त्र जीवन्त रहन सक्दैन । त्यसैले स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचन लोकतन्त्रको आधार स्तम्भ हुन् । नेपालको संविधानको प्रस्तावनामा जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार,

आवधिक निर्वाचनलगायत लोकतान्त्रिक मूल्यमान्यतामा आधारित सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने लक्ष्य रहेको देखिँदा राष्ट्रको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षाा पुरा गर्न पनि लोकतन्त्रको आवश्यकता पर्दछ । लोकतन्त्रमा विभिन्न क्षेत्र, लिङ्ग, समुदाय, पिछडिएका वर्ग र अल्पसङ्ख्यक समुदायहरूको प्रतिनिधित्व गर्न लोकतन्त्रको आवश्यकता पर्दछ । यस्तै प्रजातन्त्रिक विधि प्रक्रियाबाट राज्य व्यवस्था सञ्चालन गर्न विभिन्न समुदायका विषय विज्ञहरूलाई समेटनका लागि लोकतन्त्रको आवश्यकता पर्दछ ।

## अभ्यास

१. **अति छोटो उत्तर दिनुहोस् :**

(क) लोकतन्त्रको कुनै एक महत्त्व लेख्नुहोस् ।

(ख) प्रजातन्त्रको स्थायित्वको लागि कुन संस्था बलियो हुनुपर्दछ ?

(ग) प्रजातन्त्रका तीन आधारभूत कुराहरू के के हुन ? उल्लेख गर्नुहोस् ।

(घ) प्रजातन्त्रमा प्रत्येक व्यक्तिलाई कस्तो अवसर प्राप्त हुन्छ ?

२. **छोटो उत्तर दिनुहोस् :**

(क) प्रजातन्त्र किन आवश्यक छ ? कुनै चारओटा कारणहरू दिनुहोस् ।

(ख) कार्यमूलक प्रजातन्त्रको परिचय दिनुहोस् ।

(ग) प्रजातन्त्रले नागरिकलाई प्रदान गर्ने अवसरहरू उल्लेख गर्नुहोस् ।

(घ) प्रजातन्त्रका कुनै पाँच विशेषता उल्लेख गर्नुहोस् ।

(ङ) प्रजातन्त्रको आवश्यकता किन पर्दछ ? कुनै चारओटा बुँदामा लेख्नुहोस् ।

(च) प्रजातन्त्रको मूल्य र मान्यतालाई उल्लेख गर्नुहोस् ।

३. **लामो उत्तर दिनुहोस् :**

(क) प्रजातन्त्रमा बहुमत र अल्पमत दुवैको समान रूपमा कदर हुन्छ भन्ने बारेमा एक सय शब्दमा नघटाई विवेचना गर्नुहोस् ।

■■■

# पाठ – ३ नेपालमा लोकतन्त्रको विकासका लागि भएका प्रयासहरू (२००७ देखि हालसम्म)

आधुनिक लोकतन्त्रको विकास युरोपबाट भएको हो । लोकतन्त्रका दुईधारहरू उदारवादी लोकतन्त्र र समाजवादी लोकतन्त्र हो । पहिलो लोकतन्त्र बेलायतबाट अमेरिका हुँदै भारतको बाटो भएर नेपालमा प्रवेश गर्‍यो भने दोस्रो सोभियत सङ्घ हुँदै पूर्वी युरोपको बाटो भई चीन र भारतको राजनीतिको प्रभावमा नेपालमा लोकतन्त्रको विकास र बिस्तार भएको हो । आजको लोकतन्त्र कुनै एक वाद र विचारमा सीमित नभई मिश्रितरूपमा अगाडि बढेको छ । लोकतन्त्र अधिकार, मूल्य र मान्यताजस्ता गुणमा आधारित भएको उत्तम व्यवस्था हो । आधुनिक नेपालको निर्माणसँगै नेपालमा लोकतन्त्रका लागि नेपाली जनताले २००७ सालमा निरङ्कुश जहानिया राणा शासन बिरुद्धमा पहिलो आन्दोलन गरे । यो आन्दोलनले लामो हुकुमी राणा शासनको अन्त्य गर्‍यो । तसर्थ नेपालमा लोकतन्त्रको विकासक्रमलाई हेर्दा २००७ सालदेखि २०६२/०६३ को जनआन्दोलनसम्मको अवधिमा नेपाली जनताले केन्द्रीकृत राजतन्त्रात्मक शासन व्यवस्थाको अन्त र लोकतन्त्रको स्थापना गर्ने प्रयासहरू जारी राखेका थिए । लोकतन्त्रको विकासका मुख्य प्रयासहरूलाई निम्नानुसार अध्ययन गरौँ ।

### (१) २००७ साल पूर्व भएको लोकतन्त्रको प्रयास

निरङ्कुश एकतन्त्रीय जहानीयाँ राणा शासनका बिरुद्धको पहिलो सङ्गठित रूप 'प्रचण्ड गोर्खा' (१९८८) थियो भने नेपालको पहिलो राजनीतिक दल प्रजापरिषद् (१९९३) थियो । टंकप्रसाद आचार्य, दशरथ चन्द, धर्मभक्त माथेमा, गंगालाल, रामहरि शर्मा (जीवराम शर्मा) प्रजा परिषद्का संस्थापक सदस्यहरू थिए । राणा शासनको अन्त र प्रजातन्त्रको स्थापनाका लागि सङ्घर्ष गर्दा तत्कालीन राणा सरकारले वि.सं. १९९७ सालमा दशरथ चन्द, धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ, शुक्रराज शास्त्रीलाई मृत्यु दण्ड दियो । तर नेपाली जनताले राणा विरोधी गतिविधिलाई छोडेनन् । वि.सं. २००३ सालमा नेपाली राष्ट्रिय काङ्ग्रेस र वि.सं. २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापनाले राणा विरोधी आन्दोलनलाई झन गति दियो । वि.सं. २००४ सालमा विद्यार्थीसमेतले तीनधारा पाठशाला अगाडि 'जयतु संस्कृतम्' को नारा लगाउँदै संस्कृत पाठ्यक्रममा आधुनिक विषय राख्न र प्रजातन्त्रको माग गर्दै आन्दोलनको सुरुआत गरे । यो आन्दोलन नेपालको इतिहासमा नेपाली विद्यार्थीले गरेको शासक विरुद्धको पहिलो विद्रोह थियो । देशमा भएको राणा विरोधी आन्दोलनले राजनीतिक सुधार गर्ने नाममा नेपाल सरकारको वैधानिक कानुन, वि.सं. २००४ मा घोषणा गरे । तर पनि राणा विरोधी आन्दोलनहरू रोकिएन । यसरी नेपालको राजनीतिक शासन व्यवस्थामा नेपाली जनताले एकतन्त्रीय निरङ्कुश राणा शासनको अन्त गरी लोकतान्त्रिक शासन व्यवस्थाको स्थापन गर्ने प्रयासहरूलाई एकपछि अर्को तरिकाहरू अपनाई रहेका थिए ।

(२) **वि.सं. २००७ सालको क्रान्ति**

जङ्गबहादुरले राजालाई अधिकार विहीन बनाई शासनको वागडोर आफै लिने र आफ्नै परिवारमा प्रधानमन्त्रीको रोलक्रम रही शक्ति र सम्पत्तिको सर्वेसर्वा हुने व्यवस्थाले राजा र राणा परिवारभित्र शक्तिको टकराव भैरहेको थियो । यस्तो स्थितिमा प्रजातन्त्र स्थापनाको लागि बोल्नु, सङ्गठित हुनु कल्पना बाहिर थियो । जनताले राणा शासन बिरुद्ध बोल्ने र विरोध प्रदर्शन गर्नसक्ने अवस्था थिएन । देशमा प्रजातन्त्रको स्थापनाका लागि 'प्रचण्ड गोर्खा' नामक दलले सङ्गठित रूपमा निरङ्कुश जहानियाँ राणा शासनको अन्त गरी राजाको नायकत्वमा प्रजातान्त्रिक शासन व्यवस्था स्थापना गर्ने लक्ष्य रहेको थियो । पुस्तकालय पर्व, चर्खा प्रचार आन्दोलन, महावीर स्कुल, नागरिक अधिकार समिति आदि राणा शासनको अन्त गर्न विरोध आन्दोलन र प्रजातन्त्रको जनचेतना जगाउने कार्यक्रमहरू थिए । त्यस्तै राणा विरोधी आन्दोलनमा नेपाली काङ्ग्रेस पार्टीको देशभर राणा शासन विरुद्ध सशस्त्र विद्रोह सुरु गर्‍यो । नेपाली काङ्ग्रेसका मातृकाप्रसाद कोइराला र विश्वेश्वरप्रसाद कोइरालाले यसको नेतृत्व गरे । राणा विरोधी आन्दोलनमा धरपकड गर्ने, बन्द गर्ने र आन्दोलनका नेतृत्वलाई फाँसी दिने कार्यमा राणाहरू अग्रसर भइरहेका थिए । राणा शासन अन्त्यका लागि राजा त्रिभुवन प्रजा परिषद्सँग नजिक भएर सहयोग गरिरहेका थिए । वि.सं. २००७ कात्तिक २१ गते राजा त्रिभुवन राणाहरूको ज्यादतिलाई हटाउनका लागि परिवारसहित भारतीय राजदुतावासमा शरण लिन वि.सं. २००७ साल कार्तिक २७ गते नाबालक ज्ञानेन्द्रलाई छाडेर राजपरिवार जहाजबाट दिल्ली प्रस्थान गरे । तर ३ वर्षका नाबालक नाती ज्ञानेन्द्र छुटेकाले राजकुमार ज्ञानेन्द्रलाई हनुमानढोका दरबारमा ल्याई नेपालको राजाको रूपमा श्रीपेच लगाइयो । तर नयाँ राजा नियुक्त गरेको विरोधमा देशभर प्रदर्शन भए । नयाँ राजा घोषणा गरेको १५ दिनमा भारतीय प्रधानमन्त्री नेहरूले त्यसलाई मान्यता दिन सकिँदैन भनी घोषण गरे । नेपाली काङ्ग्रेसले राणा विरोधी सशस्त्र क्रान्ति सुरु गरी देशका विभिन्न भागहरूमा जनचेतना फैलाउने र राणा समर्थकहरूलाई कारवाही गर्‍यो । अन्ततः राजा त्रिभुवन, राणा पक्ष र नेपाली काङ्ग्रेसबिच अन्तरिम सरकार गठन गर्ने त्रिपक्षीय सम्झौतापछि राजा त्रिभुवन सपरिवार वि.सं. २००७ साल फागुन ४ गते नेपाल फर्किए । यसरी नेपालमा लोकतन्त्रका लागि नेपाली जनता, राजा र राजनीतिक दलहरूको निरन्तर प्रयासले १०४ वर्से राणा शासनको अन्त्य हुन गयो । नेपालको राजनीतिक इतिहासमा २००७ सालको ऐतिहासिक प्रजातान्त्रिक आन्दोलन नेपाली जनताले गरेको युगान्तकारी क्रान्ति थियो ।

(३) **प्रजातान्त्रिक लागि भएको प्रयास (वि.सं.२००७–२०१५)**

वि.सं. २००७ फाल्गुन ७ गते शाही घोषणा गर्दै देशमा प्रजातन्त्रको स्थापना, संयुक्त मन्त्रीमण्डलको गठन र जनताद्धारा छानिएका सदस्य रहेको संविधान सभाले स्थायी संविधान बनाउने र उक्त संविधानद्वारा शासन सञ्चालन गर्ने कुरा उल्लेख भएको थियो । साथै स्थायी संविधान नबनेसम्म देशको शासन कानुनी रूपमा प्रजातान्त्रिक तरिकाद्वारा नै चलोस् भनी नेपाल अन्तरिम शासन विधायन २००७ जारी भयो ।

कार्यपालिका, व्यवस्थापिका, न्यायपालिकाको साथै संवैधानिक अङ्गको व्यवस्था र जनताको मौलिक हक समेतको व्यवस्थासँगै राजाको नेतृत्वमा शासन सञ्चालन गरियो। तर राजनीतिक पार्टीहरूको खिचातानी र राजाको शक्तिको बागडोर आफ्नै हातमा लिने प्रयासका कारण जनआकाङ्क्षाा अनुरूप प्रजातन्त्रअगि बढ्न सकेन । अन्ततः नेपाल अधिराज्यको संविधान, २०१५ जारी गरियो। संविधानको आधारमा २०१५ साल फाल्गुन ७ गते देशभर आम निर्वाचन भयो । यसले दुई सदानात्मक व्यवस्थापिका, संवैधानिक सर्वोच्चता, राजतन्त्र र प्रजातन्त्रको समन्वय, संविधानको स्रोत राजा र मौलिक हकको व्यवस्था गऱ्यो । यस संविधानअनुसार दुई तिहाइ मत ल्याई विजयी भएको नेपाली काङ्ग्रेसका वी.पी. कोइरालाको नेतृत्वमा सरकार गठन भयो । यो सरकार २०१७ साल पुष १ गतेसम्म कायम रहयो । यसरी नेपालको प्रजातान्त्रिक आन्दोलन स्वरूप आएको प्रजातान्त्रिक सरकारलाई राजा महेन्द्रको बढी महत्त्वाकाङ्क्षीले सेनाको बलमा निर्वाचित सरकारलाई विघटन गरे । जननिर्वाचत सरकारलाई १८ महिना मै अपदस्त गरे पनि नेपाली जनताले प्रजातन्त्रको आन्दोलनलाई अझ सशक्त रूपमा अगाडि वढाए ।

(४) **प्रजातान्त्रिक आन्दोलनका सशक्त काल** (२०१७-२०४६)

वि.स. २०१९ सालमा नेपालको संविधान २०१९ लागु गरी नेपाललाई हिन्दु अधिराज्यको रूपमा घोषणा, संविधानको स्रोत राजा, एक सदनात्मक व्यवस्थापिका तथा एकात्मक शासन व्यवस्था कायम गरी ३० वर्ष अर्थात २०४६ सम्म दलविहीन पञ्चायती व्यवस्था कायम रहयो । यस अवधिमा पञ्चायत इतरका राजनीतिक दलका विचारधारालाई कुनै स्थान दिइएन । राजनीतिक दलका विचारधारालाई प्रतिवन्धित गरियो । यद्यपि उक्त अवधिमा पञ्चायती व्यवस्थाको विरोधलाई मत्थर पार्ने अभिप्रायले २०३६ सालमा 'निर्दल' वा 'बहुदल' दुईमध्ये एक रोज्नका लागि जनमत सङ्ग्रहको घोषणा गरियो । जनमत सङ्ग्रहद्वारा निर्दलीय पञ्चायती व्यवस्थाको पक्षमा देखाई सुधारसहितको पञ्चायती व्यवस्थालाई नै निरन्तरता दिइयो । त्यो पञ्चायती व्यवस्थाको प्रजातान्त्रिक सुधार थिएन । विश्वव्यापी रूपमा सुरु भएको प्रजातन्त्रको लहरसँगै नेपाली जनताले प्रजातन्त्रको पुनर्वहालीका निम्ति सङ्घर्षका प्रयासहरू गरिरहेका थिए । २०४६ सालमा नेपाली काङ्ग्रेस र बाम मोर्चा र अन्य संयुक्त राष्ट्रिय जनआन्दोलनसमेतले पञ्चायती शासन व्यवस्था विरुद्ध सशक्त आन्दोलन गरी ३० बर्से पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातन्त्रको पुनर्स्थापना भई नेपाल अधिराज्यको संविधान २०४७ लागु भयो । यसमा संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र, संसदीय शासन प्रणाली, कानुनी राज्य, सार्वभौम सत्ता जनतामा निहित, स्वतन्त्र न्यायपालिका र मौलिक हकको व्यवस्था गरी संसदीय शासन पद्धतिको थालनी भयो । तर पनि नेपाली जनताले खोजेको लोकतान्त्रिक शासन व्यवस्थाअनुरूप शासन चल्न सकेन । लोकतन्त्रको लागि निरन्तर प्रयासहरू भइनै रहे ।

(५) **वि.सं. २०६२/०६३ को जनआन्दोलन**

देशमा भैरहेको अन्याय र विसङ्गतिका विरुद्धमा सशस्त्र विद्रोहबाट राज्य सत्ता कब्जा गरी जनगणतन्त्र स्थापना गर्ने लक्ष्यका साथ नेपाल कम्युनिष्ट पार्टी माओवादीले २०५२ साल फाल्गुन १ बाट सशस्त्र

विद्रोह सुरु गऱ्यो । सशस्त्र विद्रोहले तल्ला तहदेखि उपल्ला संरचनाहरूसम्म पक्ष र विपक्षमा जनमतहरू विभाजन गऱ्यो । सत्तामा रहने राजनीतिक दल र सत्ताबाहिर रहेर शान्तिपूर्ण विरोध गर्ने दल समूह समेतले तत्कालीन शासन व्यवस्थाको विरोध गरी लोकतन्त्रको पक्षमा उभिए । वि.सं. २०५८ जेठ १९ गते राजा विरेन्द्रको वंश नाश हुने गरी दरबार हत्याकाण्डपछि ज्ञानेन्द्र राजा हुन पुगे । राज ज्ञानेन्द्रले माओवादीको सशस्त्र विद्रोह सम्बोधनतिर नलाग्नु र ससंदीय शासन व्यवस्थामा सम्मिलित राजनीतिक दल समेतलाई सत्ता बाहिर राखेर अटेरी भई राजा ज्ञानेन्द्र अगाडि बढे । यो परिस्थितिमा संसदीय राजनीतिक दलहरू र नेकपा माओवादीको संयुक्त आन्दोलनको सुरुआत हुन गयो । यो आन्दोलनको सफलताले जनतालाई सार्वभौम शक्तिको स्रोत हुन् भन्ने प्रमाणित गरायो । यसरी नेपालको लोकतन्त्रका लागि जनताले गरेको सशस्त्र विद्रोह, शान्तिपूर्ण आनदोलनले २४० वर्षदेखि शासन गरेको राजतन्त्रको अन्त भयो । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको प्रस्थान बिन्दुमा नेपालको अन्तरिम संविधान, २०६३ लागु भयो । अन्तरिम संविधान लागु भएपश्चात् नेपाललाई गणतन्त्रात्मक, धर्म निरपेक्ष, समावेशी राज्यको रूपमा घोषणा भयो । संविधानसभाको निर्वाचन गरी संविधान सभाले बनाएको संविधानअनुसार शासन व्यवस्था सञ्चालन गर्ने प्रक्रियाको थालनी भयो ।

(६) **संविधानसभा र संविधान निर्माण**

संविधान सभाको चुनाव, २०६४ मा सम्पन्न भयो । संविधान सभामा प्रतिनिधित्व गर्ने संविधान सभाका ६०१ सदस्यहरूद्वारा संविधान निर्माणको कार्य थालनी भयो । तर पहिलो संविधान सभाले संविधान निमार्ण कार्य पूरा गर्न सकेन र दोस्रो संविधान सभाको निर्वाचन २०७० मा सम्पन्न भई संविधान सभाले नेपालको संविधान २०७२ साल असोज ३ गते जारी गऱ्यो । यसरी नेपालको लोकतन्त्रका लागि नेपाली जनताले विभिन्न कालखण्डका शासन र शासकहरूसँग लामो सङ्घर्षको परिणामस्वरूप लोकतान्त्रिक प्राप्त गरेका छन् । नेपाली जनताले लोकतन्त्रको विकासका लागि गरेको प्रयासले आज जनता सार्वभौमसत्ता सम्पन्न भई प्रत्यक्ष आफैँले आफ्ना तर्फबाट जनप्रतिनिधिहरूको छनोट गरी शासनसत्ता सञ्चालन गर्न सक्षम भएका छन् । यसरी समग्रमा हेर्दा २०४६ सालको बहुदलीय व्यवस्थाको पुनःस्थापनाका लागि सम्पन्न ऐतिहासिक जनआन्दोलन तथा २०६२/०६३ को दोस्रो जनआन्दोलनको जगमा खडा भएको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अङ्गीकार गरिएको छ ।

## अभ्यास

१. **अति छोटो उत्तर दिनुहोस् :**

(क) नेपालमा प्रजातन्त्रको स्थापना कहिले भयो ?

(ख) नेपाली विद्यार्थीहरूले गरेको पहिलो आन्दोलन कुन हो ?

(ग) राजा त्रिभुवनले भारतीय राजदुतावासमा कहिले शरण लिए ?

(घ) २००७ सालको क्रान्तिपश्चात् तत्कालै कसको नेतृत्वमा शासन सञ्चालन भयो ?

(ङ) नेपालको संविधान २०१९ ले संविधानको स्रोत कसलाई मान्यो ?

(च) दलविहीन व्यवस्था कहिले लागु भयो ?

(छ) नेपालमा जनमत सङ्ग्रहको घोषणा कहिले भयो ?

(ज) नेपालमा पहिलो संविधानसभाको निर्वाचन कहिले भयो ?

(झ) नेपालको वर्तमान संविधान कहिले घोषणा भयो ?

२. **छोटो उत्तर दिनुहोस् :**

(क) नेपाल अन्तरिम शासन विधान २००७ ले के को व्यवस्था गऱ्यो ? उल्लेख दिनुहोस् ।

(ख) नेपाली काङ्ग्रेसको निर्वाचित सरकारलाई राजाले किन कू गरे ?

(ग) नेपालको संविधान २०१९ ले कस्तो किसिमको शासन व्यवस्था कायम गर्ने लक्ष्य लिएको थियो ?

(घ) जनमत सङ्ग्रहमा जनतालाई रोज्नका निमित्त दिइएको विषय के थियो र परिणाम के आयो ? उल्लेख गर्नुहोस् ।

३. **लामो उत्तर दिनुहोस् :**

(क) पहिलो जनआन्दोलन कहिले भयो र यसका परिणामहरू वर्णन गर्नुहोस् ।

(ख) नेपालको अन्तरिम संविधान २०६३ बमोजिम नेपाललाई कस्तो राज्यको रूपमा घोषणा गरियो ? टिप्पणी लेख्नुहोस् ।

(ग) नेपालको वर्तमान संविधानले नेपाललाई कस्तो राज्य भनी घोषणा गऱ्यो ? विवेचना गर्नुहोस् ।

■■■

## पाठ - ४ नेपालमा लोकतन्त्रका चुनौतीहरू

नेपालमा २००७ सालमा प्रजातन्त्रको उदय भयो । नेपाल अन्तरिम शासन विधान २००७ लागु भई शासन सञ्चालन सुरु भयो । तर राजनीतिक दलहरूको आन्तरिक खिचातानी र राजाको शासकीय स्वार्थबिच मेल नभएका कारण छिटो छिटो सरकार फेरिएको पाइन्छ । देशमा स्थायी सरकार कायम हुन सकेन र यो क्रम २०१५ सालसम्म कायम रह्यो ।

नेपालमा वि.सं. २०१५ सालमा नेपाल अधिराज्यको संविधान २०१५ लागु भई आम चुनाव भयो । आम चुनावमा नेपाली काङ्ग्रेस दुई तिहाइ बहुमत ल्याई विजयी भयो । नेपाली काङ्ग्रेसका नेता वी.पी. कोइरालाको नेतृत्वमा सरकार बन्यो । नेपाली काङ्ग्रेसको निर्वाचित सरकार र राजाबिच मनमुटाव सुरु भयो । निर्वाचित सरकारले पूर्ण अवधि व्यतीत गर्न नपाई राजाले १८ महिनामा नै विघटन गरे । वि.सं. २०१७ सालमा राजाले शासनको बागडोर आफ्नै हातमा लिए । वि.सं. २०१९ सालमा पञ्चायती व्यवस्था अनुकुल नेपालको संविधान २०१९ लागु गरी दलहरू माथि प्रतिबन्ध लगाए । वि.सं. २०१९ सालदेखि वि.सं. २०४६ सालसम्म राजाको शासन क्रमश: निरङ्कुश बन्दै गयो । उक्त संविधानले समयको गतिशील परिवेशलाई यथोचित रूपमा समेट्न सकेन । राजाको सक्रिय नेतृत्व रह्यो । त्यस अवधिको सरकारको काम जनताको माग सम्बोधन गर्नुभन्दा राजा र पञ्चायती व्यवस्थाप्रति निष्ठा जगाउने र बफादार रहने भएको हुँदा त्यस बखत वास्तविक जनप्रतिनिधिमूलक शासन सञ्चालन हुन सकेन ।

वि.सं. २०४६ सालको जनआन्दोलन नेपाली काङ्ग्रेसको नेतृत्वमा सात बामपन्थी दल र अन्य स्वतन्त्र बामपन्थी दलहरूको सहभागिताले आन्दोलन सफल भई पञ्चायती व्यवस्थाको अन्त्य भयो । आन्दोलन संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको शासन व्यवस्था सञ्चालन गर्न नेपाल अधिराज्यको संविधान २०४७ लागु भयो । संविधानको कार्यन्वयनमा सावधिक आमनिर्वाचनहरू भए । सरकार बन्यो, तर सरकारले जनपक्षीय काम गर्न सकेन । कुनैपनि निर्वाचित सरकारले आफ्नो पूर्ण अवधि पूरा गर्न सकेनन् । यो संविधानलाई २०५२ देखि सुरु भएको सशस्त्र विद्रोह र वि.सं.२०६२/०६३ को दोस्रो जनआन्दोलनले अन्त्य गरिदियो ।

वि.सं. २०६३ मा नेपालको अन्तरिम संविधान २०६३ लागु भयो । यस संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मार्गचित्र प्रस्तुत गऱ्यो । यो संविधानले नेपाल राज्यलाई परिभाषित गर्दै नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी र पूर्ण लोकतान्त्रिक गणतन्त्रको शासन व्यवस्थालाई अङ्गीकार गऱ्यो । यो संविधान संविधानसभाको निर्वाचन भई नयाँ व्यवस्थापिका नबनेसम्मका लागि कार्यन्वयनमा रह्यो ।

पहिलो संविधानसभाले संविधान निर्माण गर्न सकेन र विघटन हुन पुग्यो । दोस्रो संविधानसभाको निर्वाचन भई संविधानसभाले वि.सं.२०७२ असोज ३ गते सङ्घात्मक संविधान निर्माण गरी घोषणा गऱ्यो । त्यसपछि भएको स्थानीय, प्रदेश र सङ्घको निर्वाचनमा बामघटकले बहुमत प्राप्त गरी शासन सञ्चालन गरिआएको छ । तर पनि नेपाली लोकतन्त्रको स्थायित्व र विकासमा चुनौतीहरू छन् । लोकतन्त्रलाई संस्थागत गर्न निम्न चुनौतीहरू रहेका छन् :

**(क) सरकारको स्थायित्व**

नेपालमा जति पनि सरकारको निर्माण भयो ती सरकारले पूर्ण कार्यकाल व्यतीत गरेको इतिहास पाइँदैन । २००७ साल देखि २०१५ सालसम्म बनेका जति पनि सरकार थिए तिनीहरू सीमित समयको अन्तरालमै विघटन भए। वि.स. २०१५ साल पछि बनेको पहिलो नेपाली काङ्ग्रेसको सरकारले पनि १८ महिनाभन्दा बढी समय सरकारमा बस्ने अवसर पाएन । ३० वर्ष कायम रहेको पञ्चायती व्यवस्थामा जनप्रतिनिधिहरूको मुख्य उद्देश्य नै राजाप्रति बफादार रही पञ्चायती व्यवस्थाको समर्थन गर्नु थियो । त्यस समयमा पनि राजाका नजिक हुने व्यक्तिहरूको सत्तामोहको कारण सरकार फेरबदल भई नै रह्यो ।

वि.सं. २०४६ सालको जनआन्दोलनपछि प्राप्त भएको बहुदलीय व्यवस्थाको अवधिमा पनि सरकारले पूर्ण अवधि व्यतीत गरेको देखिएन । नेपालमा सङ्घात्मक शासन प्रणालीको सुरुआत नेपालको संविधान २०७२ ले अवलम्बन गरेको छ । यही संविधानको कार्यान्वयनको सिलसिलामा भएका स्थानीय, प्रदेश र सङ्घको चुनावपछि वाम पन्थीहरूका पक्षमा बहुमत प्राप्त हुन गयो र सोही पक्षबाट सरकारको नेतृत्वमा सरकार सञ्चालन भइरहेको छ । यो सरकारको कार्यकाल भने हेर्न बाँकी छ ।

**(ख) नयाँ संविधानको कार्यान्वयन**

राजतन्त्रको अन्त्यपछि विद्रोही माओवादी दल र संसदीय अभ्यासमा संलग्न नेपाली काङ्ग्रेस, ने.क.पा (एमाले) लगायतका राजनीतिक दलहरूबिचको समझदारी अनुरूप संविधान सभामार्फत् नागरिकको अधिकारलाई व्यवस्थित गर्नाका लागि सबै जनतालाई समेट्ने गरी संविधान निर्माणको कार्य प्रारम्भ भयो । संविधान निर्माणको कार्यमा वि.सं. २०६४ सालमा निर्वाचित पहिलो संविधानसभाको दुई वर्षको कार्यकाल रहेकोमा पुन: दुई वर्षको कार्यकाल लम्ब्याउँदा पनि संविधान निर्माण हुन सकेन । यही कारण पहिलो संविधान सभा विघटन हुन पुग्यो । दोस्रो संविधान सभाले संविधान निर्माणको कार्य पूरा गरी वि.सं. २०७२ साल असोज ३ गते नेपालको संविधान २०७२ घोषणा गऱ्यो । यसरी संविधान निर्माणका कार्य पूरा गर्न राजनीतिक दलहरूलाई करिब ७ वर्ष लाग्न गयो । संविधानको घोषणा गरेपश्चात् नै आफ्ना मागको सम्बोधन नभएको भनी तराई भाग र देशका अन्य केही क्षेत्रबाट संविधानको टिप्पणी गरियो र मागको सुनुवाइ हुनुपर्छ भनी दवाब दिने कार्य भयो । तत्पश्चात् सबै राजनीतिक दलसँग भएको सहमति अनुरूप स्थानीय, प्रदेश र सङ्घको चुनाव सम्पन्न गरियो । चुनाव सम्पन्न भई निर्वाचित जनप्रतिनिधिहरूबाट

कार्यभार सम्हाली सकेपछि पनि कतिपय संविधान संशोधनको सवालमा आवाज उठिरहेको देखिन्छ । संविधानको पूर्ण पालना र कार्यान्वयनले नै लोकतन्त्रलाई जीवन्त बनाउँछ । यसरी संविधान निर्माणपश्चात् पनि त्यसको पूर्ण कार्यान्वयनको क्रममा देखिने समस्याहरूले लोकतन्त्रमा चुनौती थपेको छ ।

**(ग) उर्जाशक्ति र पानीको स्रोतको प्रभावकारी उपयोग गर्न नसक्नु**

नेपालमा सयौँ हिमनदीहरू छन् । जसबाट प्रशस्त जलविद्युत् उत्पादन गर्न सकिन्छ । तर पनि नेपालले विद्युत्को मागलाई पूरा गर्न सकिरहेको छैन । पर्याप्त विद्युत् उत्पादन गर्न सकिने अवसर हुँदाहुँदै पनि विविध कारणबस पर्याप्त विद्युत् उत्पादन हुन सकिरहेको छैन । अथाहा पानी त्यसै बगेर गैरहेको छ तर त्यसबाट यथोचित रूपमा खानेपानी उपलब्ध हुन सकेको छैन । साथै लाखौँ एकड कृषियोग्य भूमी सिँचाइको अभावमा चिरापरेको अवस्थामा बाँझै छन् । जनताका आवश्यकता परिपूर्ति गर्नाले नै लोकतन्त्रको सही अभ्यास हुन पुग्दछ । यसका लागि पर्याप्त उर्जा शक्तिको उत्पादन र पानीको स्रोतलाई उपयुक्तरूपमा परिचालन गर्नु आवश्यक छ । यस अवस्थामा उर्जा शक्तिको उत्पादन र पानीको समुचित व्यवस्थापन गर्न नसक्नुको कारण लोकतन्त्रले चुनौतीको रूप लिन पुगेको छ ।

## अभ्यास

**१. अति छोटो उत्तर दिनुहोस् :**

(क) नेपालको अन्तरिम शासन विधान २००७ कहिले लागु भयो ?

(ख) नेपालमा सङ्घात्मक शासन प्रणालीको कार्यान्वयन कुन संविधानबाट सुरु भयो ?

**२. छोटो उत्तर दिनुहोस् :**

(क) पञ्चायती व्यवस्था अन्त्य हुनाका कुनै तीन कारण दिनुहोस् ।

(ख) २०४६ सालको आन्दोलनमा कुन कुन दलले अगुवाई गरेका थिए ? सूची बनाउनुहोस् ।

(ग) २०६३ सालको संविधानले नेपालको कस्तो मार्गचित्र प्रस्तुत गऱ्यो ? उल्लेख गर्नुहोस् ।

(घ) पहिलो संविधानसभा विघटन हुनाका कारणहरू उल्लेख गर्नुहोस् ।

**३. लामो उत्तर दिनुहोस् :**

(क) लोकतन्त्र जीवन्त कसरी हुन्छ ? एक सय शब्दमा नबढाई विवेचना गर्नुहोस ।

(ख) लोकतन्त्रका चुनैतीहरू के के हुन्, यस्ता चुनौतीको सामना गर्न सरकारले कस्तो भूमिका निर्वाह गर्नुपर्ला ?

## पाठ - ५ कक्षाकोठामा लोकतान्त्रिक अभ्यास

आज लोकतन्त्र दिवस हो । तपाईँहरूले लोकतन्त्रको बारेमा यसभन्दा अगाडिको पाठमा अध्ययन गरिसक्नुभएको छ । त्यसैले लोकतन्त्रलाई कक्षा कोठाभित्र पनि कसरी लागु गर्न सकिन्छ भन्ने बारेमा आजको पाठमा छलफल गर्दछौँ :

शिक्षक : आकाङ्क्षा लोकतन्त्र भनेको के हो ? भन त !

आकाङ्क्षाा : सर लोकतन्त्र भन्नाले जनताको शासन भन्ने बुझाउँछ । जहाँ जनताको इच्छा र रुचिअनुसारको काम हुन्छ सर ।

अजय : म भनूँ सर, लोकतन्त्रमा व्यक्तिले आफ्नो विचार स्वतन्त्रपूर्वक राख्न पाउँछन्, सबैलाई समान व्यवहार गर्नुपर्दछ, अल्पमतको कदर हुन्छ, मानव अधिकारको संरक्षण हुन्छ । अनि नि सर, लोकतन्त्रमा जनसहभागिता हुन्छ, सामाजिक सद्भाव हुन्छ, सामाजिक न्याय हुन्छ, महिला तथा शारीरिक अशक्त भएकाहरूलाई प्राथमिकता दिइन्छ ।

शिक्षक : अब भन त आकाङ्क्षा, हाम्रो कक्षाकोठालाई कसरी लोकतान्त्रिक बनाउन सकिन्छ ?

आकाङ्क्षा : सर हाम्रो कक्षा कोठामा त हिन्दु, मुसलमान, क्रिश्चियन, बौद्ध आदि धर्म मान्ने साथीहरू पनि त छन् नि !

अजय : यसरी नै, हाम्रो कक्षा कोठामा त धनी, गरिब, शारीरिक अशक्त, महिला तथा विभिन्न जातका विद्यार्थीहरू पनि छन् नि सर ।

शिक्षक : तिमीहरूको भनाइअनुसार त हामीले कक्षाकोठामा लोकतान्त्रिक व्यवहार देखाउन सक्दैनौँ त ?

आकाङ्क्षा : होइन, होइन सर हामीले कक्षा कोठामा जात, धर्म, लिङ्ग, शारीरिक अशक्त र वर्गको आधारमा कसैलाई पनि विभेद नगर्ने, होच्याएर नबोल्ने, कसैलाई नहेप्ने, सबै साथिहरूसँग मिलेर बस्ने, सबैलाई समान व्यवहार गर्ने, एकअर्काको विचारको सम्मान गर्ने, एक अर्काबिच मनमुटाव नराख्ने, शिक्षक र विद्यार्थीबिच सहयोग हुन सक्ने वातावरण कायम गर्ने, कक्षाकोठालाई समावेशी बनाउने, सक्रियतापूर्वक शिक्षण सिकाइ कार्य गर्न सकिने वातावरण र अनुशासन कायम गर्न सकेमा लोकतान्त्रिक व्यवहार देखाउन सकिन्छ सर ।

अजय : यसरी नै सरले पनि पढाउँदै गर्दा सबै विद्यार्थीहरूले बुझे बुझेनन् विचार गर्ने, प्रश्न सोध्दा सबै विद्यार्थीहरूलाई समान रूपले सोध्ने, सबै विद्यार्थीहरूको भावना, इच्छा र सिर्जनशीलतालाई कदर गर्ने, सबै विद्यार्थीहरूले सोधेका प्रश्नको जवाफ झिजो नमानी

दिने, विद्यार्थीबिच भेदभाव नगर्ने, विद्यार्थीलाई उत्प्रेरित गरी सिर्जनात्मक कार्यमा अग्रसर गराउने, कक्षाकोठामा सिकाइसम्बन्धी विभिन्न समिति बनाई सबै विद्यार्थीहरूलाई जिम्मेवार बाँडफाँड गर्ने र कक्षाकोठालाई विद्यार्थीमैत्री बनाउने हो भने सिकाइ प्रभावकारी हुन्छ नि सर ।

शिक्षक : तिमीहरूको भनाइबाट त कक्षा कोठामा लोकतान्त्रिक वातावरण सिर्जना गर्न विद्यार्थी तथा शिक्षक दुवैको बराबरी भूमिका हुँदोरहेछ । त्यसोभए कक्षाकोठा व्यवस्थापनको भूमिका हुन्छ कि हुँदैन ?

आकाङ्क्षा : हुन्छ नी सर, कक्षाकोठामा विद्यार्थीको उमेर तथा शारीरिक अवस्थाअनुसारको डेक्स, बेन्चको व्यवस्थापन, डेक्स, बेन्चअनुसारको बोर्डको व्यस्थापन, कक्षाकोठाभित्र प्रकाशको व्यवस्थापन, शैक्षिक सामाग्रीको व्यवस्थापन, सरसफाइको व्यवस्थापन पनि लोकतान्त्रिक व्यवहार झल्कने खालको हुनुपर्दछ ।

शिक्षक : आकाङ्क्षा तिमीले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी सिकारूमा अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न उपयुक्त साइजको आनन्ददायी, शान्त, सफा र उपयुक्त प्रकाश एवम् हावाको व्यवस्था भएको, आवश्यक पर्ने सामग्रीहरूको व्यवस्थापन एवम् विद्यार्थीको उमेर र शारीरिक अवस्थाअनुसारको बसाइ भएमा कक्षाकोठामा पठनपाठन कार्य सहजरूपमा सञ्चालित हुन सक्दछ भन्न खोजेका हौ ?

आकाङ्क्षा : हो सर, लोकतान्त्रिक मूल्य र मान्यता अवलम्बन गरी सही ढङ्गले कक्षाकोठा व्यवस्थापन भएको अवस्थमा मात्र सिकाइ सहजीकरण प्रक्रियालाई पनि प्रभावकारी रूपमा सञ्चालन गर्न सकिन्छ ।

शिक्षक : आहा ! अजय र आकाङ्क्षालाई त लोकतन्त्र भनेको के हो र कक्षाकोठाभित्र लोकतान्त्रिक व्यवहार कसरी अपानाउन सकिन्छ भन्ने विषयमा सबै कुरा थाहा रहेछ । धन्यवाद तिमीहरूलाई !

*कक्षाकोठा एउटा त्यस्तो साझा कोठा हो, जहाँ विभिन्न वर्ग, जात, धर्म र लिङ्गका विद्यार्थीहरू एकै ठाँउमा रहेर अध्ययन गर्ने गर्दछन् । कक्षाकोठाको वातावरणले सम्पूर्ण त्यहाँका गतिविधिलाई प्रभावित पार्ने हुँदा भौतिक वातावरणको साथसाथै शिक्षक र विद्यार्थीबिच असल मानवीय र सामाजिक सम्बन्धको पनि आवश्यक पर्दछ । शिक्षक र विद्यार्थीहरूबिचको सम्बन्ध राम्रो बनाउन लोकतान्त्रिक मूल्य मान्यतालाई अवलम्बन गर्नुपर्दछ । लोकतान्त्रिक मूल्यमान्यता भन्नाले आधारभूत मानव अधिकारको संरक्षण, निश्पक्ष र सहभागितामूलक पहुँचको अभिवृद्धि, सामाजिक न्याय र समानतामा जोड, अभिव्यक्तिको स्वतन्त्रता, मौलिक र मानव अधिकार, अल्पमतको कदर, समावेशीकरण जस्ता*

*मुल्य मान्यताहरू पर्दछन् । यस्ता लोकतान्त्रिक मुल्य मान्यताहरूलाई अवलम्बन गरी कक्षाकोठामा विद्यार्थीमैत्री वातावरण बनाउन सकेमा शिक्षण सिकाइ कार्य बढी प्रभावकारी हुन्छ । प्रभावकारी शिक्षण सिकाइका लागि, सामाजिक एवम् मनोवैज्ञानिक सम्बन्धलाई कक्षाकोठामा व्यवस्थित गर्न सक्नुपर्दछ । जसको लागि शिक्षकले कुनै पनि विद्यार्थीलाई जातजाति, वर्ग, लिङ्ग र धर्म तथा शारीरिक अवस्थाको आधारमा विभेदीकरण नगरी विद्यार्थीहरूलाई स्वतन्त्र रूपले आफ्नो भनाई राख्न दिने, निष्पक्ष ढङ्गले व्यवहार गर्ने, विद्यार्थीहरूको व्यक्तिगत भिन्नतालाई ख्याल गरी सोहीअनुरूप शिक्षण सिकाइ क्रियाकलापमा सहभागी गराउने, सबै विद्यार्थीले जिज्ञासा राख्न पाउने वातावरण कायम गर्ने, स्वच्छ शैक्षिक प्रतिस्पर्धा गराई सिकाइप्रति जागरुक बनाउने, आत्मसम्मान र गौरवको भावना जागृत गर्ने जस्ता लोकतान्त्रिक मूल्यमान्यतालाई कक्षाकोठाभित्र लागु गर्नुपर्दछ । यसैगरी कक्षाकोठाभित्र सरसफाइ, अनुशासन, विद्यार्थीको शारीरिक अवस्था तथा उमेर समूहअनुसारको बसाइ, बोर्ड, शैक्षिक सामाग्री आदिको व्यवस्थापनले पनि कक्षाकोठाभित्र लोकतान्त्रिक व्यवहार झल्काउँछ । समग्रमा भन्दा शिक्षण सिकाइका लागि भौतिक, शैक्षिक, सामाजिक एवम् मनोवैज्ञानिक सम्बन्धलाई कक्षाकोठामा व्यवस्थित गरी शिक्षण सिकाइलाई प्रभावकारी बनाउन लोकतान्त्रिक वातावरण कायम गर्नुपर्दछ ।*

## अभ्यास

१. **अति छोटो उत्तर दिनुहोस् :**

(क) लोकतन्त्रलाई एक वाक्यमा परिभाषित गर्नुहोस् ।

(ख) लोकतान्त्रिक संस्कारको कुनै दुई उदाहरण दिनुहोस् ।

२. **छोटो उत्तर दिनुहोस् :**

(क) कक्षाकोठालाई लोकतान्त्रिक अभ्यासको थलो कसरी बनाउन सकिन्छ ? कुनै दुई उदाहरण दिनुहोस् ।

(ख) विद्यार्थीले कक्षाकोठामा कसरी लोकतान्त्रिक अभ्यास प्रदर्शन गर्न सक्छन् ? चर्चा गर्नुहोस् ।

३. **लामो उत्तर दिनुहोस् :**

(क) कक्षाकोठाभित्र जस्तै तपाईँहरूको घरमा हुने गरेको लोकतान्त्रिक व्यवहार देखिने क्रियाकलापहरूको बारेमा लेख्नुहोस् ।

■■■

## पाठ - ६ लोकतान्त्रिक अभ्यास विद्यालयमा

लोकतान्त्रिक मूल्य मान्यता भन्नाले सबैको भावनाको कदर गर्ने, सबैलाई समान व्यवहार गर्ने, सामाजिक न्यायको सिद्धान्तलाई अपनाउने, कसैलाई भेदभाव नगर्ने, एकअर्काको आत्मासम्मानको रक्षा गर्ने, उमेर र शारीरिक असक्त भएका विद्यार्थी अनुकुल विद्यालयको वातावरणमा सुधार गर्ने जस्ता कार्यहरू पर्दछन् । विद्यालय भनेको समुदायको सानो प्रतिनिधि संस्था हो । जहाँ विभिन्न जात, धर्म, वर्ग, लिङ्ग, उमेर र शारीरिक अशक्त भएका व्यक्तिहरू पनि आउँछन् । सबैको वैयक्तिक स्वभाव, व्यवहार, क्षमता, भावना, चाहाना एकै किसिमको हुँदैन । यसैले विद्यालयले सबैलाई समेट्ने किसिमको अनुकूल वातावरण कायम गर्न लोकतान्त्रिक व्यवहार देखाउनुपर्दछ । लोकतन्त्र भनेको त्यस्तो शासन व्यवस्था हो जसमा जनताको हितको लागि कार्य गरिन्छ । यसर्थ विद्यालयमा लोकतान्त्रिक व्यवहार देखाउनका लागि विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी तथा विद्यार्थीको हितलाई ध्यानमा राखी भौतिक रूपमा सुरक्षित, संवेगात्मक रूपमा रमाइलो, मनोवैज्ञानिक रूपमा मनोवल उच्च महसुस गराउने किसिमको वातावरण कायम गर्न सक्नुपर्दछ ।

लोकतान्त्रिक व्यवहारका लागि विद्यालयले निम्नानुसारको वातावरण मिलाउने व्यवस्था गर्नुपर्दछ :

(क) शारीरिक अशक्त भएका व्यक्तिहरू पनि सहज रूपमा विद्यालयको हरेक क्रियाकलापमा भाग लिन सक्ने गरी व्यवस्थापन गर्नुपर्ने छ ।

(ख) विद्यालयमा शारीरिक, मानसिक, यौन हिंसा तथा बाल शोषणरहित वातावरण हुनुपर्दछ ।

(ग) विद्यालयमा सबै उमेर र अवस्थाका बालबालिकालाई घरदेखि विद्यालय र विद्यालयदेखि घरसम्म ढुक्कसँग सहजरूपले आवत जावत गर्न, शान्ति तथा आनन्ददायी रूपले कक्षाकोठामा अध्यापन गर्न सक्ने सुरक्षित वातावरण कायम गर्नुपर्दछ ।

(घ) बाल अधिकारको सम्मान गर्न सबै विद्यार्थीको प्रतिनिधित्व हुने गरी बालक्लव गठन गरी बाल अधिकार सुनिश्चित गर्ने व्यवस्था गर्नुपर्दछ ।

(ङ) सबैको आत्मासम्मानको कदर गरी अनुशासित हुनका लागि शिक्षक तथा विद्यार्थीहरूको अचारसंहिता तयार गरी पालना गर्ने व्यवस्था गर्नुपर्दछ ।

(च) विद्यार्थीको उमेर, शारीरिक अवस्था तथा लिङ्गअनुसार शौचालयको व्यवस्थापन गर्नुपर्दछ ।

(छ) विद्यार्थीको उमेर र शारीरिक अवस्थालाई ध्यानमा राखी खानेपानीको धारा, खेलमैदान, पुस्ताकालय, प्रयोगशाला, चमेना गृहको व्यवस्थापन गर्नुपर्दछ ।

(ज) विद्यालय/समुदाय, विद्यालय/अभिभावक, शिक्षक/शिक्षक, शिक्षक/विद्यार्थी, विद्यार्थी/विद्यार्थीहरू बिच सहकार्यको अवधारणा विकास गराउनुपर्दछ ।

(झ) शिक्षक तथा विद्यार्थीहरूले आफूलाई लागेको कुरा निर्धक्क साथ बोल्न पाउने, स्वतन्त्र अभिव्यक्ति राख्न पाउने वातावरण कायम गर्नुपर्दछ ।

(ञ) विद्यालयले अभिभावकलाई, शिक्षकले शिक्षकलाई, शिक्षकले विद्यार्थीलाई र विद्यार्थीले विद्यार्थीलाई कुनै पनि जातीय, धार्मिक, आर्थिक, लैङ्गिक, शारीरिक तथा बौद्धिक अवस्थाको आधारमा भेदभाव गर्ने र आत्मासम्मानमा ठेस पुऱ्याउने कुनै पनि कार्य गर्न हुँदैन ।

(च) विद्यालयमा सामाजिक न्यायको सिद्धान्तलाई अवलम्बन गरी सबैलाई सम्मानजनक व्यवहार गर्ने कार्य गर्नुपर्दछ ।

(ज) विद्यालयमा शैक्षिक कार्यक्रम गर्दा तथा नीति योजना तयार गर्दा लैङ्गिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक सबै क्षेत्रका मानिसहरूको प्रतिनिधित्व हुने व्यवस्था हुनुपर्दछ ।

यसरी शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि विद्यालयमा अनुशासन कायम राख्दै सामाजिक तथा सांस्कृतिक मूल्य मान्यतालाई आत्मासात गरी सबैलाई समान व्यवहार र सहज हुने वातावरण कायम गरी लोकतान्त्रिक व्यवहारलाई अपनाउनुपर्दछ । विद्यालयले कार्यक्रममा पारदर्शिता, जिम्मेवारको बाँडफाँड, निष्पक्ष र वस्तुनिष्ट मूल्याङ्कन, सहभागितामूलक निर्णय प्रक्रियाजस्ता लोकतान्त्रिक मूल्य मान्यतालाई अवलम्बन गर्न सकेमा विद्यार्थीको शारीरिक, मानसिक तथा संवेगात्मक विकास भई गुणस्तरीय शिक्षा प्राप्त हुन्छ ।

## अभ्यास

१. **अति छोटो उत्तर दिनुहोस् :**

(क) लोकतान्त्रिक व्यवहार भनेको के हो ?

(ख) बालशोषणरहित वातावरण भनेको के हो ?

(ग) आत्मसम्मानको कदर कसरी गर्न सकिन्छ ?

(घ) के भएमा विद्यार्थी शिक्षकसँग बोल्न डराउँदैनन् ?

२. **छोटो उत्तर दिनुहोस् :**

(क) लोकतान्त्रिक व्यवहार किन आवश्यक छ ?

(ख) विद्यालयमा कसरी लोकतान्त्रिक व्यवहारको अभ्यास गर्न सकिन्छ ?

३. **लामो उत्तर दिनुहोस् :**

(क) तपाईंको समुदायमा हुने क्रियाकलापको अध्ययन गरी लोकतान्त्रिक व्यवहारलाई कसरी अवलम्बन गरेको छ भन्ने बारेमा निबन्ध लेख्नुहोस् ।

एकाइ ८

# राजनीतिक दल

पाठ - १

## राजनीतिक दलको अवधारणा

प्रतिनिधिमूलक राजनीतिक प्रणालीको अवधारणा र सार्वभौमसत्ता जनतमा निहित रहन्छ भन्ने मान्यतामा राजनीतिक दलको उत्पत्ति र विकास १८ औँ शताब्दिमा भएको हो । राजनीतिक व्यवस्थामा जनताले आफ्नो मताधिकारको प्रयोग गरी राजनीतिक दललाई प्रतिनिधिको रूपमा छनोट गर्ने गरेको पाइन्छ । राजनितिक दल लोकतन्त्रको जीवन रेखा (LIfe line) हो । संसदीय शासन व्यवस्थामा संसदको निर्णय प्रक्रिया बहुमत र अल्पमतको आधारमा हुने भएकाले गुटबन्दीको परिस्कृत रूप राजनीतिक दल हो । त्यसैले लोकतान्त्रिक शासन व्यवस्थाको विकाससँगै राजनीतिक दलको पनि विकास भएको हो । कुनै पनि राष्ट्रको लोकतन्त्र कार्यान्वयन गर्ने सिपाही भनेका राजनीतिक पार्टीहरू हुन् । निरङ्कुश व्यवस्थाको अन्त्य गर्न र लोकतन्त्रको मूल्य मान्यताबमोजिम शासन व्यवस्था सञ्चालन गर्नका लागि जनताको अभिमत लिएर शासन सञ्चालन गर्ने गहन जिम्मेवारी राजनीतिक दलहरूको हो । विश्वका कुनै पनि देश (लोकतान्त्रिक व्यवस्था अवलम्बन गरेको) राजनीतिक पार्टीबिना सरकारको अभ्यास गर्न सक्दैन अर्थात् सम्भव हुँदैन । जनताका विभिन्न आवश्यकता, चाहनाको परिपूर्ति गर्ने, देशको सर्वाङ्गीण विकास गर्ने, राष्ट्रलाई विश्वसामु चिनाउने महत्त्वपूर्ण विषयमा राजनीतिक पार्टीहरूको अहम् भूमिका रहेको हुन्छ । वर्तमान समयमा राजनीतिक दलविना प्रजातान्त्रिक शासन प्रणालीको कल्पना गर्नसमेत गाह्रो हुन्छ । कुनैपनि राज्यको राष्ट्रनिर्माण र विकासको मेरुदण्ड पनि राजनीतिक दललाई नै मानिन्छ । नेपालको राजनीतिक दलको विकास वि.सं. १९९३ बाट सुरु भएको पाइन्छ । नेपालमा लामो समयदेखि वंशानुगतरूपमा शासन सञ्चालन हुँदै आएको र जनस्तरमा राजनीतिक चेतनाको वृद्धिसँगै पहिलो राजनीतिक दलको रूपमा प्रजा परिषद्को स्थापना भयो । वि.सं. १९०३ सालमा राष्ट्रिय काङ्ग्रेसको जन्म हुँदै वि.सं. २००४ सालमा नेपाली काङ्ग्रेस पार्टीको र वि.सं. २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएपश्चात् भूमिगत अवस्थामा नै भएपनि राजनीतिक पार्टीहरूको विकास भएको देखिन्छ । निरंकुश जहानियाँ राणा शासनको अन्त्यका लागि सशक्त रूपमा आवाज उठाउन सफल भएपछि र राणा शासनविरुद्ध वि.सं. २००७ सालमा क्रान्ति गरी नेपालमा प्रजातन्त्रको स्थापनापश्चात् राजनीतिक पार्टीहरूको विकास गतिशील ढङ्गबाट अगि बढेको पाइन्छ ।

### राजनीतिक दलको परिभाषा

राजनीतिक दल भनेको सत्ता प्राप्ति गर्ने उद्देश्यबाट सङ्गठित भएको सङ्गठन हो । साधारण अर्थमा राजनीतिक दल भन्नाले समान उद्देश्य राखेर सङ्गठित भएको मानिसहरूको समूहलाई दल वा सङ्गठन

भनेर बुझ्नुपर्दछ । अर्को अर्थमा एउटै विचारधारा राख्ने वा भिन्न विचारधाराको आस्था राख्ने मानिसहरूको समूह हो भन्न सकिन्छ । राजनीतिक दलले समाजको हितको लागि आफ्नो छुट्टै सैद्धान्तिक विचारधारामा, नेता, कार्यकर्ता र समर्थकहरू सङ्गठित गरेको हुन्छ । राजनीतिक दलले सार्वजनिक मुद्दाहरूको उठान र समाधान गर्ने विचार र दृष्टिकोणहरू लिएर देश र जनताको सेवा गर्ने उद्देश्य रहेको हुन्छ । राजनीतिक दल भनेको के हो ? के लाई राजनीतिक दल भन्ने ? र राजनीतिक दल कस्तो हुनुपर्दछ भन्ने बारेमा विभिन्न विद्वान्हरूले दिएको परिभाषामा एकरूपता देखिँदैन । केही महत्त्वपूर्ण परिभाषाहरू निम्न प्रकारका छन् ।

बेन्जामिन कनस्टान्ट (Benjamin Constant) का अनुसार "दल भनेको एउटै राजनीतिक सिद्धान्त मान्ने मानिसहरूको एक समूह हो" (It is a group of men professing the same political doctrine.) भनेका छन् ।

उडमण्ड बर्क (Admond Burke) का अनुसार "राजनीतिक दल मानिसहरूको त्यो समूह हो जो कुनै निश्चित र विशेष सिद्धान्तको आधारमा संयुक्त माध्यमबाट राष्ट्रिय हित गर्न चाहन्छ" (Political Party is a body of men united for promoting by their joint endeavour the public interest upon some principle in which they are all agreed.) भनेका छन् ।

मेकाइभर (Maclver) को भनाईमा "राजनीतिक दल त्यस्तो समुदाय हो, जो कुनै खास सिद्धान्त वा नीतिलाई समर्थन गर्न सङ्गठित भएको हुन्छ र जसले संवैधानिक उपायहरूद्वारा ती सिद्धान्त र नीतिहरूलाई सरकारको आधार बनाउने प्रयत्न गर्दछ" (A Political Party is an association organized in support of some principle or policy which by constitutional means it endeavours to make the determinant of governmet.) भनेका छन् ।

यसैगरी गेटेल (Gettle) को भनाइमा "राजनीतिक दल यस्तो नागरिकहरूको सङ्गठित समुदाय हो जसले एउटा राजनीतिक एकाइ सरह कार्य गर्दछ र आफ्नो मतदानको शक्ति प्रयोग गर्दै शासनलाई आफ्नो नियन्त्रणमा राख्ने र आफ्ना सामान्य नीतिहरूलाई कार्यान्वित गर्ने प्रयत्न गर्दछ" (A Political party consists-of group of citizens, more or less organized, who act as a political unite and who by the use of their voting power, aim to control the government and carry out their general politics.) ।

यस प्रकार उपर्युक्त परिभाषाहरूका आधारमा राजनीतिक दलका विषेशतालाई निम्न चार बुँदामा देखाउन सकिन्छ :

(क) सङ्गठन– कुनै पनि राजनीतिक दल हुनका लागि सङ्गठन अपरिहार्य कुरा हो । सङ्गठनविना राजनीतिक दलले लिएका सिद्धान्तहरूलाई कार्यान्वयन गर्न समस्या पर्दछ । सङ्गठनको जग नै राजनीतिक दलको शक्ति हो ।

(ख) एकता- राजनीतिक दलको निर्माण हुनका लागि सो दलमा आवद्ध सबै व्यक्तिको सिद्धान्त र उद्देश्य समान हुनुपर्दछ ।

(ग) वैधानिक उपायको प्रयोग- राजनीतिक दलको आदर्श भनेको उसले उठाएका मुद्दाहरूलाई कार्यान्वयन गर्नका लागि वैधानिक माध्यमको सहयोग लिनुपर्दछ । राज्यको शासन सञ्चालन गर्ने वैधानिक बाटो भनेको राजनीतिक दल हो ।

(घ) राष्ट्रिय हित- सबै राजनीतिक दलको प्रमुख उद्देश्य नै राष्ट्रिय हितको वृद्धि र विकास हो । जब राजनीतिक दल स्वार्थमा लाग्छ तब त्यो गुट मात्र रहन पुग्छ । गुट राजनीतिक दल बन्न पनि सक्दैन र त्यसले राष्ट्रिय हितको लागि काम पनि गर्न सक्दैन ।

**राजनीतिक दलको महत्त्व**

जनताका इच्छा, जनताको रुचि, जनअभिव्यक्ति, जनधारणालाई प्रभावशाली बनाउनका लागि राजनीतिक दलको उत्पत्ति भएको हो । वर्तमान शासनको जनाधार नै जनमत र त्यो जनमतको नेतृत्व राजनीतिक दलले गरेको हुन्छ । प्रत्येक राजनीतिक दलले जनताका इच्छालाई कार्यान्वयन गर्ने प्रयत्न गरेको हुन्छ । राजनीतिक दलले नै उत्तरदायी शासनको प्रत्याभूति दिन सक्छ । राजनीतिक दलविना प्रजातन्त्रको कल्पनासम्म पनि गर्न सकिँदैन । राजनीतिक दलविना लोकतन्त्रको कल्पना गर्न सकिँदैन । राजनीतिक दललाई सरकारको शक्ति गृह (Power House) पनि भनिन्छ । त्यसैले राजनीतिक दलको महत्त्व लोकतन्त्रमा बढी हुन्छ । प्रतिनिधिमूलक प्रजातन्त्रको सफलता राजनीतिक दलहरूको गतिविधि र सक्रियातामा निर्भर रहन्छ । राजनीतिक दलले नै संसदीय शासन व्यवस्थाका गहना हुन् जसको अभावमा संसदीय शासन प्रणाली कुरूप र अराजकताको भिड हुन जान्छ । राजनीतिक दलविना संसदीय निर्वाचनको वैधानिक उपाय प्रयोग गर्ने तरिका समाप्त हुन जान्छ । ती समस्त संस्थाहरूको अन्त्य हुन जान्छ जसको माध्यमबाट राजनीतिक दलले शक्ति ग्रहण गर्ने र तिनलाई जीवित राख्ने प्रयत्न गर्दछ । राजनीतिक दलले नै जनतालाई सङ्गठित गर्ने, नेतृत्व गर्ने, सिद्धान्तको एकीकृत अभिव्यक्ति दिने काम गर्ने भएकाले दलको महत्त्व रहेको छ । आजको लोकतन्त्रमा राजनीतिक दललाई जनमत निर्माण गर्ने, जनताको विचारलाई नीति निर्माण तहमा अभिव्यक्ति गर्ने महत्त्वपूर्ण साधनको रूपमा लिइन्छ ।

## अभ्यास

१. **अति छोटो उत्तर दिनुहोस् :**

(क) राजनीतिक दल के को आधारमा सङ्गठित हुन्छ ?

(ख) राजनीतिक दलका तत्त्वहरू के के हुन् ?

(ग) आधुनिक शासन व्यवस्था के मा निर्भर रहन्छ ?

२. **छोटो उत्तर दिनुहोस् :**

(क) राजनीतिक दलको शक्तिको आधार के हो ?

(ख) एउटा राजनीतिक दलका व्यक्तिहरूको सिद्धान्त तथा उद्देश्य कस्तो हुनुपर्दछ ?

(ग) राजनीतिक दलले आफ्नो आदर्शलाई कार्यान्वयन गर्न के गर्नु पर्दछ ?

(घ) राजनीतिक दलविना प्रजातन्त्रको कल्पना गर्न सकिँदैन भन्ने कुरालाई चार बुँदामा उल्लेख गर्नुहोस् ?

३. **लामो उत्तर दिनुहोस् :**

(क) देशको समग्र समृद्धिका लागि राजनीतिकको महत्त्व र भूमिका के हुन सक्छ, वर्णन गर्नुहोस् ।

■■■

# पाठ – २ राजनीतिक दलको गठन र उद्देश्यहरू

## राजनीतिक दलको गठन

आधुनिक युगमा सर्वाधिक लोकप्रिय शासन भनेको लोकतान्त्रिक शासन हो । लोकतन्त्र र जनप्रतिनिधि एकअर्काका परिपूरक हुन । राजनीतिक दलको विकासलाई संसद्को उदय र मताधिकारको महत्त्वसँग जोडिएको छ भने राजनीतिक दलको उदय संसद् र निर्वाचन पद्धतिजस्ता दुई महत्त्वपूर्ण संस्थाहरूका बिचबाट भएको छ । राज्यमा हुने ऐतिहासिक सङ्कटलाई समाधान गर्न राजनीतिक दलको उत्पत्ति हुन्छ । नेपालमा राणाहरूको जहानियाँ शासन विरुद्ध सङ्घर्ष गरी सत्ताबाट बाहिर निकाल्न राजनीतिक दलहरूको योगदान रहेको छ । त्यसैले प्रजातान्त्रिक शासन व्यवस्थामा राजनीतिक दलको भूमिका रहने भएकाले देशको मूल कानुन संविधानमा नै दलसम्बन्धी व्यवस्था गरिएको पाइन्छ । नेपालको संविधानमा राजनीतिक दल खोल्ने स्वतन्त्रता रहेको छ । समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले राजनीतिक दल गठन गर्न सक्नेछन् । दलको विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि प्रचारप्रसार गर्न, गराउने प्रयोजनका लागि दलको गठन गर्न सक्दछन् । राज्यको शासकीय तहको निर्वाचनमा भाग लिन र विजयी भई सरकार चलाउन निर्वाचन आयोगमा वैधानिक रूपमा दल दर्ता गर्नुपर्दछ । राजनीतिक दलको रूपमा निर्वाचनका लागि मान्यता प्राप्त गर्न दर्ता गराउनुपर्दछ । निर्वाचन आयोगमा दल दर्ता गराउँदा राजनीतिक दलको विधान र घोषणपत्रसमेत पेस गर्नुपर्दछ । राजनीतिक दलको गठन गरी सञ्चालन गर्न र दलको विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि त्यसको प्रचार र प्रसार गर्ने कार्यमा कुनै प्रतिबन्ध लगाउने गरी कानुनी व्यवस्था वा निर्णय संविधानको प्रतिकुल हुने र स्वत: अमान्य हुनेछ । कुनै एउटै राजनीतिक दल वा एकै किसिमको राजनीतिक विचारधारा, दर्शन वा कार्यक्रम भएका व्यक्तिहरूले मात्र निर्वाचन, देशको राजनीतिक प्रणाली वा राज्य व्यवस्था सञ्चालनमा भाग लिन पाउने वा सम्मिलित हुन पाउने गरी बनाइएको कानुन वा गरिएको कुनै व्यवस्था वा निर्णय यो संविधानको प्रतिकुल मानिनेछ र स्वत: अमान्य हुनेछ ।

राजनीतिक दललाई निर्वाचन आयोगमा दल दर्ता गराउँदा निम्नानुसारको सर्त पूरा गरेको हुनुपर्दछ :

(क) राजनीतिक दलको विधान र नियमावली लोकतान्त्रिक हुनुपर्छ ।

(ख) राजनीतिक दलको विधानमा कम्तीमा पाँच वर्षमा एकपटक सङ्घीय र प्रदेश तहका प्रत्येक पदाधिकारी निर्वाचन हुने व्यवस्था हुनुपर्छ । तर विशेष परिस्थिति उत्पन्न भई पाँच वर्षभित्रमा पदाधिकारीको निर्वाचन सम्पन्न हुन नसकेमा छ महिनाभित्र त्यस्तो निर्वाचन गर्न सकिने गरी राजनीतिक दलको विधानमा व्यवस्था गर्न बाधा पर्ने छैन ।

(ग) दलको विभिन्न तहका पदाधिकारी नेपालको विविधतालाई प्रतिविम्बन गर्ने गरी समावेशी

प्रतिनिधित्वको व्यवस्था हुनुपर्छ ।

(घ) कुनै राजनीतिक दलको नाम, उद्देश्य, चिह्न वा झन्डा देशको धार्मिक वा साम्प्रदायिक एकतामा खलल पार्ने वा देशलाई विखण्डित गर्ने प्रकृतिको रहेछ भने त्यस्तो राजनीतिक दल दर्ता हुने छैन ।

(ङ) दल दर्ता गर्न अन्य कागजातका अतिरिक्त वार्षिक लेखापरीक्षण प्रतिवेदनसमेत पेस गर्नुपर्नेछ ।

**राजनीतिक दलको उद्देश्य**

राजनीतिक दल भनेको जनताको सेवक र शासन व्यवस्थाको निर्णायक प्रतिनिधि हो । राजनीतिक दल देशको राज्यसत्तामा पुगी दलको विचारधारा, दर्शन र कार्यक्रमलाई नीतिगतरूपमा कार्यन्वयनमा लैजान देश र जनताको भलाई गर्ने उद्देश्यले गठन गरिएको हुन्छ । जनताको मन जितेर, जनताको मतद्वारा जनताको प्रतिनिधिको हैसियतले सत्तामा पुगी शासनसत्ता सञ्चालन गर्ने उद्देश्य राजनीतिक दलको हुन्छ । शासन प्रणालीको आधारमा राजनीतिक दलको उद्देश्यको निर्धारण गरिएको देखिन्छ जसमा सङ्घात्मक शासन प्रणाली अपनाउने र एकात्मक शासन प्रणाली अपनाउने देशका राजनीतिक दलहरूको उद्देश्य फरक रहेको हुन्छ । राजनीतिक दलहरूको मुख्य उद्देश्य भनेको प्रजातन्त्रको जगेर्ना र रक्षा गर्नु, स्वस्थ जनमतको निर्माण गर्नु, अप्रजातान्त्रिक शासन व्यवस्था र शासकहरूको तानाशाही शासनलाई रोक्नु, सार्वजनिक निकायको जिम्मेवारी सम्हाल्नु, व्यक्तिगत स्वतन्त्रता तथा अधिकारको रक्षा गर्नु, नेतृत्वको छनोट गर्नु, राज्य सञ्चालनको नीति तय गर्नु, मतदातालाई उम्मेदवारको उपयुक्तताबारे सूचीत गर्नु, राज्य शक्तिलाई निश्चित गर्नु, सङ्घात्मक शासन प्रणाली अपनाउने देशको राजनीतिक दलको उद्देश्य केन्द्र र प्रदेश र स्थानीय निकायबिच शक्तिको बाँडफाँडलाई निश्चित गर्नु हो । तर एकात्मक शासन प्रणाली अपनाउने देशको राजनीतिक दलको उद्देश्य शक्तिशाली केन्द्रीय सरकार बनाउनु हो । राजनीतिक दलले राज्य सञ्चालन कसरी गर्ने भन्ने नीति तय गरेको हुन्छ । यदि राज्य सञ्चालनको स्पष्ट नीति तय भएन भने स्वेच्छाचारी शासनको सूत्रपात हुन जान्छ ।

## अभ्यास

१. **अति छोटो उत्तर दिनुहोस् :**

(क) राजनीतिक दलको कुनै एक उद्देश्य बताउनुहोस् ।

(ख) शासन व्यवस्थामा राजनीतिक दलका कुनै एक भूमिका उल्लेख गर्नुहोस् ।

२. **छोटो उत्तर दिनुहोस् :**

(क) राजनीतिक दलको बनावटबारे छोटोकरीमा उल्लेख गर्नुहोस् ।

(ख) सङ्घात्मक प्रणालीको राज्यको उद्देश्यबारे छोटो टिप्पणी लेख्नुहोस् ।

(ग) राजनीतिक दलका उद्देश्यहरूको सूची बनाउनुहोस् ।

## पाठ - ३ राजनीतिक दलको विगतको भूमिका

कुनै पनि राष्ट्रको राजनीतिक पार्टीहरू लोकतान्त्रिक शासन व्यवस्थाको जग बसाउने पहिलो अभियन्ताहरू हुन् । नेपालको राजनीतिक दलहरूको ऐतिहासिक पृष्ठभूमिलाई हेर्दा मुलुकको लोकतान्त्रिक आन्दोलनसँग जोडिएर आउँछ । निरङ्कुश व्यवस्थाको अन्त्य गर्न र शासन व्यवस्थामा लोकतन्त्रको मूल्य मान्यता स्थापित गर्न राजनीतिक दलहरूको गहन जिम्मेवारी रहेको छ । जनताका विभिन्न आवश्यकताको परिपूर्ति गर्न, देशलाई समृद्धि बनाउन र राष्ट्रलाई अन्तर्राष्ट्रिय जगत्मा परिचित गराउन राजनीतिक पार्टीहरूको अहम् भूमिका रहेको हुन्छ । नेपालको सन्दर्भमा राजनीतिक पार्टीहरूको त्यति लामो इतिहास छैन । नेपालको शासकीय व्यवस्थामा प्राचीन काल, मध्यकाल (वि.सं. ९३६-१८२५) र आधुनिक कालसम्म आइपुग्दा राजाहरूले वंशीय आधारमा नै शासन व्यवस्था सञ्चालन गरेको इतिहास पाउन सकिन्छ । नेपालको दरबारीया राजनीतिमा हत्या, हिंसा र धोकाको प्रतिफलस्वरूप जङ्गबहादुरको कुटिलताले १०४ वर्षसम्म जहानिया शासन सञ्चालन गरेका थिए । शासकहरूको वंशीय आधार, सम्भ्रान्त वर्गको मिचाइ र लडाइँबाट विजयी प्राप्त भएपछि स्वत: शासक बन्ने परिस्थिति बन्दथ्यो । यसरी नेपालको इतिहासमा राजनीतिक दलको अवधारणा विकास नै भएको देखिँदैन ।

नेपालमा राजनीतिक दलको स्थापना वि.सं. १९९३ बाट सुरु भएको पाइन्छ । वि.सं. २००७ सालसम्म आइपुग्दा प्रजापरिषद्, राष्ट्रिय काङ्ग्रेसको स्थापना भयो । पछि यी दुवै मिलेर नेपाली काङ्ग्रेसको स्थापना भयो भने नेपाल कम्प्युनिष्ट पार्टीको स्थापना पनि यसै अवधिमा भयो । वि.सं. २००७ सालको अन्तरिम शासन विधानमा राजनीतिक सङ्गठन खोल्न पाउने अधिकार सुनिश्चित गरी नेपाली काङ्ग्रेसतर्फबाट मातृकाप्रसाद कोइराला प्रधानमन्त्री बनेपछि नेपालमा सर्वसाधारण व्यक्तित्वको रूपमा जनताकै छोरा राजनीतिक पार्टीहरूको नेतृत्व लिई सत्तामा पुगेको देखिन्छ । वि.सं. २००७ साल र वि.सं. २०१५ सालसम्म विभिन्न उतारचढावहरूका बाबजुद वि.सं. २०१५ मा नेपाल अधिराज्यको संविधान २०१५ जारी भएपछिको आम निर्वाचन (पहिलो आमनिर्वाचन, २०१६) मा नेपाली काङ्ग्रेस पार्टीले दुईतिहाई बहुमतका साथ विजयी भई विश्वेश्वरप्रसाद कोइराला नेपाल सरकारको पहिलो जननिर्वाचित प्रधानमन्त्री बनेका थिए । नेपालको राजनीतिक इतिहासको कालखण्डमा राजनीतिक दलले खेलेको भूमिकाले राज्यको सबैभन्दा ठुलो पद प्राप्त गरेको थियो । यसरी हेर्दा नेपाली काङ्ग्रेस र कम्युनिस्ट पार्टीहरूले नेपालको लोकतान्त्रिक आन्दोलनमा खेलेको भूमिका महत्त्वपूर्ण छ । नेपालको राजनीतिक इतिहासमा विभिन्न कालखण्डमा राजतन्त्रको समाप्ती र सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था स्थापना गर्नमा राजनीतक दलहरूको नेतृत्वदायी भूमिका रहेको छ । जनताका आधारभूत मौलिक हक, अधिकारसमेत खोसिएको अवस्थामा त्योबाट मुक्ति गराई सम्मानपूर्वक बाँच्न पाउने, स्वतन्त्रपूर्वक आफ्ना गतिविधि सञ्चालन गर्न पाउने र सम्मानित नागरिकको रूपमा जीवनयापन गर्न पाउने आजको अवस्था सिर्जना गर्नमा राजनीतिक दलहरूको अहम् भूमिका रहेको छ । राजनीतिक दलहरूले लोकतन्त्र स्थापना गर्नमा खेलेको भूमिकालाई

निम्न बुँदाहरूमा औँल्याइएको छ :

१. नेपालमा राजनीतिक दलहरूको निरन्तर प्रयासले लोकतन्त्र प्राप्त गर्न महत्त्वपूर्ण भूमिका रहेको थियो ।

२. नेपालको गणतन्त्रात्मक स्वरूपको शासन व्यवस्था बनाउन राजनीतिक दलको नेतृत्वदायी भूमिका थियो ।

३. राजनीतिक दलहरूको सक्रिय सहभागिताबिना राजनीतिक प्रणालीलाई जीवन्त र गतिशील बनाउन दलहरूको भूमिका अपरिहार्य रह्यो ।

४. मुलुकको शासन व्यवस्थालाई सुचारु रूपले सञ्चालन गर्न राजनीतिक दलहरूको रचनात्मक भूमिका र सक्रियता अपरिहार्य रहेको थियो ।

५. नेपालका राजनीतिक दलहरूको राष्ट्रिय नीति निर्धारण, अन्तर्राष्ट्रिय सम्बन्ध बिस्तार गर्नमा समेत भूमिका रहेको थियो ।

६. राष्ट्र निर्माणको महत्त्वपूर्ण समयमा राजनीतिक दलहरूले सबै वर्ग, लिङ्ग, क्षेत्र, जाति, भाषा आदिको भावनाको प्रतिनिधित्व गर्न महत्त्वपूर्ण भूमिका खेलेका थिए ।

अन्तमा नेपाल आजको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको अवस्थामा आइपुग्नुको महत्त्वपूर्ण श्रेय नेपालका राजनीतिक दलहरूलाई जान्छ । अझ पनि राजनीतिक पार्टीहरू बढी प्रजातान्त्रिक हुन जरुरी छ । जनताको असीमित विकासका आवश्यकता, अन्तर्राष्ट्रिय जगतमा नेपालको सशक्त र महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सबै राजनीतिक पार्टीहरू दलगत स्वार्थबाट माथि उठी एकआपसमा समझदारी र जिम्मेवारीपूर्वक लोकतन्त्र, गणतन्त्र र ऐतिहासिक प्राप्त उपलब्धिलाई संस्थागत गर्न राजनीतिक दलहरूको भूमिका अझ अपरिहार्य छ ।

## अभ्यास

१. अति छोटो उत्तर दिनुहोस् :

(क) नेपालमा राणा शासनको सुरुआत कहिले भयो ?

(ख) नेपालमा पहिलो आम निर्वाचन कहिले भयो ?

(ग) पञ्चायती व्यवस्थाको अन्त्य कहिले भयो ? उल्लेख गर्नुहोस् ।

२. छोटो उत्तर दिनुहोस् :

(क) जनमत सङ्ग्रह केका लागि गराइएको थियो ? विवेचना गर्नुहोस् ।

३. लामो उत्तर दिनुहोस् :

(क) लोकतन्त्रको स्थापनामा राजनीतिक दलको भूमिकाको समीक्षा गर्नुहोस् ।

## पाठ - ४ राजनीतिक दलका कार्यहरू

आजको आधुनिक युगमा दलपद्धति प्रजातन्त्रको सफलताका लागि आवश्यक छ । दलपद्धतिले प्रजातन्त्रलाई मूर्तरूप प्रदान गर्छ । टी.बी स्मिथका भनाइमा- राजनीतिक दल प्रजातन्त्रको मेरुदण्ड हो । राजनीतिक दलको स्थापना राजनीतिक उद्देश्य प्राप्त गर्नका लागि भएको हुन्छ । राजनीतिक दल सरकारको निर्माण गर्नका लागि सङ्गठित हुन्छन् । राजनीतिक दलले आफ्नो उद्देश्य पूर्ति गर्नका लागि राजनीतिक दलले आफ्ना नीति र कार्यक्रमहरू तय गर्ने गर्दछ । राजनीतिक दलले गर्ने कार्यहरूलाई निम्न आधारमा उल्लेख गर्न सकिन्छ :

१. **जनतामा राजनीतिक चेतनाको प्रचार** : राजनीतिक दलहरूले समय समयमा सार्वजनिक सभाहरू गरी जनतामा आफ्ना विचारहरू व्यक्त गरी राजनीतिक चेतना प्रदान गर्दछन् । राजनीतिक दलहरूबाट प्रकाशित पत्रपत्रिका चर्चा गरिएका राजनीतिक विचारबाट जनतामा देशको वस्तुस्थितिबारे जानकारी प्राप्त हुन जान्छ । निर्वाचनका समयमा प्रत्येक राजनीतिक दलले जनतासमक्ष आआफ्ना घोषणापत्रको माध्यमबाट आफ्ना विचार कार्यक्रम प्रस्तुत गर्छन् । यसको साथै जनतालाई शासनसम्बन्धी विषयमा भाग लिन उत्साहित गराउने राजनीतिक दलहरू नै हुन् ।

२. **सार्वजनिक नीति निर्माणमा जनताको नेतृत्व** : सर्वसाधारण जनता आधुनिक युगका जटिल समस्याहरू झेल्न सक्ने अवस्थामा हुँदैनन् । राजनीतिक दलहरूले त्यस्ता जनताका त्यस्ता समस्याहरूलाई सजिलो रूपमा र समस्याको समाधान गर्ने उपायसमेत जनताका समक्ष राख्दछन् । वादविवाद, जनसभा, समाचारपत्र आदिका माध्यमबाट राजनीतिक दलले समस्याका निमित्त अपनाइनुपर्ने पक्षलाई समेत उल्लेख गरी जनतासमक्ष राख्छन् । डा. आशीर्वादम्का शब्दमा- नि:सन्देह आधुनिक राज्यको जटिल परिस्थितिमा समस्या र नीतिलाई स्पष्ट गर्नमा राजनीतिक दलले महत्त्वपूर्ण योगदान गर्दछन् । जसरी दुवै पक्षका वकिलको जिरह, बहस आदिबाट न्यायाधीशले मुद्दालाई ठिकसँग बुझ्दछन् । त्यस्तै प्रकारले राजनीतिक दलहरूका प्रचारबाट मतदाताहरू देशका समस्याहरू र त्यसको समाधान गर्ने बाटो राम्ररी बुझी आफ्नो कर्तव्य निश्चित गर्दछन् । यस प्रकार देशको नीति निर्माणमा जनताको नेतृत्व राजनीतिक दलले काम गरेको हुन्छ ।

३. **सरकारी पदाधिकारीहरूको निर्वाचन** : राजनीतिक दलहरूको प्रमुख कार्य सरकारको निर्माण गर्नु हो । यसका लागि दलहरूले पदाधिकारीहरूको निर्वाचनमा भाग पनि लिन्छन् । निर्वाचनमा प्रत्येक दलले आआफ्ना उम्मेदवारहरूलाई खडा गर्छन् । प्रत्येक दलले आआफ्नो योजना र लक्ष्यको प्रचारद्वारा जनतालाई आकर्षित गर्छन । जनताले आफ्नो इच्छानुसार उपर्युक्त दलका उम्मेदवारलाई विजयी बनाउँछन् । यसप्रकार जनताले उपर्युक्त व्यक्तिलाई सरकारको सञ्चालन

गर्न निर्वाचित गर्ने कार्य गर्दछन् ।

४. **शासन सञ्चालन गर्नु तथा आलोचना गर्नु :** यथार्थमा भन्ने हो भने राजनीतिक दलले नै सरकार सञ्चालनको कार्य गर्दछन् । आम निर्वाचनमा जुन दलको बहुमत विधायिकामा हुन्छ त्यही दलले नै सरकारको गठन गर्छ । सत्तारुढ दलको नै सरकारमाथि नियन्त्रण रहन्छ र समस्त शासन कार्यको भार त्यही दलमाथि रहन्छ । विधायिकामा जुन दलको बहुमत हुँदैन तिनले सत्तारुढ दलको विरोध तथा नियन्त्रणको अवसर पाउँछन् । सत्तारुढ दललाई जहिले पनि अविश्वासको प्रस्तावको डर हुने हुँदा विरोधी दलको आलोचनामाथि ध्यान दिँदै उसले कार्य गर्दछ ।

५. **राजनीतिक दल सरकार र जनताबिचको सम्पर्क सूत्र :** राजनीतिक दलले सरकार र जनताबिच मध्यस्थताको कार्य गर्छ । राजनीतिक दलहरूले नै जनताको विचार, आशा, धारणा एवम् इच्छाहरू सरकारसमक्ष पुऱ्याउँछन् सरकारको नीति, कार्यक्रम, सफलता एवम् विफलताको सूचना राजनीतिक दलले नै जनतालाई दिन्छन् । राजनीतिक दलको सङ्गठनको आधारमा नै सरकाले देशमा लागु गरिने कार्यक्रमहरूको घोषणा गर्दछ ।

६. **दलसम्बन्धी कार्य :** प्रत्येक राजनीतिक दलले आफ्नो सङ्गठनको सञ्चालनका लागि अनेकौँ कार्य गर्नुपर्छ । बढी व्यक्तिहरूलाई दलको सदस्य बनाउनु, मतदाता सूची तयार पार्नु, सार्वजनिक सभा तथा अधिवेशन गर्नु, पत्रपत्रिका प्रकाशित गरी जनतालाई सुसूचित गर्नु आदि कार्य राजनीतिक दलले गरी रहनुपर्दछ ।

७. **सामाजिक र सांस्कृतिक कार्य :** राजनीतिक दलले सामाजिक तथा सांस्कृतिक उत्थानका लागि कार्य गर्छ । खासगरी अविकसित तथा विकासोन्मुख देशमा राजनीतिक दलले सामाजिक तथा सांस्कृतिक उत्थानका लागि महत्त्वपूर्ण कार्य गर्छ । छुवाछुत हटाउन, जमिन्दारी प्रथा उन्मूलन गर्न, भूमि वितरण गर्ने जस्ता देश विकासका कार्यहरूमा राजनीतिक दलहरूले महत्त्वपूर्ण योगदान गर्न सक्छन् ।

८. **सरकारका विभिन्न अङ्गहरूमा सामञ्जस्य स्थापित गर्नु :** राजनीतिक दलहरूले शासनका विभिन्न अङ्गहरूका बिच पुलको कार्य गर्छन् । सरकारका तीन अङ्ग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाले बेग्लाबेग्लै कार्य गर्छन् । यी तीनै अङ्गलाई मिलाएर नै सरकार बन्दछ । तसर्थ सरकार भनेको एउटा शरीर हो । सरकारका विभिन्न अङ्ग भनेका शरीरका विभिन्न अङ्ग समान हुन् । अत: सरकारका विभिन्न अङ्गमा सामञ्जस्य स्थापित नगर्ने हो भने शासनयन्त्र नै असफल हुन जान्छ । राजनीतिक दलहरू सरकारका विभिन्न अङ्गहरूका बिच सामञ्जस्य स्थापित गर्ने सर्वोत्तम साधन हुन् ।

संसदीय व्यवस्थामा व्यवस्थापिका र कार्यपालिका एउटै दलको अनुशासनबाट बाँधिएका हुन्छन् । सरकारका

तीनै अङ्गका बिच सामान्जस्यता लाउने कार्य राजनीतिक दलहरूले गर्दछन् । तसर्थ सरकारको एकता कायम राख्नका लागि राजनीतिक दलहरूले सराहनीय कार्य गर्छन् ।

## अभ्यास

१. **अति छोटो उत्तर दिनुहोस् :**

(क) सरकारका अङ्गहरूबिच पुलको काम कसले गर्दछ ?

(ख) सार्वजनिक नीति निर्माणमा राजनीतिक दलले कसरी नेतृत्व गरेको हुन्छ, एक वाक्यमा लेख्नुहोस् ।

(ग) सरकारको नियन्त्रण कस्ले गर्दछ ?

२. **छोटो उत्तर दिनुहोस् :**

(क) राजनीतिक दलले सार्वजनिक नीतिहरूलाई स्पष्ट गर्ने काम कसरी गर्दछ ? उल्लेख गर्नुहोस् ।

(ख) राजनीतिक दलले सरकार र जनताका बिचमा कसरी काम गर्दछन् ?

३. **लामो उत्तर दिनुहोस् :**

(क) राजनीतिक दलका कार्यहरूबारे विवेचना गर्नुहोस् ।

■■■

# पाठ – १ परराष्ट्र नीतिको अर्थ, परिभाषा र उद्देश्यहरू, महत्त्व र आधारहरू

## परराष्ट्र नीतिको परिभाषा

मानिस सामाजिक प्राणी भएकाले समाजविना एक्लो जीवन बिताउन सक्दैन भने जस्तै राष्ट्रहरू पनि राज्यहरूको बिचको सम्बन्धबिना बाँच्न सक्दैन । समृद्ध र आर्थिकरूपले विकसित मुलुक हुन पनि बजार चाहिन्छ । आफ्नो राष्ट्रको प्रभाव बिस्तार गर्न, आपसमा आर्थिक सहयोग आदनप्रदान गर्न र मित्रवत सम्बन्ध स्थापित गर्न राष्ट्रको आफ्नै परराष्ट्र नीति चाहिन्छ । परराष्ट्र नीतिको अर्थ एक राष्ट्रको अर्को राष्ट्रसँगको सम्बन्धमा आफ्ना हित, आकाङ्क्षाा र उद्देश्यप्रति संवर्धन र जगेर्ना गर्ने नीति नै परराष्ट्र नीति हो । परराष्ट्र नीतिका आधारमा राष्ट्रले अर्को राष्ट्रप्रतिको आफ्नो राजनीतिक रणनीति र कार्यनीति तयार गरी लागु गर्दछ । त्यसैले परराष्ट्र नीति भनेको एउटा राज्यले अर्को राज्यसँग सम्बन्ध निर्धारण गर्ने सैद्धान्तिक आधार हो । आफ्नो राष्ट्रिय स्वार्थको संरक्षण र संवर्धन गर्न राज्यहरू राष्ट्रिय स्वार्थअनुकूल राष्ट्रिय नीति तर्जुमा गर्दछन् । राष्ट्रिय नीति दुई किसिमका हुन्छ । एउटा राष्ट्रिय सीमाभित्रका लागि तर्जुमा गरिएको घरेलु नीति (Domestic Policy) हो भने अर्को अन्य राष्ट्रहरूसँग सम्बन्ध स्थापित गर्ने नीति वाह्य नीति (Foreign Policy) हो । परराष्ट्र नीतिलाई विभिन्न कोणबाट विभिन्न विद्वान्हरूले परिभाषा दिएका छन् । नर्मन हीलका (Norman Hill) अनुसार "परराष्ट्र नीति निर्माणको प्रारम्भ बिन्दु नै राष्ट्रिय स्वार्थ हो ।" त्यस्तै फेलिक्स ग्रस (Feliks Gross) को विचारमा- "आफ्नो कार्यात्मक रूपमा परराष्ट्र नीति भनेको एक सरकारको अर्को सरकारप्रति, एक राज्यद्वारा अर्को राज्यप्रति अथवा एक सरकारद्वारा एक अन्तराष्ट्रिय सङ्घप्रति अपनाइएको विशिष्ट क्रियाहरूको पद्धति हो ।" अर्को विद्वान् जर्ज मोडलास्की (George Modelski) ले "अन्य राष्ट्रसँगको व्यवहारलाई परिवर्तन गर्ने र अन्तर्राष्ट्रिय वातावरणसँग आफ्नो क्रियाकलापलाई तालमेल गरी समुदायद्वारा विकसित गरिएको गतिविधिहरूकै नाम परराष्ट्र नीति हो भनेका छन् ।" जोनसन (Jonson) का अनुसार "परराष्ट्र नीति मूल विदेशी शक्तिहरूसँग सरोकार राख्ने सरकारको कला (Art of Government) हो भनेका छन् ।" सबै विद्वान्हरूले दिएको परिभाषाको सारमा परराष्ट्र नीतिलाई यसरी बुझ्न सकिन्छ ।

(क) एउटा राज्यले अन्य राज्यसँग सम्बन्ध स्थापित गर्दा अपनाउने नीति हो ।

(ख) यसको माध्यबाट कुनै राज्यले आफ्नो उद्देश्यअनुरूप अन्य राज्यहरूको व्यवहारलाई प्रभावित गर्छ ।

(ग) यो हरेक राज्यको राष्ट्रिय स्वार्थअनुसार निर्धारण हुन्छ ।

(घ) आफ्नो देशको अवस्था र अन्य राज्य र अन्तर्राष्ट्रिय परिस्थितिलाई मध्यनजर गर्दै आफ्ना व्यवहार र क्रियाकलापमा तालमेल ल्याउँछ ।

(ङ) यो कुनै पनि राज्यको राष्ट्रिय नीतिको एउटा पक्ष हो जसमा आन्तरिक नीतिको प्रतिविम्ब हुन्छ ।

**परराष्ट्र नीतिका उद्देश्यहरू (Objectives of Foreign Policy)**

विश्वका विभिन्न मुलुकहरू शक्तिशाली र कमजोर, साम्यवादी र पुँजीवादी, प्रजातान्त्रिक, एकाधिकारवादी, तानाशाही आदि विचारधाराबमोजिमका लक्ष्य र उद्देश्यहरू भएजस्तै परराष्ट्र नीतिमा पनि विविधता पाइन्छ । हरेक राज्यको परराष्ट्र नीतिले राष्ट्रिय हित प्राप्त गर्ने निश्चित लक्ष्य लिएको हुन्छ । सामान्यतया मुलुकको परराष्ट्र नीतिका साझा र समान राष्ट्रिय हित हुने गर्दछन् । जसअन्तर्गत आत्मसुरक्षा, राज्यको सुरक्षा, राष्ट्रिय सार्वभौमसत्ताको रक्षा र क्षेत्रीय अखण्डता, अन्तर्राष्ट्रिय प्रतिष्ठा मुख्यरूपमा रहेका हुन्छन् । यसका साथै आफ्नो मुलुकको चौतर्फी विकास, राष्ट्रिय विचारधाराको प्रवर्धन, स्थायित्व, निश्चित विवादरहित सीमाभित्र रहने जस्ता उद्देश्यहरू पनि हुन्छन् । बृहत्रूपमा परराष्ट्र नीतिका उद्देश्यहरूलाई निम्नबमोजिम प्रस्तुत गर्न सकिन्छ ।

**(क) राजनीतिक उद्देश्य (Political Objectives)**

राष्ट्रिय विचारधाराको प्रपर्धन तथा संवर्धन एवम् बिस्तार गर्नु र राष्ट्रिय हितलाई संरक्षण गर्नु विदेश नीतिको प्रमुख राजनीतिक उद्देश्यअन्तर्गत पर्दछ । यसका अलावा राजनीतिक उद्देश्यहरू निम्न बमोजिम छन् :

१. राज्यको अन्तर्राष्ट्रिय भूमिका बिस्तार गर्नु

२. अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय विचारधाराको प्रचार प्रसार गर्नु

३. देशको राजनीतिक विचारधारा र अन्तर्राष्ट्रिय बिचारहरूबिच अन्योन्याश्रित सम्बन्ध कायम गर्नु

४. सम्बन्ध बिग्रेका मुलुकसँग सम्बन्ध कायम गर्नु

५. अन्तर्राष्ट्रिय स्तरमा मुलुकको छवि उच्च बनाउनु तथा/बिस्तार गर्नु र सोको माध्यमबाट प्रतिष्ठा कायम गर्नु

६. अन्तर्राष्ट्रिय क्षेत्रमा शक्ति सन्तुलन कायम गर्नु

७. विश्वको राजनीतिक गतिविधि र यससँग सम्बन्धित सम्पूर्ण सूचना प्रदान गर्नु

**(ख) आर्थिक उद्देश्य (Economic Objectives)**

कुनै पनि मुलुकको विदेश नीतिका राजनीतिक उद्देश्यहरू जस्तै आर्थिक उद्देश्यहरू पनि महत्त्वपूर्ण हुने गर्दछन् । आर्थिक सहयोग प्राप्त गरी आफ्नो मुलुकको चौतर्फी विकास गर्नुका साथै आर्थिक सहयोगको

माध्यमबाट आफ्नो विचारधारको बिस्तार गर्ने उद्देश्य रहेको हुन्छ । विदेश नीतिका निम्न प्रमुख आर्थिक उद्देश्यहरू रहेका हुन्छन् :

१. आर्थिक स्थायित्व कायम गर्दै आर्थिक विकास गर्ने
२. आर्थिक प्रगति गर्ने, आर्थिक क्रियाकलापको एकीकरण गर्ने
३. स्वदेशी तथा वैदेशिक रोजगारी सिर्जना गर्ने
४. दक्ष जनशक्ति, स्रोत साधन, प्रविधि, वस्तुको आयात तथा निर्यात र बिस्तार गर्ने
५. व्यापारमा विविधीकरण र पहुँचमा बिस्तार गर्ने
६. सर्वाङ्गिण रूपमा समृद्धशाली मुलुकको स्थापना र विकास गर्ने
७. आर्थिक, भौतिक तथा मानवीय स्रोत साधनको आदान प्रदान गर्ने
८. उन्नत प्रविधिको विकास र विशेषज्ञताको उपयोग गर्ने
९. आर्थिक स्वतन्त्रता र आर्थिक आत्मनिर्भरता, विश्वव्यापीकरण, उदारीकरण, निजीकरणलाई अर्थतन्त्रमा समावेश गर्ने
१०. खुला समाजलाई प्रश्रय दिने र विश्व बैङ्क, विश्व व्यापार सङ्गठन, अन्तर्राष्ट्रिय मुद्रा कोष आदि विश्व सङ्गठनका मान्यताहरूलाई खुला स्थान दिने

(ग) **सामाजिक सांस्कृतिक उद्देश्य (Socio-Cultural Objectives)**

विदेश नीति निर्माण गर्दा उक्त राष्ट्रको सामाजिक सांस्कृतिक अवस्थालाई समेत मध्येनजर राखेर निर्माण गरिएको हुन्छ भने सोहीबमोजिम यसका सामाजिक सांस्कृतिक उद्देश्यहरू पनि हुने गर्दछन् जुन यस प्रकार छन् :

१. सांस्कृतिक मूल्य मान्यता र परम्पराको आदानप्रदान गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय एकताको भावना विकास गर्नु, मानवीय धर्मको बिस्तार र विकास गर्नु
२. सामाजिक र सांस्कृतिक समावेशीकरणको बिस्तार गर्नु
३. विश्वव्यापी नागरिक समाजको उदय र क्रियाशीलता, नागरिकको खुला आगमन, बहु संस्कृतियुक्त समाजको निर्माण गर्नु
४. सास्कृतिक रूपमा राष्ट्रका नागरिकहरूको बिचमा अन्तर निर्भरता कायम गर्नुका साथै सामाजिक परिचालनद्वारा समाजको जगरुकताको वृद्धि गर्नु
५. आर्थिक क्रियाकलाप उन्मुख सामाजिक क्रियाकलापको विकास गर्नु
६. सामाजिक सांस्कृतिक घोषणापत्रहरू, सन्धि, महासन्धिहरू, प्रस्तावहरूको समर्थन गर्नु

७. सामाजिक सांस्कृतिक अवस्थामा समानता, स्वतन्त्रता, भातृत्व र एकीकरणको सिर्जना गर्नु

८. जातीय भेदभावको विरोध, लैङ्गिक समानता, बाल हकहितको संरक्षण गर्नु

(घ) **रणनीतिक उद्देश्य (Strategic Objectives)**

परराष्ट्र नीतिका अन्य उद्देश्यहरू जस्तै : विभिन्न रणनीतिक उद्देश्यहरू पनि हुन्छन् । जसले राष्ट्र र राष्ट्रियताका पक्षलाई दरिलो हिसाबले वकालत गर्दछन् । उक्त रणनीतिका उद्देश्यहरू यस प्रकार छन् ।

१. राष्ट्रिय सार्वभौम सत्ता र अखण्डताको रक्षा गर्नु

२. आत्म सुरक्षा र स्थायित्व कायम राख्नु

३. मुलुकको चौतर्फी विकासमा ध्यान पुऱ्याउनु

४. राष्ट्रिय विचारधाराको प्रवर्धन गर्नु

५. एकताको भावना विकास गराउनु

विकशित मुलुकहरूले आर्थिक सहयोगको कुटनीति अवलम्बन गरेको पाइन्छ । नेपालको संविधान २०७२ को धारा ५१ को उपधारा (ड) मा अन्तर्राष्ट्रिय सम्बन्ध सम्बन्धी नीतिअन्तर्गत (१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्व शान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने उद्देश्य राखेको छ । त्यस्तै (२) वितगमा भएका सन्धिहरूको पुनरावलोकन गर्दै समानता र पारस्परिक हितको आधारमा सन्धि सम्झौताहरू गर्ने उद्देश्य पनि लिएको छ ।

### परराष्ट्र नीतिको महत्त्व

मानिस सामाजिक प्राणिका रूपमा जन्मदेखि मृत्युसम्म समाज एवम् परिवारमा सहयोग असहयोग, शान्ति झगडा, क्रिया अन्तरक्रियाबिच घुलमिल भइरहेको हुन्छ ठिक त्यसै गरी अन्तर्राष्ट्रिय व्यवस्थामा राष्ट्रहरू आफ्नो परराष्ट्रनीतिमा अन्तर्राष्ट्रिय समुदायसँग घुलमिल भइरहेको पाइन्छ । यसर्थ परिवार र समाज अन्तर्राष्ट्रिय व्यवस्थाका साना एकाइ हुन् भने विश्व समुदाय यसैको वृहत् रूप मात्र हो । त्यसैले कुनै पनि पारिवारिक घटनालाई आजको विकसित परराष्ट्र नीतिको एक सूक्ष्म रूपका रूपमा पेस गर्न सकिन्छ । जसरी परिवारमा विभिन्न सदस्य हुन्छन् । त्यसैगरी आज अन्तर्राष्ट्रिय राजनीतिमा विभिन्न राष्ट्रहरू एउटै मञ्चमा रहँदा परिवारको रूपमा रहेका पाइन्छन् । यसरी राष्ट्रहरू एक परिवारको रूपमा भेला भई अन्तर्राष्ट्रिय मूल्य र मान्यताहरूको पारस्परिक आदान प्रदान गर्दछन् । अन्तर्राष्ट्रिय राजनीतिमा स्थापित मूल्य र मान्यताहरूका स्थापित मापदण्डहरू नै परराष्ट्र नीतिका आधारहरू हुन् । अन्तर्राष्ट्रिय राजनीति परिवर्तनशील हुन्छ र समायानुकूल राज्यहरूले आर्थिक, सामाजिक र राजनीतिक व्यवस्थानुसार आफ्ना

परराष्ट्र नीतिहरूलाई अगाडि बढाइरहेको हुन्छ । राज्यको परराष्ट्र नीतिले विश्व समुदायलाई नजिकबाट निहाल्ने, चिन्ने, व्यवहार गर्ने र सहयोग गर्ने आदि भएकाले यसको महत्त्व धेरै छ ।

विश्व राजनीतिक व्यवस्थामा विभिन्न परराष्ट्र नीतिहरू अवलम्बन गरिएको पाइन्छ । उदाहरणको रूपमा साम्यवादी परराष्ट्र नीति, पुँजीवादी परराष्ट्र नीति, असंलग्न परराष्ट्र नीति, तटस्थ परराष्ट्र नीति, तेस्रो विश्वको परराष्ट्र नीति, आदिलाई लिन सकिन्छ । यसरी समय र परिस्थितिअनुरूप अन्तर्राष्ट्रिय व्यवस्थाको विविध तत्त्वका आधारमा विभिन्न देशहरूको परराष्ट्र नीतिमा आफ्नै किसिमका विशेषताहरू देख्न सकिन्छ । त्यसकारण हरेक राष्ट्रको आफ्नो आवश्यकता एवम् विचारधाराअनुरूप परराष्ट्र नीतिको अवलम्बन गर्नु नितान्त आवश्यक छ ।

नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधानको आधारमा तीन शासकीय स्वरूपको सरकार गठन भएको अवस्थामा प्रमुख राजनीतिक दलहरूबिच परराष्ट्र नीतिका मूल मुद्दाहरूमा राजनीतिक सहमतिमा परराष्ट्र नीतिको निर्माण हुनु आवश्यक छ । आन्तरिक र वाह्य परिस्थितिको समेत मध्यनजर गर्दै स्थायी र तटस्थ प्रशासन संयन्त्र (Permanent and non-partisan bureaucracy) को निर्माणले परराष्ट्र नीति निर्धारणमा भारत, अमेरिका र चीन जस्ता मुलुकको आपसी सम्बन्धको पनि ठुलो सकारात्मक भूमिका खेल्दछ ।

**परराष्ट्र नीतिको आधारहरू (Foundation of foreign policy)**

राष्ट्रिय हितलाई बिर्सेर कुनै पनि मुलुकले आफ्नो परराष्ट्र नीतिको निर्धारण गर्न सक्दैन । अर्को शब्दमा भन्ने हो भने कुनै पनि मुलुकको परराष्ट्र नीतिको लक्ष्य भनेको राष्ट्रिय हितको संरक्षण र संवर्धन गर्नु हो । तर यहाँ ध्यान दिनुपर्ने कुरा के छ भने कुनै पनि मुलुकको परराष्ट्र नीतिलाई त्यो देशको विशिष्ट परिस्थितिले प्रभावित गर्दछ । वास्तवमा भन्ने हो भने हरेक मुलुकको विदेश नीति निर्धारणमा केही तत्त्वहरूले निर्णायक भूमिका खेल्दछन् जसलाई विद्वान्हरू निर्धारक तत्त्व (Determinants factors) भन्दछन् । परराष्ट्र नीति निर्धारण गर्दा त्यहाँको जनसङ्ख्या, भूबनोट, प्रकृतिक सम्पदा, आर्थिक आवश्यकता, सांस्कृतिक स्वरूप, नेतृत्व, विश्व जनमतजस्ता महत्त्वपूर्ण कारक तत्त्वहरूलाई बेवास्ता गर्न सकिँदैन । यी र यस्तै तत्त्वअरू जसले कुनै राज्यको परराष्ट्र नीतिलाई प्रभावित गर्छन् हामी तिनलाई निर्धारक तत्त्व भन्दछौँ । यहाँ सुरुमै ध्यान दिनुपर्ने कुरा के छ भने यी तत्त्वमध्ये कुनै एकले मात्रै कुनै देशको परराष्ट्र नीतिलाई त्यति प्रभावित गर्न सक्दैनन् जति यी सबैले एक अर्कासँग मिलेर अर्थात् परराष्ट्र नीतिको निर्धारणमा यी सबै तत्त्वहरूले समग्रतामा ठुलो भूमिका खेल्छन् ।

परराष्ट्र नीति निर्धारणमा निर्णायक भूमिका खेल्ने तत्त्वहरूलाई स्थायी र परिवर्तनशील गरी दुई भागमा बाँड्न सक्छौँ । निश्चित र अपरिवर्तनशील वा कम परिवर्तनशील हुने परराष्ट्र नीतिलाई हामी स्थायी श्रेणीमा राख्न सक्छौँ । जस्तैः भूगोल, इतिहास, सामान्य सामाजिक, सांस्कृतिक परिवेश र आर्थिक अवस्था

आदि स्थायी तत्त्व हुन् । अर्कोतिर त्यस्ता तत्त्वहरू पर्छन् जो नयाँ हुन् र लगातार बदलिने तत्त्वलाई परिवर्तनशीलको श्रेणीमा राख्न सकिन्छ । यस श्रेणीमा तत्कालको राजनीतिक अवस्था, नेतृत्व, अन्तर्राष्ट्रिय परिस्थिति जस्ता कारकहरू पर्दछन् । परराष्ट्र नीतिका आधारहरू भनेका राज्यले छिमेकी तथा अन्तर्राष्ट्रिय स्तरमा सम्बन्ध बिस्तार गर्ने माध्यम नै परराष्ट्र नीतिका आधारहरू हुन् । जुन यस प्रकार छन् ।

१. जनसङ्ख्या (Population)
२. भौगोलिक तत्त्व (Geographical Factor)
३. ऐतिहासिक पृष्ठभूमि (Historical Background)
४. प्राकृतिक सम्पदा (Natural Resources)
५. आर्थिक तत्त्व (Economic Factor)
६. राजनीतिक व्यवस्था (Political System)
७. औद्योगिक क्षमता (Industrial Capability)
८. सैनिक शक्ति (Armed Force)
९. सामाजिक सांस्कृतिक तत्त्व (Socio-Cultural Elements)
१०. विचारधारा (Ideology)
११. नीति निर्माता (Policy-Makers)
१२. विश्व जनमत (World View)
१३. वातावरणीय तत्त्व (Environment Elements)
१४. विश्व सङ्गठन (World Organization)
१५. सम्बद्ध देशको प्रतिक्रिया (Response of the concerned Countries)

माथि उल्लिखित बुँदाहरूको आधारहरू हरेक मुलुकहरूले आफ्नो परराष्ट्र नीतिहरू बनाएको हुन्छ । विश्वका प्रत्येक राष्ट्रको आफ्नै विदेश नीति भएको पाइन्छ । प्रत्येक राष्ट्रको राष्ट्रिय स्वार्थ हुन्छ । सुरक्षा, स्थायित्व र मान्यता नै परराष्ट्र नीतिका मुख्य स्वार्थहरू हुन् । आजको बढ्दो अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा कुनै पनि देश अलग रहन सक्दैन । उसले अन्य देशसँग पनि गाढा र मधुर सम्बन्ध बनाई राख्नुपर्दछ ।

## अभ्यास

१. **अति छोटो उत्तर लेख्नुहोस् :**

(क) परराष्ट्र नीति भनेको के हो ?

(ख) परराष्ट्र नीतिका आधारहरू कतिओटा मानिएका छन् ?

२. **छोटो उत्तर लेख्नुहोस् :**

(क) परराष्ट्र नीतिका उद्देश्यहरू के के हुन ? टिपोट गर्नुहोस् ।

(ख) परराष्ट्र नीतिका आधारहरू ख्याल नगरी सम्बन्ध स्थापित गरे के कस्ता समस्या आउन सक्लान् ? चर्चा गर्नुहोस् ।

३. **लामो उत्तर लेख्नुहोस् :**

(क) परराष्ट्र नीतिका आधारहरू भन्नाले के बुझिन्छ ? वयान गर्नुहोस् ।

(ख) हामीले मित्रराष्ट्रहरूसित परराष्ट्र नीति अपनाउँदा के कस्ता कुरामा ध्यान पुऱ्याउनु आवश्यक ठान्नुहुन्छ ? शिक्षकसँग छलफल गरी बुँदागत रूपमा टिपोट गर्नुहोस् ।

■■■

## पाठ - २ असंलग्न परराष्ट्र नीति

एक देशको अर्को देशसँग सम्बन्ध राख्ने नीतिलाई परराष्ट्र नीति भनिन्छ । यो नीति दुई प्रकारका हुन्छन् । संलग्न र असंलग्न । कुनै पनि देशको परराष्ट्र नीति त्यस देशको भौगोलिक स्थिति, ऐतिहासिक अनुभव, सामाजिक बनोट, राजनीतिक विचारधारा, सुरक्षा नीति तथा व्यापार नीति जस्ता कुराहरूबाट निर्धारित हुन्छ । असंलग्न परराष्ट्र नीतिको अर्थ विश्व रङ्गमञ्चमा स्वतन्त्र, निष्पक्ष र न्यायोचित ढङ्गले आफ्नो मत प्रकट गर्नुलाई भनिन्छ । स्वाजेनवर्गर (Schwanzenberger) भन्दछन् "असंलग्नता भनेको सामान्यतया गठबन्धनबाट टाढा रहने र खास गरी सैनिक गठबन्धनबाट बाहिर रहने नीति हो ।" (Non-alignment is a policy of keeping out of alliances in general and military pacts in particular.) यसको अर्थ विश्वमा घटेको कुनै पनि घटनाहरूप्रति तटस्थ भएर बस्नु भनेको होइन । दोस्रो विश्व युद्धपश्चात् खासगरी विश्व दुई गुटमा विभाजन हुन पुग्यो । प्रजातान्त्रिक र साम्यवादी विचारधाराका आधारमा विश्व विभाजित भयो । विभाजित विश्वको साम्यवादी गुटको नेतृत्व सोभियत रुसले स्वतन्त्र विश्वको नेतृत्व अमेरिकाले गऱ्यो । दुवैको नेतृत्त्वमा विश्वका अधिकांश राज्यहरू दुई गुटमा बाँडिन थाले । विश्व न युद्ध न शान्ति को एक नयाँ र नाजुक अवस्था वा वैचारिक द्वन्द्वमा प्रवेश गऱ्यो जसलाई शीतयुद्ध (Cold War) भन्न थालियो । त्यसैबेला एसिया र अफ्रिकामा नयाँ स्वाधीन राज्यहरूको उदय हुन थाल्यो । रोग, भोक, गरिबी, पछौटेपन र अशिक्षा जस्ता ज्वालन्त समस्याले ग्रसित ती मुलुकहरूका सामु अमेरिका र सोभियत सङ्घमध्ये कुनै एकसँग संलग्न हुनुपर्ने र अर्काको शत्रुता आर्जन गर्नुपर्ने बाध्यता आइलाग्यो । तसर्थ यो दुवै गुटहरूमध्ये कसैसँग पनि संलग्न नभई सबैसँग सहअस्तित्त्व राख्ने परराष्ट्र नीतिको प्रारम्भ भयो । त्यसैलाई असंलग्न परराष्ट्र नीति भनिन्छ । असंलग्न परराष्ट्र नीतिले एकअर्काको सार्वभौम सत्ताको सम्मान, आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने, पारस्परिक आर्थिक तथा सांस्कृतिक सहयोगको आदान प्रदान, अनाक्रमण, शान्तिपूर्ण सहअस्तित्त्व जस्ता पञ्चशीलका सिद्धान्तहरू अँगाल्दछ । नेपालको परराष्ट्र नीतिले असंलग्नतालाई अपनाएको छ ।

नेपालको संविधान २०७२ को धारा ५१ (ङ) अनुसार नेपालको परराष्ट्र नीतिको मुख्य लक्ष्य नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताका आधारमा विगतमा भएका सन्धिहरूको पुनरावलोकन गर्दै समानता र पारस्परिक हितको आधारमा सन्धि सम्झौताहरू गरी राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने नीति रहेको छ । यसरी हेर्दा सुरक्षा (Security), स्थायित्व (Stability) र स्वतन्त्र व्यक्तित्व (Status) नै नेपालको असंलग्न परराष्ट्र नीतिको उद्देश्य रहेका छन् । वास्तवमा असंलग्नता भनेको विश्व

राजनीतिमा स्वतन्त्रतापूर्वक निर्णय गर्ने कुराको घोषणा हो । यसको अर्थ विवादहरूबाट टाउको बटारेर अलग बस्नुपर्छ भन्ने होइन । यो कुनै पूर्वप्रतिबद्धताको पछि नलागेर विषयवस्तुको गुणदोषका आधारमा पक्ष लिने नीतिको द्योतक हो । नेपालले असंलग्न परराष्ट्र नीतिलाई मूल आदर्श बनाएको छ । नेपाल ठुला शक्ति राष्ट्रहरूले निर्माण गरेको नाटो, सेन्टो वा बार्सा सैनिक सङ्गठनभित्र पस्न कहिल्यै चाहेन । त्यसैले असंलग्न आन्दोलनको सुरुदेखि नै सक्रिय रहेको छ । तसर्थ असंलग्नताको विशेषताहरूलाई बुँदागत अध्ययन गरौँ ।

१. **सैनिक गठबन्धनको बिरोध**

असंलग्न आन्दोलन सबै प्रकारका सैनिक गठबन्धनहरूको विपक्षमा रहेको छ । साथै शस्त्रास्त्रको होडबाजीको पनि विरोधी हो ।

२. **शीतयुद्धको बिबवरोध**

असंलग्नता शीतयुद्धको प्रतिक्रिया हो । यो ठुला महाशक्तिहरूको पिछलग्गु बन्ने कुराको विरोधी हो । यो शक्ति सङ्घर्षबाट टाढा बस्ने र विश्वशान्तिको पक्षधर हो ।

३. **वैचारिक ध्रुवीकरणको विपक्षमा**

यो विश्वलाई समाजवादी र पुँजीवादी भनी दुई वैचारिक खेमामा बाँड्ने पक्षमा छैन । नेपालको भूराजनीतिक अवस्थाले सम्बन्धलाई समदुरीय सिद्धान्तका आधारमा व्यवहार गर्न चाहन्छ । व्यवहार हेरेर समर्थन र विरोध गर्ने नीति असंलग्नताको नीति हो ।

४. **विकासको आफ्नै बाटो**

असंलग्न राष्ट्रहरूले दुवै गुटका आर्थिक, राजनीतिक र सामाजिक परिपाटीलाई जस्ताको तस्तै ग्रहण गर्न अस्वीकार गर्दछन् । आफ्नो मुलुकको आवश्यकता सुहाउँदो विकासको आफ्नै अलग बाटो अपनाउने कुरामा जोड दिन्छन् । तर विश्वका असल गुणहरू (Best of two world) ग्रहण गर्ने पक्षमा रहेको देखिन्छ ।

५. **मित्रता र समानता**

असंलग्नता राष्ट्रहरूबिच समानता, न्याय र पारस्परिकताका आधारमा मित्रता राख्ने नीतिको पक्षपाती छन् । यो राष्ट्रिय आत्मनिर्णयको अधिकार र शान्तिपूर्ण सहअस्तित्वमा विश्वास राख्दछन् ।

६. **संयुक्त राष्ट्रसङ्घको समर्थन**

असंलग्न आन्दोलन सदैव संयुक्त राष्ट्रसङ्घको पक्षमा उभिएको छ । संयुक्त राष्ट्रसङ्घको बडापत्र र सिद्धान्तलाई पालना गरेर मात्र विश्वशान्ति र सहयोग कायम हुन सक्छ भन्ने नेपालकले विश्वास राखेर नै संविधानमा प्रष्ट उल्लेख गरेको छ । त्यसैले विश्व संस्थालाई सक्रिय र प्रभावकारी गर्ने तथा विश्वमा

भएका तनावलाई यसैको माध्यमद्वारा समाधान गर्नुपर्छ भन्ने नेपालको धारणा रहेको देखिन्छ । नेपाल विश्वशान्ति, सुरक्षा र प्रगतिका लागि संयुक्त राष्ट्र सङ्घलाई साझा मञ्चको रूपमा विकास गर्नुपर्छ भन्ने पक्षमा छ र यसैका लागि सक्रिय रहेको पनि छ । साना राष्ट्रको स्वाधीनता, सुरक्षा र स्वतन्त्रता नेपाल संयुक्त राष्ट्रसङ्घको प्रभावकारीताभित्र देख्दछ ।

७. क्षेत्रीय सहयोग

नेपाल दक्षिण एशियाको मुलुकहरूबिच क्षेत्रीय सहयोग अभिवृद्धिलाई बढी महत्त्व दिइरहेको छ । हालसम्म सार्कको १९औँ सम्मेलन भइसकेको छ । स्थापनापछिको सार्कको तेस्रो सम्मेलन १९८७ नोभेम्वर ३-४ मा नेपालको काठमाडौँमा सम्पन्न भएको थियो भने ११औँ सार्कको सम्मेलन २००२ जनवरी ४-६ र १८औँ सार्कको सम्मेलन २०१४ नोभेम्वर २६-२७ मा सफलतापूर्वक सम्पन्न भइसकेका छन् । यस सङ्गठनको सफलता र प्रभावकारिताका लागि नेपाल बचनबद्ध भएको कुरा शिखर सम्मेलनहरूमा दोहोऱ्याइएको छ ।

८. पञ्चशीलको सिद्धान्त

पञ्चशीलको सिद्धान्तको १९५५ को वाङडुङ सम्मेलनले प्रतिपादित गरेको सिद्धान्त हो । यसमा (१) एकले अर्को मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको सम्मान गर्ने (२) अर्काको आन्तरिक मामलामा हस्तक्षेप नगर्ने (३) समानता र पारस्परिक हित कायम गर्ने (४) अनाक्रमण र (५) शान्तिपूर्ण सहअस्तित्व स्वीकार गर्ने नै हो । नेपालले आफ्नो परराष्ट्र सम्बन्धको आधार पञ्चशीलको सिद्धान्तलाई लिएको छ ।

९. भूपरिवेष्टित राष्ट्रको हक

नेपाल भूपरिवेष्टित मुलुक भएकाले यसले समुन्द्रसम्मको खुल्ला परिवहन तथा समुन्द्री सम्पदाको हकदार हुन प्रयत्नशील छ । नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा भूपरिवेष्टित मुलुकको हकका लागि सशक्त आवाज उठाउँदै आएको छ ।

१०. भेदभावको विरोध

नेपालले साम्राज्यवाद, उपनिवेशवाद, नवउपनिवेशवाद, जातिवाद, रङ्भेदवाद, प्रभुत्ववाद र प्रभावक्षेत्र बिस्तार गर्ने बिस्तारवादी कार्यको खुलारूपमा विरोध र स्वाधिनता आन्दोलन, रङ्भेदविरोधी आन्दोलनको समर्थन गर्दै आएको छ । सबै प्रकारको दमन, हस्तक्षेप, दवाबको विरोध गर्नु पनि नेपाली परराष्ट्र नीतिको महत्त्वपूर्ण कार्य रहिआएको छ ।

## अभ्यास

१. **अति छोटो उत्तर लेख्नुहोस् :**

(क) असंलग्न परराष्ट्र नीति भनेको के हो ?

(ख) शीतयुद्ध भन्नाले के बुझिन्छ ?

२. **छोटो उत्तर लेख्नुहोस् :**

(क) नेपालले लिएको पञ्चशीलका सिद्धान्तका नीतिहरूबारे चर्चा गर्नुहोस् ।

(ख) एसिया तथा अफ्रिकाका अधिकांश राज्यलाई असंलग्न परराष्ट्र नीति अपनाउनुपर्ने अवस्थाको कसरी सिर्जना हुन गयो ?

३. **लामो उत्तर लेख्नुहोस् :**

(क) असंलग्न परराष्ट्र नीतिअन्तर्गत के कस्ता नीतिहरू अपनाइएका हुन्छन् ।

(ख) तपाईंको दुई छिमेकीमध्ये एउटासित मित्रतापूर्ण र अर्कासित शत्रुतापूर्ण व्यवहार तपाईंले गर्नुभयो भने तपाईंले उनीहरूबाट के कस्तो व्यवहार वा प्रतिक्रिया प्राप्त गर्नुहुन्छ होला ? साथीसँग छलफल गर्नुहोस् ।

■■■

एकाइ १०

# प्रयोगात्मक कार्य

पाठ – १

## समुदायको भ्रमण र प्रतिवेदन

कक्षाकोठामा सिकेका सैद्धान्तिक कुराले मात्र सिकाइ प्रभावकारी हुन सक्दैन । विद्यार्थीको सिकाइलाई उपलब्धिमूलक र प्रभावकारी बनाउन शिक्षण सिकाइका विभिन्न शिक्षण विधिहरू प्रयोग गर्नुपर्दछ । सिकाइलाई जीवनपर्यान्त बनाउन अवलोकन तथा खोज विधिको महत्त्वपूर्ण स्थान हुन्छ । भ्रमणको माध्यमबाट विद्यार्थीहरूलाई विभिन्न पक्षको प्रत्यक्ष अवलोकन र खोज गराई त्यसबाट आफैँ देखेर र गरेर सिक्ने अवसर प्रदान हुन्छ । विद्यार्थीहरूलाई समाजमा घुलमिल गराउने र समुदायको वास्तविक अवस्था पहिचान गर्न समुदायको भ्रमण आवश्यक पर्दछ । समुदायभित्रको ऐतिहासिक, सामाजिक, सांस्कृतिक गतिविधिहरूको अवलोकन गरी त्यसका राम्रा पक्ष र सुधार गर्नुपर्ने पक्षको पहिचान गर्न भ्रमणले महत्त्वपूर्ण भूमिका खेल्दछ । भ्रमणको माध्यमबाट समुदायभित्र स्थापित संस्थाहरू र विकास निर्माणका कार्यहरूलाई नजिकबाट निरीक्षण अनुगमन गरी वस्तुनिष्ट आधारमा त्यसको मूल्याङ्कन गर्न सक्षम बनाउन पनि समुदाय भ्रमणको आवश्यकता पर्दछ । समुदायका गतिविधि अध्ययन गरी प्रत्यक्ष सिकाइ अनुभवहरू सँगाल्ने र प्राप्त तथ्याङ्कहरूको विश्लेषण गर्न सक्षम बनाउने लक्ष्यका साथ विद्यार्थीहरूलाई समुदायको भ्रमण गराउनुपर्दछ । स्थलगत भ्रमणको माध्यमबाट विद्यार्थीहरूमा ज्ञान र सिपमा विकास हुन्छ र प्रवृतिमा परिवर्तन आउँछ । प्राचीन कला र संस्कृतिको बारेमा जानकारी प्राप्त हुन्छ । ऐतिहासिक तथ्यहरूको जानकारी पाउँछन् । आफ्नो समुदाय र भ्रमण गरेका समुदायबिच सामाजिक स्थिति र जीवनशैलीका बारेमा तुलना गर्न सक्दछन् । समुदाय भ्रमणलाई प्रभावकारी र उपलब्धिमूलक बनाउन विद्यालयले विशेष ध्यान दिनुपर्दछ । जसका लागि निम्न कार्य गर्नुपर्दछ :

(क) भ्रमणको पूर्व तयारी

१. भ्रमण गर्ने समुदाय पहिचान गर्ने र समुदायमा गएर भेट गर्ने मानिसहरूसँग सम्पर्क गर्ने

२. भ्रमणको उद्देश्य निर्धारण गर्ने

३. भ्रमणको समय निर्धारण गर्ने

४. भ्रमणको लागि विद्यार्थीहरूको समूह बनाउने र समूहको टोली नेता तोक्ने

५. भ्रमणमा सङ्कलन गर्ने तथ्याङ्कको वर्गीकरण गरी विद्यार्थीहरूको समूहलाई जिम्मा दिने

६. भ्रमणमा तथ्याङ्क सङ्कलनका लागि फारमहरू तयार गर्ने र भर्ने तरिका सिकाउने

७.  विद्यार्थीहरूलाई समुदायको मानिससँग शिष्ट भाषामा बोल्न र आदार सम्मानपूर्वक व्यवहार गर्न सिकाउने

(ख)  **भ्रमणको समय**

तोकिएको समयमा तोकिएको समुदायको भ्रमण गरी निर्धारित तथ्याङ्क सङ्कलनका लागि तयार पारेको फारमहरू र नयाँ तथ्य तथा घटनाहरू भएमा बुँदागत रूपमा टिप्ने कार्य गर्ने ।

(ग)  **प्रतिवेदन लेखन**

समुदायको भ्रमणबाट प्राप्त तथ्य तथ्याङ्कहरूको विश्लेषण गरी ती तथ्यतथ्याङ्कको आधारमा प्रतिवेदन तयार गर्नुपर्दछ । भ्रमणका क्रममा प्राप्त तथ्यतथ्याङ्क, घटना वा सूचनालाई समेटेर तयार गरेको लिखित दस्तावेजलाई प्रतिवेदन भनिन्छ । भ्रमणमा सिकेका कुराहरूलाई दिगो राख्न र भ्रमणको उपलब्धिलाई अरु समक्ष ल्याउन पनि प्रतिवेदन तयार गर्नुपर्दछ । समुदायको ऐतिहासिक र वास्तविक अवस्थाहरू पहिचान गरी सम्बन्धित समुदायमा चासो राख्ने सबैका लागि जानकारी गराउन पनि प्रतिवेदन लेखन कार्य गर्नुपर्दछ । भ्रमण प्रतिवेदनमा विशेषतः शीर्षक, पृष्ठभूमि, उद्देश्य, समुदायको वस्तुस्थितिको वर्णन, राम्रा पक्ष, सुधार गर्नुपर्ने पक्ष, निष्कर्ष र सुझावहरू जस्ता कुराहरूलाई समावेश गरिएका हुन्छन् । यसरी तयार गरेको प्रतिवेदन कक्षाकोठामा समुहको नेताबाट प्रस्तुत गर्नुपर्दछ ।

विशेषतः यस विषयमा समुदायको भ्रमणको निमित्त समाजमा रहेका विभिन्न संरचनाहरू जस्तै वातावरण, पर्यटन, जैविक विविधता, पेसा, रोजगारी, यातायत, स्थानीय तह गाउँपालिका तथा नगरपालिका, खानेपानी, स्वास्थ्य संस्था, विद्युत्, खेल मैदान, कृषि उत्पादन, वृक्षारोपणलगायतका विषयवस्तुबारे प्रत्यक्ष ज्ञान दिने गरी विद्यार्थीहरूको भ्रमणको आयोजना गर्नुपर्दछ ।

# पाठ - २ समसामयिक विषयमा वक्तृत्वकला र नमुना अभ्यास

नागरिकशास्त्रका विद्यार्थीहरूले समसामयिक विषयवस्तुको ज्ञान हासिल गर्न र समाजमा देखिने समस्याहरू र चुनौतीका बारेमा विश्लेषण गर्न र सोही विषयवस्तुमा केन्द्रित रही यस्ता विषयका घटनाक्रमलाई लिएर विभिन्न विषयबारे छलफल हुन सक्दछन् । यस सम्बन्धमा नागरिक शास्त्रका शिक्षकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रमबारे आफ्नो शैक्षिक वर्षभित्रमा त्यस्ता कार्य गराउने गरी वक्तृत्वकला र त्यसको अभ्यास गराउनुपर्दछ ।

१. **विभिन्न विषयहरूमध्ये कुनै एक विषयमा वक्तृत्वकलाको योजना र कार्यक्रम सञ्चालन**

नागरिक शास्त्र विषयका शिक्षकहरूले विविध विषयका घटनाक्रम र मुद्दाहरूबारे शिक्षण गर्नुपर्ने हुन्छ । यस प्रकारका घटनाक्रमलाई विद्यालयका कक्षाकोठामा कसरी सञ्चालन गर्ने भन्ने कुरा गहन विषय हो । यसलाई सरलीकरण गर्नका लागि निम्न आधारमा यस्लाई सञ्चालन गर्नुपर्ने देखिन्छ :

(क) नागरिक शास्त्रको पढाइ हुने समयमा समाजका जल्दाबल्दा विषयमा केन्द्रित रही यस प्रकारका विषयका कार्यलाई अगाडि बढाउन सकिन्छ ।

(ख) स्कूल समय अगाडि वा पछाडि समय निर्धारण गरेर पनि यस प्रकारका कार्यलाई अगाडि बढाउन सकिन्छ ।

(ग) हप्ताको अन्तिम दिनमा समय छुट्याएर पनि यस प्रकारको कायक्रमलाई सुचारु गर्न सकिन्छ ।

(घ) नागरिक शास्त्रको पढाइ हुने समयमा नै सो विषयको अभ्यास गराउँदा यस्ता छलफलका कार्यलाई जोडेर पनि गर्न सकिन्छ ।

(ङ) यस विषयमा विद्यार्थीलाई ताजगी राख्नका लागि छुट्टै एकाइको व्यवस्था गरेर पनि यसलाई निरन्तरता गर्न सकिन्छ ।

(च) भित्ते लेखन

विद्यार्थीहरूले पाठ्यपुस्तकको साथै अन्य रेडियो, टेलिभिजन, पत्रिक र समाचारका अन्य विविध पक्षहरूसँग आबद्ध रही ज्ञान आर्जन गर्न सक्छन् । यसले विद्यार्थीहरूमा अध्ययनप्रतिको रुची र राष्ट्रिय तथा अन्तर र्ष्ट्रिय घटनाक्रमबारेको ज्ञान प्राप्त गर्नमा सघाउ पुग्दछ । नागरिक शास्त्र भनेको समसामयिक घटना पनि भएकोले यस किसिमका घटनाक्रम बारेमा विद्यार्थीहरूले आफ्नो विद्यालयमा भित्तेलेखन कार्यको थालनी गरी नागरिक शास्त्रको विषयमा प्रचार प्रसार गर्नमा सघाउ पुऱ्याउन सक्छन् । यसैले भित्तेलेखन पनि नागरिक शास्त्रको शिक्षणका निमित्त महत्त्वपूर्ण पक्ष मानिन्छ ।

२. वक्तृत्वकला

समयसमयमा विद्यालयमा कक्षा कोठामा कक्षा कक्षाबिचमा, कुनै समय विद्यालयस्तरमा र विद्यालय विद्यालयस्तर समसामयिक सवाल तथा समाजमा घटेका वा घटन सक्ने विषयमा विभिन्न किसिमका छलफल र वक्तृत्वकलाको कार्यक्रम चलाएर विद्यालयप्रतिको आकर्षण बढाउन सकिन्छ ।

(समसामयिक घटना सम्बन्धमा यस विषयको इकाइ ४ को नेपालमा सङ्घीयता र यसको स्थायित्वको प्रश्न, इकाइ ५ को महिलाहरूको कानुनी पहुँचको सवाल, इकाइ ६ को प्रत्यक्ष र समानुपातिक चुनावको मुद्दा, इकाइ ७ को संसदीय शासन प्रणाली कि प्रत्यक्ष कार्यकारी प्रमुख राष्ट्रपति शासनको सवाल जस्ता सवालहरूमा वक्तृतवकलाका लागि विषय छनोट गरी आयोजना गर्न सकिनेछ । यसमा नागरिक शास्त्र विषयका विषय शिक्षकले सहजीकरणको भूमिका निभाउनु उपयुक्त हुने ।)

यस एकाइको पाठ १, २ र ३ को प्रतिवेदन तयार गर्दा निम्न प्रारूप (Format) लाई मध्यनजर राखी तयार गर्नुपर्दछ :

१. प्रतिवेदनको शीर्षक

२. समस्याको कथन

३. अध्ययनको उद्देश्य

४. अध्ययन विधि

   (क) तथ्याङ्क सङ्कलनका साधनहरू

   (ख) तथ्याङ्कक विश्लेषण र प्रस्तुतीकरण

५. निष्कर्ष र सुझाव

   सन्दर्भसूची

   अनुसूची

■■■

# पाठ - ३ स्थानीय तहबाट हुने न्याय, कानुनी प्रक्रिया र प्रतिवेदन

विद्यार्थीहरूलाई स्थलगत भ्रमण गराई स्थानीय तहबाट न्याय र कानुनी प्रक्रियाको स्थलगत अवलोकन गर्न र भ्रमणको माध्यमबाट आवश्यक तथ्याङ्क सङ्कलन गर्न उत्प्रेरित गर्नुपर्दछ । यस किसिमको कार्यबाट विद्यार्थीहरूमा व्यावहारिक ज्ञानको विकास हुन जान्छ ।

१. **स्थानीय तहको अवलोकनको उद्देश्य**

स्थानीय तहको अवलोकनले विद्यार्थीहरूमा उनीहरूको क्षमता र सिकाइ सिपको विकास हुन जान्छ । यस किसिमका क्रियाकलापबाट उनीहरूमा विभिन्न किसिमका ज्ञान आर्जन हुन सक्छन् ।

(क) उनीहरूमा कानुनी उपचारको अवस्थाका बारेमा प्रत्यक्ष रूपमा हेर्न पाउने अवस्था हुन्छ ।

(ख) उनीहरू समूहकृतरूपमा रहेर कानुनको सम्बन्धमा चालिएको प्रक्रियाका बारेमा ज्ञान आर्जन गर्न सक्दछन् ।

(ग) वर्तमान समयमा कानुनका सम्बन्धमा भए गरेका व्यवस्था, प्रक्रिया, विकासबारेमा ज्ञान हासिल गर्न सक्छन् ।

(घ) विद्यार्थीहरूको स्थलगत भ्रमणले गर्दा उनीहरूमा कानुनी दक्षता वृद्धिमा सघाउ पुग्छ ।

(ङ) कानुनका सम्बन्धमा वर्तमान समयमा यसको विकास र बिस्तार कसरी भएको छ भन्ने बारेमा जानकारी हुन जान्छ ।

२. **स्थानीय तहको भ्रमण कार्यक्रमको आयोजना**

(क) स्थानीय तहको भ्रमणको योजना र तयारी

स्थानीय तहले कानुनी उपचारको सम्बन्धमा कसरी न्याय प्रदान गरिरहेको छ भन्ने बारेमा कुन ठाउँको भ्रमण गर्ने र कति समयको कार्यक्रम तय गर्ने भन्ने सम्बन्धमा योजना तयार गरी भ्रमणको आयोजना गर्नुपर्दछ ।

(ख) अवलोकन

विद्यार्थीहरूलाई स्थानीय तहमा भए गरेका कानुनी उपचारका सम्बन्धमा प्रत्यक्ष देखाई कानुनी उपचारका सम्बन्धमा ज्ञान आर्जन गर्न सक्दछन् ।

(ग) न्यायिक समिति अध्यक्षसँगको प्रत्यक्ष भेटघाटको अवस्था कायम गरी विद्यार्थीहरूमा स्थानीय तहमा हुने न्याय सम्पादनको कार्यबारे ज्ञान प्राप्त गर्ने वातावरण प्राप्त गर्नमा सघाउ पुग्दछ ।

(घ) स्थानीय तहको स्थलगत भ्रमणको माध्यमबाट विद्यार्थीहरूले पीडितसँगको भेटघाटको माध्यमबाट मर्कामा परेका मानिसहरूले स्थानीय तहबाटै प्राप्त हुने न्याय सम्पादनको

महत्त्वबारेमा बुझ्ने अवसर प्राप्त गर्दछन् ।

(ग) विद्यार्थीहरूले स्थानीय तहको अध्ययन भ्रमणको माध्यमाबाट स्थलगत रूपमा स्थानीय स्तरका सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक, न्यायिक विषयसँग तथ्यगतरूपमा देखिएका सम्बन्धित तथ्याङ्क सङ्कलन गर्ने सिप प्राप्त गर्दछन् । यस कार्यमा नागरिक शास्त्र विषयका शिक्षकले सहयोगी भूमिका निभाउने गर्दछन् ।

(घ) विद्यार्थीहरूले स्थानीय तहको स्थलगत भ्रमण गरी आवश्यक कराहरूको तथ्याङ्क सङ्कलन गरी प्रतिवेदन तयार गर्ने गर्दछन् र उक्त प्रतिवेदन मूल्याङ्न समितिसमक्ष पेस गर्दछन् ।

(ङ) विद्यार्थीहरूले स्थानीय तहमा हुने कानुनी प्रक्रियाबारेमा प्रतिवेदन पेस गर्दछन् र सो प्रतिवेदनमाथि मूल्याङ्कन समितिको अध्ययन गरी निर्णय गर्ने गर्दछ ।

## अभ्यास

१. **अति छोटो उत्तर लेख्नुहोस् :**

(क) स्थानीय तहबाट न्यायसम्बन्धी हुने एक काम लेख्नुहोस् ।

(ख) स्थानीय तहको कानुन कसले बनाउँछ ?

२. **छोटो उत्तर लेख्नुहोस् :**

(क) स्थानीय तहले के कस्ता कानुन बनाउन सक्छ ?

३. स्थानीय तहको पठनपाठनको क्रममा स्थानीय तहबाट हुने न्याय र यसको कानुनी प्रक्रियाबारेमा स्थानीय तहको भ्रमण, अवलोकन गरी प्रतिवेदन तयार पार्नुहोस् ।

■■■